नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष ३० अंक १९२ । १३ भदौ २०७९ सोमबार भाद्र शुक्लपक्ष द्वितीया । नेपाल संवत् ११४२ । राष्ट्रिय संस्करण । KANTIPUR, Nepali National Daily, Monday, August 29, 2022 । पृष्ठ १२+२ । १० रुपैयाँ

आममाफीको प्रावधान खारेज गर्न पीडितको अपिल

काठमाडौं (कास)- गम्भीर मानवअधिकार उल्लंघनका दोषीलाई आममाफी दिने घुमाउरो प्रावधान खारेज गर्न द्वन्द्वपीडितले सांसदहरूसँग अपिल गरेका छन् ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ माथि संसद्मा सोमबार छलफल हुँदै छ । विधेयकको सैद्धान्तिक पक्षमाथि छलफल भएपछि सांसदहरूलाई संशोधन गर्न मन भए प्रस्ताव पेस गर्न ७२ घण्टाको समय दिइनेछ । यो समयको सदुपयोग गर्दै मानवअधिकारको अन्तर्राष्ट्रिय प्रावधान तथा सर्वोच्च अदालतको आदेशविपरीत विधेयकमा भएका प्रावधान खारेज गर्न पीडितले सांसदलाई आग्रह गरेका हुन् ।

'हत्या, अपहरणजस्ता गम्भीर अपराधमा सरकारले दोषीलाई माफी दिने कानुन प्रस्ताव गरेको छ, यो जस्ताको तस्तै अनुमोदन नगरियोस्,' द्वन्द्वको समयमा मारिएका प्रहरीको परिवारजन सम्मिलित संगठन अमर प्रहरी परिवारकी महासचिव रामकुमारी थापा खड्का भन्छिन्, 'हामी सबै सांसद र सिंगो संसद्लाई आग्रह गर्न चाहन्छौं, मानवअधिकारको गम्भीर उल्लंघनका घटनामा आममाफी दिने काम कुनै हालतमा नगर्नुहोला ।'

कानुनमन्त्री गोविन्द शर्मा कोइरालाले असार ३१ मा संसद्मा विधेयकको संशोधन मस्यौदा दर्ता गरेका थिए, जसमा द्वन्द्वकालमा भएका घटनालाई मानवअधिकारको उल्लंघन र गम्भीर उल्लंघन भनी दुई प्रकारले परिभाषित गरिएको छ । हत्या, अपहरण, बेपत्ता बनाउने कामलगायत घटनालाई मानवअधिकारको उल्लंघन भनी परिभाषित गरिएको विधेयकमा त्यसमा संलग्न पीडकलाई आममाफी दिन सकिने प्रावधान छ भने गम्भीर उल्लंघनका दोषीलाई सजाय गर्न सकिने प्रावधान राखिएको छ । घुमाउरो पाराबाट पीडकलाई उन्मुक्ति दिने गरी विधेयक ल्याइएको भन्दै पीडितले यसको विरोध गरेका छन् ।

'सांसदले अब यसलाई सच्याउनुपर्छ,' द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारी भन्छन्, 'पीडितलाई थप पीडा दिने गरी विधेयक नआओस् भन्नेमा सचेत हुन हामीले सांसदहरूलाई आफ्ना माग तथा चासो लिखित रूपमै बुझाएका छौं, उहाँहरूबाट सुनुवाइ होला भन्ने आशा गर्छौं ।' द्वन्द्वपीडितले विधेयकका सच्याउनैपर्ने प्रावधानका बारेमा सांसदलाई केही अघि एक प्रतिवेदनसमेत बुझाएका थिए ।

'माननीय सदस्यज्यूले आफ्नो विवेकलाई कुनै आग्रह वा पूर्वाग्रहको बन्धक नबनाई व्यापक सार्वजनिक चासो र सरोकारको विषय रहेको यस विधेयकमाथि गहन छलफल र विचार विमर्श गरी यसमा रहेका त्रुटिहरूलाई संशोधनका माध्यमबाट सम्बोधन गर्न विनम्र अनुरोधसहित जोडदार माग गर्दछौं,' पीडित तथा अधिकारवादीले सांसदलाई दिएको प्रतिवेदनमा छ । दर्ता भएको ३८ दिनपछि गत साता विधेयक संसद्मा अघि बढेपछि कानुनमन्त्री शर्माले अधिकारवादी तथा पीडितलाई गोप्य भेला गराई सहमतिको न्यूनतम बिन्दु खोज्ने प्रयास गरेका थिए ।

दयनीय अवस्थामा जेठो विश्वविद्यालय

तीन वर्षमा तीन सय दिन तालाबन्दी

- निरन्तर तालाबन्दीले कार्यकारी परिषद्को बैठक होटलमा, बैठकस्थलमै हस्तक्षेप गरेर नेविसंघका कार्यकर्ताले दस्ताबेज नियन्त्रणमा लिए
- बैठक बिथोलिएको विषयमा जानकारी दिन आइतबार पत्रकार सम्मेलनमा उपकुलपतिको विपक्षमा नेविसंघ र पक्षमा अनेरास्ववियुको होहल्ला
- प्राज्ञिक थलोमा उपकुलपतिसहित पदाधिकारीमा दलका कार्यकर्ता भर्ती, विद्यार्थीको उद्दण्डतामा माउ पार्टीका प्रमुख नेता मूकदर्शक

त्रिविले आइतबार पत्रकार सम्मेलन गरिरहँदा उपकुलपतिको विपक्षमा नेविसंघ र पक्षमा अनेरास्ववियुका विद्यार्थीले होहल्ला गरेपछि तितरबितर पार्दै सुरक्षाकर्मी । *तस्बिर : कान्तिपुर*

सुदीप कैनी (काठमाडौं)

त्रिभुवन विश्वविद्यालयका उपकुलपति धर्मकान्त बाँस्कोटा आइतबार विहान पत्रकारहरूलाई आफ्नो मोबाइलमा १० दिनअघि आएको एसएमएस पढेर सुनाउँदै थिए, 'आजदेखि विश्वविद्यालय नआउनुस् है, हाम्रो शान्तिपूर्ण आन्दोलन अशान्तिपूर्ण हुँदै छ, नत्र हामी जिम्मेवार हुनेछैनौं ।'

एसएमएस पठाउने विद्यार्थी नेविसंघका कार्यकर्ता थिए । तीन वर्षअघि बाँस्कोटा उपकुलपति नियुक्त भएदेखि नै नेविसंघको एउटा समूहले विश्वविद्यालयमा तालाबन्दी, तोडफोड र अवरोध गर्दै आएको छ । यो अवधिमा ३०० दिन त्रिविमा तालाबन्दी भएको छ ।

त्रिविले आइतबार पत्रकार सम्मेलन गरिरहँदा पनि बाहिर दुई हूल विद्यार्थी प्रदर्शन गरिरहेका थिए- पक्ष र विपक्षमा । सत्तारूढ कांग्रेस समर्थित नेविसंघका विद्यार्थी उपकुलपतिको कार्यक्रम बिथोल्न पुगेका थिए भने प्रतिपक्षी अनेरास्ववियुका विद्यार्थी उपकुलपतिको समर्थनमा । दुवै थरी प्रदर्शनकारीलाई प्रहरीले तितरबितर पार्न खोज्दा भएको झडपमा केही विद्यार्थी घाइते पनि भए । यसअघि नेविसंघको एक समूहले त्रिवि कार्यकारी परिषद्को बैठकमा हस्तक्षेप गरेको थियो । जमलस्थित एल्लो प्यागोडा होटलमा शुक्रबार परिषद् बैठक राखिएको थियो । नेविसंघका योगेन्द्र रावल, श्यामराज ओझालगायतको समूहले बैठकको फाइल र कागजात नियन्त्रणमा लिएर शिक्षामन्त्री देवेन्द्र पौडेललाई बुझायो । त्यही विषयमा जानकारी दिन आयोजित पत्रकार सम्मेलन बिथोल्न पनि हूल उत्रियो, झडप भयो ।

कार्यकारी परिषद्को बैठकमा हस्तक्षेप गर्ने रावल दुई वर्षअघि उपप्राध्यापक प्रेम चलाउनेमाथि भएको आक्रमणको नेतृत्व गर्ने नेविसंघ त्रिविका नेतासमेत हुन् । रावल र हरि आचार्यको नेतृत्वमा त्रिविमा निरन्तर तालाबन्दी र तोडफोड हुँदै आएको प्राध्यापकहरूले बताए । **बाँकी पृष्ठ १३**

नेविसंघको तालाबन्दी

२०७६
- फागुन — उपकुलपतिको कुर्सी तोडफोड, कार्यालयमा कालो ब्यानर

२०७७
- वैशाख — पदाधिकारीलाई प्रवेश रोक, डेढ महिनासम्म तालाबन्दी
- जेठ — ग्लोबल बैंक विश्वविद्यालय काउन्टरमा तोडफोड
- असार १० — उपकुलपति धर्मकान्त बाँस्कोटाको कुर्सीमा आगजनी
- साउन २७ — उपकुलपतिको कार्यालय तोडफोड
- साउन — समाजशास्त्र केन्द्रीय विभागमा तालाबन्दी (३ महिनासम्म)
- असोज २० — उपप्राध्यापक प्रेम चलाउनेमाथि आक्रमण

२०७८
- माघ ७ — उपकुलपति कार्यालयमा तालाबन्दी (५ महिनासम्म)

२०७९
- असार — त्रिवि सेवा आयोग कार्यालयमा तालाबन्दी
- साउन — रजिस्ट्रार कार्यालयलगायत ६ निकायमा तालाबन्दी
- भदौ ८ — उपकुलपति कार्यालय तोडफोड, कुर्सीमा जुत्ताको माला
- भदौ १० — कार्यकारी परिषद् बैठकको फाइल नियन्त्रण
- भदौ १२ — पत्रकार सम्मेलनमा अवरोधको प्रयास र तालाबन्दी

७० वर्षमा सवा चार लाखलाई 'वैवाहिक अंगीकृत'

८० देशका महिलाले बिहे गरेर नेपाल आएपछि वैवाहिक अंगीकृत नागरिकता लिए

मातृका दाहाल र जयसिंह महरा (काठमाडौं)

नेपालमा नागरिकता प्रमाणपत्रसम्बन्धी कानुन बनेको ७० वर्षमा ४ लाख २४ हजार ४ सय २२ महिलाले 'वैवाहिक अंगीकृत' नागरिकता लिएका छन् । नेपाली पुरुषसँग विवाह गरेर आएका उनीहरूलाई वैवाहिक अंगीकृत नागरिकता दिइएको हो । गृह मन्त्रालयका अनुसार भारत, चीन, अमेरिका, फिलिपिन्स, इन्डोनेसिया, भुटानलगायत ८० देशका महिलाले बिहे गरेर नेपाल आएपछि वैवाहिक अंगीकृत नागरिकता पाएका हुन् । १३ हजार ५ सय ५२ जनाको भने राष्ट्रियता खुलेको छैन ।

गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलका अनुसार भारतबाट बिहे गरेर आएपछि वैवाहिक अंगीकृत नागरिकता लिएका महिलाको संख्या ३ लाख ९६ हजार ५ सय ५७ छ । नेपाली मूलका १३ हजार ५ सय ७, फिलिपिन्सका १ सय ६१, आइसल्यान्डका १ सय ५३, चिनियाँ १ सय ३७, इन्डोनेसियाका ५६, भुटानका ४६, बंगलादेशका २२, नेदरल्यान्ड्सका १९ र म्यानमारका १६ महिलाले नेपाली पुरुषसँग विवाह गरी अंगीकृत नागरिकता लिएका छन् । प्रदेश १ अन्तर्गतका जिल्ला प्रशासन कार्यालयबाट ४२ हजार ७ सय ६१, मधेस प्रदेशका जिल्लाबाट २ लाख २९ हजार ९ सय ७३, वाग्मतीबाट २ हजार ८७, गण्डकीमा ३ हजार ३ सय ८४, लुम्बिनीमा १ लाख ४३ हजार १ सय ४, कर्णालीमा ८७ र सुदूरपश्चिम प्रदेशका जिल्लाबाट ३ हजार २६ जनाले वैवाहिक अंगीकृत नागरिकता लिएका छन् ।



वैवाहिक अंगीकृत कुन प्रदेशमा कति ?

प्रदेश १	४२७६१
मधेस	२२९९७३
वाग्मती	२०८७
गण्डकी	३३८४
लुम्बिनी	१४३१०४
कर्णाली	८७
सुदूरपश्चिम	३०२६

नेपालमा नागरिकतासम्बन्धी नीतिगत व्यवस्था २००९ वैशाख २६ मा गरिएको हो । त्यसकै आधारमा तत्कालीन सरकारले 'नागरिकता ऐन २००९' जारी गरेको थियो । उक्त ऐनको दफा ३ मा 'नेपाल राज्यको कानुन र रीतिबमोजिम नेपाली नागरिकको साथ कुनै किसिमको वैवाहिक सम्बन्ध भएको स्वास्नी मानिस नेपाल नागरिक ठहर्नेछ' भनिएको छ । २०३३ देखि २०३८ सालसम्म भने वैवाहिक अंगीकृत नागरिकता पाउन निश्चित वर्ष कुर्नुपर्ने प्रावधान थियो । अरू बेला भने त्यसबाहेक नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलाले आफ्नो देशको नागरिकता त्यागेको वा त्याग्ने प्रक्रिया सुरु गरेको प्रमाण पेस गरे नेपालको अंगीकृत नागरिकता लिन पाउने व्यवस्था गरिएको थियो ।

नागरिकतासम्बन्धी कानुन संशोधन गरी वैवाहिक अंगीकृत नागरिकता दिने प्रावधानमा कडाइ गर्नुपर्ने धारणा पछिल्लो समय आइरहेको छ । कडा सर्त नराखिए लाखौं विदेशीले सहजै नागरिकता लिने र त्यो कालान्तरमा देशकै लागि अहित हुने तर्क उनीहरूले गरेका छन् । तर नेपाली पुरुषसँग विवाह गरेकी विदेशी महिलाले पहिलेको नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पेस गरेपछि वैवाहिक अंगीकृत नागरिकता पाउने प्रावधान कायमै रहँदा पनि सात दशकमा सवा चार लाखले मात्र त्यस्तो नागरिकता पाएका छन् । **बाँकी पृष्ठ १३**

कुण्डोल

फोटो कथा

जेब्रा क्रसमै जोखिम

इलिट जोशी

सवारीका ओहोरदोहोरले व्यस्त सडकहरूमा चोक, गल्ली वा स्थान विशेष तोकेर बनाइएका जेब्रा क्रस पैदल यात्रु मात्रै होइन, सवारी चालकका लागि पनि सुरक्षाको संकेत हो । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र संशोधन २०७५ को दफा १३२ मा सवारी कहाँ, कसरी रोक्ने भन्ने उल्लेख छ । उक्त दफाले भन्छ- जेब्रा क्रसिङमा मानिस ओहोरदोहोर गरेको अवस्थामा वा दोबाटो वा चौबाटोमा रहेको ट्राफिक बत्तीले रोक्ने संकेत गरेकोमा गाडी रोक्नुपर्छ ।

नियम-कानुन थाहा छैन भन्न पाइँदैन । उल्लंघन गरे कारबाही हुन्छ । तर काठमाडौं उपत्यकाका सडकमा पैदल यात्री झसंग हुने ठाउँ जेब्रा क्रसिङ हो । बाटो काट्नेहरू देखिए भने सवारीसाधनहरूले गति कम गर्दै अलि परै रोकिनुपर्छ । तर त्यस्ता क्रसिङमा छेउछाउ ट्राफिक प्रहरी नदेखिए रोकेर बटुवालाई वारिपारि गर्न दिएको विरलै भेटिन्छ । सवारी चालक आफैंलाई धेरै हतारमा देखाउँछन् । जेब्रा क्रस भनेर हतपत बाटो नछाड्ने, आधाआधी क्रसिङ ढेपेर गाडी रोक्ने प्रवृत्ति छ । कतिपय सडक पार गर्न जेब्रा क्रसिङ पनि भेट्नै मुस्किल पर्छ । कतिका चिह्न पनि मेटिइसकेका छन् । कतिपय जेब्रा क्रसमै गाडी मोड्न नदिन डिभाइडर राखिएका छन् । ट्राफिक र संकेत बत्ती भएका ठाउँमा भने समस्या कम देखिन्छ ।

काठमाडौं ट्राफिकका अनुसार गत आर्थिक वर्ष उपत्यकामा ५८ जना पैदल यात्रीको सवारी दुर्घटनामा मृत्यु भएको छ । कतिपय घटना बाटो काट्दा र जेब्रा क्रसमा पनि भएका छन् । धेरैजसो सवारी चालक दिनहुँ ५ सयको जरिवानामा पर्ने गरेका छन् । कारबाही चलिरहन्छ तर नियमको बर्खिलापका व्यवहार सडकमा सधैं देखिन्छन् । धेरै ठाउँमा प्रहरीकै आँखा अगाडि जेब्रा क्रसिङमा सवारी रोकेको देखिनु सहरी सभ्यतालाई गिज्याइरहेको देखिन्छ ।

कालीमाटी

कालीमाटी

पुल्चोक

बालाजु

कोटेश्वर

सानेपा

'काला चस्मा' मा हुक स्टेप : महिला नृत्यमा पुरुष निगरानी ?

आकृति घिमिरे (काठमाडौं)

गत मंगलबार, एक टिकटक प्रयोगकर्ता, प्रियंका ओलीले निजामती कर्मचारीको पोसाकमा रहेका ६ जना युवतीको समूहले नाचेको भिडियो क्लिप अपलोड गरिन् । नाच थियो- बलिउड फिल्म 'बार बार देखो' को गीत 'काला चस्मा' माथि । २०१६ सेप्टेम्बरमा आएको उक्त गीतमा कट्रिना कैफ र सिद्धार्थ मलहोत्राले नृत्य गरेका थिए ।

उक्त भिडियो सामान्य टिकटक क्लिपमा मात्र सीमित रहेन । डान्स स्टेप धेरैलाई त्यो उत्तेजक लाग्यो । चाँडै भाइरल भयो र इन्टरनेटमा केही नेपालीको चाहिँ होसहवास उड्यो । टिकटकमा पोस्ट गरिएको भिडियो छिट्टै अन्य सोसल मिडिया प्लेटफर्महरूमा पनि भाइरल बन्यो । भिडियोमा नीलो आकाशे कुर्ता, बैजनी सुरुवाल र सल लगाएका ६ जना छन् । नृत्य गर्दा उनीहरूमध्ये एक जनाले कालो चस्मा लगाएकी छन् । एक जना मर्किंदै नाचेको देख्न सकिन्छ- आफ्नो कम्मर माथि र तल गरेर ।

तर यो भिडियोमा अनेकौं नराम्रा कमेन्टहरू आए । जुन कमेन्टले उनीहरूलाई विक्षिप्त बनायो । दुई दिनपछि दाङको बबई गाउँपालिकामा कार्यरत यी स्वास्थ्यकर्मी महिलाहरू भिडियो हटाउन बाध्य भए । टिकटक प्रयोगकर्ता ओलीले सुरुको भिडियो मेटाइन् र अर्को भिडियो अपलोड गरिन् । जुन भिडियोमा 'समाजले तोकेको रेखा र आफ्नो मर्यादामा रहने खालको प्रतिज्ञा' गर्दै दर्शकहरूसँग माफी मागेकी छन् । यी स्वास्थ्यकर्मीहरूले आफ्नो हृदयदेखि माफी मागेका होइनन् । माफी नै माग्नुपर्ने अपराध उनीहरूले केही गरेका पनि थिएनन् । तर प्रत्यक्ष र अप्रत्यक्ष रूपमा जुन प्रकारको चरित्र हत्या र दुर्व्यवहार भयो, त्यसकारण उनी माफी माग्न बाध्य भइन् ।

भिडियोमा रहेकीमध्ये एकले धेरै अपमानजनक टिप्पणीहरू आफूहरूलाई आएको बताइन् । धेरैजसो टिप्पणीहरू 'उनीहरूलाई कामबाट हटाउनुपर्छ' भन्ने खालका थिए । 'यस्ता महिलाले कसरी सेवा दिन्छन् ? माफी माग्नुपर्छ,' एक जनाले संवाददातासँग भनिन्, 'हामीले गल्तीहरू महसुस गरेका छौं भनेर देखाउन हामीलाई माफी माग्न भनियो ।' दाङका स्वास्थ्यकर्मीको समूहजस्तै धेरै महिलाले अहिले त्यही 'काला चस्मा' गीतमा नाचेको भिडियो सामाजिक सञ्जालमा अपलोड गरेका छन् । 'सामाजिक मूल्यमान्यता र संस्कारका स्वघोषित मसिहा' हरूसमेत यो विषयमा छुद्र टिप्पणी गर्नेमा अछुतो नरहेको लैंगिक विशेषज्ञहरूले बताएका छन् ।

महिलाहरूले गरेको नृत्यमा छुद्र टिप्पणी गर्नेहरूमा आफूलाई नैतिकताको संरक्षक ठान्ने अधिकांश पुरुषहरू छन् । उनीहरूले चरित्र हत्या मात्र गरेका छैनन्, आगामी वर्षहरूमा हिन्दु चाड 'तीज' नै रद्द गर्ने सार्वजनिक धम्कीसमेत दिएका छन् । विज्ञहरूका अनुसार महिलाका नृत्यहरूप्रतिको पछिल्लो आपत्ति 'महिला स्वतन्त्रता नियन्त्रण' गर्न जारी प्रयासमध्येको एक हिस्सा हो । 'जब महिलाहरू आफ्नै शैलीमा तीज मनाउने प्रयास गर्छन्, पुरुषहरूले महिलाहरूलाई नियन्त्रण गर्न चाहन्छन्,' एक स्वतन्त्र अनुसन्धानकर्ता पल्लवी पायलले भनिन्, 'महिलाहरूले आफ्नो स्वतन्त्रताको प्रयोग गर्न सक्छन् । तर समाजचाहिँ महिलाले स्वतन्त्रता कसरी प्रयोग गर्ने भन्ने सीमा निर्धारण गर्न खोज्छ । महिलाहरू के बनुन् भन्ने चाहन्छन् ? कठपुतली ?'

धेरै आलोचकहरूले भने यस्ता नृत्य स्टेप्सले समाजमा अराजकता फैलाउने र भावी पुस्तामा गलत सन्देश जाने दाबी गरेका छन् । धेरै नेपाली सोसल मिडिया प्रयोगकर्ताहरूले नक्कल गरेको यो कोरियोग्राफी पहिलो पटक नर्वेजियन हिप-हप/सहरी नृत्य टोली 'द क्विक स्टाइल' द्वारा अनलाइन अपलोड गरिएको थियो । 'काला चस्मा' मा तिनीहरूका भिडियोहरूले युट्युब, टिकटक, इन्स्टाग्राम र अन्य सामाजिक सञ्जाल प्लेटफर्महरूमा लाखौं भ्युज पाएका थिए । उक्त समूह जस्तै कोरियोग्राफीमा आफ्ना नृत्यहरू धेरैले इन्टरनेट साइटमा अपलोड गरेका छन् । धेरैले डान्स स्टेपहरूलाई 'बार' का लागि उपयुक्त र राष्ट्रविरोधी भनेर लेबल लगाएका छन् । इन्टरनेटमा 'नैतिक पहरेदारी' द्वारा लगातार ट्रोल हुने स्वास्थ्यकर्मीहरू मात्र होइनन् । 'तीज स्पेसल' हयासट्यागमा कोरियोग्राफी गर्दै उनको भिडियो अपलोड गरेपछि लोकप्रिय मोडल तथा अभिनेत्री एलिजा गौतम पनि अनलाइन ट्रोल भइन् ।

'द क्विक स्टाइल' को कोरियोग्राफी नक्कल गर्ने गौतमका भिडियोहरू, उनको खाताहरूमा अनलाइन उपलब्ध भए पनि उनका अन्य पोस्टहरूमा जस्तो यो पोस्टमा सार्वजनिक रूपमा टिप्पणी गर्नका लागि अब उपलब्ध छैन । अनलाइनमा महिलाहरूलाई कसरी खबरदारी गरिन्छ यो एक उदाहरण हो ।

तीजको अवसरमा महिलाले गर्ने विभिन्न नाचको भिडियो अपलोड गर्दै एक फेसबुक प्रयोगकर्ताले लेखेका छन्- 'कुनै पनि काम कुरा सही समयमा, सही तरिकाले, सही ठाउँमा भएन भने त्यसको परिणाम गलत आउँछ र गलत सन्देश जान्छ । फन् चाडपर्व, संस्कृतिको कुरा गर्नुपर्दा आउने पिँढीमा नराम्रो असर पर्छ र गलत कुराले निरन्तरता पाउनेछ । कृपया समाजमा विकृति फैलाउने काम नगर्नुहोस् । केही वर्षदेखिको गतिविधि हेर्दा अब आउने केही वर्षमा यो तीज भन्ने पर्व मनाउन रोक लगाउनुपर्ने अवस्था आउन सक्छ ।' तर, लैंगिक विज्ञहरूका अनुसार यो महिलामाथि आफ्नो नियन्त्रण सुनिश्चित गर्न आफूलाई सामाजिक व्यवस्थाको अग्रगामी भनाउनेहरूले बनाएको बहाना हो । 'चाडपर्वहरूमा नैतिक खबरदारी अझ बढाइन्छ, जब महिलाहरूलाई उनीहरूले कसरी मनाउने भनेर बताइन्छ र उनीहरू अनुरूप नहुँदा आलोचना गरिन्छ,' विज्ञहरू भन्छन् । पायलले भनिन्, 'महिलाको नाचमा उनीहरूलाई आपत्ति छ र हुक स्टेपमा समस्या छ । यदि दुःखी, उदासी खालको तीज गीतमा पुरुषहरूको प्रशंसा भएको भए, उनीहरूलाई यसमा कुनै समस्या हुने थिएन । महिलाको नृत्यले पुरुषको भावनामा चोट पुऱ्याएको छ । यी मानिसहरूलाई के सामाजिक रूपमा स्वीकार्य छ र के छैन भनेर निर्धारण गर्ने अधिकार कसले दियो ?'

लैंगिक विज्ञहरू मात्र होइन, स्वास्थ्यकर्मीहरू पनि यस नृत्यप्रति समाजको दृष्टिकोणलाई पाखण्डी ठान्छन् । कोभिड महामारी चरम रहेको समयमा स्वास्थ्यकर्मीहरूले बिरामीको मनोबल बढाउनका लागि आफूले जोखिम मोलेर काम गरेका थिए । बिरामीको मनोबल उकास्न उनीहरूले नाचगान गरेका थिए । त्यसबेला उनीहरूले गरेको उक्त कार्यलाई प्रशंसा गरिएको थियो । उनीहरूले गरेको नृत्यकै कारण पनि धेरैले सेवा दिन दक्ष छन् भनेर तारिफ गरेका थिए । तर अहिले आफ्नो खुसीका लागि नृत्य गर्दा समाजले अहिले स्वास्थ्यकर्मी ती महिलाहरूको दक्षतामाथि प्रश्न उठाएको छ ।

'जब हामी कोभिडको समयमा नाच्यौं, हामीलाई प्रोत्साहन दिइयो । वा ! बिरामीहरूको राम्रो हेरचाह गरेका छन् हेर्नुहोस् समेत भनियो,' एक स्वास्थ्यकर्मीको प्रश्न छ, 'अहिले हामी रमाइलो गर्दै छौं, उनीहरू हाम्रो काम गर्ने क्षमतामा प्रश्न उठाउँदै छन् । मर्यादित नाच के हो र के होइन भन्ने कुनै आधिकारिक नियम छ ?'

पार्टी मिलाएर गठबन्धन जोगाउन देउवालाई सकस

● गठबन्धनमा भागबन्डा मिलाउन कम सिटमै चित्त बुझाउनुपर्ने अवस्था र २०७४ मा समानुपातिकबाट निर्वाचित सांसद दोहोरिन नपाउने विधानको व्यवस्थाले थप चुनौती ● गठबन्धन दलको भरोसा देउवामाथि

कुलचन्द्र न्यौपाने (काठमाडौं)

कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा पार्टीको आन्तरिक दबाब र सत्तासहयात्री दललाई चित्त बुझाउने गरी सिट बाँडफाँट मिलाउन सकसमा परेका छन् । गठबन्धन जोगाउन लचकता देखाइरहे पनि आफ्नै पार्टीभित्रको फरक समूहको अडान र आकांक्षी नेताको व्यवस्थापन देउवाका लागि मुख्य चुनौती बनेका छन् । संस्थापन पक्षकै नेताहरूले समेत आफ्नो निर्वाचन क्षेत्र जोगाउन देउवामाथि दबाब बढाइरहेका छन् ।

गठबन्धनमा रहेका अन्य दल उच्च तहका केही नेता विशेषको हकमा बाहेक २०७४ मा जितेका निर्वाचन क्षेत्र छाड्न तयार छैनन् । यसले करिब दुई दर्जन निर्वाचन क्षेत्रमा गठबन्धन दलबाट कांग्रेसका केन्द्रीयस्तरकै नेताहरू पराजित छन् । उनीहरूको व्यवस्थापनमा सकस पर्रिरहेकै बेला देउवामाथि बहालवाला समानुपातिक सांसद रहेका नेताको व्यवस्थापन गर्ने चुनौतीसमेत थपिएको छ । पार्टी विधानले समानुपातिक दोहोरिन नसक्ने व्यवस्था गरेकाले बहालावाला समानुपातिक सांसदको दबाबसमेत देउवामाथि परेको छ ।

महामन्त्री गगन थापाले भदौ ९ मा पार्टीका तल्ला तहका कार्यसमितिलाई गरेको परिपत्रमा समानुपातिकतर्फका बहालवाला सांसदलाई उम्मेदवार सिफारिस नगर्न भनिसकेका छन् । यसले २०७४ समानुपातिकतर्फबाट प्रतिनिधिसभामा सांसद बनेका ४० जना नेताले प्रत्यक्षतर्फ टिकट नपाए संसद् प्रवेश गर्ने उनीहरूको ढोका नै बन्द हुने अवस्था छ ।

दोहोरिन नपाउने पार्टीको व्यवस्थालाई निलम्बन गरेरै भए पनि नेताहरूको व्यवस्थापन खोज्न सकिने संस्थापन पक्षका कतिपय नेताको भनाइ छ । यस्तो कदमले निर्वाचनको मुखमा पार्टीभित्र असन्तुष्टि बढाउने र पार्टीको सार्वजनिक छवि बिग्रन गएमा आमजनमतसमेतमा नकारात्मक असर पार्न सक्ने चिन्ता छ । कांग्रेसका एक नेताका अनुसार देउवाको मुख्य जोड निर्वाचनपछिको सरकार निर्माणतिर छ । त्यसका लागि उनी कुनै पनि हालतमा गठबन्धन जोगाउने पक्षमा छन् । गठबन्धनको बलमा फेरि प्रधानमन्त्री बन्ने महत्त्वाकांक्षा हावी हुँदा देउवा गठबन्धन जोगाउन हदैसम्मको लचकतामा जान सक्ने अनुमान शेखर कोइराला पक्षले गरिरहेको छ । त्यसो हुँदा पार्टीले सिट संख्या कम पाउने र त्यसमा आफ्नो पक्षलाई किनारामा पार्न सक्ने चिन्तासमेत कोइराला समूहको छ ।

'गठबन्धन जोगाउन लचकता हुने मात्रै होइन, देउवाको ध्यान आफ्नै पार्टीभित्र पनि सुविधानजनक बहुमत ल्याउने गरी उम्मेदवार चयन गर्नेतिर लक्षित छ,' कोइराला समूहका एक नेता भन्छन्, 'त्यस्तो भयो भने देशैभरि असन्तुष्टि बढ्ने र पार्टीभित्रैबाट बागी उम्मेदवार हुने सम्भावना प्रबल छ ।' कोइरालाले कांग्रेसले प्रतिनिधिसभाको १ सय ६५ मा सय सिटको बटम लाइन हुनेपर्ने दबाब दिइरहेको छ । गठबन्धन दलमा कांग्रेसले सय सिटकै दाबी गरेको छ । त्यसभन्दा कम सिटमा सम्झौता गरेमा गठबन्धनको पक्षमा वातावरण बनाउन नसकिने चेतावनी कोइराला समूहले दिइरहेको छ । अर्कोतर्फ माओवादीसहितका अन्य गठबन्धन दलले कांग्रेसलाई ८० सिटमा झार्ने रणनीति बनाइरहेको बालुवाटारको बुझाइ छ । गठबन्धन बैठकमा माओवादीले ६०, एकीकृत समाजवादीले ४०, जनता समाजवादी पार्टीले २५ र जनमोर्चाले २ सिटको दाबी गरेका छन् ।

'हामीले २०७४ को समानुपातिक र २०७९ को स्थानीय तहमा प्राप्त मतका आधारमा सय सिटको दाबी गरिरहेका छौं, माओवादीलगायत गठबन्धन दलले २०७४ मा प्रत्यक्ष जितेका सिट छाड्न मानिरहेका छैनन्,' बालुवाटार स्रोतले भन्यो, 'सिट बाँडफाँट साँच्चिकै पेचिलो बन्दै गएको छ । त्यसमा पनि कांग्रेसभित्र ठूलो समस्या देखिएको छ । यसैलाई लक्षित गरेर माओवादी अध्यक्ष प्रचण्डको अभिव्यक्ति आएको हुन सक्छ ।' माओवादी अध्यक्ष पुष्पकमल दाहालले आइतबार कांग्रेसले परिस्थिति नबुझे र शक्तिको सही मूल्यांकन नगरे एमालेबाहेकको अर्को वाम गठबन्धन बन्ने सार्वजनिक अभिव्यक्ति दिएका थिए ।

समानुपातिकमा दोहोरिन नपाउनेहरू

बालकृष्ण खाँण, सुजाता कोइराला, मीन विश्वकर्मा, मानबहादुर विश्वकर्मा, सीतादेवी यादव, सत्यनारायण खनाल, सर्वतारा खानम, सुजाता परियार, मोहनप्रसाद पाण्डे, स्मृतिनारायण चौधरी, हीरा गुरुङ, ज्ञानकुमारी छन्त्याल, अतहरकमाल मुसलमान, उमा रेग्मी, उमेश श्रेष्ठ, कर्मा घले, किशोरसिंह राठोर, चित्रलेखा यादव, जिपछिरिङ लामा, डिला संग्रौला, दिलेन्द्रप्रसाद बडू, दिव्यमणि राजभण्डारी, नमिताकुमारी चौधरी, नागेन्द्रकुमार राय, पद्मनारायण चौधरी, पार्वता डीसी चौधरी, पुष्पा भुसाल, प्रकाश रसाइली स्नेही, प्रमिला राई, बहादुरसिंह लामा, महेन्द्रकुमार लिम्बू, मीना सुब्बा, मीना पाण्डे, मीनाक्षी झा, रामबहादुर विष्ट, रंगमती शाही, लक्ष्मी परियार, लालकाजी गुरुङ, विनोदकुमार चौधरी र विमला नेपाली ।

गठबन्धनका अन्य दलका नेताहरू समझदारीका लागि प्रधानमन्त्री देउवाकै मुख ताक्न थालेका छन् । उनीहरूले कांग्रेसले बढी सिटको प्रस्ताव गरेकाले पहिला कांग्रेसबाटै सिट संख्या घटाउनुपर्ने दबाब दिएका छन् । 'अहिलेसम्म सभापति बोल्नुभएको छैन, कांग्रेसमा धेरै नेताको व्यवस्थापन गर्नुपर्ने भएकाले उहाँलाई पनि ८०/८५ सिट लिएर पार्टी मिलाउन सकिन्छ भन्ने नलागेको हुन सक्छ, कांग्रेसलाई ८० सिटमा झार्न खोजिएको हो भने गठबन्धनको पक्षमा वातावरण बनाउन कठिनाइ छ,' देउवानिकट एक नेताले भने, 'अब उहाँले यसरी मिल्छ भनेर प्रस्ताव नराखेसम्म समझदारी बन्ने अवस्था छैन ।'

कार्यदलका सदस्यसमेत रहेका सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले दुई दिन लगातार बसेको कार्यदलको बैठकमा प्रदेशसभाका ३ सय ३० निर्वाचन क्षेत्रका बाँडफाँटका विषयमा छलफल केन्द्रित भाएको बताए ।

प्रतिनिधिसभा र प्रदेशसभा दुवैतर्फ भएका छलफलबारे आ-आफ्नो पार्टीका नेतृत्व तहलाई ब्रिफिङ गरेर निर्णय लिन गठबन्धनका शीर्ष नेतालाई जिम्मेवारी दिने निष्कर्षमा पुगेको उनको दाबी छ । उनले भने, 'गठबन्धनलाई प्रभावकारी ढंगले अघि बढाउन पहिला प्रतिनिधिसभाकै निर्वाचन क्षेत्रको बाँडफाँट टुंग्याउन सक्यौं भने त्यसको आधारमा प्रदेशमा सन्तुलन मिलाउने गरी बाँडफाँट गर्न सहज हुन्छ भन्नेमा पुगेका छौं ।' सयभन्दा कम सिटमा सम्झौता गर्न खोजेको सुइँको पाएपछि कांग्रेस नेता शेखर कोइरालाले विरोध जनाएका छन् । उनले ठूलो जनाधार बोकेको पार्टीले सय सिटभन्दा कममा चुनाव लड्न नसक्ने बताए । ६५ भन्दा बढी सिट छोड्दा पार्टीभित्रको आन्तरिक शक्ति सन्तुलन मिलाएर टिकट वितरण गर्न कठिनाइ पर्ने उनको तर्क छ । अर्कोतर्फ जनाधार भएका क्षेत्रमा समेत कांग्रेसले सिट छाड्ने अवस्था आउँदा पार्टी संगठन धराशायी हुने उनको ठम्याइ छ । 'देशकै प्रतिकूल अवस्था भएकाले गठबन्धनलाई स्वीकार गरिएको हो, कांग्रेस गठबन्धनको वैसाखी टेक्नुपर्ने कमजोर अवस्थामा छैन, एक्लै निर्वाचनमा जान सक्छ,' उनले भने, 'गठबन्धनका अन्य दलले भन्दैमा कांग्रेस सयभन्दा कम सिटमा चुनाव लड्न सक्दैन ।'

गृहनगर विराटनगरमा रहेका कोइरालाले त्यहाँ सार्वजनिक कार्यक्रममा समेत सय सिटभन्दा कममा सम्झौता गरिए कांग्रेसमा व्यापक असन्तुष्टि बढ्ने बताएका छन् । केही दिनअघि पार्टीको आन्तरिक छलफलमा कार्यदलका सदस्यसमेत रहेका महामन्त्री थापाले पनि कांग्रेसले सय सिटभन्दा तल झर्न नहुने बताएका थिए । आन्तरिक शक्ति सन्तुलन र समानुपातिक सांसद चयनमा पार्टी विधानले गरेको व्यवस्थाका कारण कांग्रेसमा केन्द्रीय तहकै झन्डै पाँच दर्जन नेता व्यवस्थापनमा समस्या देखिएको छ । संसदीय दलका सचेतकसमेत रहेका मीन विश्वकर्माले गठबन्धनबाट कांग्रेसले अपेक्षा गरेअनुसार (सय सिट) नपाउने अवस्था रहेको स्विकारे । 'एकातिर कांग्रेसले अपेक्षा गरेअनुसारको सिट पाउन गाह्रो छ, अर्को पार्टीभित्रकै नेता र समूहलाई व्यवस्थापन गर्न गाह्रो छ,' उनले भने, 'यसमा समानुपातिकतर्फ बहालवाला सांसदलाई व्यवस्थापन गर्ने चुनौतीसमेत थपिएको छ ।'

विश्वकर्मा प्रधानमन्त्रीका विश्वासपात्र नेता हुन् । उनको निर्वाचन क्षेत्र सुनसरी-१ हो । त्यहाँबाट यसअघि कांग्रेसकै समर्थनमा जसपा नेता अशोक राई चुनाव लडेका थिए । यस पटक जसपाले राईका लागि उक्त निर्वाचन क्षेत्र दाबी गरेमा विश्वकर्मालाई कसरी व्यवस्थापन गर्ने भन्ने चुनौती छ । गृहमन्त्री खाँणको निर्वाचन क्षेत्रबाट एमालेका घनश्याम भुसालले जितेका छन् । उनलाई उम्मेदवार बन्न समस्या छैन । उपसभामुखसमेत रहेकी पुष्पा भुसाल र मानबहादुर विश्वकर्मा एउटै मात्रै निर्वाचन क्षेत्र रहेको अर्घाखाँचीबाट प्रतिनिधित्व गर्छन् । अर्घाखाँचीमा रामबहादुर बीसी र रेवती भुसाल पनि उम्मेदवारका आकांक्षी छन् ।

सुजाता कोइरालाको निश्चित निर्वाचन क्षेत्र छैन । २०६४ को संविधानसभा निर्वाचनमा उनी तत्कालीन निर्वाचन क्षेत्र ५ मा पराजित भएकी थिइन् । त्यसपछि उनी समानुपातिकमा बस्दै आएकी छन् । यस पटक उनले मीनेन्द्र रिजाललेजितेको मोरङ-२ ताकेकी छन् । तत्कालीन पार्टी सभापति गिरिजाप्रसाद कोइराला उठेको क्षेत्र भएकाले आफूले उम्मेदवार बन्न पाउनुपर्ने उनको तर्क छ । तर, त्यहाँ रिजालकै सम्भावना छ ।

अर्की नेत्री डिला संग्रौलाको गृहजिल्ला पनि मोरङ नै हो । मोरङ-६ उनको पनि निर्वाचन क्षेत्र हो । त्यहाँ अघिल्लो निर्वाचनमा शेखर कोइराला उठेका थिए । यस पटक संग्रौलालाई कहाँबाट उम्मेदवार बनाउने भन्ने सकस छ । चित्रलेखा यादवको निर्वाचन क्षेत्र सिरहा-२ र सीतादेवी यादवको निर्वाचन क्षेत्र सिरहा-३ हो । क्षेत्र २ मा माओवादीका सुरेशचन्द्र दासले जितेका थिए । त्यहाँ माओवादीले दावी गरे चित्रलेखाका लागि समस्या पर्ने देखिन्छ । सीतादेवी यादवको क्षेत्रबाट भने एमालेका लीलानाथ श्रेष्ठले जितेका छन् ।

निर्माण व्यवसायीसमेत रहेका बहादुरसिंह लामा देउवाका नजिकका दाता हुन् । नुवाकोटबाट प्रतिनिधित्व गरेका उनले टिकट पाउने सम्भावना कम छ । दुई निर्वाचन क्षेत्र रहेको नुवाकोटमा कांग्रेस र माओवादीले एक-एक निर्वाचन क्षेत्र लिने करिब समझदारी छ । कांग्रेसले पाउने एउटा क्षेत्रमा रामशरण महत, अर्जुननरसिंह केसी, प्रकाशशरण महतदेखि जगदीशनरसिंह केसीसम्मको दावी छ । प्रतिनिधिसभाका ४० र प्रदेशसभाका ७२ सांसदले प्रत्यक्षतर्फ टिकट पाएनन् भने उनीहरूका लागि संसद् प्रवेश गर्ने ढोका बन्द हुनेछ । सहमहामन्त्री जीवन परियारका अनुसार समानुपातिकमा कांग्रेसले राखेको नयाँ व्यवस्थाका कारण केन्द्रीय नेताहरूको व्यवस्थापनमा सकस पर्ने देखिन्छ ।

पार्टीभित्र शेखर समूहले चालीस प्रतिशत हिस्सामा दावी गरेको छ । रामचन्द्र पौडेल, विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला, प्रकाशमान सिंहका उपगुटसमेत रहेकाले उनीहरूको समूह व्यवस्थापन गर्नुपर्ने अर्को चुनौती छ । कांग्रेसले गठबन्धनबाट सयभन्दा कम सिट लिएमा प्रत्यक्षतर्फ हारेका, पूर्व र वर्तमान समानुपातिक सांसदको व्यवस्थापन गर्न जटिल हुने सहमहामन्त्री जीवन परियार बताउँछन् । '७७ जिल्लाका १ सय ६५ निर्वाचन क्षेत्रका साथीहरूको बुझाइ मेरो निर्वाचन क्षेत्र कांग्रेसको भागमा पर्छ भन्ने छ, गठबन्धनमा जाँदा जुन क्षेत्रमा कांग्रेसले सिट पाउँदैन, त्यहाँका साथीहरूलाई कसरी चित्त बुझाउने भन्ने ठूलो जोखिम देखिरहेको छु,' उनले भने, 'त्यस्तो ठाउँमा सिफारिस धेरै जनाको भए पनि एउटा निर्वाचन क्षेत्रबाट एक जनाभन्दा बढी समानुपातिक उम्मेदवार बनाउन पाइन्न । यसले झनै अप्ठ्यारो बनाएको छ ।'

कांग्रेसले प्रक्रियागत उम्मेदवार सिफारिसका लागि भदौ ९ मै तल्ला तहका कमिटीलाई परिपत्र गरिसकेको छ । जसमा वर्तमान बहालवाला सांसदलाई समानुपातिकमा सिफारिस नगर्न भनिएको छ । कांग्रेस महामन्त्री थापाद्वारा जारी परिपत्रमा क्षेत्रीय कार्यसमिति हुँदै प्रदेश कार्यसमितिमा भदौ १८ र केन्द्रीय कार्यसमितिमा भदौ २० सम्म उम्मेदवारको सूची आइसक्नुपर्ने उल्लेख छ । उम्मेदवारीको सिफारिस गर्दा प्रत्यक्षतर्फ एक निर्वाचन क्षेत्रबाट बढीमा तीन र समानुपातिकतर्फ एक महिलासहित बढीमा दुई जनाको नाम पठाउन विधानको व्यवस्थाअनुसार निर्देशन गरिएको छ ।

प्रहरीलाई निर्वाचनअघि राजीनामा दिन रोक

काठमाडौं (कास)- नेपाल प्रहरी र सशस्त्र प्रहरी बल (एपीएफ) का कर्मचारीलाई आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन सम्पन्न नभएसम्म स्वैच्छिक राजीनामामा रोक लगाइएको छ । चुनावी सुरक्षाको कार्ययोजना निर्माणका क्रममा वा निर्माणपछि कसैले राजीनामा दिँदा जनशक्ति व्यवस्थापनमा समस्या हुने भन्दै आगामी मंसिर ४ अघि दुवै सुरक्षा निकायले स्वैच्छिक राजीनामा दिन रोक लगाएका हुन् ।

प्रहरी र सशस्त्रका खासगरी तल्लो तहका कर्मचारीले राजीनामा दिएर स्वैच्छिक अवकाशमा जाने क्रम बढ्दो छ । सेवा/सुविधा समयअनुकूल वृद्धि नहुने, सरुवा/बढुवामा विभेद हुने समस्याले वा देशभित्रै वा बाहिर आकर्षक रोजगारीको अवसर पाएर पेन्सन पाउने न्यूनतम अवधिपछि प्रहरी र सशस्त्रका तल्लो दर्जामा कार्यरतले राजीनामा दिने गरेका छन् । हाल नेपाल प्रहरीमा करिब ८० हजार र सशस्त्रमा करिब ३७ हजार जनशक्ति रहेकामा प्रहरीका करिब ६२ हजार र सशस्त्रका करिब ३२ हजार जनालाई चुनावमा खटाउन सकिने दुवै सुरक्षा निकायको प्रारम्भिक खाका छ ।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक (डीआईजी) टेकप्रसाद राइले चुनावअघि जनशक्ति बाहिरिँदा चुनावी सुरक्षामा असर पुगे सक्ने भएका चुनावअघिसम्म कुनै पनि कर्मचारीको राजीनामा स्वीकृत नगर्न देशभरका युनिटमा निर्देशन दिइएको बताए । 'सामान्य अवस्थामा औचित्य, कारण र पुष्ट्याइँ खुलाई सबै तहका कर्मचारीले राजीनामा दिएर स्वैच्छिक अवकाशमा जान पाउनुहुन्छ तर अहिले परिस्थिति सामान्य छैन, केही महिनाभित्रै प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि भरपर्दो र सुरक्षित वातावरणमा मतदान व्यवस्था गर्नुपर्ने दायित्व छ,' उनले भने ।

> 'सामान्य अवस्थामा औचित्य, कारण र पुस्ट्याइँ खुलाई सबै तहका कर्मचारीले राजीनामा दिएर जान पाउनुहुन्छ तर अहिले परिस्थिति सामान्य छैन'

पछिल्ला ५ वर्षमाप्रहरी र सशस्त्रका करिब १७ हजार अधिकृत तथा जवानले राजीनामा दिएका छन् । कतिपयको राजीनामा बाध्यकारी भए पनि धेरैजसोले असन्तुष्टि जनाएर सेवाबाट बाहिरिएको दुवै संगठनका उच्च अधिकृतहरू बताउँछन् । 'राजीनामा दिनेले खासगरी हाल खाईपाई आएको तलबले परिवार धान्न धौ-धौ परेको र अब स्वरोजगार तथा वैदेशिक रोजगारीमा जाने तयारी रहेको बताउने गरेका छन्,' एक सुरक्षा अधिकारीले भने, 'केहीले भने पारिवारिक बाध्यताले राजीनामा दिएको देखिन्छ ।

योग्य र अनुभवी प्रहरी कर्मचारीले बीचमै जागिर छाड्दा राज्यलाई एकातिर बोझ थपिन्छ भने अर्कातिर अनुभवी जनशक्ति उत्पादन गर्न सरकारले वर्षौं कुर्नुपर्ने हुन्छ । सेवा अवधि कायम छँदै सुरक्षाकर्मीले राजीनामा दिँदा अपराध अनुसन्धान एवं नियन्त्रण र शान्तिसुरक्षा व्यवस्थापनमा पनि असर पर्न जान्छ । प्रहरी र सशस्त्र मुख्यालयका अनुसार एक सिपाहीलाई भर्नादेखि आधारभूत तालिम दिएर फिल्डमा खटाउँदासम्म साढे ४ लाखदेखि ५ लाख रुपैयाँसम्म खर्च हुन्छ । त्यसपछि पनि राज्यले सुरक्षा जनशक्तिका लागि तालिम र वृत्ति विकासमा ठूलो धनराशि खर्च गर्छ ।

प्रहरीमा आर्थिक वर्ष २०७४/७५ देखि २०७८/७९ सम्मा ४ डीआईजी, २ एसएसपी, ४ एसपी, १६ डीएसपी, ५३ इन्स्पेक्टरसहित ८ हजार ९ सय ५ जनाले राजीनामा दिएका छन् । यही अवधिमा सशस्त्र प्रहरीका करिब ८ हजार जना राजीनामा दिएर बाहिरिएका छन् । २०७४/७५ मा प्रहरीमा २ हजार ५ सय ६४ र सशस्त्रमा १ हजार ५ सय २७ जनाले राजीनामा दिएका थिए । २०७५/७६ मा प्रहरीका ३ हजार ७३ र सशस्त्रका २ हजार ९ सय ७६ ले राजीनामा दिए । २०७६/७७ मा प्रहरीका २ हजार ७७ र सशस्त्रका १ हजार ७ सय ४७, २०७७/७८ र २०७८/७९ मा प्रहरी र सशस्त्रका क्रमशः ७ सय ३ र ९ सय ४७ तथा गएको आर्थिक वर्षमा प्रहरीका ४ सय ९८ र सशस्त्रका ७ सय ७९ ले राजीनामा दिएका थिए ।

काठमाडौंको रत्नपार्क-भोटाहिटी सब-वेमा अनधिकृत रूपमा बनाइएका पसल आइतबार भत्काइँदै । ट्राफिक व्यवस्थापन गर्ने भन्दै महानगरले एक सातायता व्यावसायिक भवनहरूको बेसमेन्ट खाली तथा नक्सापासबिनै बनाइएका संरचना हटाइरहेको छ ।

तस्बिर : सन्जोग मानन्धर/काठमाडौं

'अनधिकृत संरचना भत्काउने अभियान निरन्तर'

काठमाडौं (कास)- काठमाडौं महानगरपालिकाले अन्डरग्राउन्ड पार्किङ व्यवस्थापन तथा अनधिकृत संरचना भत्काउने कार्यलाई निरन्तरता दिएको छ । महानगर प्रमुख बालेन्द्र शाहको नेतृत्वमा गत सोमबार नयाँबानेश्वरबाट सुरु भएको अभियानले आइतबार पनि निरन्तरता पायो । महानगरले आइतबार भोटाहिटीस्थित सब-वेमा बनाइएको अनधिकृत संरचना भत्काएको छ । 'सब-वेको बाहिर बनाइको संरचना भत्काइएको हो,' महानगर प्रहरी प्रमुख प्रहरी उपरीक्षक राजु पाण्डेले भने, 'अनधिकृत संरचना हटाउने अभियानमा निरन्तर छौं, अनुगमन गर्छौं र हटाउँछौं ।'

जमिन तला, बेसमेन्ट, सेमी बेसमेन्ट, भुइँतलालाई स्वीकृत नक्सावमोजिम प्रयोग नगरी अन्य प्रयोजनमा प्रयोग गरेको पाइएकाले महानगरले गत साउन २ मा स्वीकृतिअनुसार नै प्रयोग गर्न ३५ दिने सूचना निकालेको थियो । सूचनालाई बेवास्ता गरेको पाइएपछि प्रमुख बालेन, ट्राफिक प्रहरीसहितको टोली अनधिकृत रुपमा बनाइएका त्यस्ता संरचना हटाउन लागिपरेको हो । आइतबारै सुन्धारास्थित कर्मचारी सञ्चय कोषको काठमाडौं मलको भुइँतलामा बनाइएको सटर हटाएको महानगरका एसपी पाण्डेले बताए । यसअघि मलअघि बनाइएका अनधिकृत संरचना हटाइएको थियो ।

महानगरले न्युरोडस्थित भूगोलपार्क क्षेत्रमा एक लाइन मात्रै पार्किङको व्यवस्था गरेको छ । सवारीसाधनको चाप बढेपछि पार्किङलाई थप व्यवस्थित बनाउन शुक्रबारदेखि यस्तो व्यवस्था गरिएको पाण्डेले बताए । यसअघि पनि एक लाइन पार्किङको व्यवस्था थियो, तर मापदण्डविपरीत पार्किङ हुँदै आएको थियो । बिहीबार नै महानगरबाट एक लाइन मात्रै पार्किङ गर्न निर्देशन त्यहाँ कार्यरत कर्मचारीले बताए ।

पार्किङ स्थल भरिइसकेको हुँदा व्यस्थापन गर्न कठिन भएकाले निर्देशन शुक्रबारदेखि मात्रै लागू गरिएको पाण्डेको भनाइ छ । उनका अनुसार भूगोलपार्क, धर्मपथ र पिपल्स प्लाजा क्षेत्रमा यो व्यवस्था लागू गरिएको छ । सडकको दुवतर्फै पार्किङ गरेको पाइए कर्मचारी र सवारीधनी दुवैलाई कारवाही गरिने उनको भनाइ छ । उक्त क्षेत्रमा महानगरकै ठेक्कामा निजी कम्पनीले पार्किङ शुल्क उठाउँदै आएको छ ।

नगर प्रहरीलाई दैनिक भत्ता

काठमाडौं महानगरपालिकाले फुटपाथ व्यवस्थापनमा नियमित कार्यअवधिभन्दा बढी खटिने नगर प्रहरीलाई भत्ता दिने निर्णय गरेको छ । महानगर कार्यपालिकाको आइतबारको बैठकले नगर प्रहरीलाई दैनिक अतिरिक्त ५ सय रूपैयाँ भत्ता दिने निर्णय गरेको हो ।

राष्ट्रिय सभागृहमा बसेको बैठकले विभिन्न २७ वटा निर्णय गरेको प्रवक्ता नवीन मानन्धरले बताए । उनका अनुसार ३२ बटै वडाहरूमा एक जना चिकित्सक र नर्स राख्ने निर्णय भएको छ । महानगरभित्र बिक्रीवितरण भइरहेको खाद्य वस्तुको गुणस्तर मूल्यांकन तथा अनुगमन गर्न ५ जना खाद्यविज्ञ राख्ने पनि निर्णय भएको छ । 'अब टेकु ट्रान्सफर स्टेसनमा संकलन हुने फोहोर उठाउन ५० वटा टिपर भाडामा लिइने छ,' उनले भने, 'स्टेसनमा संकलित फोहोर उठाई स्टेसन खाली गराउन ती टिपर प्रयोग गरिनेछ ।'

महानगरले कक्षा ६ सम्म अध्ययन गर्ने विद्यार्थीहरूलाई दिँदै आएको दिवा खाजाको भत्ता पनि बढाउने निर्णय गरेको छ । सामुदायिक विद्यालयमा कक्षा ६ सम्म बढ्ने बालबालिकाले दैनिक दिवा खाजाबापत १५ रुपैयाँ पाउने गरेकामा अब २५ रुपैयाँ पाउने भएका हुन् ।

महानगरले ५ जना कानुनी सल्लाहकार राख्ने पनि निर्णय गरेको छ । बैठकले 'भू-उपयोग परिषद्' गठन गर्ने पनि निर्णय गरेको प्रवक्ता मानन्धरले बताए । उनका अनुसार परिषदले जग्गाको अवस्था हेरेर व्यावसायिक, कृषि तथा अन्य प्रयोजनका लागि प्रयोग हुन सक्नेबारे जानकारी दिनेछ ।

गैंडा मुद्दा भोगेकाहरू गाई पाल्दै

'गैंडा सिकारीको गाउँ' का नामले चिनिएको कोराकका चेपाङ समुदाय आत्मनिर्भरको बाटोमा

रमेशकुमार पौडेल (चितवन)

लोभ लालच र परिबन्धमा परेर दुर्लभ वन्यजन्तु गैंडा चोरीसिकारको मुद्दामा वर्षौं जेल सजाय भोगेर छुटेकाहरू अहिले मिहिनेत र पसिनाको कमाइमा रमाउँदै छन् । अहिले उनीहरू भन्छन्, 'गलत बाटो समाएपछि कुनै न कुनै बेला सजाय भोग्नै पर्छ । पछि पछुताउनु भन्दा अहिले नै मिहिनेत मजदुरी मै लागौं ।'

पूर्वपश्चिम राजमार्गमा पर्ने राप्ती नगरपालिका-८ विरेन्द्रनगर बजारबाट उत्तर ७ किलोमिटरजति पर छ, चेपाङ समुदायको बाक्लो बसोबास भएको पहाडी गाउँ कोराकको समिटार । ७-८ वर्षयता समिटार हुँदै गाडी चल्न थालेपछि यो ठाउँमा चहलपहल बढेको छ । नभए राजमार्गबाट नजिक भए पनि यो ठाउँमा धेरैको आँखा परेको थिएन । तर, त्यहाँका युवाहरूलाई प्रलोभनमा पारेर तस्करहरूले गैंडा मार्न लगाइरहेका थिए । कोराककै राजकुमार चेपाङ २० वटा गैंडा मारेको अपराधमा जेलमा छन् । ११ वटा गैंडा मारेको मुद्दामा १५ वर्ष जेल सजाय पाएका काजीमान चेपाङ पनि यहींका हुन् । धेरै गैंडा मार्ने यी दुई मात्रै होइन, कोराकको चिप्लेटी, समीटार र कालिखोला आसपासबाट थुप्रै व्यक्ति गैंडा मुद्दामा समातिएका छन् । केही अघिसम्म गैंडा सिकारीको गाउँका रूपमा चिनिने यी क्षेत्रको परिचय अब परिवर्तन भइसकेको छ ।

समिटारका वीरबहादुर चेपाङको घरअगाडि हरेक विहान-साँझ चहलपहल हुन्छ । गाउँका १५/१६ घरमा गाइभैंसी पाल्न सुरु भएको छ । उनीहरूले दूध वीरबहादुरकहाँ ल्याउँछन् । संकलित दूध वीरबहादुरले नै गाउँबाट दक्षिण ४ किलोमिटर टाढाको सहकारीमा पुऱ्याएर बेच्ने गर्छन् । दूध बेच्न आउनेमा गैंडा मुद्दामा १५ वर्ष जेलजीवन बिताएर गाउँ फर्केकाहरू पनि छन् । जसमध्ये तीन जना आफ्नो विगतबारे बताउन तयार भए । 'गैंडा मार्ने हो, एउटा गैंडा मारे ६०/७० हजार रुपैयाँ त पाइहालिन्छ नि भने । यही लोभले उता लागियो,' १५ वर्ष कैद बसेर २०७५ असारमा छुटेका एक जनाले सुनाए ।

यो कुरा २०५८ सालतिरको हो । समिटार जस्तो ठाउँमा त्यो बेला यो रकम ठूलै हुन्थ्यो । त्यसैले उनी गैंडा मार्नेहरूका पछाडि लागे । २ वटा गैंडा मार्दा उनी साथसाथै रहे । तर, हात लाग्यो २० हजार रुपैयाँ मात्रै । प्रशासनले कडाइ गरेपछि गिरोहका मान्छेहरू धमाधम समातिए । लुक्दै हिँडेका उनी पनि पक्राउ परे । छुटेर आउँदा धेरै कुरा लथालिंग थियो । पहिला सानो पसल सुरु गरेका उनले गत वर्षबाट गाई पाल्न थालेका हुन् ।

२०६० सालमै पक्राउ परेर १७ वर्ष जेल बसेर २०७५ मा छुटेका ५४ वर्षीय अर्का व्यक्ति गाईसँगै बंगुर र बाख्रा पनि पाल्छन् । उनका बाबुबाजे भैंसी पाल्थे । गोठमा १३/१४ वटा भैंसी टुटुदैनथे । घ्यु बेच्न काठमाडौं जाने गरेको उनी अझै सम्झन्छन् । उनका अनुसार त्यो बेलामा मानाको ४० रुपैयाँमा भैंसीको घ्यु बिक्री हुने गर्थ्यो । तर, बाबुबाजेको पेसाभन्दा फरक र कम मिहिनेत गरेर धेरै कमाउने मोहमा उनी फसे । 'मान्छेबाट गल्ती हुन्छ, मबाट पनि भयो । गैंडा मार्न हिँड्ने एक जनालाई मैले सहयोग गरेको हो । खाना पनि खुवाएँ । त्यसैका आधारमा १५ वर्ष जेल बसियो,' उनले भने ।

सामान्य सहयोग मात्रै गरेकाले सजाय हुँदैन भनेर उनलाई वकिलले सुनाएका थिए । उनी मुद्दा मामिलामा गए । वकिलको खर्च पुऱ्याउन १२ कट्ठा जग्गा बेच्नु पऱ्यो तर सजाय घटेन । कमाउने उमेरमा जेल परे । सम्पत्ति सकियो । अहिले बाख्रा, बंगुर र गाई पालेर राम्रै कमाइ हुन थालेको उनी सुनाउँछन् । 'घरमा छोराछोरी, नातिनातिना सबै एकै ठाउँ बस्ने हो । १४ जनाको परिवार यही कमाइले पालिएको छ । विगत सम्झँदा कहाली नलाग्ने हैन । तर अहिलेको जीवन आफ्नो कमाइमा बाँचिएको छ । यो कुराले खुसी भइन्छ,' उनले भने ।

गैंडा मुद्दामा १५ वर्ष जेलमा बिताएर २०७६ माघमा छुटेका अर्का एक जनाले पनि गाई पालेर दूध बेच्दै आएको सुनाए ।

वीरबहादुरको भनाइमा कोराकमा यसअघि डेरीका लागि कहिल्यै दूध बिक्री नै गरिँदैनथ्यो । फाट्टफुट्ट भैंसी पाल्ने चलन थियो । विकासे जातका गाई आएकै थिएनन् । राष्ट्रिय प्रकृति संरक्षण कोषको सौराहा कार्यालयले गत वर्षको मंसिरमा गाउँमा १८ वटा गाई बाँड्यो । तीमध्ये १४ वटा गाई र २ भैंसीको दूध दिनहुँ संकलन भइरहेको छ । 'दिनमा ६० देखि सय लिटरसम्म दूध जम्मा हुन्छ । यहाँका मान्छेले विकासे गाई के हो थाहा नै पाएका थिएनन् । दूधको स्वाद लिन नपाउनेहरू यहीं थिए । यस्तो ठाउँमा विकासे गाईले भनेजस्तो दूध त दिएका छैनन् तर धेरै थोरै सबैले बिक्री गरेकै छन्,' वीरबहादुरले भने ।

गाई पाल्न थालेपछि सुरुमा वीरबहादुरले सबैलाई भनेका थिए, 'दूध दुहेर पहिला टन्न आफू खानू, बच्चो भने त्याउनू ।' किनकि दूध खाने बानी पऱ्यो भने गोठमा बस्तु टुटाउँदैनन्, स्याहार गर्छन् भन्ने उनलाई लाग्यो । 'तर, दूध नुनीलो छ भन्दै बेच्न नै त्याए, यस्तो ठाउँ हो यो,' उनले भने । वर्ष दिन जति दूध बेच्दा थोरै धेरै पैसा खेलाउन पाउँदा गाउँलेहरू उत्साहित छन् । एउटा मात्रै होइन, गाईको संख्या थपेर पाल्नुपऱ्यो भन्ने धेरै रहेको वीरबहादुरले बताए ।

राष्ट्रिय प्रकृति संरक्षण कोषको सौराहा कार्यालय प्रमुख बाबुराम लामिछानेका अनुसार गैंडा चोरीसिकारीमा लागेर जेल बसेका व्यक्तिका परिवार, सजाय पूरा गरेर आएका व्यक्तिहरू र निम्न आय भएकालाई गाई र बाख्रा वितरण गरिएको हो । 'कमाउने मान्छे जेल परेपछि घर व्यवहार लथालिंग थियो । आयआर्जनमा जोड्न पनि केही न केही सहयोग गर्नु थियो । नभए उनीहरू फेरि भौंतारिएर गलत काममै लाग्न सक्थे,' लामिछानेले भने ।

पूर्वी चितवनको उत्तरमा पर्ने पहाडी गाउँ कोराकको चिप्लेटी, समीटार, कालिखोला र सिद्धीको सैपाम, बाँसघारीमा त्यस्ता घरपरिवार अत्याधिक भएको पाइएपछि त्यो ठाउँमा सहयोग गरेको लामिछानेले बताए । 'त्यस्ता व्यक्ति र परिवारलाई हामीले सौराहामा बोलाएर बृहत छलफल गरेका थियौं । उहाँहरूले मागेअनुसार नै गाई र बाख्रा उपलब्ध गराएको हो,' उनले भने । कोराकमा १८ परिवारलाई एउटा एउटा गाई र सिद्धिको सैपाम र बाँसघारीमा ५० घरपरिवारलाई २/२ वटाका दरले बाख्रा दिएको उनले सुनाए । सिद्धिमा २५ घरलाई कोष र २५ घरलाई कालिका नगरपालिकाले बाख्रा दिएको छ । 'हामीले हेरिरहेका छौं । उहाँहरूले सन्तोषजनक रुपमा नै लाभ लिनुभएको छ । आर्जनको माध्यम यो रहेछ भन्ने जान्न पाउनुभयो । अब सहकारी बनाएर धेरै कुरा व्यवस्थित गर्नेछौं,' उनले भने ।

'पहिला गाउँ चोरीसिकारीका कारणले बद् नाम थियो । बाहिरका मान्छेले यहाँका व्यक्तिहरू अल्छी छन् भन्थे । अहिले यहाँको चहलपहल देखेर छक्क छन् । राम्रो काममा लागेका छन् भनेर बाहिर पनि प्रशंसा नै भएको सुन्छु,' वीर बहादुरले सुनाए । गलत काम गरे पनि कुरा बुझेपछि सही बाटो अँगालेर परिवारको भरणपोषण इज्जतका साथ गर्न सकिने सन्देश कोराकले दिएको उनी दाबी गर्छन् ।

गाई दुहुँदै पूर्वी चितवनको कोराक समिटारकी महिला (माथि) र गाउँलेले ल्याएको दूध संकलन गर्दै स्थानीय वीरबहादुर चेपाङ ।

तस्बिर : रमेशकुमार/कान्तिपुर

Europe को Malta मा महिला/पुरुषहरूलाई रोजगार
कम्पनी : Essential Elements Limited
पूर्व स्वीकृती मिति: २०७९/०५/१२ चलानी नं. ६०१८६२७७ LT No. : 270366

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब Euro	मासिक तलब ने.रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Cleaner	200	100	कामचलाउ	792.33	१,०१,३२१।-	नियम अनुसार	८ घण्टा	५ दिन	नियम अनुसार	छ		१ वर्ष
२.	Waiter/Waitress	10	05		792.33	१,०१,३२१।-							
३.	Chef	03	02		1000	१,२७,८७९।-							
४.	Security Guards	07	03		792.33	१,०१,३२१।-							

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	साउदीको हकमा भिषा स्टाम्पीड शुल्क	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	हुने /रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,५००।- कामदार आफैले	रु. ७००।- कामदार आफैले	रु.७०,०००/-

अन्तरवार्ता २०७९ भदौ २० र २१ गते (5 & 6 Sept. 2022) यस प्रा. लि. को कार्यलयमा हुनेछ ।
बैदेशिक रोजगार विभागबाट जराईएको जानकारी: १) आफ्नो काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोस् । आफ्नो कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्टरव्यूका लागि लिइनुहोला । ४) विदेश जानुअघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । साँचो १ (एक) प्रति आफ्नसँग राख्नुहोला । ५) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुटवलमा, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।
जि. सि. डि. वर्ल्डवाईड प्रा. लि.
सिनामंगल काठमाण्डौं, फोन नं.: 01-4111217
मोबाइल नं. ९८२०२३३८८८, ९८०२३८२२८८, ९८४१०३९३१८
(श्रम इजाजत नं.: ५१८/०६१/०६२)

वर्गीकृत डिस्प्ले

KARUNAMAYA COLD STORAGE PVT. LTD.
OPENING SOON
BLUE STAR COLD ROOM
TEMPERATURE RANGE BETWEEN 2° C TO -18 ° C
FOR MULTI COMMODITY APPLICATION
PROUDLY DISTRIBUTED BY AIRCON NEPAL
GURJUDHARA, KALANKI 9841495478

THE WOW MOMENT STUDIO
PHOTO & VIDEO EDITOR WANTED
@ CHANDRAGIRI 06, KATHMANDU
SEND MAIL TO thewowmomentstudio@gmail.com 9810004538
FB link : https://www.facebook.com/TheWowMomentStudio

Teacher Wanted Urgently
1. Pre-Primary incharge: Should be Montessori trained and Experienced
2. Maths teacher: For grade IV, V, and VI
Gyan Niketan Secondary English School,
Shankhamool, Kathmandu
Contact No.: 9863355558

वर्गीकृत डिस्प्ले
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
अब मल्टिकलरमा पनि छाप्न सकिने
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

Hero

आहा G91

चाडपर्वको उमङ्ग, HERO चढी दङ्ग

पक्का डिस्काउण्ट
रु. ७,५००

बम्पर
रु. १००,०००

१ लाख
हरेक SCRATCH मा
रु. १००,०००
सम्म क्याश

सजिलै हिरो
सबै SCOOTER र MOTORCYCLE
0% डाउनपेमेन्टमा उपलब्ध*

तत्काल हिरोफेरि
५ मिनेटमा EXCHANGE*
त्यो पनि ग्यारेन्टीको साथ

*शर्तहरु अनुसार

*यो योजना सीमित अवधिको लागि मात्र लागु हुनेछ ।

NGM

CUSTOMER CARE
Toll Free No.: NTC: 16600122033 Ncell: 9801571023
customercare@ngmhero.com
www.facebook.com/ngmheromotocorp

फ्री हेल्मेट

NGM connect GET IT ON Google play *शर्तहरु अनुसार

Corporate 9801902885 • Kathmandu Valley Balaju 4961786 • Balkumari 5186184 • Bhaktapur 6613112 • Buddhabari 4104540, 4104541 • Gatthaghar 6638444 • Gyaneshwor 4528970 • Kantipath 5325377, 5366517 Kumaripati 5408781 • Mitra Park 5241224, 5241033 • Ravibhavan 4670812

Outside of Valley Birtamod 590195 • Surungha 553010 • Damak 9824059480 • Biratnagar 590563 • Urlabari 540074 • Biratnagar 503095 • Biratchowk 545227 • Inaruwa 566498 • Dharan 573002 • Itahari 587580 Birgunj 529667 • Rajbiraj 533542 • Lahan 562201 • Mirchaiya 550803 • Janakpur 9818056443 • Janakpur 527426 • Dhanushadham 414063 • Jaleshwor 521095 • Bardibas 550552 • Gaushala 556186 • Malangwa 521711 Chandranigapur 540739 • Gaur 521109 • Simara 9817227685 • Kalaiya 590896 Bharatpur 590457 • Banepa 665568 • Dhading 9860306631 • Trisuli 9851105677 • Hetauda 525386 • Narayangarh 532255 • Parsa 582862 Pokhara 589389 • Damauli 563477 • Walling 412030 • Pokhara 522905 • Baglung 520174 • Kawasoti 541001 • Bhairahawa 574290 • Butwal 437909 • Gulmi 520142 • Rampur 400639 • Bardghat 580727 • Parsa 9804429335 Parasi 590865 • Butwal 542725 • Bhairahawa 573930 • Jeetpur 550160 • Taulihawa 561330 • Pyuthan 460464 • Lamahi 540863 • Tulsipur 9847960325 • Gulariya 420093 • Nepalgunj 551598 • Kohalpur 540280 • Surkhet 525196 Dhangadhi 417115 • Attariya 551244 • Tikapur 560426 • Mahendranagar 520745

सम्पादकीय

वाग्मती प्रदेशको असंवैधानिक कानुन

वाग्मती प्रदेशसभाले पारित गरेर गत साउन ३० मा प्रदेश राजपत्रमा प्रकाशित 'प्रदेश अनुसन्धान ब्युरो' सम्बन्धी ऐन प्रादेशिक अधिकार क्षेत्रविपरीत मात्र होइन, संविधानप्रदत्त वैयक्तिक गोपनीयताको हकको समेत खिलाफमा छ । संघीय सरकार मातहतको राष्ट्रिय अनुसन्धान विभागसँग मिल्दोजुल्दो हुने गरी 'प्रदेश अनुसन्धान ब्युरो' गठन गर्ने र अनुसन्धानका नाममा व्यक्तिको निजी जीवनमा अतिक्रमण गर्ने उद्देश्यले ल्याइएको ऐनका प्रावधान आपत्तिजनक छन् । संवैधानिक व्यवस्था, संघीयताको सिद्धान्त र मौलिक अधिकारकै प्रतिकूल हुने गरी बनाइएको यो कानुनलाई प्रदेशसभाले खारेज गर्नुपर्छ, जसका निम्ति वाग्मती सरकारले यथाशीघ्र पहल गर्नुपर्छ ।

डरलाग्दो विषय, वाग्मतीले बनाएको ऐनले नागरिकदेखि सञ्चारमाध्यमसम्मको फोन, कुराकानी, श्रव्यदृश्य, विद्युतीय संकेत र विवरण लगायतको निगरानी, अनुगमन एवं 'रेकर्ड' गर्न सक्ने व्यवस्था गरेको छ । ऐनले 'प्रदेश अनुसन्धान ब्युरोलाई प्राप्त अधिकारमध्ये कुनै कार्य तत्काल नगर्दा राष्ट्रिय एवं प्रादेशिक सुरक्षामा खतरा पुग्छ भन्ने लागेमा प्रयोजन खोली त्यस्तो कार्यालय रहेको सम्बन्धित जिल्ला अदालतको अनुमतिमा विभिन्न सञ्चारमाध्यम वा अन्य माध्यमबाट त्यस्तो व्यक्तिको हुने वा भएका कुराकानी, श्रव्यदृश्य वा विद्युतीय संकेत वा विवरण निगरानी, अनुगमन एवं अभिलेख गर्न सक्ने' भनेको छ । यो देशको संविधान र त्यसले मौलिक हकका रूपमा प्रत्याभूत गरेको व्यक्तिको गोपनीयताको अधिकारको खिलाफ छ, त्यस्तै अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले पनि हरेक व्यक्तिको निजतालाई सुरक्षित गर्दछ, त्यस्ता अन्तर्राष्ट्रिय अभिसन्धिहरूको नेपाल पक्षराष्ट्र भएकाले संविधानमा समेत यस्ता प्रावधान राख्न मिल्दैन, संघीय र प्रदेश कानुन बनाउनु त विधि विधानकै उपहास हो ।

अन्तर्राष्ट्रिय कानुन र देशको संविधानविपरीत कानुन बनाउने प्रयास नभएका होइनन् । संघीय सरकारले करिब तीन वर्षअघि नागरिकका फोन, सामाजिक सञ्जाल र अरू माध्यमबाट भएका कुराकानी/श्रव्यदृश्य संवाद 'टचापिङ' गर्न पाउने गरी विधेयक ल्याएको थियो । विवादित प्रावधानको सबैतिर आलोचना भएपछि फोन टचापिङ सर्तसहित मात्र गर्न पाउने व्यवस्थासहित राष्ट्रिय सभाले पारित गरेर पठाएको विधेयक अहिले प्रतिनिधिसभामै विचाराधीन छ । यो विधेयक नै संविधानविपरीत छ भनेर विरोध भइरहेको पृष्ठभूमिमा वाग्मतीले प्रदेश अनुसन्धान ब्युरो ऐनका नाममा आपत्तिजनक व्यवस्थाहरूसहित कानुन बनाउनु चिन्ताजनक छ । संविधानले सुनिश्चित गरेका विचार तथा अभिव्यक्ति स्वतन्त्रताको हक (धारा १७), सञ्चारको हक (धारा १९) र गोपनीयताको हक (धारा २८) लाई अतिक्रमण गर्ने अधिकार कुनै पनि तहको सरकारलाई छैन । 'कुनै पनि व्यक्तिको जीउ, धन, आवास, सम्पत्ति, लिखत तथ्यांक, पत्राचार, चरित्रसम्बन्धी विषयको गोपनीयता कानुनबमोजिम बाहेक अनतिक्रम्य हुने' संवैधानिक व्यवस्थालाई संघ र प्रदेश सरकार सबैले सम्मान र प्रवर्द्धन गर्नुपर्छ ।

कुनै तर्कले संघीय वा प्रदेश ब्युरोलाई त्यस्तो अधिकार दिँदा सत्ताधिकारीहरूले आफ्ना आलोचकहरूको चियो गर्न र इबी साध्न यस्तो प्रावधानको दुरुपयोग सजिलै गर्न सक्छन् । यस्तो व्यवस्थाले नागरिकको गोपनीयताको अधिकार मात्रै खुम्च्याउँदैन, सर्वत्र सरकारी भयको सञ्चार पनि गर्छ । आम नागरिक आफ्ना गोप्य अभिव्यक्तिहरूमा समेत 'सेल्फ सेन्सर' गर्न बाध्य बन्छन् । सत्ताले सोझै उर्दी जारी नगरे पनि आलोचना, प्रश्न र प्रतिरोध आपसमै पनि वर्जितजस्तो हुन जान्छ, जसले समाजमा निरंकुश राज्यको छाया व्याप्त भई लोकतन्त्र संकुचित बन्न पुग्छ । यसबाट सरकार वा सत्तारूढ दलभित्रै फरक मत राख्नेहरू पनि सुरक्षित रहने छैनन् । भोलि प्रतिपक्षमा पुग्दा यही अस्त्र अहिलेका सत्ताधारीहरूमाथि पनि बज्रिन सक्छ । तसर्थ, यस्तो घातक प्रावधान कहींको कानुनमा पनि राखिनु हुन्न । जर्ज अर्वेलकृत उपन्यास 'नाइन्टिन एट्टी फोर' को पात्र 'बिग ब्रदर' को जस्तो भय फैलाउने अधिकार लोकतान्त्रिक सरकारलाई छैन, हुनुहुँदैन ।

हो, ब्युरो गठन गर्न प्रदेश स्वतन्त्र छ तर यसको उद्देश्य र प्रकृति संविधानविपरीत हुन सक्दैन । वाग्मती प्रदेशले बनाएको यो कानुन संघीय कानुनसँग पनि बाझिन्छ । संघीय संसदद्वारा जारी 'नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन' ले अपराध अनुसन्धानका लागि प्रदेश तहमा यस्तो छुट्टै संरचनाको परिकल्पना गरेकै छैन । यसबाट प्रहरी समायोजन नभएर संघ-प्रदेशबीच बढिरहेको असझदारी द्वन्द्वमा परिणत हुने जोखिम छ ।

यति मात्र होइन, प्रदेश ब्युरोलाई अन्तर्राष्ट्रिय सीमा सुरक्षामा खटाउनेसमेत भनिएको छ । ऐनको प्रस्तावनामै 'मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपालीको हर्कहितको रक्षा, सीमा सुरक्षा, प्रदेशको सार्वजनिक सुरक्षा तथा अन्तरप्रदेश सम्बन्धलाई बलियो बनाउने' उल्लेख छ । जबकि, जुनसुकै ढाँचाको संघीयतामा पनि परराष्ट्र सम्बन्ध र मौद्रिक नीतिका अतिरिक्त राष्ट्रिय सुरक्षा तथा प्रतिरक्षासम्बन्धी अधिकार र जिम्मेवारी संघीय सरकारको एकल अधिकार अन्तर्गत पर्छ । विश्वव्यापी यो अभ्यासलाई हाम्रो संविधानले पनि अंगीकार गरेको छ । अन्तर्राष्ट्रिय अभ्यास, संघीयताको सिद्धान्त र देशको संविधानको सामान्य हेक्कासम्म नराखी प्रदेश कानुन बनाइनु आश्चर्यलाग्दो छ । शक्तिको आकांक्षाले प्रदेश सरकारले यस्तो कानुन बनाउन चाहेको हुन सक्छ, जसमा विवेक पुऱ्याउनुपर्ने प्रदेशसभा आफ्नो दायित्वमा नराम्ररी चुकेको छ ।

निश्चय पनि संविधान र संघीय कानुनसित बाझिने यसका प्रावधान स्वतः निष्क्रिय हुन्छन् । तर यसबाट हाम्रो प्रदेश सरकारको अभिमुखीकरण कतातर्फ छ भन्ने चिन्ता बढेको छ । संघले अधिकार नदिएको भनेर गुनासो गरिरहने प्रदेशले संघका नकारात्मक चरित्रको भद्दा अनुसरण गर्नु र संविधानकै बर्खिलाफ हुने गरी कानुन बनाउनु कुनै पनि दृष्टिबाट सुखद संकेत होइन । त्यसैले संघीय सरकार मातहतकै अनुसन्धान विभागको ऐन आइनसकेको, प्रहरी समायोजन भइनसकेको तथा संघ र प्रदेशका थुप्रै कानुन बनिनसकेको अवस्थामा वाग्मती प्रदेशले ल्याएको यो कानुन सरासर संशोधनीय छ । त्यस्तै प्रतिनिधिसभा पनि यस्तो कानुन पारित गर्ने गल्तीबाट बच्नुपर्छ । यस्तो कानुले नागरिक र सञ्चारमाध्यमको मात्र होइन, स्वयम् विधायकहरूको निजी तथा राजनीतिक जीवन र प्रकारान्तरले लोकतन्त्रलाई नै क्षति पुऱ्याउँछ ।

सामाजिक दायित्वबोधका आयामहरू

भास्कर गौतम

समसामयिक नेपालमा सबै वैचारिकीका मानिसले स्विकार्ने सर्वमान्य वास्तविकतामध्ये यो प्रमुख होला– नेताहरूमा दायित्वबोध भएन, उनीहरू गैरजिम्मेवार भएकाले देशले न्यायमूलक थिति समातेन । राजनीतिमा दायित्वबोध नरहँदा न्यायिक दिशाबोध पनि रहेन । यस्तो खोक्रोपन र नेताहरूमा हावी पाखण्डपनले सबै क्षेत्र गिजोलिए ।

उक्तिकै सर्वमान्य नभए पनि करिब उक्तिकै मान्य अर्को वास्तविकता यस्तो होला– नेताहरू मात्र होइन, सुरक्षा प्रशासन, निजामती, व्यापारी, पेसाकर्मी, प्राज्ञ र समाजसेवीमा समेत हुनुपर्नेजति दायित्वबोध रहेन । यस्तो अवस्था सर्वत्र मडारिँदा राज्य, निजी क्षेत्र र अन्य क्षेत्रमा संलग्न जिम्मेवार व्यक्तिहरूले अपेक्षाकृत उत्तरदायित्व र निष्ठा धारण गरेनन् । सार्वजनिक संस्थाहरूमा जनविश्वास तीव्र गतिमा गुमिरहेछ ।

सबै क्षेत्रका जिम्मेवार व्यक्तिहरूमा धेरै किसिमले दायित्वबोध नरहँदा नेताहरूलाई थप गैरजिम्मेवार हुन बल मिल्यो । सामाजिक जिम्मेवारीमा व्यापक ह्रास आउन थाल्यो । व्यक्ति र संस्थाहरू सर्वत्र जवाफदेहीविहीन भए । लोकतान्त्रिक गणतन्त्रको गति मात्र होइन, मतिसमेत चौतर्फी रूपमा भ्रष्ट भयो । भनिरहनुपरेन, यस्तो परिस्थितिका केही अपवाद सबै क्षेत्रमा छन् । तथापि समसामयिक नेपालको मूल वास्तविकता सार्वजनिक दायित्वबोधको एकीकृत ह्रास नै हो ।

किसान मजदुर संघर्ष समितिले मिटरब्याजविरुद्ध गरिरहेको आन्दोलनलाई नै हेरौं । यो आन्दोलन सत्ताइस दिनदेखि काठमाडौंको सडकमा निरन्तर छ । आन्दोलनको वास्तविकता सरल छ । किसानहरूले स्थानीय साहुकारबाट ऋण लिए । अधिकांशले आफूले लिएको ऋणभन्दा अधिक रकम तिरिसके । यो अवधिमा अनेकौं जालझेल अपनाएर किसानहरूका जग्गा साहुले हडपिए । ऋण चुक्ता गरिसक्दासमेत किसानहरू न ऋणबाट मुक्त भए न जग्गाको हकाधिकार नै आफ्नो रह्यो ।

किसानहरूले गरेको आर्थिक कारोबारमा किसानहरूले ऋण चुक्ता गरेर दायित्वबोध देखाए । बाँकी सबै जना दायित्वबोधबाट च्युत छन् । सामाजिक गैरजिम्मेवारी हावी छ । भइरहेको उत्पादनका साधनबाट किसानहरूलाई बेदखल गर्ने साहुकारले यस्तो अपराध एक्लै गरेनन् । स्थानीय सत्ता र पेसाकर्मीको मिलेमतोमा गरे । यसरी संलग्न रहँदा स्थानीय व्यापारी र राज्यका अधिकारीहरू सामाजिक रूपमा गैरजिम्मेवार रहे । न्यूनतम नैतिक दायित्वबाट पनि पतित भए । निरन्तर पतित भइरहेका छन् ।

राष्ट्रिय विधि विज्ञान प्रयोगशालासमेत मिसिएको एउटा उदाहरण हेरौं । रौतहट जिल्लामा औंठाको नक्कली छाप बनाएर नभएको ऋणी खडा गर्दै नक्कली तमसुक बनाइएका घटनाहरू अहिलेको किसान आन्दोलनसँग जोडिएका छन् । ती तमसुक जसका नाममा बनाइए, उनीहरूलाई जिल्ला अदालतको आदेशसहित घरजग्गा खोस्न कथित साहुकारहरू आएपछि मात्र पत्तो भयो । यस्ता नक्कली तमसुकमध्ये एउटामा राजाराम सहनीलाई ऋणी बनाइएको छ । उनले साहु त्रिलोकचन्द्र सहनीबाट ३७ लाख रकम लिएको कागजात तयार गरिएको छ । अर्कामा सर्लाहीका रामेश्वर सहनीले रौतहटकै अर्का साहु नरेश सहनीबाट २० लाख रुपैयाँ लिएको कागजात छ । दुवैका साहु रौतहटकै हुन् । दुवैले ऋण लिएका थिएनन् । तर साहु र उनका मानिसहरू जिल्ला अदालतको आदेशसहित आफ्नो सम्पत्ति हडप्न आएपछि दुवै छाँगाबाट खसे ।

जसलाई ऋण लिएको थाहा छैन, उनीहरूकै नाममा यी तमसुकहरू बनाइएका छन् । ऋण लियो भनिएकै व्यक्तिको औंठाका नक्कली छाप बनाएर । नागरिकताको प्रतिलिपिसहित बाँकी सबै कागजपत्र सप्रमाण मिलाएर । तर नामधारी ऋणीलाई पत्तै नदिईकन । केही समयपछि आफ्नो सम्पत्ति हत्याउन अदालतको आदेशसहित साहुकारको गिरोह आइपुग्दा मात्र यी सबै कुरा खुल्छन् ।

आफू निर्दोष रहेको तर आफ्नो सम्पत्ति गुम्न लागेको चाल पाएका ऋणीहरूलाई यस्तो जन्जालबाट निस्कन सजिलो छैन । किनकि उनीहरू सामाजिक दायित्वबोधबाट च्युत भएका नेता, सरकारी अधिकारी र पेसाकर्मीको चक्रव्यूहमा फसेका छन् । तर ऋण नलिँदासमेत अदालतले ऋणी ठहऱ्याएका यी व्यक्तिका लागि सबैभन्दा प्रारम्भिक उल्झन थियो– औंठाको छाप । उनीहरूलाई लागिरह्यो, हुवहु आफ्नै औंठाको ल्याप्चे तमसुकमा लाग्यो कसरी ? मिल्यो कसरी ? यी पक्षको भेउ पाउन उनीहरूलाई धेरै समय लाग्यो । राजाराम सहनीका जेठान देवेन्द्र सहनीले यो कुरा खोज्न थाले । यस्तो कसरी हुन्छ भन्दै उनी गम खाइरहे । उनलाई लागिरह्यो, ल नागरिकता प्रमाणपत्रको नक्कल त सिलसिला मिलाएर वा झुक्याएर वा विश्वासमै लिइयो होला, तर दुवै औंलाको ल्याप्चे त विश्वासबाहेक अरू कुनै तरिकाले लिन सकिँदैन । नक्कली त पक्कै हो, तर बन्यो कसरी ?

खोज्दै जाँदा देवेन्द्रले नक्कली तमसुक बनाउने लेखनदासबाट सुराक भेटे । कतैबाट बटुलेको सक्कली ल्याप्चेका आधारमा औंठाको नक्कली छाप यी गिरोहहरूले विहारको पटनामा बनाउँछन् । आवश्यक परे राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका अधिकारीहरूको मिलेमतोमा प्रमाणितसमेत गर्छन् । यस्तो जानकारी पाउनासाथ उनी खड्ग्रङ्ग भए । केही समयपछि आफूलाई सम्हालेर पटनातिर हान्निए । लेखनदासले भनेको कुरा सही वा गलत ठम्याउन आफ्नै औंठाको नक्कली छाप बनाउन खोजे । नक्कली छाप पनि बन्यो । त्यो छाप सामान्य आँखाले हेर्दा हुवहु देखियो । उनलाई पत्यारै लागेन ।

अब राष्ट्रिय विधि विज्ञान प्रयोगशालाले के गर्छ, उनलाई जाँच्नु थियो ।

रौतहट जिल्लामा औंठाको नक्कली छाप बनाएर नभएको ऋणी खडा गर्दै नक्कली तमसुक बनाइएका घटनाहरू अहिलेको किसान आन्दोलनसँग जोडिएका छन् ।

उनले आफ्नै औंलाको सक्कली र नक्कली ल्याप्चे परीक्षण गर्न दिए । प्रयोगशालाका वैज्ञानिक अधिकृतले दुवै छाप मिल्छन् भनेर प्रमाणित गरे । उनले एउटा सक्कली हो र अर्को नक्कली भन्ने बेहोरा खुलाउँदै रेखागुण के आधारमा फरक छ, थाहा पाऊँ भन्दै पुनः निवेदन दिए । प्रयोगशालाका अधिकृतले दुइटै छापको रेखाको 'गुण' मिल्छ, 'प्रकृति' मिल्दैन भन्ने पत्र थमाए । अब यो औंलाका रेखाको 'गुण' मिल्छ, 'प्रकृति' मिल्दैन भनेको के हो, देवेन्द्र अन्योलमा परे । केही भेउ पाएनन् । यसको स्पष्ट व्याख्या माग्दै उनले पुनः निवेदन दिए । तर 'प्रकृति' मिल्दैन भनेको के हो, त्यसको चित्तबुझ्दो उत्तर पाएनन् ।

यसबीच देवेन्द्रले चाल पाए– राष्ट्रिय विधि विज्ञान प्रयोगशालाका कर्मचारी र वैज्ञानिक भनाउँदा अधिकृतहरू पेसागत र सामाजिक जिम्मेवारीबाट पतित भइरहेका छन् । किसानलाई ऋणी र भूमिहीन बनाउने कुकर्ममा दत्तचित्तले लागेका छन् । यस्तो पाखण्डी शासकीय संरचनाभित्रैबाट न्याय पाउन सजिलो छैन ।

खोज्दै जाँदा गुप्तचर विभागका एक उच्च अधिकारीबाट देवेन्द्रले थाहा पाए– नक्कली र सक्कली औंठा छापको प्रकृतिमा तात्त्विक फरक हुन्छ । जीवित औंलाले कागजमा ल्याप्चे लगाउँदा त्यसमा निहित आर्द्रता र रक्तसञ्चारले रेखाको प्रकृतिलाई विशिष्ट बनाउँछ । प्रत्येक पटक रेखाको प्रकृतिमा ससाना हेरफेर हुन्छन् तर गुण उही रहन्छ । यसको अर्थ, एकै व्यक्तिको ल्याप्चे बाँचेको समयमा र मरेपछि लगाउँदासमेत आर्द्रता र रक्तसञ्चारले गर्दा त्यो विशिष्ट किसिमले फरक हुन्छ । राम्रो परीक्षणबाट यस्तो भेद छुट्याउन सकिन्छ । त्यसैले रबरको र हातको छाप उस्तै हुँदासमेत सजिलै छुट्टिन्छ । रबरबाट बनाइएको छाप नक्कली भएकाले त्यहाँ न आर्द्रताको न रक्तसञ्चारको असर झल्किन्छ । छाप लगाउँदा सदैव उस्तै बस्ने भएकाले त्यसको प्रकृति निर्जीव हुन्छ, गुण सधैं एकनास ।

सामाजिक दायित्वबोधलाई धेरै किसिमले अर्थ्याउन सकिन्छ । दायित्वबोधसँग अनेक पक्ष एकसाथ जोडिन्छन् । जस्तै– सामर्थ्यको सकारात्मक पक्षले मानिसलाई बढी जिम्मेवार बनाउँछ, नकारात्मक पक्षले शोषक/पीडक बनाउँछ । भरपर्दा वा विश्वसनीय मानिसहरूले मिटरब्याज आन्दोलनका किसानहरूले जस्तै आफूले लिएको ऋण तिरेर दायित्वबोध निर्वाह गर्छन् । विश्वास गुमाएका मानिसहरूले साहुकारजस्तै अपराधी भएर पतित हुनुको नमुना पेस गर्छन् । जिम्मेवारी वहन गर्ने ओहोदा वा कार्यभार सम्हालेका व्यक्तिहरूमध्ये राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको परीक्षण अधिकारी नरहँदासमेत औंलाको गुण र प्रकृतिको भेद बताउँदै विशिष्ट कार्यभारको महत्त्व दर्साउँछन् । कार्यभारको अर्थबोध नभएकाहरूले वैज्ञानिक अधिकारी, लेखनदास र वकिलहरूले नक्कली तमसुकलाई सक्कली बनाउन भूमिका खेल्छन् । कुनै व्यक्ति, संस्था वा कामप्रतिको नैतिक दायित्व धारण गर्न नसकेको व्यक्ति र निकायले जिल्ला अदालतका न्यायाधीशले जस्तै नक्कली कागजातका भरमा ऋण नलिएको ऋणीलाई घरखेतबाट बेदखल गर्ने फैसला गर्छन् । व्यक्ति, संस्था र कामप्रति दायित्वबोध भएकाहरूले जुझारुपन प्रदर्शन गरेर ऋण तिर्छन्, सरकारलाई जवाफदेह बनाउने जिम्मेवारी लिन्छन् र राज्यका निकायहरूको सार्वजनिक उत्तरदायित्व माग गर्छन् । प्रस्ट छ, उच्च सार्वजनिक दायित्वबोधका कारण किसानहरू शिर ठाडो गरेर बाँचेका छन् । तर व्यापारी, राज्यका अधिकारी र नेताहरू अपराधबोधसहित न्यायमूलक समाज निर्माणमा घाँडो भएर बाँचिरहेका छन् ।

यसरी घोत्लिँदा सार्वजनिक दायित्वबोध व्यक्तिगत कुरा मात्र होइन, शासकीय संस्कारसँग जेलिएको छ । तथापि सार्वजनिक दायित्वबोधको बहस व्यक्ति र परिवारतर्फ मोडिएको छ । व्यक्तिगत नैतिक पतन, ठगी धन्दा र अपराधतिर धकेलिएको छ । यसरी बहस भइरहँदा जनगणको लोकहित र सामाजिक सुरक्षाको सवाल केवल व्यक्ति र परिवारको मात्र जिम्मेवारी रहेको सहमतितर्फ मोडियो । बजारले कर्पोरेट सोसियल रेस्पोन्सिबिलिटीमार्फत सामाजिक कार्यमा सघाएर सार्वजनिक जिम्मेवारीप्रति उत्तरदायी हुनुपर्छ भनियो । सार्वजनिक दायित्वबोधबारे गरिने यस्ता तर्कहरूले सबै किसिमले बजारलाई नियमन नगर्ने नीति बनाउन भूमिका खेले । बजारसँगै राज्यसमेत अनेकौं प्रकारले गैरजिम्मेवार हुन थाल्यो । सार्वजनिक दायित्वबोधबाट निरन्तर विमुख भइरह्यो ।

झट्ट सुन्दा व्यक्तिगत र निजी दायित्वबोध मनमोहक सुनिन्छ । तर व्यक्तिको जिम्मेवारीलाई कर तिर्ने, निर्वाचनमा भोट हाल्ने, कानुनको पालना गर्ने, सरकारी ओहोदामा सेवा गर्ने आदि कार्यसँगै 'परेका बेला देशको रक्षा गर्न तयार हुनुपर्ने' कर्तव्यवरिपरि सहमति निर्माण गरियो । यस्तो कर्तव्यको पालना गरेबापत जनगणले निर्बाध अभिव्यक्त गर्न पाउने, संघसंस्था खोल्न पाउने, कार्यकारी पदमा जान पाउने, निर्वाचनमा उठ्न पाउने कार्यसँगै जीविकोपार्जन गर्ने, स्वतन्त्र हुने र सुखी हुने अधिकार छ भनियो । यी कुराहरूले अधिकांशको चित्ताकर्षण गर्छन् । सबै वैचारिकीका व्यक्ति र परिवारलाई स्वतःस्फूर्त अग्रसर रहने र नैतिक रूपमा जिम्मेवार कार्य गर्न अभिप्रेरित गर्छन् ।

तर प्रश्न उठ्छ, यस्तो सहमतिवरिपरि शासकीय संरचना कस्तो बन्छ ? त्यस ओहोदामा कार्यरत व्यक्ति र संस्थाहरूलाई कसरी अभिप्रेरित गर्छ ? कसरी प्रलोभनमा पार्छ ? यसरी व्यक्तिगत र निजी जिम्मेवारीलाई मात्र उछाल्दा सार्वजनिक नीतिनिर्माणको समग्र प्रक्रिया र विषयवस्तु बजार नियमन नगर्ने स्वार्थ र संस्कृतिलाई सघाउने कार्यमा सीमित भयो । सर्वसाधारणको न्यायिक जीवनका लागि राज्यको उत्तरदायित्व खुम्च्यो । मिटरब्याजविरुद्धको आन्दोलनको हकमा साहुकारका गतिविधिको नियमन नगर्ने गतिविधि झाँगिएन । किसानहरू नेता र राज्यका अधिकारीहरूको समेत मिलेमतोमा भूमिहीन हुने थितितर्फ धकेलिए ।

नेताहरूलाई हेक्का होस्, सार्वजनिक दायित्वबोधको यस्तो बुझाइले आज किसानहरूलाई भूमिहीन बनाउन खोजेजस्तै भोलि नेताहरूलाई पनि पार्टीविहीन बनाउँछ । व्यक्तिगत र निजी महिमागानले दलहरूको सार्वजनिक उत्तरदायित्व मात्र स्खलित हुँदैन, स्वतन्त्रहरू उदाउनसमेत सजिलो हुन्छ । अहिले यही भइरहेको छ ।

अन्त्यमा, अहिले न्याय र कानुनबीच विरोधाभास भएकाले किसानहरू सडकमा छन् । तर कुनै प्रकारको न्याय सार्वजनिक दायित्वबोधबेगर कल्पना गर्न सकिँदैन । काठमाडौंका सडकमा किसानहरूले गुन्जाएको मुक्तिको आवाजलाई ध्यान दिँदा मात्र पनि हामीलाई ज्ञात हुन्छ– गणतन्त्रको इतिहास, त्यसले समाएको गति, न्यायका आधारभूत मान्यता, कानुन र अधिकारबीचको बेमेल, सार्वजनिक मूल्यमान्यता र निष्ठा, समाजमा थोपरिएका उपायहरू सबैसबै थिग्रिएका छन् । यी सबै पक्षबारे पुनर्विचार गर्ने कार्य र सार्वजनिक दायित्वबोधको बहस छुट्टाछुट्टै होइन, सँगै मात्र अघि बढ्न सक्छ । यस्तो बहस नगरुन्जेल न किसानको मुक्ति सम्भव छ, न संरचनाका पींधमा पारिएकाहरूको । यस्तो अवस्थामा शासक र शोषकहरूले थिति उस्तै राख्ने प्रयत्न त गरिरहन्छन् तर त्यसलाई टिकाइराख्न सक्दैनन् ।

सम्पादकलाई चिठी

बालेनले बटुलेको ताली र गाली

सकारात्मक सोचका साथ काम गरेमा प्रतिफल र प्रतिक्रिया पनि सकारात्मक नै आउँदो रहेछ भन्ने उदाहरण काठमाडौंको अहिलेको घटनाले दिएको छ । राजधानी सहरलाई अतिक्रमण र जाममुक्त सहर बनाउने, फुटपाथहरूलाई बटुवामैत्री बनाउने बालेनको प्रयासलाई आमजनताले मात्र होइन अधिकांश राजनीतिक दलका नेताहरूले पनि प्रशंसा गरेका छन् । गर्नु पनि पर्छ । अनि मात्र काम गर्नेहरूको मनोबल उच्च हुन्छ, ऊर्जा पाउँछन् । कतिसम्म भने पूर्वसहरी विकासमन्त्री रामकुमारी झाँक्रीले आफूले आफ्नो पालामा सहर बनाउन दलीय बाध्यताले नसकेको स्विकार्दै बालेनको कामको प्रशंसा गरेकी छन् । वास्तवमा हो पनि दलीय बाध्यताले धेरैले चाहेर पनि काम गर्न सकेका छैनन् ।

बालेनको कामको ताली मात्र बजेको छैन । महेश बस्नेत, मीन विश्वकर्माजस्ता केही नेता भने धम्कीपूर्ण भाषा प्रयोग गर्दै छन् । के उनीहरू काठमाडौं सधैं बेथितिमा हिँडेको हेर्न चाहन्छन् ? बेसमेन्ट पार्किङ र फुटपाथमा व्यापार गरेको, सडकहरूमा असरल्ल पार्किङ गरेको र बाटो सधैं जाम नै भैरहोस् भन्ने चाहन्छन ? चाहँदैनन् भने विरोध किन ? सचेत नागरिकले यसको जवाफ आउने चुनावमार्फत दिनेछन् । होस गर्नोस् । महानगरले थालेको अभियानलाई स्थानीयले साथ दिँदा आज बानेश्वरका सडकपेटी हेर्न र हिँड्नलायक भएका छन् । यसबाट काम गरेमा त हुँदो रहेछ, जनताले पनि साथ दिँदा रहेछन् भन्ने गतिलो सन्देश आएको छ, जुन नेपालका अन्य सहरका नगरपालिकाले पनि ग्रहण गर्नु जरुरी छ ।

– गोपाल देवकोटा, *गौरीनगर, काठमाडौं*

●●●

२०६८ सालमा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले काठमाडौंका सडक विस्तार गर्दा काठमाडौंमा उनको व्यापक समर्थन र विरोध भएको थियो । त्यस्तै दृश्य यतिबेला पुनः काठमाडौंमा देखिएको छ । भट्टराईले काठमाडौंको बाटो विस्तार गरेदेखि यहाँका जनता उनीसँग रुष्ट छन् । यतिबेला त्यही ठाउँमा काठमाडौं महानगरका मेयर बालेन शाह आइपुगेका छन् । स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचन जितेका बालेन यतिबेला कसैको कुरै नसुनी काठमाडौंमा नक्सा नभएका भौतिक संरचना र सवारी पार्किङको स्थानमा राखिएका पसल तथा अन्य संरचना भत्काउन डोजरसहित आफैं उत्रिएका छन् । महानगरले यसो गर्नुअघि संरचना हटाउन ३५ दिने सूचना जारी गरेको थियो । उक्त सूचनाको अटेर गर्नेहरूमाथि बालेन आफैं जाइलागेका हुन् । दलीय आबद्धता नभएकै कारण बालेनलाई कुनै व्यवधान छैन । तर उनको विरोधमा दलका नेतादेखि कार्यकर्तासम्म खनिइरहेका छन् । बालेनलाई दलका कार्यकर्ताले जति गाली गरे पनि सर्वसाधारण भने उनको पक्षमा लागिरहने नै छन् । बालेनलाई काम गर्न दलबाट दबाब छैन । बरु राजनीतिक दलको आडमा अटेर गर्नेलाई उनले ठीक पार्न सक्छन् कि सक्दैनन् भन्ने कुरा प्रमुख हो । बिजुलीबजारस्थित अल्फाबिटा कम्प्लेक्समा जस्तै गरी अन्य केही ठाउँमा काम गरे भने उनी अगाडि बढ्न सक्छन् । बालेनको अहिलेको कदम सकारात्मक छ ।

– सुजन देवकोटा, *पालुङ्टार-४, गोरखा*

अग्निपथ भर्ती र नेपालीको बाध्यता

'गोर्खाको अग्निपथ भर्ती स्थगित' समाचार अनुसार भारतीय सेनाले ल्याएको 'अग्निपथ' योजना अनुरूप अहिलेलाई गोर्खा भर्ती नहुने भएको छ । यो योजना नेपाली युवाहरूका लागि फाइदाजनक पनि छैन । नेपाल, भारत र ब्रिटिसबीचको त्रिपक्षीय सम्झौता अनुरूप हालसम्म गोर्खा भर्ती निरन्तर छ । नेपाली नागरिकका रूपमा गोर्खा भर्तीमा सहभागी हुनेले भारतीयसरह पेन्सन लगायत सुविधा सोही सम्झौता अनुसार पाइरहेका छन् । अहिलेको 'अग्निपथ' योजनाको ४ वर्षे कार्यकाल सकिएपछि बिनापेन्सन अवकाश हुनुपर्ने प्रावधान नेपाली युवाहरूका लागि फाइदाजनक छैन । यसले अवकाशपछि उनीहरूको भविष्य थप अन्योल बन्ने देखिन्छ । यसलाई लागू गर्ने हो भने त्रिपक्षीय सम्झौता परिवर्तन गर्नुपर्‍यो । होइन भने, यसरी नेपाली युवाहरूले पाउने सेवासुविधा सबै काटेर गोर्खा भर्ती खोल्नु सन्धिविपरीत हुन्छ । 'अग्निपथ' योजनाको भारतमै पनि युवाहरूबाट घोर विरोध भइरहेको छ । यस्तोमा नेपालले पहिलाको सन्धि अनुसारै गोर्खा भर्ती हुनुपर्ने अडान राख्नुपर्छ । नत्र नयाँ सम्झौता गर्नुपर्‍यो ।

– रेशमकुमार सुनुवार, *बौद्ध, काठमाडौं*

झलक सुवेदीको 'अग्निवीर बहसमा वीर गोर्खाली' लेखमा** facebook.com/eKantipur **बाट लिइएका टिप्पणी :

विदेश जान कसलाई पो रहर होला र ! आफ्नै देशमा रोजगारी दिन्छु भन्न सजिलो छ, तर कसरी दिने ? न कलकारखाना न रोजगारीको अवसर न त केही सुविधा नै, भ्रष्टाचारले देशलाई खोक्रो परिसकेको छ ।

– मायादेवी पाण्डे

●●●

आफ्ना नागरिकलाई देशमै राख्न नसकेर कोहीलाई भाडाको सिपाही बनाएको छ, कोही खाडीमा छन्, त्यहाँ जान नसक्नेहरू भारतका विभिन्न राज्यमा कुली, चौकीदार बनेका छन् ।

– मित्रबन्धु ढकाल

●●●

जनजातिहरूले अन्तर्राष्ट्रिय लडाइँ मैदानमा आफ्नो रगत बगाएर पाएको उपलब्धिमाथि राजनीति नगरौं । कहिले रक्सी उत्पादनमा अंकुश लगाउन खोजेको छ, कहिले पाउँदै गरेको जागिरमा । दिन सक्दैनौ भने खोस्ने अधिकार पनि हुँदैन ।

– गनपत कामत

●●●

गोर्खा भर्तीमा जानबाट रोक्नु हुन्न । रोजगारी दिन नसक्नेले गर्ने गफ हुन् यी ।

– कुमकान्त अर्याल

●●●

देशलाई आत्मनिर्भर बनाएर सबै युवालाई यहीं रोजगार दिनुपर्छ । नेताहरू आफूले देशलाई लुट्ने अनि भविष्यका कर्णधारलाई चाहिँ विदेशीको दास बनाउने ? भ्रष्टाचार नगर्नुहोस् र देश बनाउनका लागि प्रण गर्नुहोस्, युवाका लागि रोजगारी यहीं दिन सकिन्छ ।

– विनोद दुलाल

●●●

खाडी जानुभन्दा त भर्ती नै उपयुक्त होला ! कि त देशमै रोजगारी हुनुपर्‍यो, अनि मात्र बन्द गर्दा राम्रो हुन्छ ।

– राना वाई

●●●

एकचोटि युद्धमा होमिएका सिपाहीलाई सोध पीडा के हो ? अभिभावक गुमाउनुको पीडा सिपाहीको परिवारलाई सोध । यथार्थ के हो थाहा हुन्छ । भाडामा सिपाही बन्न बाध्य नगर ।

– शंकर नेपाली

●●●

खाडीको जागिरभन्दा त गोर्खा भर्ती नै ठीक छ

राजनीति : भ्रम र यथार्थबीचको पौंठेजोरी

बुर्जुवाकरण भैसकेको 'कम्युनिस्ट' को समस्या भनेकै बाहिर जे देखिन्छ त्यो सत्य नहुनु हो, जे सत्य हुन्छ त्यो छोपिनु हो ।

नरेन्द्रजंग पिटर

चुनावी राजनीति र 'कम्युनिस्ट' का आफ्नै बाध्यता हुन्छन् । उसले छाप्रो र महल दुवैको प्रतिनिधित्व गर्छु भन्नुपर्छ । दुवै वर्गलाई खुसी पार्नुपर्छ । कम्युनिस्ट पार्टीका नाममा झुट बोल्दै भ्रमित जनमतको सहारा लिनुपर्छ ।

उनाव करेसामै आइसक्यो । भनिरहनै पर्दैन, 'चुलामा के पाक्या छ भन्ने कुरा पिँडीले नै कहन्छ ।' पार्टीहरू जनतालाई अल्जाइमर (बिर्सने रोग) लाग्या छ भनेर मक्ख छन् । कसरी भ्रममा उल्झाउने भनेर रणनीति तयार हुँदै छ । यसकारण मत देऊ भन्न सबैको नैतिक बल खस्किएको छ । संसद्मा उपस्थिति र गम्भीर विषय उठान वा सार्वभौम महत्त्वको प्रस्तावमाथि गरिएका बहसहरूमा सामेल सांसद अत्यन्तै कम देखिन्छन् । सदनमा को-कति उपस्थित भए, सक्रिय भए, डेटा सबैसामु छ । पार्टीको दोहोरो भूमिका अब छिपेको छैन । प्रतिक्रिया, भ्रम र गालीले आगामी चुनावी हलचल पैदा गर्न सकिएला कि भन्नेमा रणनीतिकारहरू आशावादी देखिन्छन् । चुनाव महँगो भएको सर्वस्वीकृत तथ्य हो । धनपति, बाहुबलीहरू अब अरूलाई चुनाव लडाउँदैनन्, आफैं कस्सिने गरेका छन् । जुन उद्देश्यले संविधानमा समानुपातिक प्रतिनिधित्वको अवधारणा राखिएको हो, अभ्यासमा पुग्दा त्यो नेताको दास उत्पादन गर्ने वा धनाढ्यको सुक्रीबिक्री शीर्षक बन्न पुगेको छ । निराशा छाइरहेका बेला, जित्न नसके पनि हराउन सक्ने हैसियत राख्ने स्वतन्त्र उम्मेदवारहरू सबैजसो पार्टीलाई आतंक बन्दै छन् ।

भ्रममा बाँच्न औधी मज्जा हुन्छ । कुनै पनि कुराको सत्यता, आधार र तथ्यको जाँचपडताल गर्नुपर्दैन ! दर्शन, सिद्धान्त र इतिहासको आलोकमा वर्तमान नियाल्नुपर्दैन ! इतिहासको समीक्षा गर्दै पुनर्ताजगी गरिरहनु पनि पर्दैन ! तर, आजको चस्माले इतिहासको सत्यता अध्ययन गर्न भने सकिँदैन ।

भ्रमित मानसिकताले आफूले पत्याएका, मानेका, पछ्याएका र विश्वास गरेका मान्छेले भनेका र गरेका कुरा ठीक मान्छ । नेपाली जनमत वाम-ढल्को छ । कल्पना गरौं : अहिले मार्क्स नेपाल आएका भए बुर्जुवाभन्दा पनि सिद्धान्त, आचरण, सपना, विचार र व्यवहारमा सन्तुलन मिलाउन नसक्ने नेपाली 'कम्युनिस्ट' का चाल, चरित्र, चित्र र चिन्तन देखेर धुरुधुरु रुँदै भन्थे होलान्, 'जे गर-गर, तर कम्युनिस्टको नाममा भने नगर । अझ मेरो नाम त जोड्दै नजोड । नट इन माई नेम । मेरो नाममा नभई आफ्नै नाममा गर ।'

भ्रमका सुखहरू

भ्रमको मज्जा गज्जबकै हुन्छ । भ्रमित सत्यले जीवनदृष्टि नै कुनै आग्रहतिर लतारिदिन्छ । प्रतिक्रियामा सक्रिय बनाइदिन्छ । त्यसैले नेपाली राजनीतिका शिखर व्यक्तित्व रूपचन्द्र विष्टले थाहा आन्दोलनलाई केन्द्र बनाए । थाहा पाएपछि पाइने आत्मिक ऊर्जाले हरेक शक्तिसँग टक्कर लिन आत्मबल दिन्छ भन्ने यो अभियानको मर्म थियो । पञ्चायत व्यवस्थाविरुद्ध चलेको यो सबभन्दा ठूलो बौद्धिक आन्दोलनको विरोधमा मण्डले सोचले प्रतिकार गर्थ्यो ।

मेरा एक जना खेल पत्रकार मित्र छन् । उनलाई भ्रममा रहँदा आनन्द आउँथ्यो, भ्रम टुटेर नांगो यथार्थ थाहा पाएपछि भने औधी सकस परेछ । विश्वप्रसिद्ध फुटबलर पेलेबारे उनले सुनेका रहेछन्– पेलेले प्रहार गरेको बलले पोलमा लागेर फर्केपछि पोलको उचाइमै शंका भएर उचाइ नाप्दा तीन इन्च होचो पाइयो रे । यस्ता अनेकौं किस्सा सुनी विश्वस्त भएर उनले पेलेलाई नायक बनाएका रहेछन् । कालान्तरमा अनेकौं प्रतिस्पर्धा युट्युबमा हेर्दा त कतिपल्ट पेलेले सहज मौका पनि गुमाएको देखेछन् । अनि पछि उनी भ्रममा रहँदा र टुट्दाको मनोभाववारे कुरा गर्थे । अर्का एक लघुकथाकार साथीको भनाइ थियो– न्यायाधीशले पनि घूस खान्छन् भन्ने पहिलो पटक सुन्दा न्यायालयप्रति भ्रम मात्रै टुटेन, न्यायाधीशलाई लिएर दिल र दिमागमा कोरिएको चित्र र आदर्श च्यातिएर रातभरि निदाउनै सकिनँ । अर्को एक जना साथी भन्थे– नेपाली सेना विश्वप्रसिद्ध सेना हो । गोर्खाली बहादुरीका रोमाञ्चक युद्धकथा सुनेका उनी सेनाको इच्छाबेगर नेपालमा त पात पनि हल्लिँदैन भन्थे । तर यही सेनाले आफ्नै सुप्रिम कमान्डर राजाको पनि रक्षा गर्न सकेन । अझ माओवादी जनयुद्धमा सेना परिचालन भएपछि त माओवादी सखापै हुन्छन् भन्ने कुरा पनि फेल खायो । तीनै जनालाई भ्रमको नांगो यथार्थको सामना गर्नुपरेपछि विश्वास नजाँची, नजोखी धारणा बनाउँदा आफैं छक्किइन्छ भन्ने ज्ञान भयो ।

सत्य र भ्रमित सत्यको सुन्दर उदाहरण महाभारतमा पनि पाइन्छ, द्रोणाचार्यले दूध खान खोज्ने आफ्ना छोरा अश्वत्थामालाई चौलानीको झोल पिलाएको प्रसंगमा । हरेक सेतो तरल पदार्थ दूध हुँदैन भन्ने कुरा काव्यकारका भाषामा अश्वत्थामाले तबसम्म बुझेका थिएनन् । शक्तिबारे गम्भीर विश्लेषण गर्ने प्लेटो असल राजा बनाउन पाए संसार सुखी हुन्छ भन्ने भ्रममा थिए । शक्ति जहिले पनि अहंकारी हुन्छ । सर्पको योग्यता विष भएझैं शक्तिको चिनारी अहंकार हो भन्ने यथार्थमा विद्वान् प्लेटोले समेत ध्यान दिएनन् । सिराक्युजमा दियोनियस प्रथमलाई विद्वान् राजा बनाउन खोज्दा सुकरातका शिष्य प्लेटो एजैनाको दास मण्डीमा बेचिए । पुराना मित्र अनिकैरसले किनेर उनलाई मुक्त नगरिदिएका भए मानव सभ्यताले एक महान् दार्शनिकसँग साक्षात्कार गर्न पाउँदैनथ्यो ।

कम्युनिस्ट बन्ने आधारभूत सर्त र बाध्यता

बुर्जुवाका भन्दा कम्युनिस्टका दुःख धेरै छन् । राजनीतिमा देखिने र हुनेबीच धेरै समस्या र भिन्नता हुन्छन् । अझ बुर्जुवाकरण भैसकेको 'कम्युनिस्ट' को समस्या भनेकै बाहिर जे देखिन्छ त्यो सत्य नहुनु हो, जे सत्य हुन्छ त्यो छोपिनु हो । जे छ त्यो लुकाउनुपर्ने, जे छैन त्यो फलाक्नु र देखाउनुपर्ने नियति बन्यो । आचार, विचार र व्यवहार नियाल्दा हिजो पनि ठीक, आज पनि ठीक हुने सकिँदैन । तर, निमित्त तर्कले सत्यापित गर्न खोज्नु वाम-तर्कवाजको आजको पहिलो होम वर्क हो ।

चुनावमा लोकप्रिय मतका लागि जनमत चाहिन्छ । चुनावी मैदानमा होमिँदै जाँदा सुविधा अनुसार राजनीति गरिरहेका राजनीतिक दलहरूको प्रमुख समस्या भनेकै विचारहीनता हो । पार्टी भनेको विचारमा चल्ने समूह हो । विचारै छैन भने केको राजनीतिक पार्टी ? अझ बुर्जुवाभन्दा पनि 'कम्युनिस्ट' हरू समस्या र जोखिममा छन् । आज नेपाली 'कम्युनिस्ट' सँग विचार ट्रेडमार्क मात्रै हो कि के हो भन्ने प्रश्नको उत्तर छैन ।

भ्रमबाट उम्कने हो भने, यति बुझ्नुपर्छ– कम्युनिस्ट बन्न चाहनेलाई आधारभूत सर्त विचार, विश्वास र प्रतिबद्धता । छेपारे भूमिकामा हुँदैन । कोही पनि सबैको प्यारो बन्न सक्दैन । दास प्रथाविरुद्धका नेता विलियम लायड ग्यारिजन भन्छन्, 'म सत्यजस्तै कठोर र न्यायजस्तै अटल रहनेछु । म दास प्रथाविरुद्ध विनम्रतापूर्वक सोच्न, बोल्न र लेख्न बिलकुल चाहन्नँ । आगोमा जलिरहेको बच्चालाई आमाले जसरी त्यहाँबाट बिस्तारै निकाल्दिन, त्यसरी नै म चाँडोभन्दा चाँडो दास प्रथाको अन्त्य चाहन्छु । म दास प्रथाका विषयमा न कसैलाई क्षमा गर्छु, न घुमाउरो कुरा गर्छु, न कुनै सम्झौता गर्छु । म सीधा कुरा गर्छु ।' सीधा कुरा गर्ने कम्युनिस्टको परम्परा अहिले धरापमा परेको छ ।

समकालीन दुनियाँमा चे, चारू र गोन्जालोजस्तो मूल्यको राजनीतिमा छाती फुलाएर कम्युनिस्ट हुँ भन्ने कमै देखिए । नेपालमा सिद्धान्तका लागि प्राणको आहुति दिने अनगिन्ती सहिद भएका थिए, भलै तिनका कमान्डर/नेताहरू नायकबाट खलनायक बनिसकेका किन नहोऊन् !

कम्युनिस्ट बन्ने आधारभूत सर्त हो– वैचारिक रूपमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादले निर्देशन गरेको राजनीति, जीवन पद्धति, सांस्कृतिक मान्यता, सोही अनुरूपको आचरण । राजनीतिमा वर्गसंघर्ष, पुँजीको अतिरिक्त मूल्यको सिद्धान्त, पुँजीको चरित्रसँगै उपनिवेशवाद, साम्राज्यवाद, नव- सम्राज्यवादसँगको प्रतिरोधी चेत र विश्व-हातेमालो । पुँजीको कर्पोरेटी चरित्र र प्रविधिको विकाससँगै राजनीतिलाई सामूहिकीकरण गर्नुपर्छ । जब जे बन्नुपरेको थियो, त्यो नै नभएपछि सुविधाको राजनीतिमा जे गरे पनि, जे नाम दिए पनि हुने भो ।

कम्युनिस्टहरूले वर्गसंघर्षको राजनीति स्विकार्दा मित्र र दुस्मन वर्ग मात्रै स्विकारे तर रङ कालो र सेतो मात्रै हुँदैन । अरू रङ पनि हुन्छन् । त्यस्तै समाजमा शोषक र शासित दुई वर्ग मात्रै हुँदैनन्, अरू पनि हुन्छन् भन्ने कुरा क्लासिक कम्युनिज्मले स्विकारेन । हाम्रो सन्दर्भमा थप– भारतीय उपमहाद्वीपको वर्ग बनोट र विभाजन युरोपेली समाजको जस्तो छैन । यहाँ वर्ग बनोटको आधारमा वर्ण (संस्कृति, जाति प्रथा) को पनि महत्त्वपूर्ण भूमिकामा रहयो । नेपालको कम्युनिस्ट आन्दोलनका ७१ वर्षमा मूल नेतृत्व सदैव अभिजात वर्ग र वर्णबाट मात्रै आयो । अर्को महत्त्वपूर्ण पाटो– कम्युनिस्ट नेतृत्वले देशको भू-राजनीतिक संवेदनशीलतामा ध्यान पुऱ्याउन सकेन । जबसम्म भारतका किङमेकर प्रदेशहरू बिहार र उत्तरप्रदेशमा सामाजिक र सांस्कृतिक रूपान्तरण हुँदैन, तबसम्म नेपालको समेत आन्दोलनको रूप र ट्रेडमार्क कम्युनस्टि भए पनि यथार्थतः त्यो कम्युनिस्ट हुँदैन । कुनै बेला भारतको केन्द्रीय राजनीतिमा हस्तक्षेपको हैसियत बनाइसकेको भारतीय 'कम्युनिस्ट' को अवस्था हामीले देखिरहेकै छौं । तेलंगाना विद्रोह दबाउन त राणकालीन शारदाशमशेर नेतृत्वको नेपाली सेना नै हैदराबाद पुगेकै हो । नक्सलले पैदा गरेको ऊर्जा झापा विद्रोहका रूपमा हाम्रो नजिर बनेकै छ ।

चुनावी राजनीति र 'कम्युनिस्ट' का आफ्नै बाध्यता हुन्छन् । उसले छाप्रो र महल दुवैको प्रतिनिधित्व गर्छु भन्नुपर्छ । दुवै वर्गलाई खुसी पार्नुपर्छ । कम्युनिस्ट पार्टीका नाममा झुट बोल्दै भ्रमित जनमतको सहारा लिनुपर्छ । यही भ्रम छर्ने प्रजातिबाट सामान्यजन भ्रमित हुन्छन् भने बुर्जुवा र उग्र पुँजीवादलाई यी 'कम्युनिस्ट' सँगै सहकार्य गर्न असजिलो पनि हुँदैन । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, एसियाली विकास बैंक र जर्ज सोरोसको ओपन सोसाइटी फाउन्डेसनलाई पनि कुनै समस्या हुँदैन, न सीआईएद्वारा अप्रत्यक्ष रूपमा सञ्चालित रोजा लक्जेम्बर्ग फाउन्डेसनको सहयोग प्राप्त नेपाली वाम थिंक ट्यांक समूहसँग सहकार्य गर्न कठिनाइ हुन्छ । यसै पनि २०४० सालकै दशकको सुरुआतमै वाम बुद्धिजीवी समूहमा प्रवेश गरेको एनजीओ-आईएनजीओ संस्कृतिको आन्दोलनको चरित्र निर्माणमा महत्त्वपूर्ण भूमिका देखिन्छ । अझ २०६० सालको दशकमा शीतयुद्धकालीन अवस्थामै त्यो कसरी विद्वत् समूहमा प्रवेश गऱ्यो भनेर थाहा पाउन भारतका प्रमुख राजनीतिक वैज्ञानिक रजनी कोठारीको 'पोलिटिक्स इन इन्डिया' पुस्तकको बकपत्र हेरे पुग्छ ।

सांस्कृतिक पुनरुत्पादनमा तीज गीत

प्रणेता

चेलीहरूलाई नारी जागरणका गीतहरू गाउन किन नदिने ? सुदूर छाउगोठमा सर्पदंशबाट मर्ने चेलीहरूको चेतनाको ढकनी गीतमार्फत नै किन नउघार्ने ?

योै मौसम तीज पर्वको हो अनि रेडियो-टीभीबाट बज्ने र सामाजिक सञ्जालहरूमा राखिने नयाँ-पुराना गीतहरूले यसलाई झनै तीजमय बनाइरहेका छन् । हिन्दु नारीहरूको 'महान्' पर्व मानिएको तीजका गीतहरूमा जुनसुकै समुदायका नारीहरू नाचगान गरिरहेका, रमाइरहेका देखिन्छन् । तीमध्ये कति जनाचाहिँ त्यस्ता गीतको भाव बुझेर त्यसरी नाचिरहेका, झुमिरहेका, रमाइरहेका हुन्छन्, यो छुट्टै बहसको विषय बन्न सक्छ । तर समयविशेषमा खास दर्शक-श्रोतालाई लक्षित गरेर त्यस्ता गीतहरू कुन दृष्टिले, कुन मनोविज्ञानले रचना गरिन्छन् भन्ने पाटो महत्त्वपूर्ण छ । यी गीतहरूले महिलाप्रतिको दृष्टिकोण निर्माणमा कस्तो भूमिका खेलिरहेका छन् भन्ने पक्षसमेत मननीय छ ।

परम्परागत भाष्य अनुसार, तीज सम्बन्धी सांगितिक रचनाहरूले पितृसत्तात्मक पारिवारिक-सामाजिक संरचनामा उकुसमुकुसपूर्ण नारकीय जिन्दगी बाँचिरहेका महिलाहरूका पीर, वेदना र रोदनलाई समेटेका हुन्छन् । तर त्यस्ता गीतहरूमा समयसँगै जुन हिसाबले परिवर्तन आउनुपर्ने थियो, त्योचाहिँ देखिँदैन । 'राधा' चलचित्रका लागि सृजना खत्रीले लेखेको तीज गीतलाई यसको उदाहरणका रूपमा लिन सकिन्छ–

आहै सुन बरिलै
धपक्कै बलेकी राधा
छमछमै नाच्दी हुन् आज
ए सुन बरिलै
पावैमा पाउजु छैन बरिलै
नाच्न मन थियो राधापियारी...

यहाँ 'पाउमा पाउजु छैन बरिलै' शब्दावलीलाई थेगोका रूपमा प्रयोग गरिएको छ । 'कुनै भावलाई विशेष उराल्न र कसैका दुःखप्रति समवेदना प्रकट गर्न बरिलै शब्दको उपयोग गरिन्छ' भन्छ बृहत् नेपाली शब्दकोश । यहाँ पाउजु अर्थात् गहना नभएकामा दुःखमनाउ गरिएको छ । नाच्न मन भए पनि खुट्टामा छमछम बज्ने पाउजु नभएकी राधालाई सहेलीहरूले सहानुभूति प्रकट गरिरहेका छन् । बिचरा भनेका छन्, किन ? किनकि, बहुमूल्य गहना छैन । युट्युबमा लाखौं पटक हेरिएको माथि उल्लिखित गीतले महिलाको सौन्दर्यचेत र चेतनानिर्माणको आधार के हो भन्ने दर्साउँछ ।

आम महिलाको सौन्दर्यचेत

सांस्कृतिक रूपमा महिलालाई, खास गरी पुरुष-आँखाका निम्ति 'सुन्दर र कोमल वस्तु' का रूपमा ग्रहण गरिएको छ । पुरुषको शक्ति संरचनाभित्र महिलालाई सक्रिय 'कर्ता' नभएर रङ्गी-बिरङ्गी 'पुतली' ठानिएको छ । 'पुरुष थकित भएर आउँदा घरका महिला (विशेषतः पत्नी) को मुहार उज्यालो देखे दिनभरको थकान र कार्यबोझ बिर्सिन्छन्, उज्यालो र तेजयुक्त मुहार देखाउँदै बिदा गरेका पुरुष (विशेषतः लोग्ने) दिनभरि कार्यालयको काममा दत्तचित्त भएर लाग्छन्, सुन्दर नभएकी वा शृंगार रसमा चाख नराख्ने स्त्रीको पुरुष राम्रीहरूतर्फ आकर्षित हुने सम्भावना बढी हुन्छ, यसैले महिला अन्य विषयमा भन्दा आफ्नो सुन्दरता कायम राख्न निकै सचेत हुनुपर्छ' भन्ने कुरा सुन्दै हुर्किएका, यही मनोविज्ञानबाट प्रशिक्षित र त्रसित महिलाले 'धपक्कै बलेकी' देखिन र सुन्दर बन्नका लागि अनेक सौन्दर्य प्रसाधनमध्ये 'पहेंलपुर' गहना प्रयोग गर्न जोड दिन्छन् । गायिका लक्ष्मी न्यौपानेको गीति माग सुनौं–

यस पालिको तीजमा जानी हो म माइत
बजार गर्न जान्छु स्वामी पैसा दिनुस् त
चुरा डोरी टीका शिरफूल र तिलहरी
भन्नुभो स्वामीले ल्याऊ त पियारी...

एवंरीतले चुडिया, डोरी, चोली, सारी, सिन्दूर, पोते र गहनाजस्ता साधनहरू किनिमागेको; 'नागबेली चुल्ठो, पीपलपाते ओठ, बाटुलो निधार' देखि अंगअंगमा तिनलाई लगाएको; श्रीमान्ले चट्ट परेकी भनिदिँदा एउटी महिला श्रीमान्लाई आकर्षित गर्न सकेकामा 'मक्खै' परेको जस्ता भावहरू गीतमा प्रशस्त पाइन्छन् । खास दार्शनिकीबाट उत्पन्न सांस्कृतिक विषयवस्तुलाई यस्ता गीतहरूले कसरी पुनरुत्पादन गरिरहेका छन् भन्ने प्रश्नको जवाफ त्यस्ता टुक्काहरूले दिन्छन् ।

तीजले महिलाविशेषको खास अवस्था झल्काउँछ, खास संस्कृतिभित्र र शक्ति संरचनामा महिलाको अवस्थिति केकस्तो छ भन्ने दर्साउँछ । तीजका गीतहरूमा सौन्दर्यको कुरा अर्थात् पाउजु, रानीहार, शिरफूलजस्ता गहनाहरूको प्रसंग आउनुले सौन्दर्यका दुईथरी चेतना एकै ठाउँ मिसिएको देखाउँछ । एक, महिला शक्ति संरचनामा भाग लिने मान्छे होइन । दुई, ऊ गरगहनासहित साजसज्जामा उत्रिएर, पुतली बनेर 'घरभित्रको राजनीतिमा मात्र भाग लिने मान्छे' हो । यसकारण महिलामा गहना लाउन पाऊँ भन्ने उत्कण्ठा हुन्छ । पुरुषले आफ्नो संरचनाभित्र आफूलाई स्विकारोस् भन्ने कामना हुन्छ । त्यो शक्ति संरचनामा आफ्नो स्पेस जहाँ छ, महिला त्यहीं जमिरहन चाहन्छन् । बदल्ने संघर्ष कमै गर्छन् । जीवनसाथीलाई 'स्वामी' मानेर आफूलाई 'वस्तु' स्विकार्छन् । आफ्नो स्पेस तीज व्रतमा जल खाइदिनुपर्ने लोग्नेका खुट्टामा छ भनी उनीहरू सहर्ष स्विकार्छन् । अनि सुन्दर बनिरहेर, शृंगारपटार गरेर उनीहरू तिनै खुट्टैमा स्पेस खोजिरहन्छन् ।

शृंगारपटारलाई विशेष प्राथमिकता दिइएको गायिका लक्ष्मी न्यौपानेको अर्को गीतले भन्छ–

तीज आयो राजै
शिरमा लाउँला शिरफूल त
तिलहरी गलामा
शिरफूल मात्र सुहाउँदैन
चाहिन्छ चन्द्रमा...

यस गीतको भिडियोमा तीज मनाउन आवश्यक सामग्रीहरूको सूची नै तयार पारी बसेकी श्रीमती देखिन्छिन् । यसले तीजमा आम पुरुषलाई पर्ने आर्थिक भार पनि छ्याङ्ग पारिदिएको छ । यसरी अधिकांश महिलाले रचेका र गाएका गीतहरूमा महिला आकांक्षा, चासो र अपेक्षासँगै महिलाका प्राथमिकतालाई विश्लेषण गर्न एक हदसम्म आधार मिल्न सक्छ । उसो त गीतमा विविध गहनाप्रति लगाव र चासो देखाइनुबाट भूमण्डलीकृत र पुँजीवादी बजारले महिलाको चाहना बढाउन कसरी काम गरिरहेको छ भन्ने प्रश्नको जवाफ पनि मिल्छ । पत्तै नदिई गहनाप्रति उनीहरूको लालसा बढाउने सामग्रीहरूलाई नयाँपन दिएर बजारमा पठाउँदै उनीहरूलाई भरपर्दो र सार्वकालीन ग्राहक बनाउन पुँजीवादले कसरी छलपूर्ण खेल खेलिरहेको छ भन्ने पनि थाहा पाइन्छ, तीजका गीतहरूमार्फत ।

श्रीमतीको गहनामा अडिएको पुरुषको इज्जत

सबै महिलाको सौन्दर्यचेत एकै हो भन्नु गलत हुन्छ । गहना र पहिरनमा भन्दा बढी बौद्धिक खुराक चाहिने महिलाहरू पनि प्रशस्तै छन् अचेल, जसले स्थिति र अवस्था आकलन गरेर पर्वहरू मनाउनेबारे सोच्ने गर्छन् । तर पुरुषको प्रतिष्ठा, पुरुषत्वको मूल्यांकन उसकी श्रीमतीको शरीरमा ओइरिएका गहनाहरूमा निर्भर रहेको तीतो यथार्थ पनि छ । श्रीमतीलाई झरिझुट्ट गहना लगाइदिन नसक्ने पुरुषलाई समाजले त के, ससुरालीले पनि हुतीहारा सम्झिने प्रचलन पनि छँदै छ । किनिदिने र लगाइदिने अनि इज्जत गहनाभरि पोख्ने आकांक्षा प्रकट हुनुले महिलालाई नचाहँदा पनि 'डमी' बनाइछाड्न समाज र लोग्नेमान्छेको दबाब कुन तहसम्मको छ भन्नेसमेत देखाउँछन् तीज गीतहरूले । जस्तो, दुर्गा पौडेलको यो गीत हेरौं–

लगाई आछौ बाला अनि चुरा सुनैसुनका
अब भन्देऊ पालैपालो ज्वाइँ गतिला कुनका
माइत आयौ दिदीबहिनी मनका कुरा साटन
भिनाजु र ज्वाइँ सा'बको कुरा काटन...

जोन लकले सम्पत्तिको मात्रै नभएर राज्यको मालिकसमेत पुरुष हो भनेका छन् । यसरी मालिक मानिएको पुरुषबाट महिला मात्रै प्रभावित छैनन् । मालिकको सबैप्रतिको सबै खाले जिम्मेवारीका चाङ पनि छन् । पुरुषसत्ताको असर महिलाले मात्र भोग्छन् भन्ठान्नु बिलकुल गलत हो । पुरुषसत्ताको असर सबैले भोग्छन् । लक्ष्मी न्यौपानेकै गीति शब्द हेरौं–

शिरबन्दी किन चाहियो
जाम् दिदी भन्ला
शिरफूल 'नि छैन मेरो
जान्नँ म त नाइँ
ठूली दिदी आउँछिन् होला
शिरफूल टल्काउँदै
आफ्नो त छैन, भैगो गइनँ
शिरफूल किन चाहियो
जाम् दिदी भन्ला
चन्द्रमा 'नि छैन मेरो
जान्नँ म त नाइँ
माइली दिदी आउनी होलिन्
चन्द्रमा झल्काउँदै
आफ्नो त छैन, भैगो गइनँ...

यस गीतले नाक, कान, गला बुच्चै राखी निहुरिएको शिर लिएर वा बिचराको हालतमा संगिनी र माइतीका अगाडि किन देखिनु भनी हरेक विपन्न हिन्दु चेलीले सोच्ने गर्छन् भन्ने सन्देश दिन्छ ।

उसो त पंक्तिकारलाई नै तीजताका मावलमा आमाका दिदीबहिनी र सहेलीहरूबाट एकअर्काका गहनाको तौल सोधपुछ गरिएको, गहनाका लागि श्रीमान्लाई मनाउन गरिएको प्रयत्न सुनाएकोबारे जानकारी छ । जसको गहनाको सबैभन्दा बढी तौल हुन्छ, उसैलाई उति नै बढी इज्जतदार मान्ने गरेको पनि देखिएको छ । तर यी सब हुँदाहुँदै पनि अब हाम्रा सामु केही टड्कारा प्रश्नहरू पनि छन् । अब सोच्नुपर्ने बेला आइसकेको छ– पुरातन चिन्तनशैलीको खारेजमा लोककलाकारहरूको यति खेरको सांगीतिक भूमिका के हुने ? के महिलाको मनोभाव लाउँलाउँ र खाउँखाउँ मात्रै हो त ?

अहिलेका गीतहरूमा पनि पन्ध्र वर्षअघिकै जस्ता शब्द र भाव दोहोऱ्याई चेलीहरूलाई नचाउँदै उनीहरूकै भावना, लय र आवाज प्रयोग गरेर जसरी तीजको बिँडो थाम्न हिँडेको भन्ठानिएको छ, त्यसले आजका चेलीहरूलाई पटक्कै न्याय गरेको छैन; बरु संस्कृतिको पश्चगामी पाटोको पुनरुत्पादन गरिरहेको छ । महिला आन्दोलनको केही प्राप्तिपश्चात् चेलीका दैनिकी, आजका संघर्ष भिन्न छन् । हिजोको बुहार्तन एवं बुहारी, श्रीमती, भाउजू हुनुको सकस पनि आज औपचारिक रूपमा सशक्तीकरणतर्फको यात्रामा छ । यसर्थ सामाजिक चेत परिवर्तनको प्रभावकारी संवाहक मानिँदै आएका गीत-संगितसम्बद्ध व्यक्तिहरूले अब आफ्नो लेखन र गायनमा बदलाव ल्याउन ढिलो भइसकेको छ । लैंगिक दृष्टिले सामाजिक परिवर्तन र राष्ट्र उत्थान गर्ने अस्त्र बन्नुपर्छ अबका सांगीतिक रचनाहरू । त्यस्ता रचनाहरूले गहनाले कसिएर र बाँधिएर सुन्दर देखिएको आत्मभ्रम पाल्ने मनोग्रन्थिमा परिवर्तित सोच बहाउने ल्याकत राख्नुपर्छ । गहना चुँडालेर महिला मुक्तिको दौडमा होमिने प्रेरणा दिन सक्नुपर्छ ।

अचेल साह्रै सस्ता र अपाच्य शब्द समावेश गरेर गीत लेख्ने र तीज पर्वलाई विकृतितिर उन्मुख गराउने अभ्यास बढिरहेको छ । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका प्रथम उपाध्यक्षसमेत रहेका गायक पशुपति शर्माले त तीजका गीत विकृत हुनु र ती गीतमा मौलिकता हराउनुमा दर्शक-श्रोताकै दोष देख्छन् । तर दर्शक-श्रोतालाई अपजस दिएर आफू भाग्ने छुट छैन कलाकारहरूलाई । रचनाकार/कलाकारहरूले भ्युजको लोभले सस्ता रत्यौली दर्शक-श्रोताका सामु फाल्नुअगाडि अब धेरै पटक सोच्नुपर्छ । नारीलाई भोग्या र पुरुषका निम्ति कामोत्तेजक वस्तु (इरोटिक अब्जेक्ट) वा पुतलीजस्ता पात्रका रूपमा चित्रित गर्न पनि छोड्नुपर्छ । यसो हुनका लागि पहिला त रचनाकार/कलाकारलाई महिला हिंसा र उत्पीडनका तेजाबी खबरहरूले छुनुपर्छ अनि मात्र गीतहरूमार्फत हिंस्रक र उत्पीडकमाथि आगो बर्साउन अघि सर्न सकिन्छ । दाइजो र सम्पत्तिको लालचमा परेर धेरै छोरीबुहारीले अकालमै ज्यान गुमाउनुपरेका घटनाहरू दैनन्दिन सुनिन्छन्, तीज गीतहरूले यो यथार्थ टपक्क टिप्न किन सक्दैनन् ? बाटामा हिँडिरहेकी युवती एसिड आक्रमणमा पारिन्छिन् र आजीवन जल्नुको पीडाले आहत भइरहन्छिन्, यस्तो घटना किन तीज गीतको विषय बन्दैन ? बलात्कारपीडित निहारिका राजपूतले त्यही हिंसाबाट जन्मिएको दुईवर्षे बालक बोकेर न्यायका लागि गरेको आर्तनाद तीज गीतको शब्द बन्न किन लायक हुँदैन ? समाजमा व्याप्त लैंगिक विभेद, सामाजिक कुरीति-कुप्रथा र राजनीतिक विसंगतिविरुद्ध विविध भाव र लयमा गीत लेख्न, गाउन अनि नारी चेतना तिखार्न किन मिहिनेत नगर्ने ? भल्यार र रत्यौली लेख्न र गाउन तीज कुर्नुपर्दैन । चेलीहरूलाई नारी जागरणका गीतहरू गाउन किन नदिने ? सुदूर छाउगोठमा सर्पदंशबाट मर्ने चेलीहरूको चेतनाको ढकनी गीतमार्फत नै किन नउघार्ने ?

अन्त्यमा, तीजका गीतहरूमा महिलालाई सुन्दरता र यौनका प्रतीकका रूपमा प्रस्तुत नगरी उनीहरूको अस्मिता-अस्तित्व फिर्ती र संघर्षको लय पनि भर्न सकिन्छ । जस्तो कि, रेम गुरुङका यी शब्द–

गलै लाउने सुनको हार छैन मेरो राजै
मायाको तिलहरी लाउँछु झपक्कै
सुख भन्नु धन मात्रै हैन मेरो राजै
सन्तोषको पछ्यौरी ओढ्छु छपक्कै...

अन्तर्राष्ट्रिय सहयोग खोज्दै पाकिस्तान

एजेन्सीहरू (इस्लामाबाद)

लगातारको वर्षापछि आएको बाढीपहिरोले ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएपछि पाकिस्तान सरकारले अन्तर्राष्ट्रिय सहयोगका लागि अपिल गरेको छ ।

पाकिस्तानमा गत जुनयता आएको बाढीपहिरोका कारण १ हजार ३३ जनाको मृत्यु भइसकेको छ । तीमध्ये १ सय १९ जनाले पछिल्लो २४ घण्टामा ज्यान गुमाएका राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका अधिकारीले जनाएका छन् । बाढीका कारण दसौं हजार विस्थापित भएका आन्तरिक मामिला मन्त्रालयले जनाएको छ ।

अमेरिका, बेलायत, संयुक्त अरब इमिरेट्सलगायत देशहरूले पाकिस्तानका लागि सहयोग उपलब्ध गराएका बीबीसीले जनाएको छ । तर मन्त्रालयका अधिकारी दसौं हजार विस्थापित भएको सल्मान सुफीले अझ धेरै स्रोतको आवश्यकता रहेको बताएका छन् ।

सरकारले सम्भव भएसम्म बाढी प्रभावितलाई सहयोग गरिरहेको उनको दाबी छ । 'पाकिस्तानले पछिल्लो समय आर्थिक समस्याको सामना गरिरहेको छ । आर्थिक समस्या समाधान गर्ने प्रयास भइरहेका बेला वर्खायामको विपद्ले थप संकट थपिएको छ,' बीबीसीसँग कुरा गर्दै उनले भने । देशको उत्तर-पश्चिम प्रान्त खैबर पख्तुन्ख्वामा नदीका तटबन्धहरू भत्किएपछि शक्तिशाली बाढी आएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । जसका कारण हजारौं मानिस घर छाडेर भाग्न बाध्य भएका छन् ।

पाकिस्तानको जम्सोरोमा आएको बाढीपछि सुरक्षित स्थानमा जाँदै स्थानीय । *तस्बिर : रोयटर्स*

'वर्षौंदेखिको कडा मिहिनेतले बनाएको घर आँखैअगाडि डुब्यो,' २३ वर्षीय जुनैद खानले भने, 'हामीले सडक किनारामा बसेर हाम्रो सपनाको घर डुबेको हेर्न बाध्य भयौं ।' त्यसैगरी, दक्षिण पूर्वमा अवस्थित सिन्ध प्रान्तमा पनि हजारौं मानिस विस्थापित भएका जनाइएको छ । अधिकारीहरूले अन्य विकास परियोजनाको बजेट रकमान्तर गरी बाढी प्रभावितलाई राहतको व्यवस्था गरिएको जनाएका छन् । सिन्ध प्रान्तमा सबैजसो गाउँका स्थानीय बाढीका कारण विस्थापित भएका छन् । बाढीले कारण भएको पूर्ण क्षतिबारे तथ्यांक संकलन भइरहेको जनाइएको छ । पाकिस्तानमा बाढी नौलो नभए पनि यसपटकको वर्षा र त्यसको असर फरक भएको बताइएको छ ।

पाकिस्तानी प्रधानमन्त्री शहबाज शरिफले देशको करिब १५ प्रतिशत (३ करोड ३० लाख) जनसंख्या बाढीबाट प्रभावित भएको जनाएका छन् । यस वर्षको बाढी हालसम्मकै खराब भएको उनको भनाइ छ । पछिल्लो समय देखिएको बाढीको क्षति अस्वाभाविक भएको र त्यसका लागि जलवायु परिवर्तन मुख्य कारक रहेको विज्ञहरू बताउँछन् ।

पाकिस्तानमा सन् २०१० को बाढीपहिरोका कारण २ हजार जनाभन्दा बढीको मृत्यु भएको थियो । त्यतिबेला २० प्रतिशतभन्दा बढी पाकिस्तानी भूभाग जलमग्न भएको थियो ।

भत्काइयो नोएडाको ट्वीन टावर

अनधिकृत रूपमा बनाइएका भवन भत्काउँदा जम्मा भएको ८० हजार टन धूलो सफा गर्न करिब ३ महिना लाग्ने

राजेश मिश्र (नयाँदिल्ली)

भारतको नयाँदिल्लीसँगैको नोएडामा अनधिकृत रूपमा बनाइएको ट्वीन टावर आइतबार ध्वस्त पारिएको छ । करिब १ सय मिटर उचाइ भएका २९ र ३२ तलाका दुई अग्ला भवन स्थानीय प्रशासनले ९ सेकेन्डमै पूर्ण रूपमा भत्काएको हो । आधुनिक प्रविधिको प्रयोग गरेर सहज रूपमा भवन भत्काइएको दृश्य सामाजिक सञ्जालमा भाइरल बनेको छ । बहुतले भवन तासको पत्ता जस्तै गरी केही सेकेन्डमै धूलोमा परिणत भएको सार्वजनिक भिडियोमा देख्न सकिन्छ ।

भारतीय समयअनुसार अपराह्न २:१५ बजे टावरमा बम विस्फोट गराइएको थियो । विस्फोट भएको ९ सेकेन्डमै दुवै भवन धूलोमा परिणत भएका हुन् । भवन ध्वस्त भएसँगै त्यस क्षेत्रको आकाश धूलोले ढाकिएको थियो । भवन प्राविधिकहरूले तयारी गरेअनुसार नै सिधा तल खसेको हो ।

उत्तर प्रदेशमा पर्ने नोएडाको ९३ सेक्टरमा सुपरटेक कम्पनीले अनुमति पाएको भन्दा फरक ढंगलले दुवै भवन निर्माण गरेको थियो । सन् २००४ मा नोएडाका अधिकारीहरूले सुपरटेक हाउजिङलाई १० तलाको १४ वटा टावर बनाउने अनुमति दिएको थियो । सुपरटेकले अनुमतिविपरीत सन् २००९ मा २४ तलाका दुई वटा बिल्डिङ निर्माण गरे । र, सन् २०१२ मा त्यसलाई ४० तलाको बनाउन थाले । ३२ तलासम्म निर्माण भइसकेको थियो । भवनमा रहेका ६ सय ३३ वटा फ्ल्याट बिक्री भइसकेको थियो । बहुतले भवन निर्माण गर्न ७० करोड खर्च भएको थियो । यसको हालको बजार मूल्य भने ७ सय करोड भएको जनाइएको छ ।

भवन निर्माणका विषयमा उजुरी परेपछि इलाहाबाद उच्च अदालतले सन् २०१४ मै दुवै भवनलाई अवैध घोषणा गरेर भत्काउने आदेश दिएको थियो । साथै त्यहाँ फ्ल्याट खरिद गरेकालाई १४ प्रतिशत ब्याजसहित पैसा फिर्ता गर्न बिल्डरको नाममा आदेश दिएको थियो । तर पछि उक्त मुद्दा सर्वोच्च अदालतमा पुगेको थियो । सन् २०२१ को अगस्टमा सर्वोच्चले उच्च अदालतको आदेश सदर गर्दै भवन भत्काउने आदेश दिएको थियो । सर्वोच्चले तीन महिनाभित्रै टावरलाई भत्काउन सन् २०२१ अगस्ट ३१ मा आदेश दिएको थियो । तर, आवश्यक तयारीका कारण करिब वर्षपछि मात्रै टावर भत्काइएको हो ।

२९ र ३२ तलाका दुई वटा भवन भत्काउने काम भारतको एडीफाइस र साउथ अफ्रिकाको जेट डिमोलिसन कम्पनीले पाएका थिए । ती कम्पनीका प्राविधिकले भवन भत्काउनका लागि पारिएका ९ हजार ८ सय वटा प्वाल हरेकमा १४ सय ग्राम विस्फोटक बारुद राखेका थिए । भवन ध्वस्त पार्नका लागि ३७ सय किलो बारुद प्रयोग गरिएको हो । ३ सय २५ किलो सुपर पावर जेल, ६३ हजार ३ सय मिटर सोलर कार्ड, सफ्ट ट्युब र १० हजार ९ सय डेटोनेटरलगायत सामग्री प्रयोग भएको जनाइएको छ । भवन ध्वस्त पार्न लागेको १७ करोड ५५ लाख भारतीय रुपैयाँ निर्माण कम्पनी सुपर टेकबाटै असुल गरिने जनाइएको छ । उत्तर प्रदेश सरकारले भवन निर्माणमा संलग्न २६ जनाको सूची तयार पारेको र उनीहरूमाथि कानुनी कारवाही अघि बढाउने जनाएको छ ।

भवन भत्काउनुअघि आधा किलोमिटरको क्षेत्रलाई खाली गराइएको थियो । वरपरका भवनलाई नोक्सान हुन नदिन सतर्कता अपनाइएको थियो । ट्वीन टावरलाई भत्काउन 'इम्प्लोजन' प्रविधिको प्रयोग गरिएको हो । यस प्रविधिमा विस्फोटपछि सामग्रीहरू बाहिर छरिँदैनन् । जसले गर्दा बाहिरी क्षेत्र नोक्सान हुनबाट जोगिन्छ । भवन ध्वस्त पारिएपछि ८० हजार टनको धूलोको पहाड बनेको छ । त्यसलाई सफा गर्न करिब ३ महिना लाग्ने बताइएको छ ।

भावपूर्ण श्रद्धाञ्जली

जन्मः १९९५ वैशाख २६ गते

स्वर्गारोहणः २०७९ भाद्र ३ गते

स्व. माधव लाल श्रेष्ठ

हाम्रा प्रातः स्मरणीय पति/दाई/बुबा **श्री माधव लाल श्रेष्ठ**को आसामयिक स्वर्गारोहण भएको आज तेह्रौं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै यस दुःखद घडीमा हामीप्रति सहानुभूति एवं समवेदना ब्यक्त गर्नुहुने समस्त शुभेच्छुकहरु प्रति हार्दिक आभार प्रकट गर्दछौं ।

श्रीमती: सिता देवी श्रेष्ठ

भाई/बुहारी:	छोरी/ज्वाई:	दिदी/बहिनी:
लक्ष्मी लाल श्रेष्ठ/मनलता मल्ल श्रेष्ठ	रचना जोशी/अनिल राज जोशी	पुण्य लक्ष्मी श्रेष्ठ
भाई बुहारी: दिपा श्रेष्ठ	बेन्जना श्रेष्ठ/कर्सन सिंह	गंगा श्रेष्ठ
भतिजा: सुदिप श्रेष्ठ	बन्दना श्रेष्ठ/उज्वल श्रेष्ठ	मिना धौवडेल
नातिनी/ज्वाई:	नातिनीहरू:	
आँचल जोशी/योगेन्द्र पैजु	आस्था जोशी, उत्सवी श्रेष्ठ,	बहिनी ज्वाई:
पनाती: आयुष्मान पैजु	कलिस्ता सिंह	कृष्ण मान श्रेष्ठ

तथा समस्त श्रेष्ठ परिवार

हार्दिक समवेदना



जन्मः २००३/०६/१८

स्वर्गारोहणः २०७९/०५/०१

स्व. पुर्ण प्रसाद सिलवाल

कान्तिपुर पब्लिकेशन्स्को क्षेत्रीय कार्यालय भरतपुर, वितरण विभागमा कार्यरत सहकर्मी ऋषिराम सिलवालका पूजनीय पिता **पुर्ण प्रसाद सिलवाल**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

कान्तिपुर पब्लिकेशन्स् लि. परिवार

वर्गीकृत विज्ञापन

घर जग्गा

सातलाख आना जग्गाहरू, 9823256185, 9765300828

गौरीघाटचोकको एकरोपनी मासिक.२,३०,०००/- भाडाआउने २५सटरहरू भएको जग्गाबिक्रीमा मूल्य.७५लाख आनाको 9851087273

दहचोकमा प्रतिआना १२.५०-लाखको घडेरी बिक्रीमा, 9851160228, 9861175400

नारायणथान एरियामा आधुनिक नयांबङ्गला, फ्ल्याटसिस्टमका घरहरू तुरुन्तैबिक्रिमा 9851036108

कपन, सुकेधारा, बुढानिलकण्ठ घरजग्गा, खरीदबिक्री, 9841345005

ललितपुरको जुनसुकै एरियामा घरजग्गाहरू खरिदबिक्रिकोलागी 9849188782

घरजग्गा खरिदबिक्री गर्नुपरेमा 9851027364 midaspropertydealer5@gmail.com

धुम्बाराही रिङ्रोडनजिक दक्षिण मोहडा भएको ०-६-२-०मा बनेको २.५तले घर बिक्रिमा ९८५१०५०२४९

कोटेश्वर लोकन्थली बाल्कोट टिकाथलीमा आकर्षक ट्रुकाघडेरीहरू बिक्रीमा ९८५१०३२१५४

जोरपाटीमा ३.७५-आनामा बनेको तीनतल्ले आधुनिक आर्कषक नयाघर तु.बिक्रिमा सिधासम्पर्क 9851092676

गौरिघाटमा पांचआना जग्गा बिक्रीमा 9841601900

मुलपानी हाइटमा ०-५-१-० जग्गा बिक्रीमा आनाको २९ लाख ९८४१४४५८३८

भैसेपाटी मगरगाउँमा ७.५ आना जग्गाबिक्रीमा सम्पर्क: ९८१४८८४७५३

थानकोट चन्द्रागिरी जानेबाटोमा र सुरुङमार्ग आयलनिगमको तल १६ फिट बाटोभएको प्लानिङको टुक्रा घडेरीहरू बिक्रिमा 9851335460, 9885148010

सातदोबाटो स्विमिंग पुलबाट ४००-मि.तल २.५-तल्लेघर बिक्रीमा मूल्य:-२करोड ६०लाख, 9841751440

शान्तिनगरमा ०-३-०-०, ०-२-२-० जग्गा, 9843670264

घर सस्तो न्यु नारानथान सिद्धार्थकोलोनी २१आनामा बनेको बिक्रीमा ९८२८७५१२८८, ९८५१११२८७८, ९८५१३३५८६८

१५ रोपनी धार्दिङ्ग थलीपरेको हिमालहरू देखिने पानिबाटो बक्तिकोसुविधा 9843403175

बुढानिलकण्ठमा ०-४-०-० जग्गा बिक्रीमा, 9851313936

नयांबानेश्वर संगमचोकमा ०-५-०-०प्रतिआना १,२०,००,०००।-९८५१०२४६७८

ललितपुर बिष्टछापमा ०-२-२-३ बनेको एकतलेघर ९५-लाखमा 9849123631

बुढानिलकण्ठ हाईटमा १३-फिट बाटोमा ०-६-०-० जग्गाबिक्रिमा, बानियाटार हाईटमा ०-७-०-० जग्गा सरलमूल्यमा टुकागरेर दिनमिल्ने 9860193128

मनहरा प्लानिङमा ५आना र १०आना जग्गा बिक्रिमा 9851063137

सवारी साधन

सुविधायुक्त स्कार्पियो रिजर्भ गर्नुपरेमा सम्पर्क ९८५१०४३५३७

६-चक्के,,१०-चक्के टिपर, मिनी ट्रक, बस फाइनान्स सुविधासहित उपलब्ध छ। ९८०२३११५४८, ९८०२३११५७९, ९८०२३३४१९६

२०१४ मोडलका ६०,००० कि.मि. गुड्को सिङ्गलहयण्ड मारुती इकोभ्यान बिक्रीमा ९८५११७०५५८

सम्पर्क

सस्तोमा Cashdeposit धितोफुकुवा शेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

सस्तोमा धितोफुकुवा Cash deposit 9851277564

ढुंगा बालुवा खानी उद्योगमा पार्टनर चाहियो ९८५१००९१७३

बिदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851227495

Bank Deposite को लागी 9851334104

Cash Deposit Without Collateral, 9841756349

बैंकऋण आवश्यकता अनुसार धितोपनी ९८२३०४५८४५

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851336230

जग्गामा, सामूहिक व्यवसायमा तुऋण 9851340755

बिदेशजान Cashdeposit धितोफुकुवा लोनलिन 9745352410

घरजग्गा धितोमा तुरुन्तै कर्जा, 9808651181

धेरै सस्तोमा बैक ब्यालेन्स 9851315985

USA Visa **को लागि 9851094295**

विविध बिक्रीमा

प्राइम लोकेसनको क्याफे शंखमूल नागार्जुन कलेज.छेउ बिक्रीमा, 9851130891

सामाखुशीमा चलिरहेको फेन्सीपसल सस्तोमा ९८१८१४७०५७

गौशालामा चलिरहेको फेन्सी पसल बिक्रीमा, 9841520631

लगनखेल होटल तुरुन्त बिक्रीमा, 9851315101

निर्माण सफाई

ढलमंगाल जामखोल्ने सस्तोमा 9851183072, 9849759072

मेसिनबाट सेफटीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सेफ्टीट्याङकी 9840540700

ढलमंगाल जामखोल्ने सस्तोमा 9851168926, 9844531660

सस्तोमा ढलमंगाल जामखोल्ने 9851109635, 9840225522

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841072969

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9851096233

ढलमंगाल बनाउने जामखोल्ने सेप्टिटैंकी मेशिनबाट 9841448770 होमप्रसाद

सेफटीटैंकी सफाई गाडिमा १५००।-9843768737

सेफटीटैंकी सफाई ठुलोगाडिमा मेशिनबाट 015251092, 9851024364

सेफटीट्याङ्की सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१५१८२४०१

भाडामा

ललितपुरमा घरफल्याट भाडामा लिनदिने, 9851071590

तुरुन्तै घरजग्गा भाडामा लिनदिनपरेमा ९८५१३३४७९४

वित्तिय संस्थाहरूका लागि अति उपयुक्त जमल काठमाडौं स्थित चेम्बर भवनको दोस्रो तल्ला १८२० स्क्वाएर फिटको फल्याट खाली सम्पर्क: 01-5330941/ 47

काठमाडौंमा घर/फल्याट भाडामा लिनुदिनुपरेमा 9846578599

रिङ्रोडमा गोदाम-भाडामा 5800sq. ft. बसुन्धारा, 9818954153

टेकुमा ३ कोठाको फल्याट् ९८०८८९६५२४

सूर्यविनायकचोकबाट १०० मिटरमाथि मन्दिरजाने मेनबाटोमा सटरभाडामा 9841970841

चाहियो

गोंगबु अफिसलाई कर्मचारी 9802309152, 9741673590

कर्मचारी अर्जेन्ट 18,500/- खाजा,गाडीभाडा चक्रपथ 9851228468, 9823865516

POT. Mathematics Teacher Chabahil, 9841200709

गोंगबु अफिसलाई कर्मचारी 17,500/- 9849365964, 9823252176

सेक्युरिटीगार्डहरू अर्जेन्ट २०,०००-२२,००० 015911358, 9810116654

भक्तपुरको पोल्ट्रीफार्ममा कामदार चाहियो दम्पतीलाई प्राथमिकता 9851169728

आल्मोनियम मिस्त्री ५, सुपरभाइजर 9762876984

बल्खुवार्कोमा पढेनपढेका स्टाफअर्जेन्ट 27500/- महिलापुरुष दुवैलाई 015540046, 9803887401

भक्तपुर सल्लाघारीको कस्मिक सहकारीलाई केहीबजार प्रतिनिधिहरू चाहियो ९८५१०८४९६५, ९८४९७४०११६

पाटनको स्कूललाई कामगर्ने दिदि मन्टेश्वरी टिचर, 9840003417

सुटिङ्गरत टेलिसिरियलमा कलाकारहरू इमरजेन्सी नजान्लेलाईन प्राथमिकता ९८०३१९०१८८

कालिकोट अस्पतालकोलागि Pharmacist फार्मेसिष्टचाहियो 9858025007

Cook, Kitchen team, ladies cashier, delivery staff, 01-5705930

प्यारेन्ट पोल्ट्रिफर्मलाई जोडि चाहियो ९८०१३५२०२५

सहकारीमा अनुभवी कर्मचारी २५,०००/- 9851076809

ग्यासपानी पसलमा कामदार नयाँबानेश्वरचोक 9860260800

होस्टलको लागि कुक 9851214169, 9843154169

लेडिज स्पाथेरापिष्ट चाहियो बौद्ध ०१४५६८९४१, ९८०३०४५०१८

इन्डिया मोतिहारीकोलागि बडिगार्डहरू तुआवश्यकता खानबस्न २५,०००माथि, 9808323444

होटलको लागि कुक चाहियो 9867295339

भारतको कलकता, बम्बई, गुजरातको प्रतिष्ठित सरकारी कम्पनीभित्र, औद्योगिक क्षेत्रभित्र ड्युटिगर्ने सेक्युरिटीगार्डहरू अर्जेन्ट, भू.पू.-40,000/-, सिभिल -29,000/-, सम्पर्क:-014916689, 9848731351

म:म मिस्त्री-२, कुक-२, म:म हेल्पर-२, वेटर-१० ९८५१२०९६९५

ड्राइभर र पियुन चाहियो टेकु 015345829

लाजिम्पाटमा २ जना सेल्सगर्ल तलब १०-१२ ९८४९१६२०४१, ४४३७०२१

Marketing Representatives Newbaneshwor 9863848771, 015911637

स्कूटर अथवा बाइकमा कपडाहरू डेलिभरीगर्ने व्यक्तिले सम्पर्क: ९८०८८९८८८६

A reputed High School requires Sec. Science part time teacher, Lalitpur, Satdobato 9851060259

नया सेक्वाकर्नर ओपनिङको लागि चिकनसेफ स्टाफ खानबस्न सहित सानेपा ललितपुर ९८५१०६७१९३

ग्यासपानी पसलमा कामदार चाहियो 9849870278

मार्ट व्यवस्थापनको सम्पूर्णअनुभवी व्यक्तिचाहियो 9851332575

मार्टकोलागि खालीजग्गा, सटरस्पेश, काठमाण्डौं भक्तपुरमा चाहियो 4117549, 9851332575

रोटी बनाउने कामदार चाहियो ०१५३३८०९८, बागबजार

घरायसी कामगर्ने महिलाहरू चाहियो 9818852178

बाईक फुल मिस्त्री पोखरा-३०, ९८०५८७२३४०

कौशलटारको मिठाई पसललाई मिठाईमिस्त्री, जेरीपुरी बनोने, भेजमम चाउमिनकुक, हेल्पर, मसाल्ची, वेटर चाहियो महिलालाई प्राथमिकता, खानेबस्ने सुविधा ९८५१०४३५३७

मर्मत

मेसिनबाट सेफटीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलमंगाल, ट्वाइलेट जामखोल्ने सस्तोमा 9851061331, 9851161163

मेसिनबाट सेफटीट्यांकी ढलमंगाल जामखोल्ने 9851056662

ढलट्वाइलेट मंगाल जामखोल्ने दक्षकामदारले 9841663344

ढलट्वाईलेट मंगाल जामखोल्ने ९८४१८८१९०१, ९८४१२५६०५०

ढलट्वाइलेट सेफटीट्याङकी मंगाल जामखोल्ने 9841505513

ढलट्वाइलेट मंगालजामखोल्ने, मर्मतनिर्माण, 9851018828, 9841464543

भर्ना

प्राईभेट SEE,+2, Bachelor ग्यारेन्टी पास, 9860579477, 9808317517, किताब नि:शुल्क

Private SEE, +2, BA, MA 9841206019

प्राइभेट SEE, +2, BBS/BA, नि:शुल्क भर्ना 9880780413

तालिम

निशुल्कमा मोबाइल टेलिभिजन हाउसवायरिङ्ग ९८४५३९८१३६

डोजर, एस्काभेटर अपरेटर तालिम: 9851122136

उपचार

यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५११४७८१०

बिहावारी

नेवारहरूका २५देखी ४०वर्ष श्रेष्ठ/जोशी, मानन्धर/डंगोल, राजकर्णकार/तामाकार, नगरकोटी/स्थापित, भारीमा Doctor/ Engineer, BBS/MBA, Kathmandu/America, London/German, Canada/Australia वरवधुमा बुवामुमाले सम्पर्क, 9865552528

प्रतिष्ठित ब्राम्हण परिवारको सम्बन्धविच्छेद समस्याबिहिन बालविशेषज्ञ डाक्टरको लागि ४५वर्ष मुनिको वधुचाहियो बच्चापनि स्वीकार्य हुनेछ Whatsapp +919924793749

वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

रिजन एड मिडिया एण्ड मार्केटिङ्ग	पेप्सीकोला/कोटेश्वर	०१-४५६३५३१, ५८५११७८८३०
जिरो मिडिया	अनामनगर	५७०५६५५
सुस्मिता क्लासिफाइड	नयाँबानेश्वर	०१-४१०४२३७, ५८५१०२११७२
सिद्धि गणेश एडभरटाइजिङ्ग	फुलबारी टोल, कपन	५८४१२८५४४७, ५८४३७८७५५६
युनिटेक आई.टी. सोलुसन	चुच्चेपाटी	५८४१३१५४४१, ०१४५८५५०२
जयबागेश्वरी कम्युनिकेशन	जयबागेश्वरी	०१-५२४१०११, ५८६३३३७२१७
हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन	जमल	४२२४१८१, ४०१२५७७
पब्लिक कन्ट्याक्ट प्वाइन्ट	कालिमाटी	४६७४८०१, ५८४१६५५३५३
न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस	लगनखेल	५५४३५८२, ५८४१८३४५३४
भ्याली कम्युनिकेशन सर्भिस	महाराजगञ्ज	०१४३७२३३०, ५८४५६५२५३
बि. एण्ड बि. कम्युनिकेशन	कलंकी	५२३४५३०, ५८४१०२१५२३
लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि.	गोंगबु, नयांवसपार्क	५८५१०२४३५८, ४३६४७५१
विडलिंक मिडिया	पु. बानेश्वरचोक	४४५२३०५, ५८४५५६०६१४
अनलाइन विज्ञापन सेवा	सिनामंगल	४४५१४१२, ५८५११२०१८०
पशुपति विज्ञापन सेवा	सोह्रखुट्टे चोक	५८६६४३०१५५, ५८१३६३५६०५
मरमिड	कलंकी	५२३४३४२, ५८४५४७५६७५
निशा बुक्स एण्ड स्टेशनरी	लगनखेल	५५३१५५७, ५८४१६२७४८५
सेढाई स्टेशनरी	बसुन्धरा	५८४६१७८२२८
नेपाल मिडिया कन्सर्ल्ट	सिफल	०१-४५७८१०३
सूर्य विनायक साइबर	भक्तपुर	५०५२६७४, ५८४१५७०८४१
डि. एण्ड डि एडभरटाइजिङ्ग	लुभु	५५८०४०६, ५५५४३३२
स्मार्ट इन्भेष्टमेन्ट	जोरपाटी	५८५१०८५२५३, ५७४१०१७२५३
प्रयास इन्टरप्राइजेज	बागबजार	४२४५१०८
किपु बुक प्वाइन्ट	कीर्तिपुर	४३३१७७५
कान्तिपुर सञ्चार सेवा	कमलपोखरी	४५१४५२२, ५८४१४७८६००
मिडिया वे प्रा.लि.	नयाँबजार	४३८७८५५, ५८४१५१७०४५
न्यु टिन्स स्टेशनरी	सातदोबाटो	५६१७७४५१०५, ५८४१३२३८२८
दीप सेवा कम्पनी	कोटेश्वर	४६०००७०
क्वीक कम्युनिकेशन सर्भिस	बालाजु	४५८३४५२, ४५८५४२६
गेटवे सञ्चार सेवा	सिनामंगल	५८०३७३५५८८, ५८५१०५३०७८
आर्क मिडिया	सुन्धारा	०१-५७१३५७१, ५८५१२२८२२८
भिजन एडभरटाइजिङ्ग	कलंकी	४०३२०४२, ५८५१०५६०४४
अदीति विज्ञापन सेवा	कौशलटार	५८५११२२३८१
माउण्टेन एर एड	एकान्तकुना, नख्खु	५५३३७६६, ५८४५६६५४६५
लुमिनेन्ट एड एजेन्सी	कुमारीपाटी	०१-५१७१२१६, ५८५११५५५२५
सुविधा डटकम	बनस्थली	४३५२७७२, ५८४१७११५१२
अंकुर मिडिया हाउस प्रा.लि.	गठ्ठाघर	६६३३५५८, ५८५११५२०५६
सेभेन24 प्रा.लि.	जावलाखेल, लपु	५५३५५२४, ५५४७७५७
मिडिया एडब	लाजिम्पाट	४००१०२५
सगरमाथा श्री मिडिया	बालकुमारी	५८४१५५४००७, ०१-५१००४७०
गणेश पुस्तक	कांकडभित्ता	५८४२६३३४०६, ०२३-५६३१०५
मुनाल पुस्तक पसल	गाईघाट	५८४२८७५५५५, ०३५-४२०१२५
श्रेष्ठ बुक्स एण्ड स्टेशनरी	दमक	०२३-५८४१२५, ५८४२६२०७५७
के.डि.ए. सप्लायर्स एण्ड एड	भरतपुर	०५६-५७२१०५, ५८४५१५५३६१
चितवन एडभरटाइजिङ्ग	भरतपुर	०५६-५३१००८, ५८५५०६३४०७

वर्गीकृत डिस्प्ले श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-

वर्गीकृत विज्ञापन साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/-

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktclassified@kmg.com.np

* मू.अ.क. बाहेक

कान्तिपुर

ekantipur.com

मुक्त आकाश तीज विशेष

८ सोमबार, १३ भदौ, २०७९ (Monday, August 29, 2022)

व्रत किन ?

व्रतले शरीरको तौल नियन्त्रणमा सहयोग पुऱ्याउनुका साथै उच्च रक्तचाप रोक्न रगतमा ग्लुकोजको मात्रा सन्तुलित बनाउँछ । तर, स्वास्थ्यविज्ञ भन्छन्- 'जस्तोसुकै व्रतमा पनि पानी पिउन नछाड्नुस् ।'

बुनु थारू (काठमाडौं)

हरितालिका तीज नजिकिएसँगै महिलाहरू दर खाने चटारोमा छन्, व्रत बस्ने योजनामा छन् । परम्पराका पक्षपातीहरू तीजलाई निराहार र निर्जल व्रत बस्ने पर्वका रूपमा लिन्छन् । धार्मिक आस्थाका आधारमा व्रतलाई साधनाका रूपमा पनि लिइन्छ । तर, निराहार व्रत बस्दा र दिनभर नाचगानको थकाइले कतिपय महिलामा कमजोरीको समस्या पनि देखिने गरेको छ ।

विज्ञहरूका अनुसार आफ्नो स्वास्थ्य अवस्थाले साथ दिएको छैन भने व्रत बस्नु हुँदैन । स्वस्थ मानिसले साता वा महिनाको एकचोटि व्रत बस्नु शरीरका लागि राम्रो मानिन्छ । तर, पर्वका नाममा निराहार व्रत बस्दा टाउको दुख्ने, चक्कर लाग्ने, थकान र कम रक्तचापजस्ता समस्या देखिन सक्छन् ।

नेपाल आयुर्वेद चिकित्सक संघका निवर्तमान अध्यक्ष डा. प्रकाश ज्ञवालीका अनुसार व्रत तीन किसिमका हुन्छन्, निर्जलहार (पानी नखाई बस्ने), फलाहार (फलफूल खाने तर अन्न नखाने) र दिनभर पानीमात्र पिउने, साँझ अन्न खाने ।

'तीजमा पानी पनि नखाई बस्ने चलन छ । सक्नेले गर्छन्, नसक्नेले गर्दैनन्,' डा. ज्ञवालीले भने, 'स्वस्थ व्यक्तिलाई फाइदा गरे पनि अशक्त, कमजोर, गर्भवती, उच्च रक्तचाप र मधुमेह भएकाले व्रत बस्नु हुँदैन ।' साताको एक पटक बसिने व्रतले पेट सफा हुने, शरीरमा अनावश्यक रूपमा रहेका बोसो तथा हानिकारक तत्त्व हट्ने र सकारात्मक ऊर्जा दिने उनी बताउँछन् । 'तीजमा त एक दिन मात्र व्रत बसिन्छ । यसले एकै दिनमा स्वास्थ्यमा फाइदा पुऱ्याउने काम त नगर्ला तर स्वस्थ व्यक्तिलाई राम्रै हुन्छ,' उनले भने, 'तीजमा मात्र होइन अरू बेला पनि शरीरलाई हानि नगर्ने खालका खाद्यवस्तु नखाने गरेर व्रत बस्दा फाइदा हुन्छ ।'

धार्मिक परम्पराअनुसार तीजको अघिल्लो दिन दर खाने चलन छ । पछिल्लो समय दरका नाममा बढी गुलियो, चिल्लो, पिरो परिकार खाने क्रम बढेको पोषणविद्हरू बताउँछन् । उनीहरूका अनुसार मसलेदार, गुलिया तथा चिल्ला खानेकुरा धेरै सेवन गर्नु हुँदैन । भरसक घरमै बनाइएका स्वस्थकर परिकार खानुपर्छ ।

'दर तीजको अघिल्लो दिन खाने चलन छ ताकि व्रतको दिन ऊर्जा प्राप्त भइराखोस्,' पोषणविद् प्रा.डा. जया प्रधान भन्छिन्, 'तर, यहाँ महिना दिनअघिदेखि भोजभतेर गर्ने चलन छ । जति पनि खाए हुन्छ भनेर दर खानुभएन । स्वास्थ्यलाई ख्यालमा राखेर सन्तुलित भोजन गर्नुपर्छ ।'

तीज नआउँदै सुरु हुने पार्टीका परिकारले पनि रोग बढाउन महत गर्ने उनी बताउँछिन् । 'गुलिया र चिल्ला खानेकुराले तौल बढ्न सक्छ, जसले थप अरू दीर्घरोगहरू निम्त्याउँछन्,' उनले भनिन्, 'खीरमा भने चामल, चिनी, ड्राई फ्रुट्स, घिउ आदिको मिश्रण हुन्छ, जसले सबै पोषक तत्त्वहरू प्रदान गर्छ । दरमा स्वस्थकर नै खानुपर्छ ।'

कस्ता व्यक्तिले व्रत बस्नु हुँदैन ?

- १३ वर्षमुनिका बालबालिका
- मधुमेहका समस्या भएका
- रक्तचाप कम भएका
- ग्यास्ट्रिकको समस्या भएका
- गर्भवती, स्तनपान गराइरहेका महिला
- इटिङ डिसअर्डर भएका
- धेरै औषधि सेवन गरिरहेका

नेपाल मेडिसिटी अस्पतालका इमर्जेन्सी फिजिसियन डा. अभिजित अधिकारी जति नै कठोर व्रत भए पनि पानी पिउन छाड्न नहुने सुझाव दिन्छन् । उच्च रक्तचाप, मधुमेह, मिर्गौलाका बिरामीहरूलाई व्रतले राम्रोभन्दा पनि बढी असर गर्ने उनको भनाइ छ । 'शरीरमा पानीको निरन्तर सप्लाई भएन भने एक दिनमै पनि यसले मिर्गौलालाई खराब गर्न सक्छ,' उनी भन्छन्, 'व्रत बस्नु नराम्रो त होइन तर यसको फाइदा सबैलाई लागू हुँदैन । पानी नखाई धेरै पटक व्रत बस्दा मिर्गौला बिग्रिने प्रक्रिया बढ्न महत पुग्छ ।'

नर्भिक अस्पतालकी पोषणविद् प्रनीति सिंह पहिले आफ्नो शरीरलाई ध्यान दिएर मात्रै व्रत बस्न सुझाउँछिन् । कमजोरी महसुस भएको अवस्थामा फलफूल, पानी वा जीवनजल लिन सकिने उनको भनाइ छ ।

उनका अनुसार अहिले 'इन्टरमिटेन्ट फास्टिङ' (१६ घण्टा नखाने र ८ घण्टा खाने) को चलन बढेको छ । यसखालको व्रत बस्दा शरीरमा पुरानो, नचल्ने तथा गलेको कोषिका मर्दै जान्छ र नयाँ कोषिका बनाउन सहयोग गर्छ । 'यो व्रत अहिले धेरैले लिने गरेका छन्, यसले फाइदा पनि पुऱ्याउँछ,' उनले भनिन्, 'यो व्रतमा अभ्यस्तलाई तीजको व्रतले केही फरक नपर्ला तर बानी नबसेकालाई गाह्रो हुन सक्छ । पहिलो प्राथमिकता आफ्नो शरीर नै भएकाले सन्चो छैन वा सकिएन भने व्रत नबसेकै बेस ।'

व्रतले शरीरको तौल नियन्त्रणमा सहयोग गर्नुका साथै उच्च रक्तचाप रोक्न रगतमा ग्लुकोजको मात्रा सन्तुलित बनाउन थप मद्दत पुऱ्याउने विज्ञहरू बताउँछन् । मानसिक रूपमा पनि यसले फाइदा गर्छ ।

पोषणविद् सिंहका अनुसार हामीले खाइरहेको खानामा रहेको कतिपय विषाक्त पदार्थ जुन कोषिकामा गएर बसेको हुन्छ, व्रत बस्दा त्यो निस्किन्छ । 'व्रत बस्नु भनेको शरीरलाई चाप दिएको हो । शरीरले खान पाएन भने शरीरको कोषिकाले कसरी अपडेट गर्ने भनेर सामना गर्ने क्षमता बढाउँछ,' उनी भन्छिन्, 'व्रत बस्दा शरीरमा रहेको ह्युमन ग्रोथ हर्मन बढ्छ जसले 'मेटाबोलोजिम' राम्रो हुन्छ । मांसपेशीले अक्सिजन पाएर फाइदा हुन्छ ।'

व्रत बस्नुभन्दा अगाडि खाइने चिल्लो तथा जंक फुडले शरीरलाई डिहाइड्रेट गराउन सक्ने भएकाले बढी प्यास लाग्ने उनी बताउँछिन् । 'त्यसैले व्रत बस्दा पानी पिउन आवश्यक छ,' उनले सुझाइन्, 'कम तौल भएको र शरीर नै कमजोर महसुस छ भनेचाहिँ व्रत नलिनुस् ।'

पोषणविद् प्रा.डा. प्रधानले व्रतमा पानीसमेत नपिउँदा स्वास्थ्यमा नकारात्मक असर पर्ने र बेहोससमेत हुन सक्ने बताइन् । 'शरीरमा पानी भएन भने डिहाइड्रेसन हुन्छ । शक्तिह्रासले कमजोरी बढ्छ र कतिपय बेहोस हुन सक्छन्,' उनले भनिन्, 'रमाइलो चाडमा शरीरलाई जोखिममा नपारी पनि व्रत बस्न सकिन्छ ।'

सञ्जालको स्वतन्त्रता

तीजको लहर समाजबाट सञ्जालसम्म पुगेको छ, त्यहाँ हुने बहसहरू तीजको धार्मिक/सांस्कृतिक/सामाजिक महत्त्वमा मात्रै सीमित छैनन्, महिलाका हकअधिकार र लैंगिक समानताका विषयमा पनि केन्द्रित छन्

सजना बराल (काठमाडौं)

अभिनेत्री एलिजा गौतमले 'काला चस्मा...' बोलको हिन्दी गीतमा गरेको ट्वेर्क स्टेपलाई लिएर अहिले सामाजिक सञ्जालमा 'हंगामा' मच्चिएको छ । तीजको कुनै कार्यक्रममा उनले चार हातपाउ टेकेर कम्मर उफार्दै नाचेको भिडियो भाइरल भइरहँदा अन्य महिलाले पनि हिजोआज त्यही स्टेप दोहोऱ्याइरहेका छन् । त्यस्ता भिडियो टिकटक, फेसबुक, ट्वीटर जतातै बग्रेल्ती देखिन्छन् ।

नाच्नेहरू एकातिर आफ्नै तरिकाले रमाइरहेका देखिन्छन् भने यसको स्टेपलाई लिएर आलोचकहरू पनि जन्मिइरहेका छन् । सञ्चारकर्मी रमा सिंहले त यसलाई 'आइमाईको नाममा कलंक' भन्दै टिप्पणी गरिन् । 'तीजअघिको नौटंकी' भन्दै ट्वीट गरेपछि महिला अधिकारकर्मीले उनको आलोचना गरेका छन् ।

कर्मचारी पोसाकमा ट्वेर्क गरेका बबई गाउँपालिकाका स्वास्थ्यकर्मीलाई त सामाजिक सञ्जालमै माफी मागनसमेत लगाइएको छ ।

भड्किलो, उच्छृंखल वा बारमा गरिने डान्स स्टेप भनेर एकातर्फ ट्वेर्कको आलोचना गरिएको छ भने अर्कोतर्फ सामान्य डान्स स्टेपलाई लिएर यत्रो कोकोहोलो मच्चाएकामा महिला अधिकारकर्मीले प्रश्न उठाइरहेका छन् । 'कसैलाई होच्याउने, ठेस पुऱ्याउने काम पो गर्नुभएन, संसारभरि नाचिने नाचको एउटा स्टेपमा किन यत्रो आपत्ति ?' महिला अधिकारकर्मी हिमा विष्ट भन्छिन्, 'यसरी नाच्दा पुरुषले ताली पाउँछन्, महिलालाई गाली गरिन्छ । पुरुषले दौरा-सुरुवाल लाएर घूस खानुहुन्छ, दारु खानुहुन्छ, महिला कर्मचारीले चाहिँ कार्यालय पोसाकमा नाच्दा माफी माग्नुपर्छ !'

लमजुङकी रामदेवी थापाले पछिल्ला केही सातायता धमाधम तीजका भिडियो पोस्ट गरिरहेकी छन् । फेसबुक र इस्टाग्रामका स्टोरीमा पनि 'चरी जेलैमा...' देखि 'काला चस्मा...' मा नाच्दै गरेका भिडियो हरेक दिनजसो आइरहेका हुन्छन् । 'तीजमा यसो रमाइलो गरौं भनेर भिडियो बनाएकी हुँ,' दुई सन्तानकी आमा उनले भनिन्, 'पहिले-पहिले टिकटक, फेसबुक थिएनन् । हात-हातमा मोबाइल थिएन । अहिले सबैथोक उपलब्ध हुँदा तिनको उपयोग किन नगर्ने ?' उनको गाउँ पामचोकका महिला समुदायले हालै आयोजना गरेको दर खाने कार्यक्रममा पनि मनग्गे नाचगान चल्यो । रामदेवीलगायत सहभागीले त्यसको फेसबुक लाइभ गरे ।

'नाच्न गएन भने हाम्रो गाउँमा फाइन (जरिवाना) लाग्छ,' उनले भनिन्, 'महिलाहरू नाच्दा यहाँ कसैले खिसी गर्दैनन् । सबै मिलेर नाचगान गर्दा, भिडियो बनाउँदा, सोसल मिडियामा लाइभ गर्दा तारिफै गरेको सुन्छु ।'

पछिल्लो समय सोसल मिडियामा भाइरल भएको 'ट्वेर्क' स्टेपप्रति रामदेवीले उति आपत्ति जनाइनन् । योग, व्यायाममा यस्ता स्टेप गरिने उनको भनाइ छ । 'योग गर्दा पनि कम्मर भाँच्ने, उफार्ने गरिन्छ,' उनले भनिन्, 'नाचमा पनि त्यही गरेको हो । त्यो स्टेप नराम्रो भएको भए सबैले किन सिको गर्थे र ?' ट्वेर्क स्टेपलाई लिएर यतिविघ्न लड्नुभन्दा महिलाका गम्भीर मुद्दामा बहस हुन आवश्यक रहेकोबारे हिमालगायत अधिकारकर्मीहरूले ट्वीटरमा औंल्याएका छन् ।

यसरी पछिल्ला वर्ष तीजको लहर समाजबाट सञ्जालमा पुगेको छ । त्यहाँ हुने बहसहरू तीजको धार्मिक/सांस्कृतिक/सामाजिक महत्त्वमा मात्रै सीमित छैनन्, महिलाका हकअधिकार र लैंगिक समानताका विषयहरूमा पनि केन्द्रित हुने गरेका छन् । तीजका सकारात्मक र नकारात्मक पाटामा पनि सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले भनाइ र भोगाइ साटासाट गरेको देखिन्छ ।

'तीजलगायत चाडपर्वबारे सामाजिक सञ्जालमा आलोचनात्मक बहस भइरहेका छन्,' समाजशास्त्री मीना पौडेल भन्छिन्, 'तीज सुधारिनुपर्छ, विकृति बढ्यो, तीजका गीतलाई रत्यौली बनाइयो भन्ने कुरा आएका छन् । यसले सुधारका निम्ति चेतना दिएको छ ।' उनका अनुसार आप्रवासी कामदार वा विदेशमा रहेका नेपाली, घरबाहिर वा छुट्टिएर बसेका परिवारलाई भर्चुअल रूपमै भए पनि भेट्ने, रमाइलो गर्ने, सान्त्वना दिने सामाजिक सञ्जालले प्रदान गरेको छ ।

समाजशास्त्री पौडेलले भनेझैं अहिले सामाजिक सञ्जालमा तीजको मनग्गे रौनक देखिन्छ । सञ्जाल प्रयोगकर्ताहरू फोटो, भिडियो सेयर गरिरहेका छन्, दरका कार्यक्रममा फोटा र भिडियो खिच्नेको छुट्टै व्यस्तता देखिन्छ । सामाजिक सञ्जालले चाड मनाउने शैली र रीतिरिवाजको तौरतरिका फेरिदिएको छ । विवाहको रीतमा हल्दी, मेहेन्दी, संगीतका कार्यक्रम थपिएका छन् । रक्षा बन्धन सबैले मान्न थालेका छन् । आदिवासी मूलका महिलाहरू पनि तीजमा दर खाने, व्रत बस्ने, रातो पहिरन र गरगहना लगाउन थालेका छन् ।

तीजलगायत चाडपर्वको शैली फेरिनुमा सामाजिक सञ्जालको मुख्य देन रहेको प्रविधि र समाज अध्ययन गर्नेहरू बताउँछन् । 'देखावटीपन धेरै बढेको छ,' टिकटकमा सक्रिय कांग्रेसकी विद्यार्थी नेतासमेत रहेकी पूजा फुयाल भन्छिन्, 'टिकटकमा जे भाइरल भयो, त्यही ट्रेन्ड सबैले फलो गर्छन् । सांस्कृतिक मूल्यमान्यताको हेक्का राख्ने चलन छैन । सबैथोक सामाजिक सञ्जालमुखी भएको छ ।'

समाजशास्त्री पौडलको बुझाइमा चाहिँ चाडपर्वका तिथिमितिको सूचना दिन र पर्व मान्न/मनाउन सामाजिक सञ्जालले सबैलाई उत्प्रेरणा दिइरहेको छ । यसरी हेर्दा पर्वलाई निरन्तरता दिन यसले एक हिसाबले मद्दत पनि गरेको छ । 'पहिला सोसल मिडिया नहुँदा वा सञ्चारका सीमित स्रोत उपलब्ध हुँदा मान्छेले कहाँ के भइरहेको छ, कुन पर्व कहिले छ भन्ने पनि थाहै नपाउने स्थिति थियो,' उनले भनिन्, 'पर्वबारे सुसूचित गर्ने र पर्व मनाउन मान्छेलाई तताउने काम सोसल मिडियाले गरिरहेको छ । यो सकारात्मक कुरा हो ।'

विदेशमा जन्मे-हुर्केका नयाँ पुस्ताका नेपालीले सामाजिक सञ्जालमार्फत नै नेपाली चाडपर्व र रीतिरिवाज देख्न, बुझ्न र सिक्न पाइरहेका छन् । नेपालमा भएका विदेशी कूटनीतिक नियोगहरूले पनि तीजलगायत कार्यक्रम आयोजना गरेर त्यसका तस्बिर र भिडियो सामाजिक सञ्जालमा साझा गर्छन् । पोहोर अमेरिकी दूतावासका राजदूत च्यान्डी बेरीले 'हामी पनि नाच्नुपर्छ बीच बीचमा...' गीतमा नाचेको भिडियो दूतावासले आफ्नो सोसल मिडिया च्यानलहरूमा पोस्ट गरेको थियो । सामाजिक सञ्जाल र सूचना प्रविधिले एक-अर्काका चालचलन र चाडबाडलाई अन्तर्घुलन गर्न सघाइरहेका छन् ।

यद्यपि, सञ्जालकै कारण देखासिकी र तडकभडक बढेको, तीजका गीतहरू रत्यौलीजस्ता भएको भन्ने खालका गुनासा पनि सञ्जालतिरै सुनिन्छन् । महिला उद्यमी महासंघ नेपालकी निवर्तमान अध्यक्ष रीता सिंह महिलाले देखासिकीमा अनावश्यक तडकभडक र खर्च गरिरहेको बताउँछिन् । 'सम्पन्नले जे पनि गर्न सक्लान् तर विपन्नलाई अनावश्यक दबाब हुन्छ,' उनले भनिन्, 'यसले समाजमा विभेद निम्त्याइरहेको छ ।'

कार्यालयपिच्छे तीजका दर खाने कार्यक्रम आयोजना गर्ने, ड्रेस कोड (एउटै रङका सारी-चोलालगायत) कायम गर्नेजस्ता चलनलाई पनि कतिपयले विकृति मानेका छन् । सञ्जालले तीजलाई 'ग्ल्यामराइज्ड' गरेको व्यवसायी सिंह बताउँछिन् । 'सोसल मिडियामा छाउन वा प्रचारमा आउन मान्छेहरूले भड्किलो तरिका अपनाउने गरेको देखिन्छ,' उनले भनिन्, 'यसको सांस्कृतिक मूल्यमान्यताको ख्याल नगरीकन पर्वलाई उत्ताउलो बनाउने र चाहिनेभन्दा बढी ग्याल्मराइज्ड गर्ने काममा सामाजिक सञ्जालले भूमिका खेलेको छ ।'

महिला अधिकारकर्मी विष्टलाई पनि हाम्रा चाडपर्व बजारीकरण भएका हुन् भन्ने लाग्छ । तर, तीज महिला विशेष चाड भएकाले अन्य पर्वभन्दा यसको बढी आलोचना हुने गरेको उनी पाउँछिन् । 'यसलाई धर्मसँग जोडेर महिलाले के गर्नुहुन्छ, के गर्नु हुँदैन भनेर मोरल पोलिसिङ गर्ने गरिएको छ,' विमेन लिड नेपालकी कार्यकारी निर्देशकसमेत रहेकी विष्ट भन्छिन्, 'समयअनुसार चाडपर्व मान्ने, मनाउने चलन फेरिनु स्वाभाविक हो । अरूलाई होच्याउने, उडाउने, ठेस पुऱ्याउने काम गर्नुभएन । बाँकी त आफूलाई मनपर्ने जसरी नाचगान, रमाइलो गर्न, फोटो खिच्न, भिडियो बनाउन पाइन्छ ।'

तीजका अनेक रङ

तीजका सवालमा हरेकका फरक धारणा छन्, कोही व्रतलाई बेवास्ता गर्नेछन् भने कोही निर्जल व्रत बस्नेहरू पनि । जे होस्, हरेक चाडपर्वले लिएर आउने भनेकै खुसी हो ।

रीना मोक्तान (काठमाडौं)

अभिनेत्री स्वस्तिमा खड्कालाई तीजमा धेरैले गर्ने प्रश्न हो, 'विवाहित भएर पनि व्रत बस्दैनौ ?'

यो परम्परागत प्रश्नमा उनी सहमत छैनन् । कसैका लागि व्रत बसेर 'त्याग' गर्नुभन्दा महिलाले आफ्ना लागि पनि सोच्नुपर्छ भन्ने लाग्छ उनलाई । 'कोही एकदमै परम्परागत रूपमा तीज मनाउनुहुन्छ । अहिलेको युवापुस्ता सहज किसिमको व्रत बस्ने, रमाइलो गर्ने गर्नुहुन्छ,' उनी भन्छिन्, 'कसैले तीजलाई राम्रोभन्दा पनि बेफाइदा हुने किसिमले मनाइरहेको पनि देख्छु । तीज मनाउने सबैको आ-आफ्नै तरिका हुन्छन् ।'

महिलाहरूले त्याग गर्नुपर्छ र श्रीमान्का लागि व्रत बस्नुपर्छ भन्ने दृष्टिकोणप्रति पनि स्वस्तिमाको विमति छ । 'एउटी महिलाले श्रीमान्, परिवार र बालबालिकाका लागि मात्रै नभएर आफ्ना लागि पनि सोच्नुपर्छ भन्ने लाग्छ,' उनले भनिन्, 'कसैका लागि त्याग गर्नुभन्दा अगाडि आफू खुसी छु कि छैन भन्ने हेर्नुपर्छ । यस्ता पर्वमा खुसी नै प्रमुख हुनुपर्छ ।'

अहिलेको व्यस्त समयमा खाना खाने बेलामा समेत परिवारका सबै सदस्य एकजुट हुन नसक्ने अवस्था बन्दै गएको छ । यस्ता पर्वले कम्तीमा एक दिन भए पनि परिवारसँग भेटघाट हुने र रमाइलो गर्ने अवसर जुटाउने उनी बताउँछिन् । 'पर्वहरूले परिवारलाई एकसाथ जोड्ने काम गर्छन् । मेरा लागि पनि पर्व भनेको रमाइलो गर्ने, परिवारसँग दुःखसुख साट्ने नै हो,' उनले भनिन् ।

धेरैजसो हिन्दु महिला तीजमा निराहार व्रत बस्ने योजनामै हुन्छन् तर स्वस्तिमालाई यसमा खास रुचि छैन । स्वास्थ्यले साथ नदिएकाले आफूले व्रत नबस्ने गरेको उनको भनाइ छ । 'व्रत बस्नेहरूप्रति मेरो सम्मान छ । तर, मलाई व्रत बस्न मन पर्दैन । प्रेसर लो छ, समय-समयमा खाइरहनुपर्ने हुन्छ,' उनी भन्छिन्, 'तीजका लागि भनेर कुनै सपिङ पनि गरिँदैन । तीजको मामलामा अलि बोरिङ नै छु ।' तीजलक्षित नाचगान, दर खाने कार्यक्रम, भेटघाट सुरु भइसके पनि यसपालि स्वस्तिमाको कुनै योजना बनिसकेको छैन ।

अभिनेत्री केकी अधिकारीका लागि भने यो वर्षको तीज विशेष हुँदै छ । विवाहपछिको यो उनको पहिलो तीज हो । त्यसैले यसपालिको तीजले फरक उमंग लिएर आउनेमा उनी आशावादी छिन् । 'दर खाएर माइतीमै मनाउँछु । यसपालि पक्कै नौलो अनुभव हुनेछ,' उनले भनिन् । पहिलेदेखि नै तीजमा व्रत बस्ने उनी यसपालि पनि व्रतलाई 'ब्रेक' नगर्ने योजनामा छिन् ।

हरेक चाडपर्वले लिएर आउने भनेकै खुसी हो । खुसी भनेकै आफन्तसँग भेटघाट, रमाइलो अनि मिठोमसिनो । 'दैनिक जिन्दगीभन्दा केही फरक अनुभव गराउने हो । जे गर्दा खुसी मिल्छ, त्यसरी नै तीज मनाउनुपर्छ,' केकीले भनिन्, 'समाज, रीतिरिवाजले के-कसो भन्ला भनेर आफूलाई असहज हुने गरी होइन मनले जे भन्छ त्यसरी नै खुसी लिने कोसिस गर्नुपर्छ । बिनारोकटोक नाच्न, हाँस्न र गाउनलाई तीज नै कुर्नुपर्छ भन्ने पनि होइन ।'

केकीले व्रत बस्न थालेको १२ वर्ष भइसक्यो । होस्टेलका दिदीहरू व्रत बस्थे । उनीहरूलाई हेर्दाहेर्दै रहरैरहरमा उनमा व्रतप्रति चाख बढ्यो । 'वर्षमा एकचोटि निराहार बस्दा स्वास्थ्यका लागि राम्रो, मनलाई पनि आनन्द,' उनी भन्छिन्, 'अहिले बुझ्दै जाँदा सबैभन्दा ठूलो कुरा आत्मसन्तुष्टि र मनको खुसी रहेछ । त्यसैका लागि तीज मनाउँदै आइरहेकी छु ।' अभिनेत्री प्रियंका कार्कीले भने यस पटकको तीज मनाउन नपाउने भएकी छन् । रामबाबु गुरुङ निर्देशित फिल्म 'फूलबारी'को छायांकनले गर्दा उनले तीजलाई 'मिस' गर्नेछिन् । 'सुटिङ नभएको भए व्रत बस्थें होला । अरू बेला पनि तीजको योजना बनाउने थिइनँ किनकि जहिल्यै काममा व्यस्त हुन्थें,' उनी भन्छिन्, 'योजनै बनाएर तीज मनाउने गरेकी छैन ।'

अभिनेत्री बेनिशा हमालको पनि यो वर्षको तीज छायांकनस्थलमै बित्ने भएको छ । अरू बेला उनी चितवनमै परिवारका साथ तीज मनाउँथिन् । दर खाने कार्यक्रममा गइरहेकी हुन्थिन् । यस पटक 'छक्का पञ्जा ४' को छायांकनले उनलाई तीजमा पनि व्यस्त बनाएको छ । 'यसपालि तीज लागेको अनुभव नै भएको छैन,' उनले भनिन्, 'पहिला त व्रत पनि बस्थें ।' एक पटक बेनिशा साथीहरूको लहलहैमा लागेर पानी नपिई व्रत बसेकी थिइन्, त्यसरी बस्दा उनलाई धेरै समय रिंगायो । झन्डै बेहोस भएकाले त्यसपछि फलफूल खाएर मात्रै व्रत बस्न थालेको उनले सुनाइन् । 'दिदीबहिनीहरू भेटेर दुःखसुखको कुरा साट्ने चाड नै तीज हो जस्तो लाग्छ । अहिले त एक महिना अगाडिदेखि तीज सुरु हुन्छ, विशेष दिनमा पुरदा रौनक नै हराए जस्तो,' उनी सम्झिन्छिन्, 'चितवनमा मेला लाग्थ्यो, सबै रातै लुगामा हुन्थे । त्यो माहोलको रौनक नै फरक हुन्थ्यो ।'

व्यवसायी विदुषी राणा हरेक तीजमा व्रत बस्छिन् । १६ वर्षको उमेरदेखि नै उनले व्रत बस्न सुरु गरेकी हुन् । उनका लागि माइतबाट तीजको दरमात्रै होइन लुगा, चुरा, पोतेजस्ता उपहार आइपुग्छ । 'बिहान उठेर नुहाइधुवाइ गऱ्यो, चुरापोते लगायो । दिनभरि व्रत बस्यो,' उनी भन्छिन्, 'अघिल्लो दिन दर खाने, रमाइलो गर्ने, व्रत बस्ने योजना छ ।' आफ्नो श्रीमान्का लागि भन्दा पनि यो एउटा सांस्कृतिक चाड भएको उनको बुझाइ छ । व्रतमा पहिलेदेखि नै रुचि भएकाले पनि निरन्तरता दिएको उनले बताइन् । 'बिहेअघि आमा, माइजूहरूले व्रत बसेको देखें । बिहे गरेर आइसकेपछि सासू, नन्दहरूले मनाएको देखें,' भन्छिन्, 'आफूलाई आफूले कति कन्ट्रोल गर्न सकिन्छ भन्ने पनि व्रतले देखाउँछ ।' उनी कडा खालको व्रत बस्छिन्, पानीसमेत नपिई निर्जल ।

तीजको मामलामा अलि बोरिङ नै छु

- स्वस्तिमा खड्का, अभिनेत्री

पानीसमेत नपिई कडा खालको व्रत बस्छु

- विदुषी राणा, व्यवसायी

हिजोआज तीज धार्मिक कार्यक्रमजस्तो हुन थाल्यो

- मानुषी यमि भट्टराई, राजनीतिकर्मी

अर्की व्यवसायी भवानी राणा भने तीजलाई लिएर निकै उत्साहित छिन् । तीज आउनुभन्दा अगाडिदेखि नै शुभकामना दिने, दर खाने कार्यक्रममा व्यस्त भइन् उनी । उनले तीजमा व्रत बस्दै आएको ३० वर्ष भइसक्यो । बिहे गरेको केही वर्ष त उनी पानी नपिई व्रत बस्ने गर्थिन् । अहिले भने स्वास्थ्यको ख्याल राख्दै फलफूल खाने गर्छिन् । '१२ बजे पूजा हुन्छ । साँझ गुरुहरू आउनुहुन्छ, बत्ती बालेर पूजा गर्छौं,' उनले भनिन्, 'डिहाइड्रेसन नहोस् भनेर व्रतमा फलफूल खान्छु ।' परम्परागत चाड भएकाले स्वास्थ्य र संस्कृतिलाई ख्याल गरेर तीज मनाउन उनी सल्लाह दिन्छिन् । 'तीजलाई आफ्नो परम्परा र संस्कृतिका रूपमा मनाउनुपर्छ । थुकसमेत निल्न नहुने, पानी नै पिउन नहुने भन्ने परम्परागत धारणा भने हटाउनुपर्छ ।'

गुल्मी पुगेकी नेकपा एकीकृत समाजवादी सचिव तथा पूर्वमन्त्री रामकुमारी झाँक्रीले घरतिर तीज मनाउन सुरु गरिसकिन् । 'एसएलसी दिएको स्कुल धुर्कोटमा तीज मनाएँ,' उनले भनिन्, 'हामीकहाँ व्रत बस्ने चलन नभए पनि तीज त भव्यताका साथ मनाउँछौं । नाच्ने, गाउने, दर खाने, रमाइलो गर्ने त भइहाल्छ ।'

नेपाल समाजवादी पार्टीकी नेता मानुषी यमि भट्टराई भने तीजमा माइती नजाने साथीहरूसँग भेट्ने योजनामा छिन् । आमा हिसिला यमिको पालामा तीजमा राजनीतिक गतिविधि भए पनि हिजोआज यो धार्मिक कार्यक्रमजस्तो हुन थालेको उनको विश्लेषण छ । 'माइती नजाने साथीहरूसँग भेटघाट गरौं भन्ने अनौपचारिक योजना बन्दै छ । छिमेकी साथीहरूको भेटघाट कार्यक्रममा जान्छु,' उनले भनिन् ।

बदलिँदो रोजाइ

सीमा तामाङ (काठमाडौं)

तीजमा महिलाहरूको रोजाइ भनेकै रातो रङको सारी । चुरापोते र गरगहना । यो पर्व नजिकिँदा व्यापारीदेखि उपभोक्तासम्मलाई बजारमा कस्तो सामग्रीको माग छ भन्नेमै बढी चासो हुन्छ ।

समय फेरिँदै जाँदा पहिरन र गरगहनाको ट्रेन्ड पनि बदलिँदो छ । पहिला हेभी र महँगो सारी लगाउने प्रचलन थियो, अहिले रातै रङमा पनि हलुका र सस्तो मूल्यका सारी बजारमा आउन थालेका छन् । तीज जति नजिकियो, व्यापार भने कम हुन थालेको व्यापारीहरूको भनाइ छ । 'तीजको बजारमा देखिएको रौनक अहिले घटिरहेको छ,' असनका एक व्यापारीले भने ।

मोबाइलमा फोटो लिएर मखनस्थित पसलमा सारी खोज्दै थिइन्, कोटेश्वर बस्ने सरु मगर । भाइरल सारी भन्दै विभिन्न कलर मिक्स भएको बुट्टे सारी खरिद गर्ने योजनामा रहेकी उनी १५ सय रुपैयाँ मूल्य सुनेपछि झस्किइन् । सात सयदेखि एक हजारमा बेचिरहेको टिकटकमार्फत थाहा पाएको भन्दै उनी पसलेलाई मूल्य घटाउन आग्रह गरिरहेकी थिइन् । सातवटा सारी लिने भन्दै उनले हजार रुपैयाँमै दिन जोड गरिन् । तर पसलेले १३ सय रुपैयाँभन्दा कम मूल्यमा दिन नसकिने बताएपछि उनी सोही मूल्यमा सारी किन्न राजी भइन् । रोजेर सामान किन्नेभन्दा पनि फोटो लिएर खोज्न आउने धेरै रहेको ती पसलेले सुनाए । उनका अनुसार हिजोआज समूहका सबैले एउटै सारी लगाउने हुँदा एकै पटकमा १५ वटासम्म बिक्ने गरेको छ ।

साउन महिनामा मात्रै १९ करोड ८१ लाख ५४ हजार रुपैयाँको सारी भित्रिएको भन्सार विभागको तथ्यांक छ । उक्त अवधिमा ४ लाख २० हजार ४ सय १८ वटा सारी भित्रिएको थियो । सबैभन्दा बढी भारतबाट १९ करोड ६० लाख ४४ हजार रुपैयाँ बराबरको ४ लाख १४ हजार ७ सय १८ वटा सारी भित्रिएको हो । बाँकी सारी इन्डोनेसिया, बंगलादेश, चीन, हङकङबाट भित्रिएका हुन् । एउटै सारीको मूल्य पनि गुणस्तरअनुसार सस्तो र महँगो पर्छ । तीजको व्यापार सुरु भएसँगै दैनिक ३ देखि ४ लाखसम्मको सारीको व्यापार भएको बाँगेमुढास्थित सञ्जय इम्पेरियलमा कार्यरत सेलिना श्रेष्ठले बताइन् । उनलाई अहिले सारी देखाउन भ्याइनभ्याई छ । गएको साताको तुलनामा सारी किन्न कम मानिस आउन थालेको उनले सुनाइन् । 'एक सातादेखि तीजका लागि सारी बेचिरहेका छौं, आजदेखि मान्छे कम हुन थाले,' आइतबार उनले भनिन्, 'धेरै मानिस टिकटकमा चलेको सारी खोज्न आउँछन्, अनि मूल्य सुनेर तर्सिन्छन् ।'

उनका अनुसार अहिले कोरियन सिफन, कोरियन सिल्क, अर्गान्जालगायत ब्रान्डका सारीको माग धेरै छ । 'यो तीजमा फ्लोरल प्रिन्ट, बुट्टे सारीलगायत हलुका र सस्तो सारी धेरै बिक्री भयो,' उनले भनिन्, 'महँगो र हेभी सारी कमै बिके ।' पहिलाको तीजमा यस्ता सारीको माग धेरै आउने भए पनि कोरोना महामारीयता सारीको ट्रेन्ड नै फेरिएको उनको अनुभव छ । 'पहिला रातै रङका सारी खोज्न आउँथे, हिजोआज रातो मिसिएको अन्य रङका खोज्न आउने पनि छन्,' उनले भनिन्, 'यसपालि ६५० देखि १५ सयसम्मका सारी धेरै बिक्री भए ।'

तीजमा सारीसँगै सुनचाँदीको समेत सिजन हो । तीजमा रातै तिलहरी, चुरापोते किन्ने क्रम हुवात्तै बढ्छ । न्युरोड, असन र इन्द्रचोकलगायत बजारमा सारी, चुरापोते खरिद गर्न आउने उस्तै छन् । तीजमा रातो रङको माइली तिलहरी र हरियो छड्केको तिलहरीको माग धेरै हुने सुनचाँदी व्यापारी बताउँछन् । अन्य गहनाभन्दा तिलहरीकै माग बढी आएको ओटुस्थित गहना निकुञ्जका कर्मचारी दीपक खोखालीले बताए । 'अहिले दैनिक ८ देखि १० तोलासम्म सुनको माग छ, सबैभन्दा धेरै तिलहरीको छ,' उनले भने, 'अरू बेलाजस्तै चुरा र औंठी किन्ने त छँदै छन् ।' उनका अनुसार पहिला २५ देखि ३० तोलासम्मको माग हुन्थ्यो । सुनको कम तौलबाट बन्ने चोकर, रानीहार, नौगेडी, जन्तरलगायत सामग्रीको पनि माग रहेको उनले सुनाए ।

भन्सार विभागका अनुसार साउनमा १ अर्ब ४८ करोड २७ लाख ४२ हजार रुपैयाँको दुई लाख ६ हजार ग्राम सुन आयात भएको थियो । ५ करोड ५२ लाख ९१ हजार रुपैयाँ बराबरको ३ हजार ३ सय ४६ ग्राम सुनको तयारी गहना आयात भएको विभागको तथ्यांक छ ।

तीजमा रातोसँगै हरियो पोतेको पनि माग धेरै रहेको इन्द्रचोकस्थित पोते पसलका साजिद उदिनले बताए । 'विवाहितले रातो लगाए पनि छड्के तिलहरीका लागि हरियो नै खोज्छन्, अविवाहितले पनि लगाउने मिल्ने हुँदा हरियोको धेरै माग छ,' उनले भने, 'अरू रङका पोते पनि खोज्न आउँछन् ।' तीजमा तिलहरी, नौगेडी, जन्तरलगायतमा पोते भर्न आउने धेरै भएको उनले सुनाए । उनका अनुसार पोते बनाएको २ सयदेखि ७ सय रुपैयाँसम्म ज्याला पर्छ । साउनमा २ करोड ५१ लाख ७४ हजार रुपैयाँ बराबरको ४५ हजार ९ सय ४७ किलो पोते आयात भएको छ । चुरा र टीका ७ करोड ९ लाख ८० हजार रुपैयाँको आयात भएको विभागको तथ्यांक छ ।

शंखमूलको क्रिस्टल ब्युटिपार्लरकी सीमा थापाले भेल्भेट र रातो चुराको माग धेरै रहेको बताइन् । 'सिसाको भन्दा भेल्भेट चुराको माग धेरै छ, भेल्भेटमा पनि मेटल र सिसाको आउँछ,' उनले भनिन्, 'अहिले मखमलको टीका, रातो लच्छा र रातै चुराको मात्र धेरै छ ।'

मुक्त आकाश तीज विशेष

- **सम्पादन** : फणीन्द्र संगम
- **भाषा** : बालचन्द्र मिश्र
- **साजसज्जा** : गोविन्द अर्याल
- **तस्बिर** : कान्तिपुर फोटो विभाग

विदेशी मुद्रा

अमेरिकी डलर	१२८.०९
युरो	१२७.२७
पाउन्ड स्टर्लिङ	१५१.६३
अस्ट्रेलियन डलर	८९.४३
कतारी रियाल	३४.९७

नेपाल राष्ट्र बैंकका आधारमा

सुन रु ९५,१००

चाँदी रु १,१६०

किन घटिरहेको छ निक्षेप ?

५ वर्षयता हरेक असार मसान्तको तुलनामा साउनमा बैंक तथा वित्तीय संस्थाको निक्षेप घट्दो

यज्ञ बज्राडे (काठमाडौं)

पछिल्लो एक महिनामा वाणिज्य बैंकहरूबाट मात्र करिब सवा खर्ब रुपैयाँ निक्षेप घटेको छ। असार मसान्तदेखि साउन मसान्तसम्ममा उल्लिखित रकम बराबरको निक्षेप वाणिज्य बैंकहरूबाट बाहिरिएको हो। साउनमा वित्तीय प्रणालीबाट निक्षेप बाहिरिनु (घट्नु) नयाँ भने होइन। ५ वर्षयता हरेक वर्ष असार मसान्तको तुलनामा साउनमा बैंक तथा वित्तीय संस्थाको निक्षेप घट्दै आएको छ। तर, अघिल्ला वर्षहरूको तुलनामा यो वर्ष बैंकहरूको निक्षेप धेरैले घटेको छ। राष्ट्र बैंकको तथ्यांकअनुसार गत असार मसान्तमा वाणिज्य बैंकहरूको कुल निक्षेप ४५ खर्ब ४१ अर्ब रुपैयाँ थियो। साउन मसान्तसम्म आइपुग्दा निक्षेप घटेर ४४ खर्ब ३३ अर्ब रुपैयाँ कायम भएको छ।

आर्थिक वर्षको अन्त्यमा आर्थिक कारोबार धेरै हुने र तीमध्ये केहीको भुक्तानी साउनमा मात्र हुने भएकाले असार मसान्तको तुलनामा साउनमा बैंक तथा वित्तीय संस्थाबाट निक्षेप घट्ने गर्छ। पछिल्ला वर्षका आर्थिक कारोबार बढेसँगै भुक्तानी गर्न बाँकी रकम पनि धेरै भएकाले केही वर्षयता साउनमा निरन्तर निक्षेप घट्ने गरेको चार्टर्ड एकाउन्टेन्ट एवं पूर्वबैंकर अनलराज भट्टराईले बताए। तर, पछिल्ला वर्षमा आयात उच्च दरले बढेकाले भुक्तानी गर्नै ठूलो रकम बाहिरिन थालेपछि वित्तीय प्रणालीबाट निक्षेप बाहिरिने क्रम पनि बढेको उनको तर्क छ।

'केही वर्षयता हरेक वर्ष असार मसान्तमा भुक्तानी गर्न बाँकी रकम साउन लागेपछि भुक्तानी भएकाले निक्षेप घट्ने गरेको थियो। ती वर्षमा कुल निक्षेपको १ प्रतिशत हाराहारीमा निक्षेप घटेको देखिन्थ्यो,' उनले भने, 'यो वर्ष करिब २ प्रतिशतले निक्षेप घटेको छ। यसको प्रमुख कारण बढ्दो आयात नै हो।' आयातित वस्तु तथा सेवा भुक्तानीका लागि धेरै पैसा मुलुक बाहिर गएपछि बैंकहरूले शाख सिर्जना (क्रेडिट क्रिएसन) गर्न अर्थात् निक्षेप संकलन पाएनन्। यसकारण बैंकको निक्षेप घटेको उनले बताए।

'अहिले बजारमा विदेशी मुद्रा आपूर्ति पनि घटेको छ। व्यापारीहरू (बैंक) ले नेपाली रुपैयाँले राष्ट्र बैंकसँग डलर किनेर आयातको भुक्तानी गर्दा नेपाली पैसा राष्ट्र बैंकमा थन्कियो, विदेशी मुद्रा



मुलुकबाट बाहिरियो। यसो हुँदा बैंकहरूले शाख सिर्जना (क्रेडिट क्रिएसन) गर्न पाएनन्,' उनले थपे, 'आयात बढेसँगै निक्षेपको घट्ने परिमाण पनि बढ्ने गरेको छ।' गत साउनमा आयात १२ प्रतिशतले घटेको देखिन्छ। आउँदा महिनामा पनि आयात घटिरहे निक्षेप घट्ने क्रममा पनि सुधार आउन सक्छ। अन्यथा अझै केही महिना बैंकहरूलाई तरलताको समस्या कायमै हुने देखिन्छ। वित्तीय प्रणालीबाट बाहिरिएको निक्षेप क्रिप्टोकरेन्सीलगायत अवैधानिक कारोबारमा उपयोग नभएको उनको दाबी छ। 'अन्तर्राष्ट्रिय बजारमा क्रिप्टोकरेन्सीको मूल्य इतिहासमै सबैभन्दा तल झरेको छ,' उनले भने, 'यसकारण लगानीकर्ताको आकर्षण घटेको छ।'

राष्ट्र बैंकको तथ्यांकअनुसार आर्थिक वर्ष ०७४/७५ असारको तुलनामा ०७५/७६ साउनमा करिब १० अर्ब ३३ करोडले निक्षेप घटेको थियो। आर्थिक वर्ष ०७५/७६ असारको तुलनामा ०७६/७७ साउनमा करिब १४ अर्ब २० करोडले निक्षेप घटेको थियो। आर्थिक वर्ष आर्थिक वर्ष ०७६/७७ असारको तुलनामा ०७७/७८ साउनमा करिब ५ अर्बले निक्षेप घटेको थियो। गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको साउनमा बैंक तथा वित्तीय संस्थाको निक्षेप करिब ८० अर्ब रुपैयाँले घटेको छ। 'सन् २०१७ अघिसम्म रेमिट्यान्समार्फत नेपाल भित्रिने विदेशी मुद्रा आयातमार्फत बाहिरिने रकमभन्दा बढी हुने भएकाले विदेशी मुद्रा सञ्चितिको चाप परेको थिएन भने बैंकमा निक्षेप पनि घटेको थिएन,' अर्थशास्त्री विश्वास गौचनले भने, 'सन् २०१७ पछि आयातका लागि गर्नुपर्ने भुक्तानी रेमिट्यान्समार्फत भित्रिने विदेशी मुद्राभन्दा धेरै बढी हुन थाल्यो। यसो हुँदा विदेशी मुद्रा सञ्चितिमा पनि चाप पर्न थाल्यो। बैंकहरूको निक्षेप पनि घट्न थाल्यो।'

प्रायः बैंक तथा वित्तीय संस्थाले त्रैमासिक रूपमा निक्षेपको ब्याज निक्षेपकर्ताको खातामा हालिदिने भएकाले पनि असार मसान्तमा निक्षेप बढ्ने तर निक्षेपकर्ताले ब्याजबापतको रकम निकाल्ने भएकाले साउनमा निक्षेप घट्ने सामान्य प्रवृत्ति नै रहने उनले बताए। 'पछिल्ला वर्षहरूमा नेपालमा निक्षेप घट्नुको प्रमुख कारण आयात नै हो। आयातमार्फत धेरै रकम बाहिरिँदा बैंकहरूले साख सिर्जना गर्न पाएनन्,' उनले भने। हरेक पछिल्ला वर्षहरूमा तरलता समस्या झन्झनै बढ्दै जानु पनि यसकै कारण भएको उनको दाबी छ। 'पहिले वित्तीय प्रणालीमा लगानीयोग्य रकम मात्र अभाव (लिक्विडिटी क्राइसिस) थियो। पछिल्ला महिनाहरूमा निक्षेपकर्तालाई फिर्ता दिने रकममा पनि कमी (लिक्विडिटी क्रन्च) देखिन थालेको छ,' उनले भने, 'यो समस्या स्वचालित रूपमा समाधान हुने सम्भावना देखिँदैन।'

बाँकी पृष्ठ १२

चालु पुँजी कर्जाको सीमा अव्यावहारिक : महासंघ

काठमाडौं (कास)- नेपाल उद्योग वाणिज्य महासंघले उत्पादनमूलक उद्योग र व्यवसायका लागि चालु पुँजी कर्जाको सीमा फरक-फरक निर्धारण गरिनुपर्ने सुझाएको छ। उद्योगको प्रकृतिअनुसार फरक-फरक चालु पुँजी रकम आवश्यक पर्ने हुँदा २ करोडभन्दा बढी चालु पुँजी कर्जाको सीमा २५ प्रतिशत मात्र गरिनु अव्यावहारिक रहेको महासंघको भनाइ छ।

राष्ट्र बैंकले गत साता चालु पुँजी कर्जा मार्गदर्शन जारी गर्दै चालु पुँजी कर्जासम्बन्धी व्यवस्थामा कडाइ गरिदिएको छ। यसबारे महासंघले अव्यावहारिक भन्दै आपत्ति जनाएको हो। 'दक्षिण एसियामै नेपालको अन्तर्राष्ट्रिय व्यापारमा लाग्ने समय बढी भएर चौतर्फी समस्या भोगिरहेको अवस्थामा २५ प्रतिशत कर्जा सीमाले व्यवसाय सञ्चालन मात्र नभई उद्योगको क्षमतामा समेत गम्भीर असर पार्नेमा उद्यमी व्यवसायी चिन्तित छौं,' महासंघले जारी गरेको विज्ञप्तिमा भनिएको छ। व्यवसायको प्रकृतिअनुसार बैंक स्वयंले नै यसको सीमा निर्धारण गर्न पाउनुपर्ने महासंघको सुझाव छ। चालु पुँजी कर्जालाई ५ वर्षको आवधिक कर्जाका रूपमा नभई निरन्तर नै गराउन महासंघको आग्रह छ।

'ब्याजदरको उतारचढाव, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक असहजता, अन्तर्राष्ट्रिय रूपमा अकासिएको इन्धनको मूल्य, कच्चा पदार्थको मूल्य, लजिस्टिक्स शुल्कमा समेत वृद्धि भएकाले अनुमानित वित्तीय विवरण निर्धारण र चालु पुँजीको वास्तविक आवश्यक सीमा निर्धारणबीच तालमेल नमिल्ने र चालु पुँजीको अभावमा उद्योग सञ्चालनमै कठिनाइ उत्पन्न हुने विश्लेषण छ,' महासंघले भनेको छ। सर्तअनुसार कर्जा रकम

'समग्र उद्योगी व्यवसायीलाई एउटै बास्केटमा राखेर चालु पुँजी कर्जाको अवधारणा ल्याइनु व्यावहारिक देखिन्न'

व्यावसायिक प्रयोजनमा उपयोग गरे/नगरेको यकिन गर्न अनुगमन गरिनुपर्ने र अन्यत्र प्रयोग गरेको भए कारबाही गर्न पनि महासंघले सुझाव दिएको छ।

चालु पुँजी प्रयोजनको आवधिक कर्जाको सीमा निर्धारण गर्दा कम्तीमा ५ वर्षको अनुमानित वित्तीय विवरण र ३ वर्षको लेखापरीक्षण भएको विवरणको विश्लेषण गरिनुपर्नेलाई संशोधन गरी ३ वर्षको अनुमानित वित्तीय विवरण र २ वर्षको लेखापरीक्षण विवरण विश्लेषण गरिनुपर्ने व्यवस्था गर्न महासंघले आग्रह गरेको छ। चालु पुँजी कर्जाका लागि चल सम्पत्तिबाहेक अन्य कुनै पनि प्रकारको स्थिर वा अचल सम्पत्ति (घर, जग्गा आदि) सुरक्षण आवश्यक हुने छैन भन्ने व्यवस्थामा व्यक्तिगत सुरक्षण पनि आवश्यक नपर्ने उल्लेख गरिनुपर्ने महासंघको सुझाव छ। 'समग्र उद्योगी व्यवसायीलाई एउटै बास्केटमा राखेर चालु पुँजी कर्जाको अवधारणा ल्याइनु कसैगरी पनि व्यावहारिक देखिँदैन,' महासंघले भनेको छ।

'अर्को वर्षबाट विद्युत् आयातभन्दा बढी निर्यात'

कान्तिपुर संवाददाता (काठमाडौं)

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले आफ्नो कार्यकालको सबैभन्दा ठूलो उपलब्धि भारतसँगको विद्युत् व्यापार रहेको बताएकी छन्। आफूले मन्त्रालयको जिम्मेवारी लिएपछि गरेका काम र आगामी योजनाबारे जानकारी दिन आइतबार पत्रकार सम्मेलन गर्दै मन्त्री भुसालले अन्तरदेशीय विद्युत् व्यापारलाई आफूले प्राथमिकतामा राखेर काम गरेको र त्यसमा सफल पनि भएको दाबी गरिन्।

'अन्तर्राष्ट्रिय विद्युत् व्यापार म आएपछि सुरु भएको हो। गत वर्ष ९ मेगावाट र यस वर्षबाट ३६४ मेगावाट बिजुली भारतमा बेचिरहेका छौं,' भुसालले भनिन्, 'बंगलादेशसँग विद्युत् व्यापारका लागि पनि पहल भइरहेको छ।' मासिक २० युनिटसम्मको बिजुली खपतलाई निःशुल्क गरेको, सिँचाइ प्रयोजनका लागि महसुल घटाएर प्रतियुनिट २ रुपैयाँ कायम गरेको र सबै गार्हस्थ्य वर्गका उपभोक्ताका लागि पनि समग्र विद्युत् महसुल दर घटाएको उनले बताइन्। 'गरिबी घटाउन मैले गर्न सक्ने क्षेत्र के हो भनेर हेर्दा ऊर्जा र सिँचाइ देखें। त्यसपछि न्यून आर्थिक अवस्था भएका तथा सिँचाइ क्षेत्रका उपभोक्ता लक्षित गरेर विद्युत् महसुल घटाउने निर्णय हामीले गर्यौं,' मन्त्री भुसालले भनिन्। विद्युत् महसुल घटाउँदा विद्युत् खपत बढेको समेत उनको दाबी छ। अघिल्लो वर्षको प्रतिव्यक्ति विद्युत् खपत ३ सय २५ युनिटबाट बढेर गत वर्ष ३ सय ५० युनिट पुगेको मन्त्रालयले जनाएको छ।

१२ सय मेगावाट उत्पादन क्षमताको बुढीगण्डकी जलविद्युत् आयोजना सरकार आफैंले बनाउने निर्णय गरेर कम्पनी स्थापनाको प्रक्रिया थालिसेकेको मन्त्रालयको भनाइ छ। कम्पनी दर्ताका

मेरो कार्यकालको सबैभन्दा ठूलो उपलब्धि विद्युत् व्यापार हो, महसुल घटाउने विषयलाई पनि प्राथमिकतामा राखेकी छु

- पम्फा भुसाल
ऊर्जामन्त्री

बिजुली भारत जान थालेपछि ऊर्जा सम्मिश्रणको सोचाइ नै बदलिएको छ, अर्को वर्षबाटै हामी नेट एक्सपोर्टर बन्छौं

- कुलमान घिसिङ
कार्यकारी निर्देशक, विद्युत् प्राधिकरण

लागि चाहिने आर्थिक पक्षको व्यवस्थाका लागि अर्थ मन्त्रालयलाई पत्राचार गरिएकामा हालसम्म त्यसको जवाफ पाउन नसकेको पनि ऊर्जा मन्त्रालयले बताएको छ। बाँकी पृष्ठ १२

नाकामा सामान रोकिँदा दसैं महँगिने चिन्ता

सीमा तामाङ (काठमाडौं)

तीजको चहलपहल सुरु भइसके पनि उत्तरी नाका बन्द हुँदा दसैं बजार कस्तो हुन्छ भन्ने अन्योल छ। तीज सकिएसँगै दसैं बजार सुरु हुने व्यवसायीहरू बताउँछन्। दसैं सुरु हुन ३५ दिन बाँकी छ। तर दसैंमा धेरै बिक्री हुने रेडिमेड सामानलगायत विद्युतीय सामान उत्तरी नाकामै अड्किएका छन्। सामान अड्किएकै कारण व्यापारी, तिनका कर्मचारी, बैंकको ऋण, गोदाम भाडालगायत विविध कारणले गर्दा स्वतः मूल्य बढ्ने व्यवसायीहरूको भनाइ छ।

अबको २५ दिनमा उत्तरी नाकामा अड्किएका सामान नेपाली बजारमा आउन सकेनन् भने तिनको अर्थ नहुने नेपाल हिमालय सीमापार वाणिज्य संघका अध्यक्ष अशोककुमार श्रेष्ठले बताए। 'तीजलगत्तै दसैंको व्यापार सुरु हुन्छ, तर नेपाली बजारका सामान उत्तरी नाकामै छन्,' उनले भने, 'नाकामै आइसकेका सामान छुटाउन सरकारसँग माग गरेका छौं।' उत्तरी नाकाको अवस्था हेर्दा कोरोना संक्रमण घटे नाका खुल्ने नत्र नखुल्ने देखिएको उनले सुनाए। 'दसैंका सामान नाकामा अड्किबसेका छन्, भदौभित्र आए भने मात्र दसैंका लागि बिक्री गर्न मिल्छ, नत्र त्यसको अर्थ हुँदैन,' उनले भने।

उत्तरी नाकाबाट लत्ताकपडा, विद्युतीय सामग्री, खाद्यान्न, फलफूललगायत सामग्री नेपाली बजारमा भित्रिन्छन्। बिग्रने सामानलगायत सयौं ट्रक सामान चिनियाँ नाकामा अड्किएको उनको भनाइ छ। 'ती सामग्री बिग्रेको खण्डमा कसले भरपाई गर्ने ? त्यसकारण सरकारले ती सामान छुटाउन पहल गर्नुपर्छ,' श्रेष्ठले भने। दसैंतिहारलगायत चाडपर्वमा अन्य समयको भन्दा ४० प्रतिशत बढी सामग्री बिक्रीवितरण हुने भएकाले सरकारले यसतर्फ ध्यान दिनुपर्ने उनले बताए। बैंकको ऋणलगायत विभिन्न समस्याका बाबजुद अर्डर गरेका सामान पनि नाकामै अड्किएकाले व्यवसाय नै धरापमा पर्ने जोखिमसमेत रहेको उनको भनाइ छ। उत्तरी नाकाबाट झन्डै १ महिनामा सामान आइपुग्छ। त्यसैले व्यवसायीहरूले उत्तरी नाकाबाट नै सामान अर्डर गर्छन्। सिपमार्फत पनि सामग्री नआउने होइन तर आउनै ३ महिनाभन्दा बढी समय लाग्ने व्यवसायीहरूको भनाइ छ।

तीजमा लगाइने साडी, कुर्ता-सुरुवाललगायत सामान भारतीय बजारका हुन्छन्। त्यसैले तीजका लागि कुनै समस्या नभएको व्यापारीहरू बताउँछन्। तर दसैंलगायत अन्य चाडपर्वमा रेडिमेड कपडा नै धेरै प्रयोग गरिने हुँदा समस्या आउने उनीहरूको भनाइ छ। तीजलगत्तै दसैंका लागि धेरै सामान खोज्न आउने भए पनि यस पटक सामान आइनसकेको काठमाडौंको महाबौद्धमा जेन्ट्स कपडाको होलसेल पसल गरिरहेका शाश्वत आचार्यले बताए। 'उत्तरी नाका बन्द भएकाले साता दिनमा सामान आउँछ भन्ने सुनेको छु, सामान झरेन भने यो दसैं स्टक सामानले नै चलाउनुपर्छ,' उनले भने, 'व्यापारीसँग स्टक सामान

उत्तरी तातोपानी नाका बन्द भएपछि चीनको तिब्बती क्षेत्रको सीमा इलाकामा थन्किएका चिनियाँ कन्टेनर। *फाइल तस्बिर*

- व्यवसायी भन्छन्- 'भदौभित्र आए मात्र दसैंका सामान बिक्री गर्न मिल्छ, नत्र त्यसको अर्थ हुन्न'
- सुनको माग प्रतिदिन २५ देखि ३० किलो, आयात १० किलो मात्र

भए पनि उपभोक्ताले रुचाउने हुन् कि होइनन्।' नाका खुलेन र सामान आउन सकेन भने यो पटक सीमित सामानमै दसैं सकाउनुपर्ने अवस्था आउने उनले सुनाए। 'तीजपछि बाहिर विभिन्न जिल्लाबाट पनि सामान लिन आउँछन्, काठमाडौंकै पनि नयाँ सामान लिन आइहाल्छन्,' उनले भने।

नाकामा चाडपर्व लक्षित सामग्री अड्किएको भन्दै आइतबार नेपाल राष्ट्रिय व्यवसायी महासंघले विज्ञप्ति नै जारी गरेको छ। आयातित सामग्री चिनियाँ सिमानामा रोकिएको र लामो समयदेखि निर्यात ठप्प भएको घटनाले आफूहरूको ध्यानाकर्षण भएको महासंघले जनाएको छ। 'चाडपर्व लक्षित सामान चिनियाँ नाकामा केही समयदेखि रोकिएको र समयमा सामान आइनपुग्दा सम्पूर्ण व्यवसायी धराशायी हुने खतरा बढेको छ,' विज्ञप्तिमा भनिएको छ, 'विदेशी मुद्रा सञ्चितिमा भएको कमीका कारण सामान आयात गर्न पनि व्यवसायीले निकै समस्या खेपिरहेका छन्।'

यस्तै विविध समस्याका बाबजुद चाडपर्व लक्षित सामग्री अर्डर गरिए पनि सीमामै रोकिनु दुःखद रहेको महासंघका अध्यक्ष कुमार कार्कीले बताए। सीमामा यस्तै अवरोध रहने हो भने धेरै उद्योगी व्यवसायी आफ्नो व्यवसायबाटै पलायन हुन सक्ने खतरा बढेको उनको भनाइ छ। आवश्यक कूटनीतिक पहल गरी नाकामा देखिएका समस्या यथाशीघ्र समाधान गर्न सरकार, परराष्ट्र मन्त्रालयलगायत सरोकारवाला निकायलाई महासंघले आग्रह गरेको छ।

तीज सुरु भएसँगै सुनचाँदीको पनि मौसम सुरु भइसकेको छ। तर पर्याप्त सुन नभएको व्यवसायीहरूको भनाइ छ। उपभोक्ताको माग बढ्दै गए पनि व्यवसायीसँग पर्याप्त सुन नभएको सुनचाँदी महासंघका अध्यक्ष मनिकरत्न शाक्यले बताए। 'सुनचाँदीको सिजन सुरु भइसक्यो। बजारमा सुन छैन, हामीले ग्राहकको माग नै पूरा गर्न नसक्ने अवस्था आउँदै छ,' उनले भने। सामान्यतया प्रतिदिन २५ देखि ३० किलोसम्मको सुनको माग रहे आफूहरूले धान्न नसक्ने उनको भनाइ छ। 'सिजनमा ४० किलोसम्मको अर्डर आउँछ, आयात जम्मा १० किलो छ, ग्राहकको माग नै धान्न सक्दैनौं,' उनले भने, 'सिजनमा धेरै खपत हुन्छ, सरकारलाई दबाब दिएर सुन आयातको परिमाण बढाउन जोड दिनुपर्छ।'

सरकारले ०७६ चैत १६ देखि सुनको दिनहुँ आयात गरिने कोटालाई १० किलोमा झारेको थियो। त्यसलगत्तै सरकारले ०७७ चैतमा दैनिक २० किलोका दरले प्रतिदिन २५ किलो सुन आयात गर्न पाउने व्यवस्था गरेको थियो। तर फराकिलो बन्दै गएको शोधनान्तर घाटा र तीव्र रूपले घटिरहेको विदेशी मुद्रा सञ्चितिको अवस्थालाई थप बिग्रन नदिन भन्दै ०७८ फागुनमा पुनः सुन आयातको कोटा (परिमाण) घटाएर प्रतिदिन १० किलो बनाइएको हो। एकीकृत परिपत्र ०७८ मा संशोधन गर्दै नेपाल राष्ट्र बैंकले सुन आयातको कोटा घटाएको हो। नेपाल राष्ट्र बैंकले सुन आयात गर्न वाणिज्य बैंकहरूलाई मात्रै अनुमति दिएको छ। हाल मुलुकमा २६ वटा वाणिज्य बैंक छन्। वाणिज्य बैंकले आयात गरेको सुन नेपाल सुनचाँदी व्यवसायी महासंघ र नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघको सिफारिसमा बिक्री गरिन्छ।

अर्थ संक्षेप

भारतको सिलिगुडीमा केटीएम सिटीको आउटलेट

काठमाडौं (कास)- शेर्पा आउटडोरको नेपाली ब्रान्ड केटीएम सिटीले भारतमा बजार विस्तार गरेको छ। स्वदेशी लुगा उत्पादनमा छुट्टै पहिचान बनाउन सफल केटीएम सिटीले भारत सिलिगुडीमा समेत नयाँ आउटलेट खोलिएको बताएको छ। सिलिगुडीस्थित होमल्यान्ड बिजनेस सेन्टरमा खोलिएको नयाँ आउटलेट ५ हजार स्क्वायर फिट क्षेत्रफलमा फैलिएको छ। यसअघि भारतका विभिन्न ६ स्थानमा आउटलेट सञ्चालन गरेर व्यवसाय गर्दै आएकोमा अब सिलिगुडीमा पनि सेवा विस्तार गरिएको शेर्पा आउटडोरले जनाएको छ। नेपाली उत्पादन केटीएम सिटीले देशभर विभिन्न आउटलेटमार्फत आफ्नो सेवा प्रदान गर्दै आएको छ। काठमाडौंसहित पूर्वको धरान, पश्चिमको बुटवलसम्म केटीएम सिटीले आउटलेट सञ्चालन गरेको बताएको छ।

सेन्साईको दसैं योजना '३ को झट्का'

काठमाडौं (कास)- नेपाली इलेक्ट्रोनिक्स ब्रान्ड सेन्साईले नजिकिँदै गरेका चाड दसैं-तिहारलाई लक्ष्य गर्दै '३ को झट्का' नामक योजना ल्याएको छ। उक्त योजनाअन्तर्गत सेन्साई ब्रान्डका कुनै पनि सामानको खरिदमा लक्की ड्रमार्फत २ भाग्यशाली ग्राहकले एप्पलको आइफोन १३ जित्न सक्नेछन्। त्यस्तै ३ भाग्यशाली ग्राहकले एप्पलको आइप्याड १०.२ जित्न सक्नेछन्। बम्पर लक्की ड्रमार्फत १ भाग्यशाली ग्राहकले यामाहा आर १५ भीग्री जित्न सक्ने कम्पनीले जनाएको छ। साथै सेन्साईले आफ्ना सामानमा विभिन्न किसिमका वारेन्टी र निःशुल्क डेलिभरी पनि प्रदान गर्नेछ।

तीजमा ग्लोबल आईएमईको क्यासब्याक योजना

काठमाडौं (कास)- ग्लोबल आईएमई बैंकले तीजको अवसरमा महिला ग्राहकलाई लक्षित गर्दै विशेष क्यासब्याक योजना ल्याएको छ। यस योजनाअन्तर्गत भदौ १३ र १४ मा ग्लोबल स्मार्ट प्लस मोबाइल बैंकिङ एपबाट क्यूआर कोडमार्फत भुक्तानी गर्दा खरिदको २० प्रतिशत वा अधिकतम ५ सय रुपैयाँसम्म एक पटकका लागि क्यासब्याक पाइनेछ। बैंकमा नारी बचत तथा नारी शक्ति बचत खाता रहेका महिलाले ग्लोबल स्मार्ट प्लस एपको प्रयोग गरी क्यूआरमार्फतको भुक्तानीमा क्यासब्याक पाउनेछन्। मोबाइल बैंकिङ एप्लिकेसन तथा क्यूआर पेमेन्ट प्रयोगलाई बढावा दिन यो क्यासब्याक योजना सार्वजनिक गरिएको बैंकले जनाएको छ।

बर्जरको रंगोत्सव ग्राहक सेवा

काठमाडौं (कास)- बर्जर पेन्ट्स नेपालले यस वर्षको चाडपर्वमा बर्जर रंगोत्सव ग्राहक योजना ल्याएको छ। भदौ १ बाट मंसिर १० सम्म लागू हुने गरी दसैं-तिहार र फिफा विश्वकपलाई लक्षित गर्दै योजना ल्याइएको कम्पनीले जनाएको छ। फिफा विश्वकप २०२२ को उत्साहलाई दोब्बर वृद्धि गर्न बर्जर पेन्ट्स नेपालले लक्की ड्र पुरस्कारसहितको आकर्षक अफर ल्याएको छ। यस योजनामा सहभागी भई १५० भन्दा धेरै घरधनीले नगद तथा जिन्सी पुरस्कार जित्न सक्ने बर्जर पेन्ट्स नेपालका कन्ट्री मेनेजर सत्य प्रकाशले जनाए। बर्जरको प्रिमियम उत्पादन वेदरकोट लडलाइफ, वेदरकोट अल गार्ड, सिल्क ब्रिज इजी, सिल्क ल्यामर र सिल्क लक्जरी इमल्सनमा यो योजना लागू गरिएको कम्पनीको भनाइ छ। यो योजनाअन्तर्गत बर्जर पेन्ट्सको छनोट रेन्जबाट न्यूनतम ५० हजार रुपैयाँमा पेन्ट्स किन्दा १०० वर्गफिट बराबरको सिल्क लुजन वाल पेन्ट पक्का पुरस्कार प्रदान गरिने कम्पनीले जनाएको छ।

नेपालमा पनि कियाको मूल्य बढाइँदै

काठमाडौं (कास)- सवारीसाधन निर्माता किया भारतले पछिल्ला महिना आफ्ना केही मोडल र भेरिएन्टमा मूल्य बढाएको छ। किया सेल्टोजको अघिल्ला मोडलहरूको तुलनामा एसयूभीको मूल्य बढेको छ। मध्यम साइज एसयूभी किया सेल्टोज र सोनेट कम्प्याक्ट एसयूभीको मूल्य अघिल्लो मूल्यको तुलनामा भारतमा १६ देखि २१ प्रतिशतसम्म बढेको छ। पछिल्लो समय भारतमा मूल्य उच्च दरले बढे पनि किया नेपालले भने यहाँ स्थिर राखेको थियो। तर अब भने मूल्य बढाउने तयारी भएको छ। किया नेपालको आधिकारिक वितरक सीटीईपीएलले भारतको प्रभावले नेपालमा पनि क्रमिक रूपमा मूल्य बढ्ने जनाएको छ। नेपालमा किया सेल्टोजको मूल्य भेरिएन्टअनुसार अहिले ४९.५० लाखदेखि ७९.९० लाखसम्म छ। त्यस्तै कम्प्याक्ट एसयूभी किया सोनेटको मूल्य ३७.९० देखि ५९.९० लाखसम्म रहेको बताइएको छ।

सीजीको आईपी टीभी सेवा र सीजी नेट जोडी योजना

काठमाडौं (कास)- इन्टरनेट सेवा प्रदायक कम्पनी सीजी नेटले स्काईकमसँगको सहकार्यमा आईपी टीभी सेवा र सीजी नेट जोडी योजना सञ्चालनमा ल्याएको छ। अब ग्राहकले सीजीको नेट र आईपीटीभी दुवै सेवा पाउने छन्। आईपी टीभीअन्तर्गत २५७ च्यानल उपलब्ध हुनेछन्। ती च्यानलमध्ये १२५ वटा एचडी र १३२ वटा एसडी च्यानल हुनेछन्। तीमध्ये ५० भन्दा बढी मनोरञ्जनका च्यानल, १० भन्दा बढी म्युजिक च्यानल, १० भन्दा बढी किड्स च्यानल, १० भन्दा बढी धार्मिक च्यानल, २० भन्दा बढी स्पोर्ट्स च्यानल हुने कम्पनीले जनाएको छ। यस्तै २० भन्दा बढी स्टार च्यानल, १५ सोनी च्यानल, ५ कलर च्यानल, १० जी नेटवर्कलगायत छन्। कम्पनीका अनुसार सीजी नेट जोडी प्याकेज त्रैमासिक र वार्षिक रूपमा उपलब्ध हुनेछ। वार्षिक योजनाअनुरूप स्प्रिन्टर जोडी ८० एमबीपीएसको साथमा आईपी टीभीको ९ हजार ७ सय २० रुपैयाँ, पपुलर जोडी १५५ एमबीपीएसको साथमा आईपी टीभीको १२ हजार ६ सय ६० र रकस्टार जोडी ३०५ एमबीपीएसको साथमा आईपी टीभीको १६ हजार ४८८ रुपैयाँ शुल्क लाग्नेछ। सेटअप बक्सका लागि ग्राहकले पहिलो पटक २ हजार ६ सय रुपैयाँ शुल्क तिर्नुपर्ने छ।

निकासी पैठारी संघमा नयाँ कार्यसमिति चयन

काठमाडौं (कास)- आयात-निर्यातकर्ता व्यवसायीको प्रतिनिधि संस्था नेपाल समुद्रपार निकासी पैठारी संघमा नयाँ कार्यसमिति चयन भएको छ। संघको गत शुक्रबार सम्पन्न ४२औं वार्षिक साधारणसभाबाट विनोदकुमार सेठियाको नेतृत्वमा २१ सदस्यीय कार्यसमिति चयन भएको हो। संघद्वारा जारी विज्ञप्तिअनुसार अध्यक्षसहित सबै कार्यसमिति सदस्य निर्विरोध निर्वाचित भएका हुन्। नयाँ कार्यसमितिको प्रथम उपाध्यक्षमा शिवकुमार अग्रवाल, द्वितीय उपाध्यक्षमा रतनलाल केडिया, महासचिवमा अनिलकुमार अग्रवाल, प्रथम सचिवमा गौरव शारडा, द्वितीय सचिवमा विष्णुकुमार जोशी र कोषाध्यक्षमा प्रभातकुमार सर्राफ चुनिएका छन्। कार्यसमिति सदस्यमा आकाश गोल्छा, ऋषिराज मोर, कुमार कार्की, गोविन्दलाल संघई, जयन्तकुमार अग्रवाल, पवनकुमार अग्रवाल, पवनकुमार सन्चेतीलगायत निर्वाचित भएका छन्।

किन घटिरहेको...

राष्ट्र बैंकले पनि पेट्रोलियम पदार्थलगायत वस्तु तथा सेवाको आयातमा भुक्तानी भएको रकम बढेको, निर्माण परियोजनाहरूको गत वर्ष भएका कामको भुक्तानी भएको, राजस्व परिचालनलगायत कारणले साउनमा बैंकहरूको निक्षेप घटेको बताउँदै आएको छ। 'धेरै रकम आयात भएका वस्तु तथा सेवाको भुक्तानीमै गएको देखिन्छ। यस अवधिमा पुरानो बक्यौता पनि भुक्तानी भएको हुन सक्छ,' राष्ट्र बैंकका प्रवक्ता गुणाकर भट्टले भने, 'यद्यपि बचतको ठूलो हिस्सा आयात भुक्तानीकै लागि प्रयोग भएको प्रारम्भिक आकलन छ।' गत साउनमा मात्र आयात भुक्तानीका लागि करिब १ खर्ब रुपैयाँ बाहिरिएको हुन सक्ने राष्ट्र बैंकको आकलन छ। साउन लागेपछि सरकारले राजस्व संकलन गरे पनि खर्च नभएका कारण पनि बैंकको निक्षेप घटेको राष्ट्र बैंकका अधिकारीहरू बताउँछन्। साउनमा मात्र नभएर गत आर्थिक वर्षको चार महिना (साउन, कात्तिक, माघ र वैशाख) मा निक्षेप घट्यो भने बाँकी ८ महिनामा निक्षेप बढेको छ। आयात नियन्त्रण नगरिए आउँदा महिना पनि निक्षेप घट्ने क्रम नरोकिने जानकारहरू बताउँछन्।

'अर्को वर्षबाट...

'बुढीगण्डकी कम्पनीका लागि चालु आर्थिक वर्षको बजेटमा पैसा छुट्याइएको थिएन। रकमान्तर गरेर पैसा उपलब्ध गराउनुपर्ने भएपछि अर्थ मन्त्रालयबाट प्राविधिक रूपमा केही ढिला भएको हो,' ऊर्जा सचिव सुशीलचन्द्र तिवारीले भने।

गत आर्थिक वर्षमा करिब पौने ४ अर्ब रुपैयाँको बिजुली बिक्री भएकामा चालु आर्थिक वर्षको साउनमा मात्र करिब २ अर्ब रुपैयाँ बराबरको बिजुली भारतलाई बेचेको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको भनाइ छ। 'हामीले अहिले उत्पादन भइरहेको शतप्रतिशत बिजुली खपत गरेका छौं। कहींकतै खेर गएको छ। बढी भएको बिजुली भारतमा बेचिरहेका छौं,' घिसिङले भने, 'हालसम्म हामीले करिब ६ अर्ब रुपैयाँको बिजुली भारतमा बेचिसकेका छौं। साउनमा मात्र २ अर्बको बिजुली बेच्यौं।' नेपाल यसै वर्ष बिजुलीमा खुद निर्यातक (नेट एक्सपोर्टर) देश हुने पनि घिसिङले बताए। नेपालले गत जेठ २७ देखि दैनिक ३ सय ६४ मेगावाट बराबर बिजुली निर्यात गरिरहेको छ। गत आर्थिक वर्षमा आन्तरिक खपत भई बढी भएको ५ सय ९४ गिगावाट आवर विद्युत् निर्यात भएको थियो।

नेपालले भारतसँग मात्र नभई बंगलादेशसँग पनि विद्युत् व्यापारका लागि पहल गरिरहेको छ। बंगलादेशसँग विद्युत् व्यापारका लागि नेपाल विद्युत् प्राधिकरण, बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड र भारतीय कम्पनी एनटीपीसी विद्युत् व्यापार निगमबीच त्रिपक्षीय सम्झौता छलफल अघि बढाइएको ऊर्जा मन्त्रालयले जनाएको छ। ६ सय ८३ मेगावाट उत्पादन क्षमताको सुनकोसी-३ जलविद्युत् आयोजना संयुक्त रूपमा अघि बढाउन पनि नेपाल र बंगलादेशबीच प्रारम्भिक सहमति भइसकेको छ। गत आर्थिक वर्षमा ७४१ मेगावाट बिजुली राष्ट्रिय प्रणालीमा थपिएसँगै नेपालको कुल विद्युत् उत्पादन क्षमता २ हजार २ सय ६९ मेगावाट पुगेको छ। गत वर्ष ६६ केभीभन्दा माथिको प्रसारणलाइन ४ सय ४६ सर्किटलाइन थप भइ कुल ५ हजार ८६ सर्किट किलोमिटर पुगेको छ।

जलविद्युत् आयोजनाको संस्थापक सेयरमा कडाइ गर्न सरकारी अध्ययन कार्यदलले सुझाएको पनि त्यो सुझाव तत्काल कार्यान्वयन नहुनेसमेत मन्त्रालयले स्पष्ट पारेको छ। 'जलविद्युत् आयोजनाको संस्थापक सेयरमा कडाइ गर्न खोजेकै हो। वास्तविक विकासकर्ताहरू आऊन् भनेर यस्तो सुझाव तयार पारिएको थियो। तर अहिलेको ऐन नियमले नै यो व्यवस्था कार्यान्वयन गर्न मिल्दैन,' घिसिङले भने, 'हामीले निजी क्षेत्रसँग सल्लाह गरेरै यस्तो व्यवस्थाका लागि सुझाव तयार पारेका हौं। अलिकति कडा गर्नेबित्तिकै उनीहरू पीपीए गर्न नै आउँदैनन्।' प्राधिकरणको तथ्यांकअनुसार अहिले करिब १५ सय मेगावाट उत्पादन क्षमता बराबरका विद्युत् आयोजनाले विद्युत् खरिद सम्झौता (पीपीए) गरेर निर्माण कार्य अघि बढाएका छैनन्। 'लेऊ वा तिर' (टेक अर पे) प्रावधानमा पीपीए गरेर हालसम्म पनि निर्माणको काम सुरु नगरेका जलविद्युत् आयोजनाको लाइसेन्स रद्द गर्ने तयारी प्राधिकरणको छ।

देशभरका १८ सहरको सन् २०५० सम्मको विद्युत् माग र आपूर्ति व्यवस्थापनसम्बन्धी अध्ययन गरेर पूर्वाधार निर्माणको काम थालिएको घिसिङले बताए। 'सन् २०५० सम्मको विद्युत् मागको अवस्था हेरेर १८ वटा सहरमा प्रसारण र वितरण संरचना बनाउन अध्ययन भइरहेको छ। त्यसका लागि काठमाडौं उपत्यकामा मात्र ५० अर्ब रुपैयाँ बराबर खर्च हुने अनुमान छ,' उनले भने, 'यसमा प्रसारण लाइन तथा सबस्टेसन निर्माण, भूमिगत वितरण प्रणाली, स्मार्ट मिटर जडानलगायत काम पर्छन्।

DAI

USAID Tayar Nepal Project
Expression of Interest (EOI)

Date of Published 23 August 2022

DAI for USAID Tayar Nepal Program invites qualified National level service provider(s) and firm(s) to submit their Expression of Interest (EOI) as mentioned below:

EOI Ref #	Description of EOI
EOI-Tayar-22-001	Assessments, Design and Technical Supervision Services for Disaster Mitigation Infrastructure Project

USAID Tayar Nepal – Improved Disaster Risk Management Project will strengthen the capacity of Nepal's national and municipal institutions responsible for disaster preparedness and response, is funded by the United States Agency for International Development (USAID) and implemented by DAI Global LLC (DAI). The USAID Tayar Nepal hereby invites qualified National level service provider(s) and firm(s) to submit their Expression of Interest (EOI) for Assessments, Design and Technical Supervision Services for Disaster Mitigation Infrastructure Project.

Interested bidders may obtain complete EOI document by emailing and request to **TAYARTechprocurement@dai.com** and include the EOI reference in the subject line on or before 5 September 2022 5:00 pm, Nepal time. DAI will only respond to written questions regarding this EOI through the email address: **TayarTechProcurement@dai.com** and any questions must be submitted by 2 September 2022, 5pm Nepal Time.

The EOI responses should be submitted by email to **TAYARProcurementInbox@dai.com**, labeled with EOI reference #, on or before Wednesday, 7 September 2022 at 5pm Nepal time.

पानस बचत तथा ऋण सहकारी संस्था लिमिटेड
ग: पली - ०४, भक्तपुर, फोन नं ०१-६६१७७८८, ६६१९४१६

कर्जा भुक्तानी गर्न आउने बारेको ३५ दिने सूचना

यस सहकारी संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको भाखा भित्र साँवा, ब्याज, हर्जना तथा दै दस्तुर रकम धनि संस्थासंग गरेको शर्त सम्झौता बमोजिम तिर्न बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जाको शर्त कावुलियतको उलंघन गरेको तथा संस्थाले पटक पटक लिखित र मौखिक एंव स्थलगत भेटघाट आदिबाट ताकेता गर्दा समेत साँवा, ब्याज र हर्जना रकम भुक्तानी वा नियमित गर्न नआउनु भएकोले ३५ दिने अत्यन्त जरुरी सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा उपस्थित भै आफुले उपभोग गर्न भएको कर्जाको साँवा, ब्याज, हर्जना तथा अन्य दै दस्तुर समेत सम्पूर्ण रकम चुक्ता भुक्तानी गरी कर्जा फर फारक गर्न गराउनु होला । तोकिएको समयसम्म पनि बुझाउन नआएमा कर्जाको सुरक्षणको लागी लेखि दिएको चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित ऐन कानुन बमोजिम ऋणी सदस्य सो सँग सम्बन्धित अन्य पक्ष धनि संस्था बीच भए गरेको शर्त सम्झौता बमोजिम लिलाम बिक्री गरी वा ऋणी सदस्य तथा कर्जाको साक्षी तथा धन जमानी बस्ने व्यक्ति अन्य कार्वाही गरी संस्थाको आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचना मार्फत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल

स.नं	ऋणीको विवरण	ऋणीको फोटो	धितोको सुरक्षण विवरण
१	नाम : नवराज लामिछाने (ना.प्र.नं.-१५७४८ भक्तपुर जारी मिति) संस्थाको सदस्यता नं: M5358 पिताको नाम : वासुदेव लामिछाने बाजेको नाम : तारानाथ लामिछाने नाम : अनिता न्यौपाने (ना.प्र.नं.- १९२३६ भक्तपुर जारी मिति २०५५/०३/२२) पिताको नाम : राधाकृष्ण न्यौपाने श्रीमानको नाम : नवराज लामिछाने, कर्जा नं : PCL0127		भक्तपुर जिल्ला नगरकोट १ क कित्ता नं ४९२ क्षेत्रफल ०-६-०-० को जग्गा मिति २०७७/०७/०५ गतेमा दृष्टि बन्धक रोक्का र भक्तपुर जिल्ला नगरकोट १ क कित्ता नं ४९३ क्षेत्रफल ०-६-०-० को जग्गा मिति २०७७/०७/०५ गतेमा दृष्टि बन्धक रोक्का ।
२	नाम : राम कला बानियाँ (ना.प्र.नं.-९८३०३ ललितपुर जारी मिति : २०५५/११/०५) संस्थाको सदस्यता नं: M5484 पिताको नाम : कर्ण बहादुर खत्री बाजेको नाम : भैरव बहादुर खत्री कर्जा नं : PCL0147		ललितपुर जिल्ला धापाखेल ३ ख कित्ता नं ७५१ क्षेत्रफल ०-९-१-० को जग्गा मिति २०७७/१०/०६ गतेमा दृष्टि बन्धक रोक्का ।
३	नाम : पुरेन्द्र थिङ (ना.प्र.नं.-३०-०१-७१-०७७३८ काभ्रेपलान्चोक जारी मिति : २०७१/०८/२३) संस्थाको सदस्यता नं: M5531 पिताको नाम : रामध्वज थिङ बाजेको नाम : इमान बहादुर थिङ, कर्जा नं : PCL0153		ललितपुर जिल्ला लामाटार ८ ख कित्ता नं ८९० क्षेत्रफल ०-३-०-० को जग्गा मिति २०७७/१०/०६ गतेमा दृष्टि बन्धक रोक्का ।
४	नाम : नबिन दाहाल (ना.प्र.नं.-१३१८२ काठमाण्डौ जारी मिति : २०६०/०३/१३) संस्थाको सदस्यता नं: M5492 पिताको नाम : श्रीप्रसाद दाहाल बाजेको नाम : काजी बाबु दाहाल नाम : रेखा दाहाल (ना.प्र.नं.-७८/०४६ काठमाण्डौ जारी मिति : २०४६/०२/२५) पिताको नाम : मदन मोहन सिखडा श्रीमानको नाम : श्रीप्रसाद दाहाल छोराको नाम : नबिन दाहाल, कर्जा नं : PCL0150		सर्लाही जिल्ला हरिवन ७ घ कित्ता नं १०५ क्षेत्रफल ०-११-१८-० को जग्गा मिति २०७७/१०/१५ गतेमा दृष्टि बन्धक रोक्का र काठमाण्डौ जिल्ला जोरपाटी ३ कित्ता नं ८२ क्षेत्रफल १६ व. मि को जग्गा मिति २०७७/१०/०६ गतेमा दृष्टि बन्धक रोक्का ।

DAI

Call for Request for Application (RFA) on Resilient Settlement-Strengthen Early Warning System (EWS) in Tayar Nepal's Core Municipalities under USAID's Tayar Nepal Grants Program

RFA No.: RFA-TAYAR-22-001

The USAID Tayar Nepal Project is accepting application from organization legally recognized and registered in Nepal, who can collaborate with national and municipal stakeholders to build resilience to multiple disasters through rapid impact, innovative, and scalable activities. Tayar Nepal encourages application on Flood and landslide Early Warning System (EWS) in Tayar Nepal's Core Municipalities from interested organization. The detail Request for Application and standard templates are available at this link: **https://bit.ly/TayarRFA2022** Tayar Nepal will conduct a conference for the interested organizations scheduled on Tuesday, 13 September 2022, 2:00 pm – 3:00 pm. Interested organizations must register to attend the conference no later than Friday, 9 September 2022, 5:00 pm by email address **TAYARGrant@dai.com**. Tayar Nepal will only respond to written questions regarding this Request for Application (RFA) through the email address: **TAYARGrant@dai.com** and any questions must be submitted by 9 September 2022, 5:00 pm Nepal Time. The deadline for application is 21 September 2022, 5:00 pm, Nepal Time.

BL

बुढानिलकण्ठ हेरिटेज लिमिटेड
बुढानिलकण्ठ – १, तौलुङ्ग, काठमाण्डौ

दरभाउपत्र आव्हवान सम्बन्धि सूचना ।

यस पाँचतारे होटलको लागि निम्न उल्लेखित कार्य गर्नुपर्ने भएको हुनाले सो सम्बन्धि कार्य गर्नुहुने इच्छुक सेवाप्रदायक कम्पनीहरुले यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

1	Light Fixture for Room	13	Banquet Equipment
2	Blinds/ Curtain	14	Laundry Equipment
3	Sewage Treatment Plant (STP)	15	Gardening Plants
4	Security Metal Detector/ Manual Vehicle Scanner	16	Linen Items
5	Room Amenities	17	Computer & Printers
6	Carpet	18	Health Club Equipment
7	Art Work	19	Wall Metal Fence
8	Cutleries, Crockeries, Kitchen Utensils	20	Metal Racks
9	Staking Parking	21	Projectors
10	Refrigerator/ Cold Store	22	Gas Bank
11	Display Units	23	Fire Door
12	Buffet Set/ Trolley		

संलग्न गर्नुपर्ने कागजात: अद्यावधिक गराइएको कम्पनी रजिष्ट्रेशन प्रमाणपत्र, पान र करचुक्ता प्रमाणपत्र ।

बुढानिलकण्ठ हेरिटेज लिमिटेड
बुढानिलकण्ठ – १, तौलुङ्ग, काठमाण्डौ
सम्पर्क : ९८४१०९४८१३, ९८०१८७७५५३, इमेल: Pandeypadam277@gmail.com

नेपाल स्टक एक्सचेन्ज

१२ भदौ २०७९ को कारोबार

कम्पनीको नाम	अघिल्लो दिनको मूल्य	अन्तिम मूल्य	कारोबार संख्या	फरक
युनिलिभर नेपाल	१८५००	१८५७५	१८०	७५
राष्ट्रिय बीमा कम्पनी	१४२१०	१३९००	३३०	-३१०
बोटलर्स नेपाल	१३३५२	१३२५०	७०	-१०२
राष्ट्रिय बीमा कम्पनी प्रो. से.	१११२५	१११११	१३०	-११४
साल्ट ट्रेडिङ कर्पोरेसन	३९४०	३८५०	९९१३	-९०
महिला लघुवित्त	३८७६	३७१७	२२८७	-७९
उपकार लघुवित्त	३७९४	३७९५	१३२२	-७९
विशाल बजार कम्पनी	३६००	३४६७	२०८	-१३३
हिमालयन डिस्टिलरी	३४६०	३३९०.१	१८२०२	-६९.९
नेस्डो समृद्ध लघुवित्त	३३२६	३२४०	९४०८	-८६
जाल्पा सामुदायिक लघुवित्त	३२९४	३९०३	५९००	-१११
जिवन विकास लघुवित्त	२६९६	२६४७	६१७८	-४९
फरवार्ड माइक्रोफाइनान्स	२६७६	२६३५	७३९७	-४१
नेसनल माइक्रोफाइनान्स	२२६९	२२२५	३३९९	-४४
सिटिजन इनभेस्टमेन्ट ट्रस्ट	२०८८	२०३७	८५६०	-५१
जनउत्थान सामुदायिक लघुवित्त	१७६५	१७०१	१७१७	-६४
स्वाभिमान लघुवित्त	१६३०	१६२५	९८	-५
लाइफ इन्स्योरेन्स को.	१४४५	१४३१	१८३४५	-१४
सामुदायिक लघुवित्त	१४३९.२	१४१५	२७१	-२४.२
सपोर्ट माइक्रोफाइनान्स	१३७१.९	१३०९	२८२	-६२.९
ग्लोबल आईएमई लघुवित्त	१३०५	१२८०	९४८	-२५
स्वावलम्बन लघुवित्त	१२९७.५	१२७५	५४२७	-२२.५
लक्ष्मी लघुवित्त	१२६०	१२२६.१	१४३७	-३३.९
महुली लघुवित्त	११९७	११८६	१०४२	-११
मानुषी लघुवित्त	१२१०	११८५	८३४	-२५
आशा लघुवित्त	११८६	११६६	६४८	-२०
मिथीला लघुवित्त	११९३.४	११५४	२०९४	-३९.४
राष्ट्र उत्थान लघुवित्त	११३०	१०८३	३१४३	-४७
साना किसान लघुवित्त	१०९५	१०७६	५८०७	-९९
सबैको लघुवित्त	१०७२	१०७४.४	८३८	२.४
मिर्मिरे माइक्रोफाइनान्स	१०६९	१०४८	८२६	-२१
छिमेक लघुवित्त	१०५३	१०३०.२	९१७३	-२२.८
कालिका लघुवित्त	१०५०	१०३०	१०१२	-२०
चन्द्रागिरी हिल्स	१०४२	१०११	२३०१	-३१
साधना लघुवित्त	१०१७.१	९९२	१४०१	-२५.१
निर्धन उत्थान लघुवित्त	१००९	९८८	१०४७७	-२१
डिप्रोक्स लघुवित्त	१००९	९८५	६१२५	-२४
मनकामना स्मार्ट लघुवित्त	१०१५	९७६	७००	-३९
वेन नेपाल लघुवित्त	१००९.९	९७६	५७९	-३३.९
गुराँस लघुवित्त	१०१२	९७३	७२६	-३९
इन्फिनिटी लघुवित्त	१८१.५	९७०	८२४	-११.५
उन्नती सहकार्य लघुवित्त	९९०	९५०	९८५६	-४०
विजय लघुवित्त	९७७	९४८	७८५	-२९
स्वरोजगार लघुवित्त	९६१	९४१	४९६७	-२०
रूरू जलविद्युत	१०४४	१३९.६	६९९४	-१०४.४
प्रभु बैंक डिभेन्चर २०८६	१९८.१	१३६.४	६५	९८.३
नविल बैंक डिभेन्चर २०८२	१९०.२	१२८.४	१३५	९८.२
गणपति लघुवित्त	१७९.१	९२५	६९२	-५४.१
नेरूद्धे लघुवित्त	१४४.१	१२०.१	३१८९	-२४
नेपाल दूरसंचार कम्पनी	१०३.७	९०१	५५७४७	-२.७
किसान लघुवित्त	१२९.५	८९.८	२९२	-३६.७
सिभिल लघुवित्त	८७१.५	८७०	२३५	-१.५
आरएमडीसी लघुवित्त	८८१.९	८७०	५६५०	-९१.९
समिट लघुवित्त	८९०	८६९	६७३	-२१
सिभिल लघुवित्त	८९०	८५७.५	९३७	-३२.५
मञ्जुश्री फाइनान्स डिभेन्चर २०८५	८५९.९	८४३.१	३५	-९६.८
मेरो माइक्रोफाइनान्स	८४७.१	८३९	४४५१	-९६.१
नेपाल इनभेस्टमेन्ट बैंक डिभेन्चर २०८४	८४०	८२५	९०३०	-९५
एनआइसी एसिया लघुवित्त	८६०	८२०.५	७९८३	-३९.५
समता घरेलु लघुवित्त	८३१	८२०	२०६५	-११
माउन्टेन इनर्जी	८२३	८९०	३०८१	-१३
प्राइम डिभेन्चर २०८५	७९०.३	८०६	६०	९५.७
आरम्भ चौतारी लघुवित्त	८१५	७९६	८८३	-९९
नयाँ सारथी लघुवित्त	८०८.१	७९५.६	६१८८	-९२.५
नबिल बैंक लि.	७९५.९	७९३.५	५५४९८	-२.४
शिखर इन्स्योरेन्स	८०९.२	७८४	१३८८५	-२५.२
ग्लोबल आइएमई बैंक डिभेन्चर २०८६/८७	७९०.५	७७४.८	९६१	-९५.७
सूर्योदय वोमी लघुवित्त	७८५.६	७६१	४३२३	-२४.६
नेको इन्स्योरेन्स	७५०	७३५	१२७१०	-९५
एनएमबी माइक्रोफाइनान्स	७५७	७३१	३२४२	-२६
नेपाल रिइन्स्योरेन्स कम्पनी	७१४	७०७	३१९६९	-७
सिईडीबी हाइड्रोपावर	७२७.५	७०३	९०१९४	-२४.५
फस्ट माइक्रोफाइनान्स	७०६	६८९	१८७५१	-१७
ग्रामिण विकास लघुवित्त	७०४	६८६	९०६६५	-९८
शिभम् सिमेन्ट	६७४.६	६६५.१	९०७५००	-१.५
इमर्जिङ नेपाल लि.	६७७.२	६६५	१७१६	-१२.२
नेपाल लाइफ इन्स्योरेन्स	६७७	६६३	३०६३६	-९४
एनआइसी एसिया बैंक	६५५	६४६.१	४५४८२	-८.९
युनाइटेड इदी मर्दी हाइड्रो	६१४	५१०	९४०७४	-२४
रिडी पावर	५९१	५७५.१	९०२०१२	-९५.९
आरएसडीसी लघुवित्त	५७७	५५९	३७०७	-९८
एसियन लाइफ इन्स्योरेन्स	५७६	५५६	३२७९९	-२०
नेसनल लाइफ इन्स्योरेन्स	५६३.५	५५१	२५२९८	-९२.५
गुर्खाज फाइनान्स	५४६.२	५२२	३८८२१	-२४.२
गुडविल फाइनान्स	५२६.५	४९८	३३९१०	-२८.५
एभरेस्ट बैंक	५०७	४९६	२४४४७	-९१
साहस उर्जा	५२०	४९६	४७७६६	-२४
सामलिङ पावर कं.	५०६.१	४८६	३७४३	-२०.१
आइसीएफसी फाइनान्स	५०३	४८३	७८९३३	-२०
एनआरएन इनफ्रास्ट्रक्चर	४९०	४७९	९००१७	-११
एनएलजी इन्स्योरेन्स	४९७	४७५	९०२९८	-२२
मैलुङ खोला जलविद्युत

नागरिकता विधेयक विधायन समितिमा

गठबन्धन दलको बहुमत रहेकाले विधायन समितिमा विधेयक पठाउन सरकार तयार

कान्तिपुर संवाददाता (काठमाडौं)

राष्ट्रपति विद्यादेवी भण्डारीले पुनर्विचारका लागि संघीय संसद्मा फिर्ता गरेको नागरिकता विधेयकलाई राष्ट्रिय सभाले संसदीय समितिमा पठाएको छ। राष्ट्रपतिको सन्देशलाई बेवास्ता गर्दै प्रतिनिधिसभाले जस्ताको तस्तै पारित गरेको विधेयकलाई राष्ट्रिय सभालेले पुनर्विचारका लागि विधयान व्यवस्थापन समितिमा पठाएको हो।

गृहमन्त्री बालकृष्ण खाँणले राष्ट्रिय सभाको आइतबारको बैठकमा 'नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक २०७९' लाई विधायन व्यवस्थापन समितिमा पठाउने प्रस्ताव राखेका थिए। राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनाले प्रतिनिधिसभाबाट जस्ताको तस्तै पारित भएर पठाइएको विधेयकलाई समितिमा पठाउनका लागि सरकारलाई मनाएका थिए। संसद् सचिवालय स्रोतका अनुसार अध्यक्ष तिमिल्सिनाले राष्ट्रपतिले पुनर्विचारका लागि फिर्ता पठाइसकेपछि सन्देशलाई मान्ने नमान्ने सार्वभौम संसद्को विषय भए पनि सम्मानका लागि समितिमा छलफल गर्नुपर्ने भनी गृहमन्त्री खाँण र कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालालाई मनाएका थिए। त्यसका लागि अध्यक्ष तिमिल्सिना, मन्त्रीहरू खाँण र कोइरालाबीच पटक-पटक छलफल भएको थियो।

प्रतिनिधिसभाबाट विधेयक जस्ताको तस्तै पारित भएलगत्तै गृहमन्त्री र कानुनमन्त्रीले अध्यक्ष तिमिल्सिनालाई भेटेका थिए। त्यतिबेलै राष्ट्रिय सभा अध्यक्ष तिमिल्सिनाले विधेयक समितिमा पठाउने प्रस्ताव राख्न सुझाव दिएका थिए। तर दुवै मन्त्रीहरू ढिलाइ गर्नका लागि अध्यक्ष तिमिल्सिनाले त्यस्तो प्रस्ताव राखेका हुन् कि भनेर सशंकित भएका थिए। त्यसपछिका भेटमा विशेष कानुनमन्त्री कोइरालाले सरकार र संसद्बीच विश्वासको वातावरण बनाउन भूमिका खेलेको संसद् सचिवालयका अधिकारीले बताए।

अबको प्रक्रिया

- नागरिकता विधेयक र राष्ट्रपतिको सन्देशमाथि विधायन व्यवस्थापन समितिमा छलफल र सर्वसम्मत वा बहुमतले प्रतिवेदन तयार
- प्रतिवेदन राष्ट्रिय सभा बैठकमा पेस
- प्रतिवेदनमाथि छलफल
- विधेयक निर्णयार्थ प्रस्तुत

राष्ट्रिय सभाको आइतबार बसेको कार्यव्यवस्था समिति बैठकमा विधायन व्यवस्थापन समितिले जतिसक्दो छिटो विधेयकमा छलफल गरेर सभाको आगामी बैठकमा प्रतिवेदन पेस गर्ने समझदारी बनेको थियो। राष्ट्रिय सभाले आफ्नो सम्पत्तिका रूपमा आएको नागरिकता विधेयकलाई समयमा प्रक्रिया पुऱ्याएर फिर्ता गर्ने विश्वास लिएको कानुनमन्त्री शर्माले बताए। 'विधेयक राष्ट्रिय सभाको सम्पत्ति बनेको छ। राष्ट्रिय सभाले प्रक्रिया सकेर विधेयकलाई प्रतिनिधिसभामा छिट्टै पठाउनेमा सरकार विश्वस्त छ। यसमाथि सरकारले थप केही गर्न सक्दैन,' उनले भने।

विधायन व्यवस्थापन समितिमा सभापति निर्वाचित भएका छैनन्। कांग्रेसका सांसद नारायणदत्त मिश्रले ज्येष्ठ सदस्यका हैसियतमा समितिको नेतृत्व गरिरहेका छन्। समितिले विधेयकमाथि छलफल गर्न सोमबार १२ बजेका लागि बैठक बोलाएको छ। 'राष्ट्रपतिज्यूको सन्देश र विधेयकका व्यवस्थाका विषयमा समितिमा व्यापक छलफल गरेर जतिसक्दो छिटो प्रतिवेदन पेस गर्छौं,' मिश्रले भने। उनले विधेयकमा नभएको तर सार्वजनिक रूपमा विवादित विषय बनाइएको वैवाहिक अंगीकृत नागरिकताका विषयमा छलफल नहुने बताए।

राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयालका अनुसार राष्ट्रपतिबाट फिर्ता भएको नागरिकता विधेयक र राष्ट्रपतिको सन्देशमाथि अब विधायन व्यवस्थापन समितिमा छलफल हुनेछ। समितिले तयार गरेको प्रतिवेदन राष्ट्रिय सभा बैठकमा टेबुल गरिनेछ। सभामा प्रतिवेदनमाथि छलफल गरेर विधेयकलाई निर्णायार्थ प्रस्तुत गरिनेछ। राष्ट्रिय सभा नियमावलीको नियम १२८ मा राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भएको विधेयकमाथि सांसदहरूले संशोधन प्रस्ताव राख्न नपाउने व्यवस्था छ। सांसदहरूले विधायन व्यवस्थापन समितिमा नै आफ्नो कुरा राख्नेछन्। समितिले सर्वसम्मत वा बहुमतले प्रतिवेदन तयार गर्नेछ। विधायन व्यवस्थापन समितिमा सत्तारूढ गठबन्धनका सांसदहरूको बहुमत छ। माओवादी केन्द्रका ४, कांग्रेसका ३, एकीकृत समाजवादीका २, जसपाका १ सांसद उक्त समितिमा सदस्य छन्। नागरिकता विधेयकको विरोध गर्दै आएको प्रमुख प्रतिपक्षका ३ सांसद समितिमा छन्। स्वतन्त्र सांसद खिमलाल देवकोटा र राष्ट्रपतिबाट मनोनित विमला राई पौड्याल पनि यस समितिमा सदस्य छन्।

७० वर्षमा सवा चार...

नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्का दुवै सदनबाट पारित गरी प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पठाइएकामा 'पुनर्विचार' का लागि पुनः संसद्मै फर्काइएपछि राष्ट्रपति र सत्ता गठबन्धनबीच खटपट देखिएको छ। खटपट हुनुको एउटा कारण वैवाहिक अंगीकृत नागरिकतासम्बन्धी विषय पनि हो। विधेयक वैवाहिक अंगीकृत नागरिकताबारे मौन छ। राष्ट्रपति भण्डारीलाई भेटेर विभिन्न क्षेत्रका व्यक्तिले नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलालाई विवाह गरेको निश्चित वर्षपछि मात्रै नागरिकता दिने प्रावधान राख्न सुझाव दिइरहेका छन्। विवादका कारण नागरिकता विधेयक अल्झिँदा जन्मका आधारमा नागरिकता पाएका व्यक्तिका सन्तान भने वर्षौंदेखि नागरिकताबाट वञ्चित भइरहेका छन्। यसले करिब साढे ६ लाखले राज्यबाट पाउने आधारभूत सुविधा पनि लिन पाएका छैनन्।

नागरिकता ऐन २०६३ मा नेपाली पुरुषसँग विवाह गरेर आएका विदेशी महिलाले आफ्नो देशको नागरिकता त्यागेको प्रमाण पेस गरे तत्काले वैवाहिक अंगीकृत नागरिकता पाउने व्यवस्था छ। त्यसलाई संशोधन गरी अवधि तोक्नुपर्ने माग प्रमुख प्रतिपक्षी एमालेले अघि सारेको छ। कांग्रेस-माओवादीसहित सत्ता गठबन्धनमा आबद्ध दल वैवाहिक अंगीकृत नागरिकता पाउने अवधि नतोक्ने पक्षमा छन्। सत्ता गठबन्धनकै प्रस्तावबमोजिम प्रतिनिधिसभाबाट पारित संशोधन विधेयक आइतबार राष्ट्रिय सभामा पेस भएको छ। सभाले विधेयकलाई विधायन व्यवस्थापन समितिमा छलफलका लागि पठाउने निर्णय गरेको छ। राष्ट्रपतिले सन्देशसहित फिर्ता गरेको विधेयक प्रतिनिधिसभाले हुबहु पारित गर्दै राष्ट्रिय सभामा पठाएको थियो।

गृहमन्त्री बालकृष्ण खाँणले राष्ट्रपतिबाट व्यक्त सन्देशको सम्बोधन गर्न नेपालकै संविधान संशोधन गर्नुपर्ने अवस्था रहेको र त्यो हाल सम्भव नरहेको बताएका छन्। त्यस्तै गृहसचिव टेकनारायण पाण्डेले विगतको अभ्यास अनुसार नै वैवाहिक अंगीकृत नागरिकको प्रावधान रहेको र विधेयकमा त्यसबारे केही नभएकाले विरोध जनाउनुपर्ने कारण नरहेको बताएका छन्। 'अहिले समयावधि नराखी वैवाहिक अंगीकृत नागरिकता दिँदा राष्ट्रको अस्मितामा आँच पुग्ने भनी दुष्प्रचार गरिएको छ,' गृह सचिव पाण्डेले भदौ ९ मा मन्त्रालयमा सञ्चारकर्मीसँग भनेका थिए, 'केपी शर्मा ओलीको प्रधानमन्त्रीकालमा ३ वर्ष ५ महिनासम्म दुई तिहाइको सरकारले संविधानको प्रावधानअनुरूप नागरिकता ऐन ल्याउन सकेन र वैवाहिक अंगीकृतको हकमा समयावधि पनि राखेन, अहिले नागरिकता समस्या समाधान गर्न ल्याइएको विधेयकको विरोध गर्नुको औचित्य छैन।'

गृह मन्त्रालयले 'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेको विदेशी महिलालाई एक हातले सिन्दुर र अर्को हातले नागरिकता दिने व्यवस्था अहिलेको विधेयकले गर्न लागेको र यसले राष्ट्रियता नै खतरामा पर्ने भनी दुष्प्रचार गरेर निहित राजनीतिक स्वार्थ पूरा गर्न नेपाली जनतामा भ्रम सिर्जना र दुष्प्रचार भएको जस्तो विधेयकमा कुनै पनि व्यवस्था राखिएको छैन' भनेको छ। केपी शर्मा ओली सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले जारी गरेको अध्यादेशमा अहिलेकै विधेयकमा रहेका प्रावधान थिए।

नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा सम्बन्धित जिल्ला प्रशासनमा तोकिएअनुसार निवेदन दिनुपर्ने उल्लेख छ। त्यसरी निवेदन दिँदा नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पनि साथै पेस गर्नुपर्ने प्रावधान नागरिकता ऐन २०६३ को दफा ५ मा उल्लेख छ। विधेयकले वैवाहिक अंगीकृत नागरिकताको प्रावधानलाई संशोधन गर्न खोजेको छैन। एमाले उपमहासचिव प्रदीप ज्ञवालीले राज्यव्यवस्था समितिबाट पारित भएको प्रतिवेदनलाई टेकेर नागरिकता विधेयक टुंग्याएको भए कुनै समस्या नआउने दावी गर्छन्। समितिले प्रतिनिधिसभामा पठाएको प्रतिवेदनमा वैवाहिक अंगीकृत नागरिकता पाउन नेपाली पुरुषसँग विवाह भएको ७ वर्षसम्म कुर्नुपर्ने उल्लेख थियो। त्यसमा कांग्रेस र मधेसकेन्द्रित दलले असहमति राखेका थिए। 'समितिबाट प्रतिवेदन प्रतिनिधिसभामा गइसकेको थियो, त्यसमा टेकेर गएको भए जन्मसिद्धका सन्तानले नागरिकता पाउने कुरा तुरुन्तै टुंगिन्थ्यो। टुंगिन बाँकी वैवाहिक अंगीकृत नागरिकता, प्रादेशिक र लैंगिक र आमाको पहिचानसहितका विषय थिए,' एमाले उपमहासचिव ज्ञवालीले भने, 'नागरिकता पाउने कुरा होस् या राष्ट्रपतिले सन्देशमा उल्लेख गरेका विषय सबै समेटिन्थे, ती समेट्न नचाहेर सरकारले यस मामिलामा नियत सफा देखाएन। पूर्ण विधेयक ल्याउनेबित्तिकै समस्या समाधान भइहाल्थ्यो।'

माओवादी केन्द्रका महासचिव देव गुरुङले वैवाहिक अंगीकृतमा एमालेको द्वैध चरित्र देखिएको आरोप लगाए। 'पहिले हामीसँग मिलेर वैवाहिक अंगीकृतका लागि ७ वर्षको प्रावधान राखेर अगाडि बढौं भन्यो। राज्यव्यवस्था तथा सुशासन समितिले त्यसैअनुसार प्रतिवेदन पारित गऱ्यो,' उनले भने, 'तर पछि एमालेले संसद्मा टेबुल गर्ने मानेन, अध्यादेश जारी गर्ने क्रममा पनि ७ वर्षको प्रावधान छाड्यो।' अहिले एमालेले जन्मसिद्धका सन्तान र गैरआवासीय नेपालीलाई नागरिकता दिने विषयमा मात्रै सहमति जनाएको उनले बताए।

मुटु रोगका डाक्टरको 'हृदय'



काठमाडौं (कास)- निर्माणाधीन बाल अस्पतालको सहयोगार्थ मुटु रोग विशेषज्ञ डा. भगवान कोइरालाको आत्मकथा समेटिएको पुस्तक 'हृदय' आउने भएको छ। पुस्तक भदौ अन्तिम साता सार्वजनिक हुने प्रकाशक फाइन प्रिन्टले जनाएको छ। कोइराला तीन दशकदेखि मुटु रोगीको उपचारमा खटिरहँदा मुलुकका धेरै बालबालिकाले आधारभूत स्वास्थ्य सेवा नपाएकै कारण ज्यान गुमाउनुपरेको देखेका छन्। प्रत्येक एक सयमध्ये तीन जना बालबालिकाले पाँच वर्ष नपुग्दै मृत्युवरण गर्नु परिरहेको तथ्यांकले उनलाई दुखाइरहयो। यस्तो हुन नदिने उद्देश्यसहित उनले विशिष्टीकृत बाल अस्पतालको खाका कोरे।

गैरनाफामूलक रूपमा सञ्चालन हुने काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (किओच) काठमाडौंको बूढानीलकण्ठमा ४२ रोपनी जग्गामा अस्पताल निर्माणाधीन छ। त्यसको पहिलो प्रदेश शाखाका रूपमा झापाको दमकमा अस्पताल निर्माण अन्तिम चरणमा पुगेको छ। यसका लागि नेपाल रेडक्रस सोसाइटी दमक उपशाखाले भवन उपलब्ध गराएको छ। अन्य प्रदेशमा पनि यस्ता अस्पताल विस्तार गर्ने कोइरालाको लक्ष्य छ। विशिष्टीकृत बाल अस्पताल बनाउने कोइरालाको लक्ष्यलाई सानै स्तरमा भए पनि सघाउ पुऱ्याउने उद्देश्यले प्रकाशक फाइनप्रिन्टले उनको पुस्तक 'हृदय' को विशेष संस्करणसमेत ल्याउन लागेको हो। पुस्तकमा आफ्ना जीवनमा भोगेका संघर्षका अनुभव, उनले देखेका स्वास्थ्य क्षेत्रका समस्या सुल्झाउने उपाय र चिकित्सा शिक्षाका विविध विषयलाई समेत विश्लेषणात्मक धारणाहरू समेटिएको पत्रकार सम्मेलनमा बोल्दै डा. कोइरालाले बताए।

विशेष सीमित संस्करण एक पटकका लागि २५ सय प्रति मात्र मुद्रण भएको छ, जसको मूल्य २५ हजार रुपैयाँ छ। विशेष संस्करणलाई डा. कोइराला आफैंले प्रत्येक पुस्तकमा क्रम संख्या अंकित र हस्ताक्षर गरी प्रमाणित गर्नेछन्। विशेष संस्करण सार्वजनिक भएको एक सातापछि अर्थात् असोजको पहिलो सातादेखि पुस्तकको नियमित संस्करण बजारमा ल्याइँदै छ। जसको मूल्य ५७५ रुपैयाँ तोकिएको छ। नियमित संस्करणको पनि ५० प्रतिशत लेखकस्व किओचलाई हस्तान्तरण गर्ने डा. कोइरालाले निर्णय गरेका छन्। विशेष संस्करणको बिक्रीबाट प्राप्त हुने रुपैयाँ प्रकाशकले आफ्नो लागत र लेखकले लेखकस्व केही नकटाई सिधै हस्पिटललाई हस्तान्तरण गरिने जनाइएको छ। पुस्तक रुचाइएको खण्डमा बाल संस्करण पनि ल्याउने योजना छ। पुस्तक प्रकाशनदेखि दुवानीसम्मको कुनै पनि खर्च पाठकले तिर्ने रकमबाट नकटाइने प्रकाशक फाइन प्रिन्टले जनाएको छ। 'बाल अस्पतालमा हृदय पढ्ने हरेक पाठकको लगानी हुनेछ। उहाँहरू हरेकले कम्तीमा एउटा इँटाका लागि योगदान पुऱ्याउनु हुनेछ। प्रकाशकका रूपमा हाम्रा लागि यो गौरवको विषय हो,' फाइन प्रिन्टका निर्देशक नीरज भारीले भने।

तीन वर्षमा तीन सय...

चलाउनेमाथि भएको आक्रमणमा आचार्य पनि संलग्न भएको विषयमा अदालतमा मुद्दा विचाराधीन छ।

त्रिविका अलावा पोखरा र संस्कृत विश्वविद्यालयमा पनि नेविसंघले लामो समयदेखि तालाबन्दी गरिरहेको छ। नेविसंघको तालाबन्दीकै बीच २०७८ माघमा आंशिक प्राध्यापकले पनि त्रिवि सेवा आयोग र आंगिक क्याम्पसहरूमा तालाबन्दी गरेका थिए।

एकीकृत समाजवादीनिकट अनेरास्वियुले पनि असार अन्तिम साता त्रिवि उपकुलपति बाँस्कोटाको कार्यकक्षमा तोडफोड गरेको थियो। ज्ञापनपत्र बुझाउने अनेरास्वियुका उपाध्यक्ष माधव पन्तको नेतृत्वमा गएको समूहले उपकुलपतिलाई नभेटेपछि कार्यकक्ष तोडफोड गरेर फर्किएको थियो। उता नेविसंघले लगाएको ताला खोल्न छलफलको बाटो खोज्नेभन्दा पनि बल प्रयोग गर्ने नीति लिएको अनेरास्वियुले आइतबारको झडपबीच एकतर्फी ताला खोलेको थियो। नेविसंघले एक महिनाअघि रजिस्ट्रार कार्यालय, लेखा, कर्मचारी प्रशासन महाशाखा, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, मानविकी र व्यवस्थापन डिन कार्यालयमा लगाएको ताला अनेरास्वियुका विद्यार्थीले फुटाएका थिए। तर, नेविसंघले तुरुन्तै ताला लगाएको छ।

अनेरास्वियुले त्रिवि सरसफाइ कार्यक्रम आयोजना गरेको र त्यसअन्तर्गत ताला फुटाइएको नेता आरसी लामिछानेले बताए। 'यसअघि नै वार्ता, छलफलबाट समस्या समाधान गर्नुपर्ने भन्दै तालाबन्दी गरे फुटाइदिने चेतावनी अनेरास्वियुले दिएको थियो, अहिले त्यही गरेका हौं,' उनले भने।

एउटा पक्षले तालाबन्दी गर्ने र अर्कोले फुटाउने गर्दा विश्वविद्यालय रणभूमि बनेकामा प्राध्यापक र कर्मचारीको चिन्ता छ। पटक-पटक तालाबन्दी र तोडफोड गरेर नेविसंघले विद्यार्थी आन्दोलनलाई नै बदनाम बनाउन खोजेको पनि लामिछानेले बताए। 'जायज माग संयुक्त विद्यार्थी आन्दोलनका तर्फबाट पनि उठाउन सकिन्छ, तालाबन्दीबाट उन्मुक्ति नदिएसम्म विश्वविद्यालय तंग्रिन सक्दैन, त्रिविलाई लकडाउनमा राख्न हुन्न भनेर सचेत गराउन ताला फुटाइदिएका हौं,' उनले भने।

प्रश्नपत्र हुबहु छाप्ने दोषीलाई कारबाही हुनुपर्ने र छानबिन प्रतिवेदन सार्वजनिक गरिनुपर्ने नेविसंघको माग छ। विश्वविद्यालयले भने प्रश्नपत्रमा हुबहु गर्नेलाई तीन वर्षसम्म परीक्षा र पठनपाठनमा सहभागी हुन नपाउने कारबाही गरिसकेको दाबी गरेको छ। दोषीको नाम भने गोप्य राखिएको छ। नाम सार्वजनिक गर्दा सुरक्षा खतरा हुने अनुमान गरेर गोप्य राखिएको परीक्षा नियन्त्रक पुष्पराज जोशीको भनाइ छ। नेविसंघका सभापति दुजाङ शेर्पाले त्रिवि इकाईले गरेको तालाबन्दीमा केन्द्रीय समितिको समेत ऐक्यबद्धता रहेको प्रस्ट्याए। 'शान्तिपूर्ण धर्नालगायत महिनौं आन्दोलन गर्दा त्रिवि पदाधिकारीले सुनेनन्, बाध्य भएर तालाबन्दी गरिरहेका छौं,' उनले भने, 'जायज माग पूरा भए पाँच मिनेटमै ताला खोल्न तयार छौं।' प्रश्नपत्र हुबहु सोधिएको बारे गरिएको छानबिन प्रतिवेदन सार्वजनिक हुनुपर्ने र दोषीलाई कारबाही गरिनुपर्ने उनले दोहोऱ्याए। शेर्पाले भने, 'तालाबन्दीले पढाइ, परीक्षा रोकिएको छैन, विश्वविद्यालयको समस्याका विषयमा बोल्नै नपाइने हुँदैन।'

एक वर्षसम्म नतिजा प्रकाशन गर्न नसकेर त्रिविले विद्यार्थीमाथि अन्याय गरिरहेको उनले बताए। 'त्यसविरुद्ध तालाबन्दी गर्न पाइँदैन भने प्रश्नपत्र किनबेच गर्न पाइन्छ ? हुबहु प्रश्नपत्र सोध्न पाइन्छ त ?' उनले प्रश्न गरे। माग पूरा नभए अझै सशक्त आन्दोलन गर्ने उनले बताए। 'अखिल र युवासंघका गुन्डा किनेर ताला फुटाउने, हाम्रा साथीहरूमाथि आक्रमण गर्ने काम भएको छ, अझै सशक्त आन्दोलन हुन्छ,' उनले कान्तिपुरसँग भने।

उता उपकुलपति बाँस्कोटाले भने पदाधिकारीलाई विश्वविद्यालय प्रवेशमा नै अवरोध गरिएकाले कार्यकारी परिषद्को बैठक होटलमा डाक्नुपरेको बताए। उनले शान्तिसुरक्षाको अभावमा विश्वविद्यालय सञ्चालन गर्न कठिनाइ भएको गुनासो गरे। विश्वविद्यालयले शान्तिसुरक्षाको व्यवस्था मिलाइदिन गृह मन्त्रालयसँग आग्रह गरेको छ। 'एक जत्थाले विश्वविद्यालयमा तालाबन्दी गर्ने, धम्की दिने, प्राध्यापकमाथि कुटपिट गर्ने, तोडफोड गरेर आतंक सिर्जना गर्दै आएको छ,' बाँस्कोटाले भने, 'विश्वविद्यालय नआउनु भनेर सन्देश पठाउँछन्, कुलपतिले विश्वविद्यालयमा काम गर्नु भनेर नियुक्ति दिनुभएको हो। अब हामी कहाँ जाने ?'

तालाबन्दीबारे कुलपति तथा प्रधानमन्त्री शेरबहादुर देउवालाई समेत जानकारी दिएको उनले बताए। प्रधानमन्त्रीले तालाबन्दी नगर्न निर्देशन दिए पनि गृह मन्त्रालय र प्रहरी प्रशासनबाट सहयोग नभएको पदाधिकारीहरू बताउँछन्। 'पदाधिकारीको कार्यकक्षमा जबर्जस्ती प्रवेश गरी तोडफोड गर्ने, कार्यकक्ष प्रवेश गर्न निषेध गर्ने, दुर्व्यवहार गर्दा सुरक्षाकर्मी मूकदर्शक भएर बसिरहन्छन्,' विश्वविद्यालयले विज्ञप्ति निकालेर भनेको छ।

गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलले भने विश्वविद्यालयमा शान्तिसुरक्षाको व्यवस्था मिलाउन प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखलाई निर्देशन दिएको बताए। 'तालाबन्दी प्रहरी, सीडीओले खुलाउने होइन, सम्बन्धित विश्वविद्यालयको आन्तरिक विषय हो,' उनले भने, 'प्रहरी साँचो फुटाउन जाँदैन। विश्वविद्यालयले नै छलफल गरेर मिलाउनुपर्छ।'

उपकुलपतिमा बाँस्कोटा नियुक्ति भएदेखि (२०७६) यता नेविसंघले शृंखलाबद्ध तालाबन्दी गरिरहेको छ। गत माघमा उपकुलपति कार्यालयमा गरिएको तालाबन्दी पाँच महिनापछि (वैशाखमा) खुलेको थियो। ताला खुलाउन प्रतिनिधिसभामा सांसदहरूले समेत माग गरेका थिए। चौतर्फी दबावका कारण नेविसंघ केन्द्रीय समितिको निर्देशनमा ताला खोलिएको थियो। तर, पछिल्लो तालाबन्दीका कारण असारदेखि शिक्षक-कर्मचारीले तलब पाएका छैनन् भने बिजुली, खानेपानी, इन्टरनेट र टेलिफोनको बिलसमेत भुक्तानी गर्न नसकिएको रजिस्ट्रार पेशल दाहालले बताए।

देशको जेठो र सबैभन्दा ठूलो विश्वविद्यालयलाई प्राज्ञिक थलो बन्न नदिएर कार्यकर्ता भर्ती केन्द्र बनाउने माउ पार्टीका प्रमुख नेता नै हुन्। कांग्रेस, एमाले र माओवादी मिलेर तीर्थ खनियाँलाई उपकुलपति बनाउँदै सबै विश्वविद्यालयका पदाधिकारीमा भागबन्डा गरिएको थियो। त्रिविमा नेतृत्व आउँदा केपी शर्मा ओली नेतृत्वको सरकार भएकाले उनले पनि आफ्नै विश्वासपात्र बाँस्कोटालाई उपकुलपति बनाएका थिए। त्यतिमात्र होइन, रजिस्ट्रार, रेक्टरलगायत पदाधिकारी पनि नेकपामा प्रतिबद्धहरूलाई बनाइएको भन्दै कांग्रेस र नेविसंघलगायत संगठन असन्तुष्ट बनेका हुन्। नयाँ पदाधिकारी नियुक्ति भएको ६ महिनापछि ज्ञापनपत्र बुझाउन गएका नेविसंघ कार्यकर्ताले उपकुलपतिको कुर्सी लडाएर दुर्व्यवहार गरेका थिए।

नेविसंघले आफ्ना माग पूरा गराउन २०७६ फागुन-चैतदेखि उपकुलपति कार्यालयअगाडि कालो ब्यानर टाँगेर विरोध गरेको थियो। आचार्य अध्यक्ष र रावल सचिव रहेको नेविसंघ त्रिवि कमिटीले त्यतिबेला थालेको आन्दोलन अहिलेसम्म जारी छ। तर संवाद गर्ने होइन, तर्साउने उद्देश्यले विरोध भइरहेको उपकुलपति बाँस्कोटाको आरोप छ। 'उपकुलपतिको कुर्सी लडाउने, जुत्ताको माला राख्ने र जलाउनेजस्ता गतिविधि हुँदै आएका छन्,' उनले भने, 'यस्ता गतिविधि नियमित अध्ययन गर्ने विद्यार्थीले गर्ने सक्दैनन्, विद्यार्थी हुँ भनेर १७ वर्षदेखि विश्वविद्यालयमा बस्नेहरूले गरिरहेका छन्।'

नेविसंघको समूहले २०७७ जेठमा त्रिवि परिसरमा रहेको ग्लोबल बैंकको काउन्टरसमेत तोडफोड गरेको थियो। त्यस्तै २०७७ वैशाखमा डेढ महिनासम्म तालबन्दी गरियो भने असार १० मा उपकुलपतिको कुर्सी जलाइएको थियो। साउन २७ मा त्यही समूह तोडफोडमा उत्रियो। प्रहरी प्रशासन र विश्वविद्यालयले पनि उनीहरूलाई कुनै कारबाही गरेन।

विभागीय प्रमुख नियुक्तिको विषयलाई लिएर उक्त समूहले समाजशास्त्र केन्द्रीय विभागमा तालाबन्दी गरेको थियो। विभागको तालाबन्दी खुलाउनुपर्ने धारणा राख्ने उपप्राध्यापक प्रेम चलाउने आक्रमणमा परे। चलाउने अहिले बैसाखीको सहायतालै मात्र हिँडडुल गर्न सक्ने हालतमा छन् भने आचार्य र रावलविरुद्धको ज्यान मार्ने उद्योगको मुद्दा काठमाडौं जिल्ला अदालतमा विचाराधीन छ। सरकारले मुद्दा फिर्ता लिन अदालतमा सिफारिस गरेको छ। 'नाजायज फाइदा लिन सक्रिय गिरोहले विश्वविद्यालयमा अशान्ति फैलाइरहेको छ, राज्यले साथ दिए मात्र कारबाही गर्न सकिन्छ,' उपकुलपति बाँस्कोटाले भने। दोषीलाई सरकारले नै संरक्षण गर्दा कारबाही गर्न नसकिएको उनले बताए।

नेविसंघको त्यही समूहले २०७८ माघ ७ देखि ५ महिनासम्म उपकुलपति कार्यालयमा तालाबन्दी गऱ्यो। उक्त ताला गत असारमा खुलेको थियो। उपकुलपति कार्यालयमा ताला खोलेको नेविसंघले त्यही महिना त्रिवि सेवा आयोग कार्यालयमा तालाबन्दी गरेर प्राध्यापक छनोटको परीक्षा अवरुद्ध गरेको सेवा आयोगले जनाएको छ। उपकुलपति कार्यालयको ताला आफैं खोले पनि साउनमा नेविसंघले रजिस्ट्रार कार्यालयसहित ६ निकायमा फेरि ताला लगायो। भदौ ८ मा उपकुलपति कार्यालयको ढोका तोडफोड गरियो भने कुर्सीमा जुत्ताको माला राखेर दुर्व्यवहार गरिएको थियो। असुरक्षाका कारण विश्वविद्यालयबाहिर बसेर दैनिक कामकाज गर्दै आएका पदाधिकारी कार्यकारी परिषद्को बैठकमा जुट्दा नेविसंघको सोही समूहले कागजात नियन्त्रणमा लिएको थियो। विश्वविद्यालयले त्यसलाई 'लुटपाट' को संज्ञा दिएको छ। उक्त घटनाबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनसमेत बिथोल्ने प्रयास भने आइतबार प्रहरीले असफल पारेको कर्मचारीहरूले बताए।

Invitation for Bids: Fonepay Payment Service Limited

Invitation for Bid Number	FY 2079/80-002
Bid Publication Date	13 Bhadra 2079 (29 August 2022)
Bid Opening Date	13 Bhadra 2079 (29 August 2022)
Tender Submission Date	20 Bhadra 2079 (05 September 2022)

Invitation
Fonepay Payment Service Limited, a public limited company licensed by NRB as a Payment Service Operator (PSO), invites interested and qualified bidders for the Interior construction of our new corporate office located in Bakhundole, Lalitpur.

Types of Work
Interior construction work of 2 Floors with 9364 Sq. Ft. The scope of work includes:
i) Civil, Furniture & Interior Works
ii) Electrical, HVAC & Allied & Networking Works
Further details about the nature of work, specification & quantity are to be provided in the tender document.

Eligibility
i) The firm/ company should be in operation for more than 3 years and should submit a valid registration certificate, and PAN/ VAT certificate. Audited Financials and tax clearance for last 3 years to be submitted during bid submission.
ii) The interested firm/company must have valid working experience in completing a similar corporate project in corporate/ BFIs. Proof of such should be presented at the time of bid submission.
iii) The interested firm/ company should have an annual turnover of at least 7.5 crores per year in the past fiscal year 2078/79.

Interested bidders meeting eligibility criteria can obtain the bid document from Administration Department after submission of refundable deposit slip of Rs. 15,000.00 which is to be deposited in account of Fonepay Payment Service Limited, 01701017501810 maintained at Nabil Bank Ltd. The quotation/proposal should be submitted signed & sealed along with supporting documents to the Administration Department within office hour of the Tender Submission Date. The proposal received after the deadline shall not be accepted.

The proposal shall be evaluated based on internal criteria. Fonepay reserves the right to accept or reject, wholly or partially any of the bids received without assigning any reasons, whatsoever.

fonepay
Fonepay Payment Service Limited
Corporate Office, Pulchowk, Lalitpur - 03
General Service Department
01-5439131, 9801868548

Vacancy Announcement

The **Peoples Hydropower Company Ltd., established on Oct 09, 2007, under the Company Act 2063 is going to operate a 54 MW - hydropower plant in Dordi Gaupalika, Lamjung District.** Currently, the construction works are in the final stage and the machine installation in the powerhouse and other areas is ongoing. For immediate recruitment, the company has called applications for the following positions. The deserving shortlisted candidates will be called for an interview.

S. N.	Position	Required Nos.	Required Qualification/ responsible
1.	Senior Plant Operation In-charge	1	• BE in Mech/ Elec Engineer with above 4 Years' experience in hydropower plant operation • Responsible for the overall plant operation, report preparation, and troubleshooting machine problems.
2.	Plant operation shift In-charge	2	• BE in Electrical Engineering with above 3 Years' Experience in Plant operation • Responsible for handling the plant operation shift Assist in necessary report preparation.
3.	Mechanical	1	• BE in Mechanical Engineering with above 2 years of Engineer experience. • Responsible for operation of mechanical equipment - t urbine parts and gates, etc.

Salary and benefits are negotiable based on qualification and experience. Interested candidate may submit their Curriculum Vitae along with the expected remuneration by Sep 7 ,2022 AT **Email : vacancy.peoples@gmail.com**

DAI Request for Applications

USAID/Tayar Nepal – Improved Disaster Risk Management (DRM) Project is a five-year project funded by the United States Agency for International Development (USAID) and implemented by DAI Global LLC (DAI) since 2019 to strengthen the capacity of Nepal's national and municipal institutions responsible for disaster risk reduction, preparedness and response. The USAID Tayar Nepal seeks application for the following position.

- **Monitoring, Evaluation, and Learning (MEL) Officer**
  The MEL Officer will support the technical team of the short-term food security project in monitoring, evaluation, and learning areas, including the collection and analysis of monitoring data.

Application Instructions:

Please refer to www.jobsnepal.com for detailed scope of work. Interested applicants should submit an updated CV to TayarRecruitment@dai.com **by September 2, 2022.**

Women, persons with disabilities, and those from marginalized and disadvantaged communities are encouraged to apply.

तयारी तीव्र !

नेपाली राष्ट्रिय महिला फुटबल टिम आइतबार जावलाखेलस्थित सेन्ट जेभियर स्कुलको मैदानमा अभ्यास गर्दै । नेपाली टिम भदौ २१ देखि असोज ३ गतेसम्म काठमाडौंमा हुने छैटौं साफ महिला च्याम्पियनसिपको तयारीमा व्यस्त छ । चारपल्टको उपविजेता नेपाली टिमले पहिलोपल्ट साफ च्याम्पियन बन्ने लक्ष्य राखेको छ । मुख्य प्रशिक्षक कुमार थापाले २३ सदस्यीय टिम घोषणा गरिसकेका छन् ।

तस्बिर : हेमन्त श्रेष्ठ/कान्तिपुर

छनोटमै छैनन् प्रशिक्षक

तृप्ति शाही (बैतडी)

गण्डकीमा हुने नवौं राष्ट्रिय खेलकुदका लागि बैतडीमा खेलाडी छनोट भइरहेको छ । भदौ १० देखि सुरु छनोट भदौ १५ सम्म चल्नेछ । असोज २८ देखि कात्तिक ३ सम्म हुने राष्ट्रिय राष्ट्रिय खेलकुदमा भाग लिने यहाँका खेलाडीहरू भने प्रशिक्षक र प्रशिक्षणबिनै छनोटमा भाग लिइरहेका छन् ।

प्रशिक्षक र खेलमैदानबिना खेल्ने यहाँका खेलाडीहरू राष्ट्रिय प्रतियोगितामा भाग लिँदा पनि यही समस्या भोग्न बाध्य छन् । शुक्रबार पहिलो दिनको छनोट प्रतिस्पर्धा दशरथचन्द नगरपालिका-४ को गढीमा भएको थियो । करांते र भारोत्तोलनका प्रतिस्पर्धा कभर्डहलभित्र हुनुपर्ने भए पनि टन्टलापुर घाममा खुला स्थानमै गराइयो । खेलस्थल अभावमा क्रिकेट प्रतियोगिता देहिमाडौंको मैदानमा भयो ।

जहिल्यै प्रशिक्षकबिना खेल्नुपरेको गुनासो भारोत्तोलनका खेलाडी आशु भण्डारीले गरे । 'यसरी प्रतियोगितामा भाग लिँदा मनोबल घट्ने गरेको छ,' उनले भने, 'जिल्लामै सिकेका कोही भएमा उहाँहरूले सिकाउनुहुन्छ । नभए हामी आफैं सिक्दै खेल्छौं ।' ब्याडमिन्टनका दिनेश ठगुन्नाको अनुभव पनि उस्तै छ । उनले भने, 'बिनाप्रशिक्षक र खुला स्थानमै खेलेर बैतडीबाट म र मोहित भण्डारी राष्ट्रिय प्रतियोगितासम्म पुगेका छौं । प्रशिक्षकबिना खेल्दाको नमज्जा त खेलाडीले शब्दमा बयान गर्न सक्दैन । धेरै गाह्रो भइरहेको हुन्छ । खेलका नियममा पनि अलमल परिन्छ ।'

दिनेशले थपे, 'जेनतेन फाइनलसम्म पुगे पनि उपाधि जित्न सकिरहेका हौंदैनौं । आफ्ना गल्ती कमजोरी भएका हुन्छन् । त्यसलाई सुधार गर्न पाउँदैनौं । प्रशिक्षक भए जित्न सकिन्थ्यो भन्ने लागिरहन्छ ।' बैतडीमा क्रिकेट, टेबलटेनिस, बुद्धिचाल, भारोत्तोलन, करांते, तेक्वान्दो, ब्याडमिन्टन, उसु, फुल-कन्ट्याक्ट करांते, भलिबल, कबड्डी, एथलेटिक्स, फुटबल, बक्सिङबाट खेलाडी छनोट गरिँदै छ ।

बैतडी जिल्ला खेलकुद समितिका अध्यक्ष चमनकुमार भण्डारीले भने, 'हामीले प्रतियोगिता हुँदा अन्य खेलका प्रशिक्षक माग गर्दै प्रदेश सरकालाई पत्र पठाएका थियौं । करांतेका एक जना प्रशिक्षकलाई केही दिनका लागि पाएका छन् । अन्य खेलहरू यसै चलिरहेका छन् ।' एक खेलमा एक जना मात्र भए पनि प्रशिक्षक दिनुस् भनेर पटक-पटक प्रदेश र केन्द्र सरकारसँग माग गरे पनि सुनुवाइ नभएको उनको गुनासो छ ।

'खेलकुद मन्त्रीसँग कुरा गर्दा पनि समस्याको समाधान भएको छैन,' अध्यक्ष भण्डारीले भने, 'पहाडतिर प्रशिक्षकहरू आउन पनि आनाकानी गर्छन् । तराईभन्दा पहाडतिर बसेको खण्डमा प्रोत्साहनस्वरूप सेवा-सुविधा थपेर प्रदेश र केन्द्र सरकारले पठाएको भए हुन्थ्यो ।' प्रशिक्षक अभावमा आफैंले प्रशिक्षक बनेर धेरै खेल खेलाइरहेको अनुभव पनि उनले सुनाए, 'हलभित्र खेल्नुपर्ने खेल खुला चौरमा खेलाउन बाध्य छौं । जिल्लाले धेरै क्रिकेट खेलाडी उत्पादन गरे पनि अहिलेसम्म एउटै क्रिकेट मैदान छैन । जिल्लामा भलिबल खेल्ने कभर्डहल पनि छैन ।'

नेपाललाई शृंखला जित्ने अवसर

नेपालले तेस्रो ट्वान्टी-ट्वान्टी अन्तर्राष्ट्रियमा केन्यालाई नैरोबीमा चार विकेटले हराएर पाँच खेलको शृंखलामा २-१ को अग्रता लियो

हिमेश (काठमाडौं)

के नेपाली क्रिकेट ब्याटिङको समस्याबाट गुज्रिरहेको छ ? नेपालले तेस्रो ट्वान्टी-ट्वान्टी अन्तर्राष्ट्रियमा केन्यालाई आइतबार नैरोबीमा चार विकेटले पराजित गर्दा कम्तीमा त्यस्तो नलाग्न सक्छ ।

नेपालले प्रभावशाली ढंगले १ सय ५७ रनको लक्ष्य पछ्याएको थियो, १९.३ ओभरभित्र । तर, नेपाली इनिङ्स आफैंमा त्रुटिहीन भने रहेन र ब्याट्सम्यानले केही अनावश्यक शट पनि खेले । नेपाली क्रिकेटले ब्याटबाट राहत महसुस गर्ने हो भने यो भन्दा राम्रो प्रदर्शनको अपेक्षा भने रहनेछ ।

यो जितसँगै नेपालले पाँच खेलको शृंखलामा २-१ को अग्रता लिएको छ । नेपाल पहिलो खेलमा पाँच विकेटले विजयी रहेको थियो भने दोस्रो खेलमा १८ रनले पराजित भएको थियो । अब चौथो खेल सोमबार हुनेछ र यसमा जित हात पार्न सके नेपालले अन्तिम खेल अगाडि नै शृंखला आफ्नो नाममा राख्न सक्छ, त्यसैले ठूलो अवसर बनेको छ ।

तेस्रो खेल सकिँदा नेपालले ६ विकेटमा १ सय ६० रन बनाएको थियो । त्यस अर्थमा नेपालका लागि कीर्तिमानी प्रदर्शन पनि रह्यो । नेपालले जितका लागि ट्वान्टी-ट्वान्टी क्रिकेटमा पछ्याएको यो नै अहिलेसम्मको सबैभन्दा ठूलो स्कोर हो । यस अगाडि नेपालले सन् २०१९ मा सिंगापुरविरुद्ध जित निकाल्ने क्रममा १ सय ५२ रनको लक्ष्य सफलतापूर्वक पछ्याएको थियो ।

तेस्रो खेलमा प्राप्त जितलाई भने कप्तान सन्दीप लामिछानेले धेरै अर्थमा कठिन रहेकै माने । उनले दुवै टिमले ब्याटबाट राम्रो प्रदर्शन गरेको प्रतिक्रिया दिँदै जितमा भने आफू खुसी रहेको स्विकारे । उनले भने, 'केन्याली इनिङ्सको अन्त्यतिर हामी केही महँगो साबित भयौं, तर हाम्रा सुरुआती बलरले राम्रो नै गरे । अर्जुन साउद र ज्ञानेन्द्र मल्लबीचको साझेदारी निर्णायक बन्यो । ब्याटबाट केन्याको प्रदर्शन पनि राम्रो रह्यो । त्यसैले आजको खेल हेर्नमा निकै रमाइलो साबित भएको छ ।'

सन्दीपले विशेषत: अर्जुनको प्रशंसा गरे र उनको प्रदर्शन डेब्यू गरिरहेका खेलाडीको जस्तो नभएको प्रतिक्रिया पनि दिए । अनि उनले जिमखानामा उत्रेका केही सयको संख्याका नेपाली समर्थकलाई धन्यवाद दिन पनि बिर्सेनन् ।

तस्बिर स्रोत : नेपाल क्रिकेट संघ

ज्ञानेन्द्रको सुदृढ प्रदर्शन

नेपाली टिममा पुनरागमन गरिरहेका ज्ञानेन्द्र मल्लले नेपालको इनिङ्समा निर्णायक योगदान दिए र उनी नै भए, 'प्लेयर अफ म्याच' पनि । उनले ४१ बलमा ४६ रन बनाए । उनको ब्याट्बाट चार चौका र एक छक्का निस्केको थियो ।

उनले प्रारम्भिक ब्याट्सम्यान अर्जुनसँग ४२ रनको प्रभावशाली साझेदारी गरे । नेपालका लागि आफ्नो पहिलो खेल खेलिरहेका अर्जुनले ३१ बलमा ३५ रन बनाए । उनले दुई चौका र तीन छक्का प्रहार गरे । आक्रामक देखिने क्रममा उनी विराज पटेलको बलमा बोल्ड भए ।

अर्का प्रारम्भिक ब्याटर पवन सर्राफले २० रन जोडे । यस्तै, रोहित पौडेलले २९ र आदिल अन्सारीले १६ रनको बहुमूल्य योगदान दिए । ज्ञानेन्द्र नेपाललाई जितसम्म डोऱ्याउन भने असफल रहे । उनी कोलिन्स आबुयाको बलमा इरफान करिमवाट स्टम्पिङ भए । खेलपछि उनले पनि अर्जुनको प्रशंसा गरे, 'टिमका लागि म अन्त्यसम्म क्रिजमा रहन सकिनँ, अबको टिममा यसका लागि पनि प्रयास गर्ने छु ।'

तेस्रो विकेटका लागि शतकीय साझेदारी

त्यस अगाडि टस जितेर पहिले ब्याटिङको निर्णय गरेको केन्याले २० ओभरमा दुई विकेट गुमाएर १ सय ५६ रन बनाएको थियो । केन्याली इनिङ्स पूर्णत: रकिप पटेल र इरफान करिमको नटआउट साझेदारीमा टिकेको थियो । उनीहरूले दुई विकेट गुमाएर २९ रनको स्थितिबाट टिमलाई मजबुत स्कोर खडा गर्न मद्दत गरेका थिए । उनीहरूले तेस्रो विकेटका लागि १ सय २७ रनको ठोस साझेदारी गरे र दुवैले आ-आफ्नो अर्धशतक पनि पूरा गरे ।

इरफानले ४७ बलमा ५५ रन बनाए । उनले चार चौका र दुई छक्का प्रहार गरे । उनको तुलनामा रकिप बढी आक्रामक रहे । उनले सुदृढ ७३ रन बनाए र यसका लागि ४३ बलको मात्र उपयोग गरे । उनले पाँच चौका र चार छक्का प्रहार गरे । उनको ब्याटिङ अगाडि नेपाली बलर खर्चिला साबित भए । रकिप र इरफानले १४ ओभरमा आक्रामक साझेदारीको नमुना पेस गरेका हुन् । नेपाली बलरमध्ये सोमपाली कामी र अदिल अन्सारीले एक-एक विकेट लिए ।

सोमपालले पाँचौं ओभरको दोस्रो बलमा सुखदीप सिंहलाई आठ रनमा आउट गरे । सन्दीपले उनको क्याच लिए । लगत्तै छैटौं ओभरमा आदिलले कोलिन्स ओबुयालाई १४ रनमा बोल्ड गरे । नेपाली बलरमध्ये कप्तान सन्दीप सबैभन्दा महँगो साबित भए र उनले चार ओभरमा ४२ रन दिए । खेलको अन्त्यमा सेम एमगोचेले पिच केही सुस्त रहेको बताए । उनले थपे, 'तर हाम्रा लागि इरफान र रकिपले सानदार प्रदर्शन गरे ।'

वेस्ट ह्यामको पहिलो जित

लन्डन (एएफपी)- वेस्ट ह्याम युनाइटेडले इंग्लिस प्रिमियर लिगमा आइतबार नयाँ सिजनको पहिलो जित निकालेको छ । उसले भिल्ला पार्कमा भएको खेलमा एस्टन भिल्लालाई १-० ले हरायो ।

पहिलो हाफमा भिल्लाले गरेको गोललाई मान्यता दिइएको थिएन । एजरी कोन्सोले बललाई पोस्टको दिशा दिए पनि त्यसलाई गोल मानिएन । त्यस अगाडि लुकास डिग्नेको कर्नर मैदानबाट बाहिरिएको पाइएको थियो । दोस्रो हाफमा वेस्ट ह्यामले सुधारिएको खेल प्रदर्शन गरेको थियो । यसैक्रममा खेल सकिन १६ मिनेट अगाडि फोर्नाल्सले निर्णायक गोल गरे । यो जितपछि वेस्ट ह्यामले अंक तालिकाको पुछार छाडेर १६ औं स्थानमा उक्लेको छ ।

वेस्ट ह्यामको चार खेलबाट तीन अंक भएको छ । यसअघि टिम लगातार तीन खेलमा पराजित रहेको थियो । आइतबारकै अर्को खेलमा उल्भ्स र न्युकासल युनाइटेडले १-१ को बराबरी खेलेका छन् । उल्भ्सले रुबेन नेभेसको गोलले पहिलो हाफमा अग्रता लिएको थियो । खेलको अन्तिम मिनेटमा सेन्ट म्याक्सिनले न्युकासलका लागि बराबरी गोल फर्काए ।

ग्याब्रिएलले आफ्नो भूलमा भएको गोललाई सच्याउँदै निर्णायक गोल गरेपछि आर्सनलले शनिबार फुलहमलाई २-१ ले हराएर लगातार चौथो जित निकालेको थियो । उनको गम्भीर भूलको फाइदा उठाएर एलेक्जान्डर मिट्रोभिचले फुलहमलाई ५६ औं मिनेटमा आश्चर्यजनक अग्रता दिलाए । मार्टिन ओडेगार्डले ६४ औं मिनेटमा बराबरी गोल फर्काए ।

खेल सकिन पाँच मिनेट अगाडि ग्याब्रिएलले निर्णायक गोल गरे र यससँगै मिखेल आर्टेटाको टिम नयाँ सिजन शतप्रतिशत जित निकाल्न सफल भयो । यस जितपछि शीर्ष स्थानमा रहेको आर्सनलले डिफेन्डिङ च्याम्पियन म्यानचेस्टर सिटीमाथि दुई अंकको अग्रता कायम राख्यो । फुलहमले भने इंग्लिस फुटबलको माथिल्लो डिभिजनमा फर्केयता पहिलो हार बेहोऱ्यो ।

मुवा थाईमा दुई पदक

काठमाडौं (कास)- प्राप्ति बतासले यसै महिना मलेसियामा भएको इन्टरनेसनल फेडेरेसन अफ मुवा थाई वर्ल्ड गेम्भीमा दुई पदक जितेकी छन् ।

प्रतियोगिता साउन २४ देखि भदौ ४ सम्म भएको थियो, जहाँ उनले आईएफएफए १२ देखि १५ वर्षको ५१ केजी तौल समूहमा रजत जितेकी हुन् भने १४ देखि १५ वर्षको ५१ केजी तौल समूहमा कांस्य पदक हात पारेकी हुन् ।

यसक्रममा उनले मलेसिया, टर्की, रुस र चीनका खेलाडीसँग प्रतिस्पर्धा गरेकी थिइन् । प्राप्तिले काठमाडौं महाराजगन्जको जिमखाना मुवा थाईमा प्रशिक्षण गर्दै आएकी छन् । उनी प्रतियोगितामा सहभागी नेपालकी एक्ली खेलाडी थिइन् ।

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५९३५०००, फ्याक्स: ९७७-१-५९३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, सम्पादक : **उमेश चौहान**, प्रधान सम्पादक : **सुधीर शर्मा**

२४ दिनपछि फर्किए कोसी विस्थापित

कोसी भँगालो नियन्त्रण गर्न बाढीपीडितसहितको सहयोगमा करिब १२० मिटर लामो अस्थायी बाँध निर्माण

सप्तकोसीको भँगालो रोक्न डुम्रिबोटेमा निर्माण गरिएको अस्थायी बाँध । तस्विर : डिल्लीराम/कान्तिपुर

डिल्लीराम खतिवडा (उदयपुर)

सप्तकोसीले कटान गरी बस्तीतर्फ पसेको बहाव रोक्न बेलका नगरपालिका-८ डुम्रिबोटेमा अस्थायी बाँध निर्माण गरिएको छ । बाढी नियन्त्रणसँगै विस्थापित २४ दिनपछि घर फर्केका छन् । नगरपाकिालको तल्लो तटीय क्षेत्रका बस्तीमा कोसीको भंगालो पसेको थियो । बाढीपीडितसमेतको सहयोगमा तत्कालका लागि करिब १ सय २० मिटर लामो बाँध र झन्डै ६ सय मिटर बाटोसमेत निर्माण गरिएको स्थानीयले बताए । बेलका-३ बडासदस्य फाल्गुनी कार्कीका अनुसार पीडितको आर्थिक सहयोग, श्रमदान र नगरपालिकाले आवश्यक पर्ने उपकरण उपलब्ध गराएर बाँध निर्माण भएको हो । बाँध निर्माणपछि जोखिम कम भएसँगै विस्थापित शनिबारदेखि पूर्णरुपले घर फर्किएको उक्त नगरपालिका उपप्रमुख जीरा राईले बताइन् ।

बाढीले बेलका-१, २, ३, ८ र ९ वडाका ३ हजार ७६ घरधुरी प्रभावित भएका थिए । तीमध्ये १ सय ९ घरधुरी बढी जोखिममा थिए । पश्चिम धार कटान गर्दै अघि बढेको सप्तकोसीको बाढीले साउन १८ मा बेलका नगरपालिकाबाहेक सुनसरी बराह क्षेत्रका ६ र ९ वडाका धौरीटापु, श्रीलंका टापु, भागलपुर, करैया, तपेश्वरीलगायत बस्ती समेत जोखिममा परेका थिए । २०४५ को भूकम्पपछि कोसी विस्तारै धार परिवर्तन गर्दै पूर्वतर्फ लाग्यो । कोसी पूर्व फर्केपछि त्यहाँ २०५१ पछि बस्ती बस्न थाल्यो । अहिले कोसीले धार बदलेर पुरानै ठाउँमा आउँदा बस्ती प्रभावित भएको हो । अहिले प्रभावित भएको क्षेत्रमा बसोबास गरिरहेका अधिकास अन्यत्रबाट आएका हुन् । कोसी सम्झौतामा ब्यारेजदेखि ३४ किलोमिटर उत्तरसम्म भारत सरकारले तटबन्ध निर्माण गर्ने उल्लेख छ । त्यसैले नेपाल सरकारबाट यस्तो आपत्कालीन अवस्थामा पनि त्यहाँ कुनै काम गर्न नमिल्ने र सरकारले बजेट पनि विनियोजन नगरेको स्थानीयले ६४ वर्षीय वीरबहादुर मगरले बताए ।

अहिलेको समस्या कोसीको बहाव क्षेत्रभित्रकै भएको र नदीको धार परिवर्तन भइरहने प्राकृतिक कारण भए पनि त्यसलाई नबुझेर मानव बस्ती बस्ने, जग्गा आवाद गर्ने र त्यस क्षेत्रमा भौतिक संरचना बनाउने गर्नाले वर्षौंदेखि समस्या जटिल हुँदै आएको भारतीय पक्षले बताउँदै आएको छ । तर सम्झौताअनुसार भारत सरकारले त्यस क्षेत्रमा अस्थायी वा स्थायी जुन रूपको भए पनि कटान नियन्त्रणका लागि तटबन्धन निर्माण गर्नैपर्ने भएकाले नेपाल सरकारबाट सामान्य मर्मतबाहेक ठूला योजना सञ्चालन गर्न नमिल्ने र बजेट तथा कार्यक्रमसमेत केही नरहेको कोसी तथा बक्राहा नदि व्यावस्थापन आयोजना विराटनग प्रमुख कैलाश श्रेष्ठले बताउँदै आएका छन ।

उनका अनुसार यसको स्थायी समाधान भनेको कोसी प्रभावित क्षेत्रबाट बस्तीलाई अन्यत्र स्थानान्तरण गर्नु नै हो । तर कोसी प्रोजेक्टमा आइपर्ने कुनै पनि समस्याको समाधानका लागि भारत र नेपालका प्राविधिक सम्मिलित छुट्टै कोसी उच्च हाइलेवल समिति (केएचएलसी) रहेको र त्यो समितिले कहाँ, के गर्ने भन्ने निर्णय गरे पछिमात्रै त्यसैअनुसार काम हुन्छ ।

सिँचाइ तथा यातायातको विकास गर्नलाई नेपाल र भारतबीच सन् १९५४ अप्रिल २५ मा कोसी सम्झौता भएको हो । सन् १९८१ मा भारतीय विशेषज्ञ टोलीले गरेको अध्ययन प्रतिवेदनले सप्तकोसीको बाढीले भारत तर्फको ७ हजार ६ सय ८० हेक्टर र नेपाल तर्फको ७ सय ३८ हेक्टर भूमि बर्सेनि क्षति हुने गरेको औंल्याएको छ । जापानको जाइकाले सन् १९८५ मा गरेको अध्ययन प्रतिवेदनअनुसार सप्तकोसी संसारकै बढी लेदो बोक्ने नदी हो । यसको अत्यधिक पहिरो र भूक्षय हुने ९२ हजार ५ सय ३८ वर्गकिलोमिटर जलाधार क्षेत्र छ ।

कर्मचारी आन्दोलन सामुदायिक विद्यालय केन्द्रित

ताप्लेजुङ (कास)- सरकारले तलब वृद्धिमा विभेद गरेको भन्दै विद्यालय कर्मचारीको आन्दोलन सामुदायिक विद्यालय केन्द्रित भएको छ । कर्मचारीले १२ देखि १८ भदौसम्म पठनपाठन बन्द गरेर सहयोग गरिदिन विद्यालय प्रशासनलाई आग्रह गरेका छन् । तर विद्यालय भने त्यसका लागि तयार देखिएका छैनन् । विद्यालयको रणनीति आन्दोलनप्रति नैतिक समर्थन जनाउने तर बन्द नगर्ने छ ।

सदरमुकाम फुङलिङस्थित भानुजन माविका प्रधानाध्यापक किशोरकुमार राई आइतबार दिउँसो साढे १२ बजेदेखि बन्द गरेर सहयोग गरेको तर सोमबारदेखि यसो गर्न नसकिने बताउँछन् । 'विद्यालय लागिरहेको थियो, कर्मचारी साथीहरू आन्दोलन छ भनेर आउनुभयो,' उनले भने, 'विद्यार्थीलाई अनुरोध गरेर एक दिन बिदा गरिदियौं, भोलिदेखि नियमित लाग्छ ।' आन्दोलनप्रति ऐक्यबद्धता भए पनि यति लामो समय बन्द गर्न नसकिने राईले प्रस्ट्याए ।

सिनाम नमुना माविका प्रधानाध्यापक एवं शिक्षक महासंघका अध्यक्ष महेन्द्र प्रकाश गौतमले सामाजिक सञ्जालमा लामो स्टाटस् लेखेर चक डस्टर बोकेरै आन्दोलित हुने बताएका छन् । संघ र स्थानीय सरकारले विभेदकारी नीति लिएकोमा आपत्ति जनाउँदै उनले आन्दोलित पक्षलाई काजको व्यवस्था गरेर आन्दोलन अवधिमा बिदा दिने तर पठनपाठन बन्द नगर्ने उल्लेख गरेका छन् । 'राज्य र स्थानीय सरकार गैरजिम्मेवार भए पनि हजारौं विद्यार्थीको भविष्यको दायित्वबाट पन्छिने छुट छैन,' गौतमले स्टाटस्मा लेखेका छन्, 'कर्मचारी साथीहरूको आन्दोलनलाई सहयोग पुग्ने गरी चकडस्टरसहितको क्रियाकलाप गरेर हाजिरीलगायत कुनै पनि कार्य नगरी अनौपचारिक र कालोपट्टीसहितको शैक्षिक गतिविधि गर्दै चौतर्फी दबाव सिर्जना गरी माग पूरा गराउनुको विकल्प छैन ।'

विद्यालय कर्मचारी संघका जिल्ला अध्यक्ष अञ्चल नाल्वोले सरकारलाई दबाब दिन बन्दका लागि अनुरोध गरिएको र सकारात्मक प्रतिक्रिया आएको बताउँछन् । 'आइतबार विद्यालयहरू बन्द भए,' उनले भने, 'सबैले आन्दोलनमा सहयोग गर्छौं भन्नुभएको छ ।' सिंवा माविका प्रधानाध्यापक ओमनाथ गौतमले विद्यालय व्यवस्थापन र अभिभावकले कुनै पनि खाले बन्द नगर्ने निर्णय गरेकाले कर्मचारीको अनुरोध मान्न नसकिने बताउँछन् ।

'विद्यालय बन्द भन्ने सुनेपछि अभिभावक विद्यालयमा आएर सोधपुछ गरिरहनुभएको छ,' उनले भने, 'यसअघिका दलका बन्द पनि मानेनौं, कर्मचारी साथीहरूको बन्द पनि मान्न सकिने अवस्था रहेन ।' तर आन्दोलनप्रति आफूहरूको ऐक्यबद्धता रहेको गौतम बताउँछन् । आफ्नै विद्यालयका कर्मचारीको न्यायको पक्षमा रहेको विद्यालय प्रशासन पठनपाठन नै बन्द गरेर बस्ने मनस्थितिमा नदेखिएको हो । बन्दको आह्वान र विद्यालय सञ्चालनको विषयले सामुदायिक विद्यालयका छात्रछात्रा अन्योलमा परेका छन् । स्थानीय तहअन्तर्गत विद्यालय रहेको र स्थानीय तहले किन बन्द भन्ने प्रश्न गरे जवाफ दिने ठाउँ पनि नभएकाले पछि हटनुपरेको एक प्रधानाध्यापकले बताए ।

'विद्यालय बन्द भयो भनेर प्रश्न उठ्यो भने स्थानीय तहका प्रमुख, उपप्रमुख त्यतैतिर लाग्छन्,' ती प्रधानाध्यापकले भने, 'अहिलेका नेतालाई न्याय/अन्यायभन्दा पनि पपुलर हुनुछ, त्यसैले पनि पठनपाठन बन्द गर्न सक्ने अवस्थामा रहेन ।' संघीय राजधानी केन्द्रित आन्दोलन गरिरहेका कर्मचारी भने विद्यालय केही दिनमात्रै बन्द भइदिए माग सम्बोधन हुने अपेक्षामा छन् ।

द्वन्द्वपीडित भन्छन्- पैसा होइन, न्याय देऊ

इलाम (कास)- अझै सम्म न्याय नपाएका द्वन्द्वपीडितले राजनीतिक दलहरू आफ्ना समस्याको विषयमा कहिल्यै गम्भीर नभएको गुनासो गरेका छन् । लामो समयसम्म न्यायको भिख मागदा पनि नपाएको गुनासो गर्दै उनीहरूले कुनै पनि बहानामा राहत दिएर पीडा मेटाउने प्रयास नगर्न सरकारलाई आग्रह गरेका छन् । उनीहरूले न्यायको नाममा रकम दिएर द्वन्द्वपीडितको पीडालाई मार्न नसक्ने बताए ।

बलपूर्वक बेपत्ता पार्ने कार्यविरुद्धको १२ औं अन्तर्राष्ट्रिय दिवसमा आयोजित कार्यक्रमका सहभागीले द्वन्द्वको पीडा नै नभएको जस्तो गरी राज्य प्रस्तुत भएको बताए । 'परिवारको मुखिया नभएपछि घरको अवस्था कस्तो भयो होला ?,' पीडित परिवारकी तेजमाया गुरुङले भनिन्, 'शिक्षा, स्वास्थ्य, रोजगारलगायतको व्यवस्था भएको भए पनि सन्तोष मान्नु तर केही भएन ।' द्वन्द्वकालमा श्रीमान्को हत्या भएपछि विक्षिप्त बनेकी उनी कुनै पनि सर्तमा न्याय पाउनुपर्ने बताउँछिन् । साविक फाकफोक-१ का ठटबहादुर निरौलाको दुखेसो पनि उस्तै छ । ७ भाइमध्ये कान्छा गोकुल राजधानीबाट २०६० भदौमा बेपत्ता भए ।

'मरे बाँचेको खबर त अहिलेसम्म पाएनौं नै, स्मृतिमा केही गरौं भन्न पनि मनले दिँदैन,' भने, 'जिउँदै आउने अपेक्षा अहिलेसम्म साँचेका छौं ।' इलाममा २१ जना बेपत्ता सूचीमा छन् । बेपत्तासहित द्वन्द्वमा मारिएका, घाइते भएका लगायत २ सय ४५ जनाले राहत पाएका छन् । द्वन्द्वरत दुवै पक्षले युद्धको सिद्धान्त र मान्यतालाई कायम नगरेकाले बेपत्ताहरूको संख्या धेरै भएको सरोकारवालाहरूको भनाइ छ । देशभरमा ६६ हजार व्यक्तिहरू संक्रमणकालीन घटनाहरूको कानुनी रूपमा न्यायको पर्खाइमा छन् । त्यसमध्ये २ हजार ३ सय बेपत्ता छन् । 'यो समस्या समाधानका लागि राजनीतिक दलहरू प्रतिबद्ध हुनुपर्छ,' मानवअधिकार मञ्च नेपाल इलामका अध्यक्ष मोहनसिंह थेवेले भने, 'यो गम्भीर मुद्दामा दलहरू पन्छिन पाउँदैनन् ।' दलहरूले घोषणापत्रमा समेत यो मुद्दा राख्न छाडेको पीडितहरूको बुझाइ छ ।

परिपूरणसहित आवश्यक कानुनी व्यवस्था गरेर पीडितलाई न्यायको अनुभूति हुने खालको मापदण्ड तयार गरिनुपर्ने न्यायकालागि द्वन्द्वपीडित समाज नेपाल इलामका अध्यक्ष दामोदर चापागाईको भनाइ छ ।

विद्युत् महसुल नगरपालिकाले तिरिदिने

तेह्रथुम (कास)- म्याडलुङ नगरपालिकाले २० युनिटसम्म खपत गर्ने नगरवासीको विद्युत् महसुल प्राधिकरणलाई तिरिदिने निर्णय गरेको छ ।

घरायसी प्रयोजनका लागि विद्युत् उपभोग गर्ने सबै नगरवासीको न्यूनतम महसुल नगरपालिकाले तिर्ने निर्णय गरिएको नगरप्रमुख सञ्जय तुम्बाहाङफेले बताए । उनका अनुसार न्यूनतम महसुलसमेत बुझाउन नसक्ने नागरिकलाई लक्षित गरी यस्तो कार्यक्रम ल्याइएको हो । नगर कार्यपालिकाको बैठकले गत साउन १ देखिकै उक्त विद्युत् महसुल तिर्ने निर्णय गरेको हो । मासिक २० युनिटसम्म विद्युत् खपत गर्ने उपभोक्ताको महसुल नगरपालिकाले एकमुष्ट प्राधिकरणलाई भुक्तानी गर्ने विषयमा सम्झौता भइसकेको छ ।

'न्यूनतम २० युनिट बराबरको महसुल ३० रुपैयाँ नगरपालिकाले भुक्तानी गरिदिने हो,' नगरप्रमुख तुम्बाहाङफेले भने, 'त्योभन्दा माथि विद्युत् युनिट खपत गर्ने ग्राहकले भने बाँकी रकम आफैं बुझाउने हो ।' नगरपालिकाको यो निर्णयपछि न्यूनतम महसुलसमेत बुझाउन नसकेर लाइन काट्नुपर्ने अवस्थाको अन्त्य भएको विद्युत् प्राविधिकरण तेह्रथुम वितरण केन्द्रका प्रमुख श्यामकुमार शर्माले बताए ।

उक्त नगरपालिकामा ४ हजार ५ सय विद्युत् का ग्राहक छन् । यी ग्राहकको न्यूनतम २० युनिटसम्मको महसुल १ लाख ३५ हजार रुपैयाँ नगरपालिकाले प्राधिकरणलाई बुझाउने छ । दुर्गम र प्रत्येक महिना महसुल बुझाउन नसक्ने उपभोक्तालाई यो निर्णयले ठूलो राहत पुगेको प्रमुख प्रशासकीय अधिकृत गिरिराज भट्टराईले बताए ।

नगरपालिकाको यो निर्णयपछि विद्युत् प्राविधिकरणलाई समेत फाइदा पुगेको छ । समयमा विद्युत् महसुल नबुझाउने ग्राहकको लाइन काट्न घरघरै पुग्नुपर्ने समस्या प्राधिकरणका कर्मचारीलाई थियो । अब यो झन्झट हटेको केन्द्रका प्रमुख शर्माको भनाइ छ । केन्द्रका कर्मचारीको समयसमेत बचेको छ । उपभोक्तालाई घण्टौं टाढाबाट हिँडेर महसुल बुझाउन आउनुपर्ने बाध्यताको समेत अन्त्य भएको नगरप्रमुख तुम्बाहाङफेको भनाइ छ । नगरपालिकाभित्रका सडक बत्तीको महसुलसमेत नगरपालिकाले भुक्तानी गर्ने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत भट्टराईले बताए ।

५५ विस्थापित परिवारलाई निःशुल्क जग्गा

संखुवासभा (कास)- सिलिचोङ बेसिन्दाका पहिरोपीडित अविरल कुलुङको अनुहार बुधबार निकै उज्यालो थियो । विस्थापित ५५ परिवारलाई संखुवासभाको खाँदबारी नगरपालिका-७ को भैरे डाँडामा निःशुल्क जग्गा उपलब्ध गराइएपछि कुलुङसहितका पहिरोपीडित खुसी भएका हुन् ।

वर्षौंदेखि बस्दै आएको थातथलो पहिरोले बगाएको दुई वर्षपछि कुलुङले जग्गा पाएका हुन् । सदरमुकाम खाँदबारी बजार नजिकै जग्गा पाउँदा उनी मक्ख पर्नु स्वाभाविकै हो । बाउबाजेले उपलब्ध गराएको घरसहितको जग्गा गुमाउँदाको पीडा सम्झँदै उनले भने, 'पुर्ख्यौंली जग्गाजमिन गुमाउनुको पीडा छँदै छ, तर बस्ने ठाउँ निःशुल्क पायौं, यो जीवनकै अत्यधिक खुसीको क्षण हो ।' २०७७ असार २७ को राति गएको पहिरोमा घर गुमाएका शम्भु राई पनि जग्गा पाएपछि उत्साही छन् । दुई वर्षसम्म प्लास्टिकको पालमा गुजारा चलाउँदाको कष्ट अहिले आएर भुलेको उनले बताए । अब छिट्टै घर पनि निर्माण हुनेमा राई ढुक्क छन् । पहिरो पीडितलाई पुनर्वासका लागि जग्गा खरिद गरेपछि उनीहरूले प्रतिपरिवार २ रोपनीभन्दा बढी जग्गा पाएका हुन् । 'घरबारविहीन थियौं, पहिरोबाट पूर्णविस्थापित थियौं', उनले भने, 'ढिलै भए पनि जग्गा पाइयो ।'

जग्गा पाए पनि पहिरोपीडितहरू सिलिचोङ गाउँपालिकाको बुधबारे बजारमा टेन्टमा रात बिताइरहेका छन् । बर्खाको झरी, कठ्याङ्ग्रिँदो जाडो काटेका पहिरोपीडित अब भने नयाँ ठाउँमा घर बनाएर बस्न पाउने आशामा खुसी भएका हुन् । सिलिचोङ-१ बेसिन्दाका पहिरो विस्थापित परिवारलाई बुधबार जग्गा बाँडफाँड गरिएको हो । दुई वर्षअघि गएको पहिरोबाट विस्थापित ९२ परिवारमध्ये ५५ लाई नगरपालिकामा जग्गा व्यवस्थापन गरिएको हो । विस्थापितलाई संयुक्त रूपमा जग्गा पास गरिए पनि बाँडफाँड बाँकी थियो । जिल्ला विपद् व्यवस्थापन समिति, नगरपालिका र उक्त गाउँपालिकाले संयुक्त रूपमा विस्थापितलाई गोलाप्रथाद्वारा जग्गा प्रदान गरेको हो ।

खाँदबारी-७ स्थित भैरे डाँडामा विस्थापितका लागि ६९ रोपनी जग्गा १ करोड ३० लाखमा खरिद गरिएको हो । त्यस्तै बाँकी विस्थापितलाई सिलिचोङको चित्रे र बखल्टुम गाउँमा स्थानान्तरण गर्ने गरी जग्गा खरिद गरिएको छ । बेसिन्दाकै २५ घरधुरीलाई सिलिचोङको चित्रे गाउँमा र चेप्चेवाका १२ घरपरिवारलाई बखल्टुममा स्थानन्तरण गरिएको छ । चित्रेमा ५१.५ रोपनी जग्गा ७० लाखमा र बखल्टुममा १७.५ रोपनी भूमि ३४ लाख मा किनेर विस्थापितको नाममा संयुक्त रजिस्ट्रेसन पास गरिएको छ । यी स्थानका जग्गा पनि चाँडै विभाजन गरिने तयारी रहेको सिलिचोङका अध्यक्ष भूपालराज मेवाहाङले बताए । जिल्ला विपद् व्यवस्थापन समितिले फागुन २९ मा जग्गा खरिद गर्ने निर्णय गरेपछि प्रक्रिया अगाडि बढेको हो । संघीय र प्रदेश सरकार र गाउँपालिकाले बजेट व्यवस्थापन गरी जग्गा खरिद गरिएको हो । सिंगो गाउँ नै पहिरोले बगाएपछि बेसिन्दा र चेप्चेवावासी विस्थापित बनेका थिए । पहिरोमा परेका ११ अझै बेपत्ता छन् ।

सीमावर्तीलाई 'हात्ती आयो' एप्स

मोबाइल हुनेले एप्समार्फत र नहुनेले साइरनमार्फत हात्ती गाउँ पसेको सूचना पाउँछन्

पर्वत पोतेल (झापा)

सीमावर्ती देहात बाहुनडाँगीमा वर्षौंदेखि हात्ती आतंक छ । भौतिक या मानवीय क्षति भएपछि मात्रै 'मेची तरेर हात्ती छिरेछ' भन्ने स्थानीयले थाहा पाउँथे । अब साइरनको मद्दतबाट स्थानीयले हात्ती आएको खबर तत्काल पाउनेछन् । साइरनसँगै 'हात्ती आयो' भन्ने एप्समार्फत हात्ती आएको सूचना सर्वसाधारणको कानकानमा पुग्नेछ । मेचीनगर-४ को पहलमा साइरन जडान गरिएको छ ।

बर्दिया राष्ट्रिय निकुन्जका पूर्ववार्डेन संरक्षणकर्मी रमेश थापाले वडा कार्यालयलाई निःशुल्क उपलब्ध गराएका साइरन रेखदेख र सञ्चालन जिम्मा सशस्त्र प्रहरी बलको बीओपी (बोर्डर आउट पोस्ट) लाई दिइएको छ । 'हात्ती आएको सूचना प्रवाहका लाथि साइरन उपलब्ध गराइएको हो', उज्यालो नेपाल नामक गैरसरकारी संस्थाका पूर्वअध्यक्षसमेत रहेका थापाले भने, 'मोबाइल हुनेले मोबाइलमार्फत र नहुनेले साइरनमार्फत सूचना पाउनेछन् ।'

उक्त संस्थाले गत महिना वडा कार्यालयका सदस्य पवन बराइलीसहित आठ स्थानीयलाई हात्ती संरक्षणबारे प्रशिक्षणका लागि बर्दिया पठाएको थियो । यही टोलीले 'हात्ती आयो' भन्ने एप्समार्फत टोलटोलमा सूचना पठाउनेछन् । 'एप्स डाउनलोडपछि प्रयोग गर्न सकिन्छ', संरक्षणकर्मी थापाले भने, 'हात्ती आउनेबित्तिकै एप्समार्फत सूचना गरेपछि 'हात्ती आयो' भन्दै मोबाइलमा साइरन बज्छ ।' उनका अनुसार साइरनको आवाजबाट हात्तीका कारण धनजनको क्षति पनि कम हुन सक्छ भने हात्तीमाथि स्थानीयले गर्दै आएको व्यवहारमा पनि क्रमशः परिवर्तन हुँदै जानेछ । 'हात्ती आएको सूचनापछि मानव जीवन बचाउन र क्षति कम गर्न सकिन्छ', थापाले भने, 'यसले दुवै प्राणीको सहअस्तित्व कायम गर्न पनि सघाउ पुग्नेछ ।'

हात्ती आएको सूचना गर्न सशस्त्र प्रहरी बलको बीओपीमा राखिएको साइरन । तस्विर : पर्वत/कान्तिपुर

वडाध्यक्ष अर्जुनकुमार कार्कीले ब्याट्री, प्यानल बक्स, तार र साइरनसहित करिब ६० हजार मूल्य बराबरको साइरनले करिब एक किलोमिटरभन्दा टाढासम्म सूचना प्रवाह गर्न सक्छ । चाँडै अरू दुई स्थानमा साइरन जडान गरिने उनले बताए । उज्यालो नेपालमार्फत केही दिनभित्र प्रभावित क्षेत्रका घरहरूको बिमासमेत गरिने अध्यक्ष कार्कीले बताए । 'बिमाबाट पीडितले तत्काल राहत पाउन सक्ने देखियो', उनले भने, 'पीडितले तत्काल राहत पाउनुपर्छ भन्ने माग पनि हो ।' हात्तीका कारण भएको करोडौंको भौतिक क्षतिको राहत अहिले पनि धेरै स्थानीयले पाउन सकेका छैनन् । सरकारले वन्यजन्तुबाट भएको भौतिक क्षतिबापत १० हजार रुपैयाँ उपलब्ध गराउँदै आएको छ । तर उक्त रकम प्राप्तिका लागि पीडितले धेरै सास्ती पाउने गरेका छन् ।

स्थानीय शंकर लुइँटेलले सुनाए, '१० हजार राहत रकम थाप्न धाउँदाधाउँदै १५ हजार खर्च भएका उदाहरण पनि धेरै छ ।' कोसी आरक्षणका प्रमुख रमेशकुमार यादवले वन्यजन्तुबाट हुने क्षतिको रकम बढाएर कम्तीमा ५० हजार रुपैयाँ पुऱ्याउन बहस भइरहेको बताए । उनले हात्ती र मानव दुवै प्राणीको सहअस्तित्व कायम गर्न स्थानीयको भूमिका अहम् हुने बताए ।

हात्ती बदला लिने र ईखालु स्वाभावको प्राणी भएकाले यसलाई बढी आक्रामक बन्न दिन नहुने प्रकृति संरक्षण कोषका वीरेन्द्र गौतमले बताए । 'हात्तीलाई जति बिच्क्यायो त्यति नै बढी आक्रामक बन्छ', उनले भने, 'मान्छेले बिस्तारै हात्तीप्रतिको दृष्टिकोण र स्वभाव परिवर्तन गर्दै जानुपर्छ, जसले दुवै प्राणीको क्षति कम हुन्छ ।'

Europe को Malta मा महिला/पुरूषहरूलाई रोजगार
कम्पनी : Essential Elements Limited
पूर्व स्वीकृती मितिः २०७९/०५/१२ चलानी नं. ६०१८६२७७ LT No. : 270366

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब Euro	मासिक तलब ने.रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Cleaner	200	100	काममा दक्ष	792.33	१,०१,३२१।-	नियम अनुसार	८ घण्टा	५ दिन	नियम अनुसार	छ		१ वर्ष
२.	Waiter/Waitress	10	05		792.33	१,०१,३२१।-							
३.	Chef	03	02		1000	१,२७,८७९।-							
४.	Security Guards	07	03		792.33	१,०१,३२१।-							

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	साउदीको हकमा भिषा स्ट्याम्पीड शुल्क	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,५००।- कामदार आफैले	रु. ७००।- कामदार आफैले	रु.७०,०००/-

अन्तरवार्ता २०७९ भदौ २० र २१ गते (5 & 6 Sept. 2022) यस प्रा. लि. को कार्यालयमा हुनेछ ।
वैदेशिक रोजगार विभागबाट जरार्इएको जानकारीः १) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोस् । आफ् कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे रामरी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफ्नैसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुढानगर, ललितपुरमा सम्पर्क राख्नुहोला ।

जि. सि. डि. वर्ल्डवाइड प्रा. लि.
सिनामंगल काठमाण्डौ, फोन नं.: 01-4111217
मोबाइल नं. ९८२०२३३४४४, ९८०२३४२२८८, ९८४१०३९३१८
(श्रम इजाजत नं.: ५१५/०६१/०६२)

वर्गीकृत डिस्प्ले

KARUNAMAYA COLD STORAGE PVT. LTD.
OPENING SOON
BLUE STAR COLD ROOM
TEMPERATURE RANGE BETWEEN 2° C TO -18° C
FOR MULTI COMMODITY APPLICATION
PROUDLY DISTRIBUTED BY AIRCON NEPAL
GURJUDHARA, KALANKI 9841495478

THE WOW MOMENT STUDIO
PHOTO & VIDEO EDITOR WANTED
@ CHANDRAGIRI 06, KATHMANDU
SEND MAIL TO thewowmomentstudio@gmail.com 9810004538
FB link : https://www.facebook.com/TheWowMomentStudio

Teacher Wanted Urgently
1. Pre-Primary incharge: Should be Montessori trained and Experienced
2. Maths teacher: For grade IV, V, and VI
Gyan Niketan Secondary English School,
Shankhamool, Kathmandu
Contact No.: 9863355558

वर्गीकृत डिस्प्ले
अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

झूटो विवरण पेस गरी नागरिकता, छानबिनमा ढिलाइ

लक्ष्मी साह (बारा)

झूटो विवरण पेस गरी जन्मदर्ता र सिफारिस लिएर वंशजको आधारमा नागरिकता लिएको भन्दै भारत पश्चिम बंगाल दार्जिलिङकी २१ वर्षीया रजनी गोलेविरुद्ध निजगढ नगरपालिका-१२ का अध्यक्ष ज्ञानबहादुर गोलेले उजुरी दिएको एक महिना नाघिसक्यो। आफैंले गरेको सिफारिस गलत पर्न गएकोले रजनीको नागरिकता बदरसहित छानबिन गर्न उनले इलाका प्रशासन कार्यालयमा निवेदन दिएका थिए। इलाकाले उक्त फाइल जिल्ला प्रशासनमा हस्तान्तरण गरिसकेको जनाएको छ। तर, यसबारे अझै छानबिन भएको छैन।

रजनीले झुक्याएर गलत सिफारिस गराएको भन्दै वडाध्यक्षसहित स्थानीयले इलाका प्रशासनमा पुगेर संलग्नलाई कारबाही हुनुपर्ने भन्दै निवेदन दर्ता र धर्ना नै दिएका थिए। रजनीले श्यामराज गोले र जीरामाया गोलेकी छोरी बनेर गत असार १ मा ३३-२-७९-००५९१३ नम्बरको नेपाली नागरिकताको प्रमाणपत्र लिएकी थिइन्।

इलाका प्रशासन कार्यालयका प्रमुख प्रशासकीय अधिकृत मोहनप्रसाद अर्यालले वडाध्यक्ष गोलेले छानबिन गर्न निवेदन दिएपछि रजनीसहित नक्कली बाबुआमा बनेकालाई उपस्थित गराउन प्रहरीलाई पत्राचार गरिए पनि अन्य कारबाही अघि बढ्न नसकेको स्विकारे। गाउँमा कीर्ते गरी नागरिकता लिएको हल्ला चलेपछि श्याम, जिरामाया र रजनी फरार छन्। उनी भारतमा विवाहित भए पनि यहाँबाट अविवाहित बनेर नागरिकता लिएकी छन्। रजनीले वडाध्यक्षलाई सिफारिस गराउन वडा कार्यालय आफैं नगई जीरामायालाई पठाएकी थिइन्। उनले जेठ २३ मा जन्मदर्ताको प्रमाणपत्र लिएकी र भोलिपल्ट नगरिकताको सिफारिस लिएकी थिइन्।

'छानबिनको लागि गत साउन ८ मा निवेदन र धर्ना दिएका थियौं तर छानबिन प्रक्रिया अघि बढेको छैन,' स्थानीय रमण घिमिरेले भने, 'मिलेमतोमा दिइएको नागरिकता बदर हुनुपर्छ। मुचुल्का गर्ने प्रहरीदेखि स्थानीय, जनप्रतिनिधि र नक्कली बाबुआमा बन्ने सबै संलग्न छन्।' दोषीहरूलाई कानुनी दायरामा नल्याएर जोगाउने प्रयास भइरहेको उनको

> नक्कली बाबुआमा र नागरिकता लिने तीनै जना फरार, खोजी भइरहेको प्रहरीको भनाइ

> 'अख्तियार र प्रशासन दुवै कार्यालयबाट छानबिन भइरहेको छ'

> झूटो विवरणको आधारमा नागरिकता लिई सरकारी जागिर खाइरहेको भन्दै उजुरी

आरोप छ। सिफारिस गर्ने वडाध्यक्ष ज्ञानबहादुरसहित वडा सचिव शुभचन्द्र महतो र नक्कली आमाबुवा बन्ने जीरामाया र श्यामराजमाथि छानबिन गरी कारबाही हुनुपर्ने उनको माग छ।

यसैगरी, सिम्रौनगढ नगरपालिका-७ का राकेश कुमारले झूटो विवरणको आधारमा नागरिकता लिई सरकारी जागिर खाइरहेको भन्दै नागेन्द्रप्रसाद महतोले गत असार ८ मा उनको नागरिकतामाथि छानबिन गर्न जिल्ला प्रशासनमा निवेदन दिएका थिए। तर, उनको निवेदनमा पनि कार्यालयको मुद्दा फाँटले तोक लगाएर उपस्थित गराउन प्रहरीलाई पत्र लेख्नेबाहेक अरू केही गर्न सकेको छैन। पटक-पटक प्रशासनमा पुगे पनि छानबिनमा चासो नदिएर आफूलाई अलमल्याउने काम मात्र गरिएको महतोको आरोप छ।

राकेशले २०६८ वैशाख २७ मा जिल्ला प्रशासनबाट नागरिकता लिएका थिए। उनको स्थायी घर भने भारत मोतिहारी जिल्लाको खडतरी गाउँमा हो। उनका बाबुआमा र उनले समेत दोहोरो नागरिकता लिएको दाबी गर्दै महतोले निवेदन दिएका थिए। 'धेरैपटक प्रशासनमा पुगिसकियो, तर छानबिन गरेकै छैनन्,' महतोले भने।

झुटो विवरण पेश गरी नागरिकता लिएको भन्दै प्रशासनमा धेरै उजुरी दर्ता भए पनि छानबिनलाई तीव्रता दिइएको पाइँदैन। प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालले भने दुवै नागरिकतामाथि अख्तियार र प्रशासन कार्यालयबाट छानबिन भइरहेको बताए। 'निवेदन र फाइल अध्ययन गरिरहेका छौं,' उनले भने।

इलाका प्रशासन कार्यालयका प्रमुख प्रशासकीय अधिकृत अर्यालले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत यस विषयमा चासो राखेर कार्यालयबाट जवाफ मागेको पुष्टि गरे। 'वडाध्यक्ष गोलेको लिखित र मौखिक निवेदनको आधारमा इलाका प्रशासन कार्यालयले रजनीसहित उनले बाबुआमा बनाएका र सनाखतमा बस्नेदेखि मुचुल्कामा समेत बस्नेहरूलाई उपस्थित गराउन प्रहरीलाई पत्राचार गरिएको छ तर हालसम्म उपस्थित गराइसकेको छैन,' उनले भने।

प्रहरीले भने उनीहरूको खोजी भइरहेको बताये। 'आरोपित सबैको खोजी गरिरहेका छौं,' निजगढका प्रहरी निरीक्षक सञ्जीव ओलीले भने, 'फेला परेपछि प्रशासनमा उपस्थित गराउँछौं।'

पालिकाले तिरेनन् सडक बत्तीको महसुल

कान्तिपुर संवाददाता (रौतहट)

रौतहटका अधिकांश पालिकाले आफ्नो क्षेत्रमा पर्ने सडक बत्तीको महसुल तिर्न आलटाल गर्दै आएका छन्। विद्युत् प्राधिकरणले ५ वर्षदेखि बक्यौता तिर्न लिखित र मौखिक ताकेता गर्दै आए पनि पालिकाहरूले अटेर गरेका हुन्।

प्राधिकरणको चन्द्रनिगाहपुर वितरण केन्द्रका अनुसार जिल्लाका चन्द्रपुर, गरुडा, गुजरा र वृन्दावन नगरपालिकाले पोल बत्तीको ५ करोड २६ लाख रकम तिर्न बाँकी छ। केन्द्रले बक्यौता रकम तिर्न पालिकालाई पटकपटक ताकेता गर्दै आएको छ। सडक बत्ती प्रयोग गरेबापत सबैभन्दा बढी चन्द्रपुरले प्राधिकरणलाई १ करोड ७० लाख रुपैयाँ तिर्न बाँकी छ। त्यस्तै, गुजराले १ करोड ६५ लाख ९१ हजार रुपैयाँ तिरेको छैन। वृन्दावन नगरपालिकाले १ करोड २२ लाख ३० हजार र गरुडा नगरपालिकाले ६७ लाख ३७ हजार रुपैयाँ बक्यौता केन्द्रलाई तिर्नुपर्नेछ। सडक बत्ती जडान गरेदेखि महसुल नबुझाउँदा बक्यौता रकम धेरै भएको हो।

चन्द्रनिगाहपुर वितरण केन्द्रका प्रमुख सत्यनारायण गामीले सडक बत्तीको बक्यौता असुलीको प्रक्रिया अघि बढाइएको बताए। 'बक्यौता तिर्न ताकेता सुरु गरिसकेका छौं,' उनले भने, 'अब छिट्टै असुल गर्छौं।' चन्द्रपुरका नगर प्रमुख सञ्जय काफ्लेले सडक बत्तीको बक्यौता रकमबारे आफूलाई थाहा नभएको बताए। 'मलाई अहिलेसम्म यति धेरै रकम बक्यौता छ भन्ने थाहै छैन,' उनले भने, 'यस विषयमा के भएको हो बुझ्छु। बाँकी छ भने तिर्नुपर्छ।' गरुडाका नगर प्रमुख कन्यमणि बैसवालले पोल बत्तीको बक्यौता रकमबारे सोधपुछ गर्ने बताए। अधिकांश नगर प्रमुखले बक्यौता रकमबारे अनभिज्ञता जनाए। पोलमा जडान गरिएका बत्ती जलेर वल्न छाडेको स्थानीयको गुनासो छ। 'नाममात्रको बत्ती जडान भयो,' स्थानीय भरत आचार्यले भने, 'यस विषयमा स्वतन्त्र रूपमा छानबिन हुनुपर्छ।'

Europe को Malta मा महिला/पुरुषहरूलाई रोजगार
कम्पनी : Essential Elements Limited
पूर्व स्वीकृती मितिः २०७९/०५/१२ चलानी नं. ६०१८६२७७ LT No. : 270366

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब Euro	मासिक तलब ने.रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Cleaner	200	100	काममा दक्ष	792.33	१,०१,३२१।-	नियम अनुसार	८ घण्टा	५ दिन	नियम अनुसार	छ		१ वर्ष
२.	Waiter/Waitress	10	05		792.33	१,०१,३२१।-							
३.	Chef	03	02		1000	१,२७,८७९।-							
४.	Security Guards	07	03		792.33	१,०१,३२१।-							

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	साउदीको हकमा भिषा स्ट्याम्पीड शुल्क	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	हुने /रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,५००।- कामदार आफैले	रु. ७००।- कामदार आफैले	रु.७०,०००/-

अन्तरवार्ता २०७९ भदौ २० र २१ गते (5 & 6 Sept. 2022) यस प्रा. लि. को कार्यलयमा हुनेछ ।
वैदेशिक रोजगार विभागबाट जराईएको जानकारी: १) आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोस् । आफ्नु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफ्नसँग राख्नुहोला । ५) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुटवल, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।
जि. सि. डि. वर्ल्डवाईड प्रा. लि.
सिनामंगल काठमाण्डौ, फोन नं.: ०१-४११२२१७
मोबाइल नं. ९८२०२३३४४४, ९८०२३४२२८८, ९८४१०३९३१८
(श्रम इजाजत नं.: ५१९/०६१/०६२)

सप्तरीको तोपा हटियामा बिक्रीका लागि राखिएको माटोका भाडा। तराई मधेसमा मनाइने चौरचन पर्व नजिकिएसँगै माटोको भाडाको बिक्री बढेको छ। तस्बिर : अवधेशकुमार झा/कान्तिपुर

एउटै कोठामा ३ वटा कक्षा

- सामुदायिक विद्यालयमा कक्षाअनुसार छैनन् पर्याप्त शिक्षक
- पालिकाको कार्यविधिले विद्यालय व्यवस्थापन समिति गठनमै अलमल

सप्तरीको तिलाठी कोइलाडी-१ बेल्हीस्थित राष्ट्रिय आधारभूत विद्यालयका विद्यार्थी। तस्बिर : अवधेश/कान्तिपुर

अवधेशकुमार झा (राजविराज)

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका सबैजसो विद्यालयमा शिक्षक अभाव हुँदा धेरै कक्षाका विद्यार्थीलाई एउटै कोठामा राखेर पढाउनुपर्ने समस्या छ। ती विद्यालयमा दरबन्दीअनुसार शिक्षक नियुक्त हुन नसकेका हुन्। शिक्षकको पदपूर्ति गर्न पालिकाले पनि ध्यान दिएको छैन।

२०१६ सालमा स्थापना भएको तिलाठी कोइलाडी-१ तिलाठीको राष्ट्रिय प्राथमिक विद्यालयमा कक्षा ५ सम्म पढाइ हुन्छ। हाल २ सय २५ जना विद्यार्थी अध्ययनरत विद्यालयमा शिक्षक भने दुई जना मात्रै छन्। दुई वर्षअघिसम्म चार जना शिक्षक थिए। त्यसमध्ये दुई जनाले अवकाश पाए। रिक्त दरबन्दीमा पदपूर्ति हुन सकेको छैन। प्रत्येक कक्षाका लागि शिक्षक नहुँदा २-३ वटा कक्षा एकै ठाउँमा राखेर पढाउनु परिरहेको प्रधानाध्यापक प्रवीण कर्ण बताउँछन्।

वडा १ कै जनता आधारभूत विद्यालय बेल्ही मल्हनियामा कक्षा ६ सम्म पढाइ हुन्छ। हाल ३ सय ९२ जना विद्यार्थी अध्ययनरत विद्यालयमा शिक्षक भने ३ जना मात्रै छन्। यहाँ पनि एउटै कोठामा ३/३ वटा कक्षा राखेर पढाइ भइरहेको प्रधानाध्यापक राम साह बताउँछन्। तिलाठी कोइलाडी-५ स्थित राजाजी आधारभूत विद्यालयमा बाल विकासदेखि कक्षा ८ सम्मको पठनपाठन हुन्छ। ३ सय ५० भन्दा बढी विद्यार्थी अध्ययनरत यो विद्यालयमा पनि दुई जना शिक्षक मात्र छन्। जसमध्ये प्रधानाध्यापकको अधिकांश समय कार्यालयको कामकाज र बैठकमै बित्छ। यो विद्यालयमा पनि दुई वर्षअघि चार जना शिक्षक थिए। त्यसमध्ये दुई जना अवकाश भइसकेपछि पदपूर्ति हुन सकेको छैन। शिक्षक अभावमा विद्यालयमा ३-३ कक्षाका विद्यार्थीलाई एकै कोठामा राखेर पढाउनुपर्ने बाध्यता रहेको प्रधानाध्यापक देवनारायण पण्डित बताउँछन्।

तिलाठी कोइलाडी-५ कै कृष्णकुमारी देवी आधारभूत विद्यालयमा कक्षा ६ सम्मको पढाइका लागि ४ जना शिक्षक छन भने राप्रावि कोबर्साइन र राप्रावी कुसहा कोबर्साइनमा ५/५ कक्षा २/२ जना शिक्षकको भरमा सञ्चालन भइरहेको छ। तिलाठी कोइलाडी-२ स्थित उम्देश्वर आधारभूत विद्यालयमा ७, वडा ३ स्थित राप्रावि सकरपुरामा ३, राप्रावि मुखिया टोल सकरपुरामा ४ जना शिक्षक मात्र छन्। वडा ६ को राप्राविको मधेपुरामा ५ कक्षा सञ्चालन छ भने शिक्षक २ जना छन्। हरिहर हरिनारायण राप्रावि‌मा कक्षा ५ र शिक्षक २, वडा नम्बर ७ स्थित राप्रावि मंसापुरमा ५ वटा कक्षा र शिक्षक ३ जना रतथा वडा ८ स्थित राप्रावि सडेपारमा कक्षा ५ सम्म सञ्चालन र शिक्षक ३ जना मात्र छन्।

तिलाठी कोइलाडीका सबै १३ वटै सामुदायिक आधारभूत विद्यालयमा कक्षाअनुसार शिक्षक छैनन्। लामो समयदेखि कक्षाको अनुपातमा शिक्षक नभए पनि पालिकाले पदपूर्ति गर्न चासो दिएको छैन। भएका शिक्षक पनि अवकाश हुँदै गएका छन्। त्यसअनुसार पदपूर्ति हुन नसक्दा शिक्षक अभाव भएको पालिकाका शिक्षा संयोजक राजेश झाले बताए। 'शिक्षकहरू रिटायर्ड हुँदै गए तर पदपूर्ति हुन सकेन, जसका कारण एकैपटक शिक्षक अभाव देखिएको हो,' झाले भने।

सरकारी मापदण्डअनुसार एक कक्षामा ४५ विद्यार्थी बराबर एक जना शिक्षक रहनुपर्ने हुन्छ। तर, त्यो व्यवस्था त परै जाओस् यहाँ एउटै कक्षामा ३ वटा कक्षाका विद्यार्थी राखेर पढाइ भइरहेको छ। शैक्षिक सत्र सुरु भइसकेको साढे ४ महिना बित्न लाग्दा विद्यालयमा पाठ्यक्रमअनुसार विषयगत पढाइ पनि हुन सकेको छैन। शिक्षक पदपूर्ति हुन नसक्नुको पछाडि व्यवस्थापन समिति गठन हुन नसक्नु प्रमुख कारण हो। १३ वटै सामुदायिक आधारभूत विद्यालयमध्ये एउटामा मात्र व्यवस्थापन समिति छ।

समिति गठनका लागि वडाध्यक्षले एक महिलासहित दुई जना र गाउँपालिका अध्यक्षले पनि एक महिलासहित दुई जना मनोनीत गर्ने कार्यविधि छ। अघिल्लो स्थानीय सरकारले ल्याएको यो कार्यविधिको जनस्तरबाट विरोध भएको थियो। पालिकाकी उपाध्यक्ष फूलकुमारी साहले जतिसक्दो चाँडो कार्यविधि संशोधन गरी समस्या समाधान गर्ने बताइन्। 'सामुदायिक विद्यालयमा शिक्षक अभावमा पढाइको स्तर खस्किएको छ,' उनले भनिन्, 'जतिसक्दो चाँडो कार्यविधि संशोधन गर्नेछौं।'

वर्गीकृत डिस्प्ले



२० प्रतिशत घरको मात्र सम्पन्न प्रमाणपत्र

प्रकाश बराल (बागलुङ)

बागलुङ नगरपालिका-२ का हरिबाबु सापकोटाको ५ तले घर बनाउन २ वर्षदेखि नगरपालिकामा पहल गरिरहेका छन् । तर निर्माण सम्पन्न हुन सकेको छैन । सापकोटाले घर बनाउने क्रममै स्टिमेटअनुसार पुरा गरेका छैनन् । सडकको मापदण्ड पूरा छैन । सोही घरमा पेट्रोलपम्प पनि छ । 'पम्प अन्यत्र सार्छु, घर सम्पन्न प्रमाणपत्र चाहियो भन्नुभएको छ, तर विश्वस्त आधार नभई दिन सकिएको छैन,' प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटाले भने । उनीजस्ता अधिकांश घरको निर्माण सम्पन्न छैन ।

जनप्रतिनिधि आउनुअघि कार्यकारी अधिकृतको र पछि नगर प्रमुखको तोक आदेशको भरमा बनाएका झन्डै २ सय घरको नक्सा पाससमेत लामो समय रोकियो । सडक मापदण्ड पनि पूरा नगरेका अग्ला घर भत्काउनुभन्दा जरिवाना लिएर मापदण्डमा हेरफेर गरी नगरपालिकाले नक्सा पास गराउने बाटो खोलिदियो । तर ती घरले समेत निर्माण सम्पन्न लिन सकेका छैनन् ।

नक्सा शाखाका इन्जिनियर गौरव शर्माका अनुसार सदरमुकाम बागलुङ बजारमा ३ हजार ९ सय नक्सा पास गरेका घर छन् । तर ८ सय घरले मात्र काम सम्पन्न प्रमाणपत्र लिएका छन् । घर निर्माण सम्पन्न नलिँदा बैंकबाट ऋण स्वीकृति गर्न पाइँदैन । कर चुक्ता प्रमाणपत्र लिन पनि घर निर्माण सम्पन्न प्रमाणपत्र नै चाहिन्छ । 'अझै ३ हजार १ सय घरलाई सम्पन्न दिनुपर्ने बाध्यता छ,' नगर प्रमुख वसन्तकुमार श्रेष्ठले भने । नगरपालिकाले चालु वर्षदेखि हरेक घरको प्लास्टरपछि मात्र निर्माण सम्पन्न प्रमाणपत्र दिने व्यवस्था गरेको छ । उक्त व्यवस्थाको कतिपयले विरोध गरेका छन् । नक्सा पास गरेर सडक मापदण्ड पूरा गरेपछि घरको जग राख्न पाइन्छ । प्राविधिकले पुनः परीक्षण गरेर दोस्रो चरणको अनुमति दिएपछि डीपीसी र घर निर्माण थाल्न पाउने प्रावधान छ । दोस्रो चरणको अनुमति पाएपछि पानी र विद्युत् सेवा पाउने प्रावधानले सम्पन्न गर्ने क्रम घटेको हो ।

अघिल्लो वर्ष बागलुङ नगरपालिकाले मापदण्ड खुकुलो बनाएर पास गर्ने बाटो खोलेको थियो । मापदण्डमा फुकुवा गरेपछि पहिला बनेका घरलाई १ लाखदेखि ५ लाख रुपैयाँसम्म जरिवाना लिएर नक्सा पास गराइयो । ७ मिटरको मापदण्ड रहेको नारायणचोकदेखि लालीगुराँस चोकमा मापदण्ड घटाएर ५ मिटर बनाएपछि पुरानो बजारका कतिपय घरको नक्सा पास भएको थियो । वडा १, २ र ४ मा भने सामान्य मापदण्ड कायम छ । जग्गा नै नभएर घर बनाउन नसकेका र सडक नै सानो भएको स्थानमा बनेका घरलाई नक्सा पास गर्न सक्ने गरी दुई वर्षअघि कार्यपालिकाले बाटो खुलाएको थियो । भगवती मार्गमा ८ मिटर मापदण्ड घटाएर ६ मिटर बनाइएको, ओमशान्ति मार्गमा ७ मिटरको मापदण्ड घटाएर ५ मिटर बनेपछि ती स्थानमा धमाधम घर बनेका थिए ।

नगरभित्र साढे तीन तलासम्मको घर बनाउन पाउने प्रावधान छ । ५ तलासम्मको घर बनाउनुपर्दा माटो परीक्षण र 'स्ट्रक्चरल एनलाइसिस' गरे बनाउनै पर्ने कारण प्रस्तुत गर्नुपर्ने नियम छ । तर अहिले अधिकांश घर ५ देखि ६ तलाका बनिरहेका छन् । मुख्य सडकदेखि भित्री गल्लीमा यस्ता घर बनिरहेका हुन् । 'घडेरी सानो हुने निहुँमा कतिपयले नगरपालिकामा दर्ता नगरी घर बनाएका रहेछन्,' इन्जिनियर शर्माले भने, 'पछि दर्ता गर्न जाँदा जरिवाना तिरेर उम्कने पद्धति हामीले रोकेका छौं ।' आफ्नो जिम्मामा आएपछि मापदण्ड नपुगेका कुनै पनि नक्सा पास नगरेको शर्माले बताए ।

प्रदेशसभाको पहिलो कार्यकाल

५ वर्षमा १२ अधिवेशन, ५९ विधेयक

प्रतीक्षा काफ्ले (कास्की)

बिहीबार बसेको गण्डकी प्रदेशसभा बैठक । *तस्बिर : प्रतीक्षा/कान्तिपुर*

गण्डकी प्रदेशसभाको पहिलो कार्यकाल पूरा भएको छ । गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले गत बुधबार मध्यरातबाट वर्ष अर्थात् बजेट अधिवेशनको अन्त्य गरेसँगै प्रदेशसभाको पहिलो कार्यकाल सकिएको हो । गत मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रदेश प्रमुख गुरुङलाई अधिवेशन अन्त्यको लागि आग्रह गरेको थियो । २०७४ माघ ४ मा पहिलो पटक प्रदेशसभाको बैठक बसेको थियो । २०७४ मंसिर १० मा सम्पन्न निर्वाचनबाट निर्वाचित प्रदेशसभाका सांसदको पहिलो अवधि आगामी असोज १ देखि सम्पन्न हुँदै छ । ६० सदस्यीय गण्डकी प्रदेशमा हाल ५८ जना सदस्य छन् । प्रत्यक्षतर्फ ३६ र समानुपातिक २४ जना थिए । जसमा एमालेका २७, काग्रेसका १५, माओवादी केन्द्रका १२, राष्ट्रिय जनमोर्चाका ३, नयाँ शक्तिका २ र १ जना स्वतन्त्र सांसद थिए ।

गण्डकी प्रदेशसभामा ५ वर्षमा १२ वटा अधिवेशन सम्पन्न भए । जसमा दुई वटा विशेष अधिवेशन रहेका छन् । प्रदेशसभाको पहिलो बैठक २०७४ माघ २२ मा बसेको थियो । सभामुख नेत्रनाथ अधिकारी भन्छन्, 'पहिलो दिन प्रदेशसभाको कार्यसञ्चालन कार्यविधि पारित गरी फागुन ३ मा सभामुखको निर्वाचन गरिएको थियो ।' माओवादीबाट प्रतिनिधित्व गर्दै सभामुखमा अधिकारी सर्वसम्मत चुनिएका हुन् ।

यसैगरी, फागुन ६ मा उपसभामुखका लागि निर्वाचन भयो । एमालेबाट सिर्जना शर्मा निर्वाचित भइन् । सभामुख अधिकारीले ५ वर्षमा केही उतारचढाव भए पनि समग्रमा सम्झनयोग्य रहेको बताए । प्रदेशसभामा विधायन समिति, सार्वजनिक लेखा समिति, अर्थ तथा विकास समिति र प्रदेश मामिला समिति ४ संसदीय समिति छन् । यीनलाई मिनी संसदको रूपमा पनि लिइन्छ । विधायन समितिमा बाहेक अन्य समितिमा पनि ५ वर्षमा त्यति बैठक बस्न सकेन । संसद् सचिवालयको तथ्यांक अनुसार ५ वर्षमा विधायन समितिको १ सय ५८ वटा बैठक बसे ।

यस्तै, अर्थ तथा विकास समितिको ५०, सार्वजनिक लेखा समितिको ४९ र प्रदेश मामिलाको ३४ वटा बैठक बसे । २०७७ मा बसेको पहिलो विशेष अधिवेशनमा १० र २०७८ मा बसेको दोस्रो विशेष अधिवेशनमा ३ वटा बैठक बसे । विशेष अधिवेशनमा १३ र नियमित अधिवेशनमा २ सय ८८ वटा बैठक बसेका छन् । पहिलो अधिवेशनमा ३६, दोस्रोमा ४३, तेस्रोमा १६, चौथोमा ४०, पाँचौंमा १९, छैटौंमा ६२, सातौंमा ३, आठौंमा २८, नवौंमा ८ र दशौं अधिवेशनमा ३४ वटा बैठक बसेका छन् । यस्तै, सोही वर्षको माघ २८ मा एमाले संसदीय दलको नेता बनेका गुरुङलाई प्रदेश प्रमुख कुँवरले फागुन ४ मा मुख्यमन्त्रीको शपथ गराएका थिए । गुरुङले सोही दिन गोरखाका रामशरण बस्नेतलाई उद्योग तथा पर्यटनमन्त्री बनाए । मन्त्री बस्नेत सरकारको प्रवक्ता बने । यसैगरी, फागुन ४ मा पहिलो पटक मन्त्रिपरिषद्को बैठक बसेको थियो । 'प्रदेश नम्बर ४ बाट २०७५ असार २२ मा 'गण्डकी' नामकरण गरियो,' सभामुख अधिकारी भन्छन्, 'छोटो समयमा यो नै हाम्रो ठूलो उपलब्धि हो । त्यसपछि असार १८ मा राजधानी 'पोखरा' तोक्यौं । यसलाई पनि सफलताकै रूपमा लिन्छु ।' सभामुखले चाहेर पनि ५ वर्षभित्र मन्त्रीसँग प्रश्नोत्तर गर्न नसकिएको बताए । 'यसलाई प्राक्टिक्समै ल्याउँन सकेनौं,' उनले थपे, 'प्राइभेट बिलको विषय पनि यत्तिकै रह्यो । यी दुई कामबाहेक पछुताउने गरी कुनै काम बाँकी रहेनन् ।'

सरकारलाई आवश्यक कानुन सहमतिमा नै पारित गरिएको उनको दावी छ । प्रदेशसभाबाट हालसम्म ५९ वटा विधेयक पारित भए । ५९ वटै विधेयक प्रमाणित भइसकेका छन् । यस्तै, आम सञ्चार, गण्डकी प्रदेश ऐन संशोधन गर्नुपर्ने विधेयक र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७७, लाई संशोधन गर्न बनेको विधेयक दफावार छलफलका लागि विधायन समितिमा छ । विधायन समितिका सभापति विष्णुप्रसाद लामिछानेले आम सञ्चार विधेयक पारित गर्ने तयारीमा भए पनि कारणवश रोकिएको बताए । ६२ वटा विधेयक संसद्मा टेबुल भएका थिए ।

सरकारमा उथलपुथल, प्रदेश प्रमुख फेरिरहे

निर्वाचनमा चुनावी एकता गरेका एमाले र माओवादी केन्द्रले अन्ततः पार्टी एकता गरे । संघमा केपी शर्मा ओली प्रधानमन्त्री बनिरहँदा गण्डकीमा मुख्यमन्त्री एमालेका पृथ्वीसुब्बा गुरुङ बने । ७ मन्त्रालयमा माओवादीले २ मन्त्री पाएको थियो । बाँकी एमालेका थिए । राजनीतिक घटनाक्रमले नयाँ मोड लियो । प्रधानमन्त्री ओलीले संसद् दुई पटकसम्म विघटन गरे । जसको असर प्रदेश सरकारमा पनि देखियो । गुरुङलाई मुख्यमन्त्री बनाउन तम्सिएका माओवादी फाल्न पनि उत्तिकै लागे । २०७८ जेठ २९ मा कांग्रेस संसदीय दलका नेता कृष्णचन्द्र नेपाली मुख्यमन्त्री पदमा नियुक्त भए । हाल गण्डकीमा १२ मन्त्रालय छन् ।

उद्धार गर्दागर्दै हेलिकोप्टरमै सुत्केरी

गोरखा (कास)- चुमनुब्री गाउँपालिका-७ छेकम्पारस्थित निलेकी २५ वर्षीया यान्चेन लामाले हेलिकोप्टरमै बच्चा जन्माएकी छन् । शनिबारदेखि सुत्केरी व्यथाले च्यापेकी लामालाई आइतबार साँझ हेलिकोप्टरमार्फत काठमाडौं लगिएको थियो । त्रिभुवन विमानस्थलमा हेलिकोप्टर ल्यान्ड हुने बेला लामाले बच्चा जन्माएकी हुन् । 'सुत्केरी व्यथाले च्यापेपछि शनिबारदेखि नै काठमाडौं लैजाने प्रयास गरेका थियौं,' उनका श्रीमान् ग्याम्जो लामाले भने, 'विभिन्न ठाउँमा पहल गरेपछि आइतबार पौने ५ बजेतिर हेलिकोप्टर आइपुग्यो, हेलिकोप्टरमा लैजाँदा लैजाँदै ल्यान्ड हुने बेला बच्चा जन्मियो ।'

हेलिकोप्टरभित्रै यान्चेनले छोरा जन्माएकी हुन् । बच्चा र आमालाई अहिले थापाथलीस्थित प्रसूति गृहमा राखिएको ग्याम्जोले बताए । दुर्गमको छेकम्पारमा भरपर्दो स्वास्थ्य संस्था नहुँदा जटिल प्रकृतिका गर्भवतीलाई हेलिकोप्टरबाट काठमाडौंका अस्पताल पुऱ्याउनुपर्ने बाध्यता छ ।

राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत आइतबार यान्चेनसहित छेकम्पारबाट दुई जना गर्भवतीको उद्धार गरिएको चुमनुब्री गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमसेन श्रेष्ठले बताए । छेकम्पारस्थित लामागाउँकी २८ वर्षीया गर्भवती धेचेन साङ्मो लामालाई पनि आइतबार हेलिकोप्टरमार्फत काठमाडौं लगिएको छ ।

जटिल प्रकृतिका गर्भवतीलाई काठमाडौं लैजानुपर्ने बाध्यता रहेको चुमनुब्री गाउँपालिकाका अध्यक्ष निमा लामाले बताए । 'जटिल प्रकृतिका सुत्केरीलाई काठमाडौं नै पठाउँछौं,' उनले भने, 'आइतबार दुई जना गर्भवतीलाई काठमाडौं पठाउन बिहानैदेखि पहल गरे पनि मौसम खराबीका कारण ढिला भयो ।'

प्राकृतिक चिकित्सालयमा एमबीबीएससरह पढाइने

पूर्वी नवलपरासी (कास)- रजहरमा रहेको प्राकृतिक चिकित्सालयलाई डाक्टर उत्पादन गर्ने शिक्षण अस्पतालमा रुपान्तरण गरिने भएको छ । ११ वर्षअघि स्थानीय प्रयासमा सुरु भएको चिकित्सालयलाई योग र प्राकृतिक चिकित्सा अध्ययन गर्ने शिक्षालय बनाइने भएको हो । दाङस्थित नेपाल संस्कृत विश्वविद्यालयको अनुमती लिएर सञ्चालनमा रहेको यो चिकित्सालयमा आगामी वर्षदेखि एमबीबीएस सरह (बीएनवाईएस) अध्ययन गर्ने चिकित्सालयमा रुपान्तरण गर्न धमाधम काम अघि बढेको छ । विश्वविद्यालयका रजिस्ट्रार माधव अधिकारीका अनुसार त्यहा अर्को वर्षबाट ब्याच्लर इन नेचुरोपेथी एण्ड योगा साइन्सेस (बीएनवाईएस) कक्षा सञ्चालन हुने भएको छ । हाल २५ शय्या क्षमतामा सञ्चालित चिकित्सालयमा आगामी ६ महिनामा २ सय शय्या पुऱ्याइनेछ । चिकित्सा विज्ञान पढाउन २ सय शय्याको चिकित्सालय आवस्यक पर्छ । यो कोर्ष अध्ययन अध्यापनकालागि भौतिक पूर्वाधार निर्माणको काम भैरहेको छ । भवन निर्माणको काम अबको ६ महिनाभित्र पूरा गर्ने लक्ष्य छ ।

चिकित्सालयका व्यवस्थापक हरि सापकोटाका अनुसार चिकित्सालय हातामा ३ वटा ब्लकमा २ सय शय्याको अत्याधुनिक भवन निमार्णाधीन छ । संघीय सरकार र गण्डकी प्रदेश सरकारको ४ करोड लगानीमा अत्याधुनिक प्राकृतिक चिकित्सा उपचार भवन बनिरहेको हो । नियमित योग अभ्यास र औषधिविना नै उपचार गरिने यो नेपालको पहिलो चिकित्सालय हो । भवन निर्माण र जनशक्ति व्यवस्थापन गरेर २ सय २५ शय्याको चिकित्सालय सञ्चालन चाँडै गर्ने तैयारी अनुसार काम भैरहेको छ । कम्तीमा २ सय शय्याको चिकित्सालय सञ्चालनमा आएपछि बिएनवाईएस पढाउन मिल्ने शिक्षण अस्पताल (चिकित्सालय) ढोका खुल्ने छ ।

नेपाल संस्कृत विश्वविद्यालयले रजहरमा शिक्षण अस्पताल सञ्चालनका लागि चिकित्सा शिक्षा आयोगमा सबै प्रक्रिया पूरा गरेर अनुमति माग गरिसकेको छ । शिक्षण अस्पताल सञ्चालनका लागि आवश्यक १४ फरकफरक विभाग स्थापना गर्नुपर्छ । विभाग बनाउन गृहकार्य शुरु भएको छ । पर्याप्त भवन, विभिन्न विभागको स्थापना र जनशक्ति व्यवस्थापन हुनासाथ त्यहा नेपालमै पहिलो पटक प्राकृतिक चिकित्सा विज्ञानको पढाइ सुरु हुने छ । यो प्राकृतिक चिकित्सालयका लागि १० बिघाभन्दा बढी जग्गा नेपाल सरकारले भोगाधिकार दिएको छ । अस्पताल वरिपरि रहेको अन्य जग्गा प्राप्तिका लागि स्वास्थ्य मन्त्रालय सकारात्मक देखिएको छ । प्राकृतिक चिकित्सा विज्ञानका आधारमा रहेर बिना औषधि उपचार गरिने यो नेपालको पहिलो र एक मात्र चिकित्सालय हो ।

यहाँ एमबीबीएस सरह (योगा र प्राकृतिक चिकित्सा विज्ञानमा स्नातक) अध्ययन अध्यापन गराउने योजनाअनुसार काम भैरहेपछि स्थानिय उत्साहित छन् । स्थानीय वासिन्दा सुरेश थापा ११ वर्षअघि स्थापना भएको प्राकृतिक चिकित्सालयमा शिक्षण अस्पताल बनाइने भएपछि स्थानिय हौसिएको बताउछन् । नेपालमै फरक शैलीबाट उपचार हुने यो चिकित्सालयको स्थापनालपछि भारतीय समेत उपचारमा आउने उनको विश्वास छ । चिकित्सालय हातामा नारायणगढकी गौरीदेवी प्रधानले २ करोडको लागतमा अत्याधुनिक भवन निर्माण गरेर तीन वर्षअघि नै चिकित्सालयलाई हस्तारन्तरण गरेकी छन् ।

पर्वतमा दूध उत्पादन बढ्दो

जिल्लाका दुई सयभन्दा बढी व्यावसायिक फार्मबाट दैनिक दुई हजार लिटर दूध उत्पादन

अगन्धर तिवारी (पर्वत)

पर्वतको कुश्मा-९ का किसान शिव ढकालको गाई फार्म । *तस्बिर : अगन्धर/कान्तिपुर*

कुश्मा नगरपालिका-९ का शिव ढकाल ६ वर्ष साउदीमा रोजगारी गरेर फर्किएपछि पशुपालनमा लागे । ५ वर्षअघि चारवटा गाईबाट सुरु गरेको व्यवसाय अहिले डेढ दर्जनभन्दा बढी माउगाईमा विस्तार भएको छ । ढकालले दैनिक दुई सय लिटर दूध बजार पठाउँछन् । फलेवासकी उपप्रमुख शोभा क्षत्रीले आफ्नै फार्मबाट दैनिक अढाई सय लिटर दूध पोखरा पठाउँछिन् । पैयुँ-५ का हिमलाल भुसालले ३ वर्षअघि सुरु गरेको नमुना पशुपालन फार्ममा हाल एक दर्जन उन्नत जातका भैंसी छन् । कुश्मा-९ की यमुना पौडेलले २०७२ मा व्यावसायिक गाई फार्म दर्ता गरिन् । ३ वटा गाईबाट सुरु भएको उनको नमुना गाईपालन फार्ममा अहिले डेढ दर्जन गाई छन् । बीएससी उत्तीर्ण मोदी गाउँपालिका-२ देउपुरका बेदप्रसाद तिमिल्सिनाले २५ वटा गाई पालेका छन् । उनले दैनिक १ सय २५ लिटर दूध बजार पुऱ्याउँछन् । जलजला-८ नाङ्लीवाडका २५ किसानले सुरु गरेको मिलिजुली भैंसीपालन किसान समूहमा दुई सय बढी भैंसी छन् । सामूहिक व्यवसाय सफल नभएपछि किसानहरूले समूहमार्फत आ-आफ्नै घरमा ३ देखि ७ वटासम्म उन्नत जातको भैंसी पाल्न थालेका हुन् । यहाँको दैनिक ५ देखि ७ सय लिटर दूध नजिकको बागलुङ र म्याग्दीको बेनीमा बिक्री हुन्छ ।

यी केही उदाहरण मात्रै हुन् । पर्वतमा पछिल्लो दशकमा व्यावसायिक पशुपालनमा लाग्ने किसानको संख्या उल्लेख्य मात्रामा बढेको छ । कुश्मा-९ का ढकालसहित केही अगुवा किसानको नेतृत्वमा करिब ६ सय लिटर दूध कुश्मासहित पोखरा पठाउने गरेका छन् । फलेवासकी उपप्रमुख क्षत्रीको अगुवाइमा खुलेको सहकारीले दैनिक १२ सय लिटरसम्म दूध पोखरा पठाउँदै आएको छ । पर्वतकै मोदी गाउँपालिकाका किसानले सञ्चालन गरेको मोदीखोला बहुउद्देश्यीय सहकारी संस्थाले अहिले दैनिक पाँच सय लिटर हाराहारी दूध कास्की पठाउन थालेको छ । कास्कीस्थित पोखरा महानगरपालिकाका केही व्यवसायीसँगको सम्झौतापछि चार वर्षदेखि निरन्तर दूध पठाउन लागिएको हो ।

ग्रामीण भेगसम्म सडकको सहज पहुँच, यातायातको सर्वसुलभता, उचित मूल्य, स्थानीय तहको उत्पादनमा आधारित अनुदान, घाँसपराललको उपलब्धता लगायतले किसानलाई व्यावसायिक पशुपालनमा सहज बनाएको छ । जसका कारण व्यावसायिक पशुपालनमा युवाको आकर्षण बढिरहेको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्र कुश्माका अनुसार हाल दैनिक २५ सय लिटर हाराहारी दूध पर्वत बाहिरका जिल्लामा निर्यात हुँदैआएको छ । 'बागलुङको केही हामीकहाँ पनि आउने गरेको छ,' केन्द्रप्रमुख रामजीप्रसाद पौडेलले भने, 'हामीकहाँ आउने र जाने हिसाब गर्दा दैनिक १५-१७ सय लिटर दूध जिल्लाबाट बाहिरिन्छ ।' उनका अनुसार पश्चिम बागलुङको केही दूध पर्वतको कुश्मामा बिक्री हुँदैआएको छ ।

हाल कुश्मा बजारमा दूधको मूल्य थोकमा ७०-८० रुपैयाँ तथा खुद्रा ९० देखि १ सय २० रुपैयाँमा बिक्री हुँदैआएको छ । दुधालु गाईभैंसीले एकै बेतमा करिब एक लाख मूल्य बराबरको दूध दिने भएपछि अधिकांश वैदेशिक रोजगारीबाट फर्किएका युवाको पशुपालनमा आकर्षण छ । कुश्मा-९ का ढकालले गाईको दूधबाटै मासिक डेढ लाखभन्दा बढी आम्दानी गरिरहेका छन् । वैदेशिक रोजगारीमै जाने तयारी गरेका ढकाल कोरोनाका कारण भएको लकडाउनले जान नपाएपछि व्यवसाय बढाएको सुनाउँछन् । 'व्यवसाय त ५ वर्षअघि नै दर्ता गरेको हुँ,' उनले भने, 'परिवारलाई जिम्मा लगाएर युरोपतिर जाने सोचेको थिएँ । कोरोनाले रोक्यो । त्यसपछि गाई थपें । अब कतै नजाने विचार गरेको छु ।' करिब ४० रोपनीमा उन्नत घाँस लगाएका उनले १८ वटा माउगाई पालेका छन् ।

विज्ञ केन्द्रका अनुसार गुणस्तरीय दूधको माग पर्वतलगायत छिमेकी जिल्लाहरूमा बढ्दो छ । पछिल्लो तथ्यांकअनुसार कुश्मासहित पर्वतका मुख्य बजारहरूमा दूधको माग दैनिक ४५ सयदेखि ५ हजार लिटरसम्म छ । त्यसबाहेक पनि दैनिक १७ लिटर जिल्लाबाहिर बिक्री हुनुले पर्वतको अर्थतन्त्रमा पशुपालनले अधिक योगदान गरेको केन्द्रप्रमुख पौडेलको दावी छ । त्यसबाहेक पशुपालक किसानका समस्या नभएका भने होइनन् ।

पछिल्लो समय दाना, चोकर र परालगायत पशुपालनका लागि आवश्यक सामग्रीमा ठूला व्यवसायीको एकाधिकार, दूधको मूल्यमा सिन्डिकेटलगायतले अझै अपेक्षित मूल्य पाउन नसकेको किसानको गुनासो छ । केही दिनअघि कुश्मामा आयोजित कार्यक्रममा फलेवासका पशुपालक किसान रमेश शर्माले गुनासो गर्दै भने, 'अहिले बजारमा दानाको मूल्य अत्यधिक बढेको छ । गाउँमा दानाको कच्चा पदार्थ उत्पादन गर्न बाँदरले दिँदैन । हामी व्यावसायिक किसानका लागि उत्पादनमा आधारित अनुदानमूलक कार्यक्रम ल्याउनुपऱ्यो ।' जिल्लामै दाना उद्योग स्थापना भए व्यावसायिक पशुपालनमा सहज हुने किसानका भनाइ छ । जिल्लाका केही स्थानीय तहले पशुपालक किसानलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदान दिने कार्यक्रम ल्याएका छन् ।

दूध, मासु र अण्डामा तनहुँ आत्मनिर्भर

तनहुँ (कास)- पशुपालनमा किसानको आकर्षण बढेसँगै जिल्लामा दूध, मासु र अण्डाको उत्पादन वृद्धि भएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तथा स्थानीय तहले किसानलाई व्यवसायिकीकरणतर्फ आकर्षण गर्न विभिन्न अनुदानका ल्याएपछि व्यावसायिक पशुपालन गर्ने किसानको संख्या र उत्पादन पनि बढेको केन्द्रका प्रमुख डा.बालकुमार श्रेष्ठले बताए । उनले भने, 'अहिले जिल्लामा खपत हुने दूध, मासु र अण्डा बहिराबाट ल्याउनु पर्दैन । बरु बढी भएका उत्पादन अन्य जिल्लामा पठाउने गरेका छौं ।' उनका अनुसार दूध २९ हजार ७ सय ८२ मेट्रिक टन माग भएकोमा ३८ हजार ८३८ मेट्रिक टन उत्पादन हुन्छ । डा. श्रेष्ठले भने, 'जिल्लामा मागभन्दा बढी मात्रामा दूध, मासु र अण्डा उत्पादन भइरहेको छ ।'

जिल्लामा ७ वटा गाई पकेटबाट ४ हजार ३ सय १७ मेट्रिक टन, २ वटा भैंसी पकेटबाट ८ सय ३ मेट्रिक टन र ४ वटा गाई/भैंसी पकेटबाट ५ सय १५ मेट्रिक टन दूध वार्षिक उत्पादन हुने डा. श्रेष्ठले बताए । त्यस्तै, १३ वटा बाख्रा पकेटबाट २ सय ९५ मेट्रिक टन, ८ वटा स्थानीय कुखुरा पकेटबाट ५ मेट्रिक टन र ४ वटा बंगुर पकेटबाट ३५ मेट्रिक टन मासु उत्पादन हुन्छ । वार्षिक प्रतिव्यक्तिलाई न्यूनतम ९१ लिटर दुध आवश्यक पर्नेमा जिल्लामा ११८.५४ लिटर, मासु १४ केजी आवश्यक पर्नेमा १४.४१ केजी, अण्डा ४८ गोटा आवश्यक पर्नेमा ८२.५९ गोटा उपलब्ध छ । आव ०७७/७८ भन्दा ०७८/७९ मा दूध, अण्डा, मासु र माछाको उत्पादन वृद्धि भएको छ । ०७८/७९ मा दूध ३८ हजार ८ सय ३८ मेट्रिक टन र मासु ४ हजार ७ सय ४३ मेट्रिक टन र अण्डा २ करोड ७० लाख ६० हजार गोटा उत्पादन भएको कार्यालयले जनाएको छ ।

Europe को Malta मा महिला/पुरुषहरूलाई रोजगार

कम्पनी : Essential Elements Limited

पूर्व स्वीकृती मितिः २०७९/०५/१२ चलानी नं. ६०१८६२७७ LT No. : 270366

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब Euro	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Cleaner	200	100	काममा दक्ष	792.33	१,०१,३२१।-	नियम अनुसार	८ घण्टा	५ दिन	नियम अनुसार	छ		१ वर्ष
२.	Waiter/Waitress	10	05		792.33	१,०१,३२१।-	रु.			रु.			
३.	Chef	03	02		1000	१,२७,८७१।-							
४.	Security Guards	07	03		792.33	१,०१,३२१।-							

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	साउदीको हकमा भिषा स्टाम्पीड शुल्क	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,५००/- कामदार आफैले	रु. ७००/- कामदार आफैले	रु.७०,०००/-

अन्तरवार्ता २०७९ भदौ २० र २१ गते (5 & 6 Sept. 2022) यस प्रा. लि. को कार्यालयमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट जराईएको जानकारीः १) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक निर्योगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोस् । आफ् कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफ्सँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुटवल, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

जि. सि. डि. वर्ल्डवाईड प्रा. लि.
सिनामंगल काठमाण्डौं, फोन नं.: 01-4111217
मोबाइल नं. ९८२०२३३४४४, ९८०२३४२२८८, ९८४१०३९३१८
(श्रम इजाजत नं.: ५१९/०६१/०६२)

वर्गीकृत डिस्प्ले

KARUNAMAYA COLD STORAGE PVT. LTD.
OPENING SOON
BLUE STAR COLD ROOM
TEMPERATURE RANGE BETWEEN 2° C TO -18° C
FOR MULTI COMMODITY APPLICATION
PROUDLY DISTRIBUTED BY AIRCON NEPAL
GURJUDHARA, KALANKI 9841495478

THE WOW MOMENT STUDIO
PHOTO & VIDEO EDITOR WANTED
@ CHANDRAGIRI 06, KATHMANDU
SEND MAIL TO thewowmomentstudio@gmail.com 9810004538
FB link : https://www.facebook.com/TheWowMomentStudio

Teacher Wanted Urgently
1. Pre-Primary incharge: Should be Montessori trained and Experienced
2. Maths teacher: For grade IV, V, and VI
Gyan Niketan Secondary English School,
Shankhamool, Kathmandu
Contact No.: 9863355558

वर्गीकृत डिस्प्ले
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
अब मल्टिकलरमा पनि छाप्न सकिने
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

लहलह धान

कपिलवस्तु-९ जगदीशपुरस्थित गाँज हाल्न थालेको धान । यस वर्ष जिल्लामा ७१ हजार ५ सय हेक्टरमा धानखेती गरिएको छ । वर्षा नहुँदा धानबाली प्रभावित बनेको छ ।

तस्बिर : मनोज पौडेल/कान्तिपुर

पुस्तकबिनै परीक्षा

शमशेरविक्रम जीसी (प्यूठान)

पाठ्यपुस्तकबिनाको पढाइ कस्तो होला ? विद्यालयमा पढायो, सकियो । घरमा गएर के पढ्ने, के हेरेर गृहकार्य गर्ने ? 'किताबबिनै पहिलो त्रैमासिक परीक्षा दियौं,' नौबहिनी गाउँपालिकास्थित दुर्गा माध्यमिक विद्यालयकी एक विद्यार्थीले भनिन्, 'किताबै नदेखी दिएको परीक्षाको रिजल्ट कस्तो आउला ?' किताबबिनाको पढाइले पहिलो साढे चार महिना काटिसकेको विद्यार्थीको गुनासो छ । नयाँ शैक्षिक सत्र सुरु भएको लामो समयसम्म पनि विद्यालयमा पाठ्यपुस्तक नपुग्दा विद्यार्थी पुस्तकबिनै पढ्न बाध्य भएका हुन् । 'किताब नहुँदा घरमा गएर गृहकार्य गर्ने पाएका छैनौं,' दुर्गा माविका एक विद्यार्थीले भने, 'पुस्तकबिना पढ्न साह्रै समस्या भएको छ ।'

नयाँ पाठ्यपुस्तक लागू भएको कक्षाका लागि अहिले जिल्लामा पुस्तक अभाव छ । पाठ्यपुस्तक नआउँदा विद्यार्थीको पठनपाठन प्रभावित भएको दुर्गा माविकी शिक्षक सुशीला गिरीले बताइन् । घरमा गएर पढ्नु भनेर भन्नै नसकिएको र विद्यालयमा पनि पढाउन समस्या हुने गरेको उनले सुनाइन् । 'कक्षा ४, ६ र ८ को पुस्तक पाउन सकिएको छैन,' उनले भनिन्, 'शैक्षिक सत्र सुरु भएको साढे चार महिनासम्म विद्यार्थीलाई पुस्तक आउँछ आउँछ भनेर थुमथुम्याएका छौं ।'

माण्डवी गाउँपालिका-१ स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयका प्रधानाध्यापक यामबहादुर केसीले पनि पालिकाभरि कक्षा ४, ६ र ८ का पुस्तक नआएको जानकारी दिए । 'किताबबिनै त्रैमासिक परीक्षा दिलाइयो । अब कस्तो परिणाम आउने हो ?' उनले भने, 'विद्यार्थीले किताब नहुँदा राम्रोसँग अध्ययन गर्ने पाएका छैनन् ।' गृहकार्य दिन पनि समस्या भएको प्रधानाध्यापक केसीले सुनाए । यस वर्षदेखि नयाँ पाठ्यक्रमसमेत लागू भएको छ । तर, नयाँ पाठ्यक्रम

> शैक्षिक सत्र सुरु भएको साढे चार महिना बितिसक्दा पनि पाठ्यपुस्तक अभाव

लागू हुनु र पाठ्यपुस्तक समयमै नआउनु एकैपटक जस्तै भएको छ ।

कक्षा ४, ७ र ९ को नयाँ पाठ्यक्रम लागू भएको माण्डवी गाउँपालिकाका शिक्षा शाखा प्रमुख तुल्सी कार्कीले बताए । गाउँपालिकाले नयाँ पाठ्यक्रमबारे शिक्षकलाई अभिमुखीकरणसमेत गराएको थियो । तर, अहिलेसम्म किताब नआएको शिक्षा शाखा प्रमुख कार्कीको भनाइ छ । 'किताब नहुँदा पठनपाठन नै रोकिने अवस्था आएपछि विद्यालयलाई वेबसाइट हेरेर नयाँ पाठ्यक्रम पठनपाठन गराउन भनिएको छ,' उनले भने ।

विद्यार्थी संख्याजति पाठ्यपुस्तक नआए केही पुस्तक हालै आएकाले पठनपाठनमा राहत मिलेको ऐरावती गाउँपालिका-३ स्थित धर्मोदय माध्यमिक विद्यालयका शिक्षक शरद पोखेलले बताए । जिल्लामा कक्षा ६, ८, ११ र १२ कक्षाको किताब अभाव छ । त्यस बाहेकका किताब पनि पर्याप्त छैनन् । जिल्लाका ९ वटै पालिकामा पाठ्यपुस्तक पुग्न नसकेको सरोकारवाला निकायको गुनासो छ । विद्यार्थीले समयमै पाठ्यपुस्तक नपाएको विषयमा सरोकारवाला निकायसँग नियमित समन्वय भइरहेको स्थानीय तहका शिक्षा शाखा प्रमुखको भनाइ छ । जिल्लामा पुस्तक आपूर्ति गर्दै आएका व्यवसायीसँग पनि नियमित छलफल र थप पहल गरिरहेको झिमरुक गाउँपालिकाका शिक्षा शाखा प्रमुख मोहन बीसीले बताए । केही दिनमा पुस्तक आउने जानकारी दिइए पनि कहिलेसम्म विद्यार्थीले पुस्तक पाउँछन् भन्ने यकिन छैन ।

'नेपालगन्ज, बुटवल, भरतपुर केन्द्रमा पनि किताब नभएको नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघका सचिव रमेश गिरीले बताए । जिल्लामा विद्यार्थीले किताब नपाएको र यसका लागि धेरै ठाउँमा प्रयास गर्दा पनि उपलब्ध गराउन नसकिएको उनले सुनाए । 'यतामात्रै होइन, केन्द्रमा पनि पुस्तक अभाव छ,' उनले भने, 'केन्द्रले पठाएमा हामी जुनसुकै बेला पनि किताब ल्याएर विद्यालयमा पुऱ्याउन तयार छौं ।' नयाँ पाठ्यपुस्तक छपाइमै ढिलाइ भएको उनले बताए ।

स्मार्ट औद्योगिक क्षेत्र बनाउन कार्यदल

जग्गा विवादले ६ वर्षदेखि अलपत्र मोतीपुर औद्योगिक क्षेत्र निर्माणका लागि पहल

सन्जु पौडेल (लुम्बिनी)

लामो समय बसोबास गरेका र लालपुर्जा भएका स्थानीयले जग्गा खाली नगरेपछि ६ वर्षदेखि अलपत्र बुटवल-१७ स्थित मोतीपुर औद्योगिक क्षेत्र निर्माणका लागि पहल सुरु भएको छ । पाँच वर्षभित्र निर्माण पूरा गर्ने गरी २०७२ चैत १ मा औद्योगिक क्षेत्र निर्माण गर्ने घोषणा गरिएको हो । स्थानीयको अवरोधले काम अगाडि बढ्न सकेको थिएन । स्थानीयलाई विस्थापित नगरेरै 'स्मार्ट औद्योगिक क्षेत्र' निर्माण गर्नेबारे अध्ययन गर्न सरकारले कार्यदल गठन गरेको छ । प्रस्तावित जग्गाको क्षेत्रफल घटाउन सकिने/नसकिनेलगायत समस्या अध्ययनका लागि जिल्ला समन्वय समिति प्रमुख उमाकान्त चापागाईको संयोजकत्वमा कार्यदल गठन गरेको हो । गृहमन्त्री बालकृष्ण खाँणको उपस्थितिमा शुक्रबार कार्यदल बनाइएको हो ।

कार्यदलमा औद्योगिक क्षेत्र कार्यालय प्रमुख, सम्बन्धित वडाका वडाध्यक्ष, बुटवलस्थित मालपोत कार्यालय प्रमुख, वन कार्यालय प्रमुख, जिल्ला प्रशासनका अधिकृत प्रतिनिधि, प्रदेश उद्योग मन्त्रालयका अधिकृत प्रतिनिधि, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष सदस्य रहेका छन् । कार्यदलको सदस्य-सचिवमा बुटवल उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई तोकिएको छ । कार्यदलको कार्यालय बुटवल उपमहानगरपालिकामा रहनेछ ।

कार्यदल गठनका लागि बसेको सर्वपक्षीय बैठकले औद्योगिक क्षेत्रको नाममा जग्गाधनी प्रमाणपत्रमा ८ सय १३ बिघा जग्गा उल्लेख भएको र उक्त क्षेत्रमा लामो समयदेखि बसोबास गरी हकभोग गरेका स्थानीयलाई हटाइ औद्योगिक क्षेत्र सञ्चालन गर्न अप्ठ्यारो पर्ने हुँदा क्षेत्रफल घटाउने निर्णय गरेको बुटवल उपमहानगर प्रमुख खेलराज पाण्डेयले बताए । उनका अनुसार कार्यदललाई औद्योगिक क्षेत्रको जग्गाको क्षेत्रफल घटाउन सकिने वा नसकिनेबारे प्रतिवेदन तयार गरी एक साताभित्र पेस गर्न निर्देशन दिइएको छ । कार्यदलले प्रतिवेदन पेस गरेपछि बुटवल उपमहानगरपालिका, तिलोत्तमा नगरपालिका, शुद्धोधन गाउँपालिका र सियारी गाउँपालिकाले कार्यदलबाट प्रतिवेदन प्राप्त भएको तीन दिनभित्र कार्यपालिकाबाट निर्णय गरी सिफारिस गरिने उपमहानगर प्रमुख पाण्डेयले बताए ।

बुटवल-१७ स्थित मोतीपुर औद्योगिक क्षेत्र निर्माणस्थल । *फाइल तस्बिर : कान्तिपुर*

जग्गाको क्षेत्रफल यकिन गरी कानुनी आधार र रायसहित प्रतिवेदन दिनुपर्ने, सम्पूर्ण प्रतिवेदनसहित औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले संघीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्ने निर्णय पनि बैठकले गरेको छ । 'जनताले २०२६ सालदेखि जोतभोग गर्दै आएको र लालपुर्जा नै रहेका जग्गा उनीहरूलाई नै दिलाउने प्रक्रिया कार्यदलले बुझाउने प्रतिवेदनपछि अघि बढ्ने गरी काम गरिनेछ,' नगर प्रमुख पाण्डेयले भने, 'जनताबाट चुनिएका हामी जनप्रतिनिधिले जनता र सरकार दुवैतर्फको जिम्मेवारी सही तरिकाले बहन गरी कार्यान्वयन गर्ने प्रयास गर्नेछौं ।'

कार्यदलले समन्वय गर्नुपर्ने कार्यालयसँग सहकार्य गरी काम थाल्ने र औद्योगिक क्षेत्रमा काम अगाडि बढाउन समन्वयकारी भूमिका निर्वाह गर्ने कार्यदलका सदस्य-सचिव एवं बुटवल उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकराज पन्थीले जानकारी दिए । औद्योगिक क्षेत्रको वास्तविक जग्गाको अवस्था र आवश्यक जग्गाको खोजी गरी स्थानीयका समस्यालाई समेत समेटेर स्थानीयकै चाहना अनुसार अघि बढ्ने गरी अध्ययन थाल्ने उनले बताए । सर्वपक्षीय बैठकमा गृहमन्त्री खाँण, प्रदेशसभा सदस्य पुष्पा थरुनी, जिल्ला समन्वय समिति प्रमुख चापागाईं, बुटवल उपमहानगरपालिकाका प्रमुख पाण्डेय, तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँण, शुद्धोधन गाउँपालिका अध्यक्ष विष्णुप्रसाद बस्याल, सियारी गाउँपालिका अध्यक्ष थानेश्वर धिमिरे, प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, बुटवल उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पन्थी, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका महाप्रबन्धक सुवास सिटौला, मालपोत कार्यालय, नापी कार्यालयका प्रमुख, सम्बन्धित वडाका वडाध्यक्ष, उद्योगी व्यवसायी, सरोकारवाला सहभागी भएका थिए ।

१२ अर्ब लगानी लाग्ने

औद्योगिक क्षेत्र निर्माणमा १२ अर्ब रुपैयाँ लगानी हुनेछ । उक्त क्षेत्रमा उद्योगका लागि २ सय ६२ वटा प्लट, विद्युत्, पानी, ढल निकास, सडक, स्वास्थ्य क्लिनिकलगायत पूर्वाधार बन्ने गुरुयोजनामा उल्लेख छ । पाँच वर्षसम्म उद्योगीले भाडासमेत तिर्नुपर्ने छैन । यो औद्योगिक क्षेत्रमा दुई वर्षभित्रै न्यूनतम पूर्वाधार निर्माण गरी उद्योग खोल्न दिने योजना छ । ठूला उद्योगका लागि १ सय १९ वटा, मझौला उद्योगका लागि ५१ वटा र साना उद्योगका ९२ वटा प्लट निर्माण हुनेछन् । औद्योगिक क्षेत्रमा १ सय ३३ केभी लाइनको विद्युत् सबस्टेसन हुनेछ । खानेपानीका लागि डिपबोरिङ रहनेछ ।

औद्योगिक क्षेत्रमा वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) नभएसम्म कुनै काम अघि नबढ्ने मोतीपुर औद्योगिक क्षेत्रका प्रमुख निमेश अधिकारीले बताए । वन तथा वातावरण मन्त्रालयबाट एसडी (स्कोपिङ डकुमेन्ट) र टीओआर (टर्म अफ रिफरेन्स) स्वीकृत भइसके पनि स्थानीयको विरोधपछि रोकिएको काम अघि बढ्न नसकेको उनले बताए । औद्योगिक क्षेत्र बुटवल, तिलोत्तमा, शुद्धोधन र सियारीसँग जोडिएको तिनाउ नदी उकास क्षेत्र हो । त्यहाँ धेरै जग्गा ऐलानी थियो । स्थानीयले वर्षौंदेखि ऐलानीमा घर बनाएर बस्दै आएका हुन् ।

'बस्ती व्यवस्थापन नभएसम्म काम गर्न दिदैनौं भनी स्थानीयले अवरोध गरिरहेकाले समस्या भयो,' मोतीपुर औद्योगिक क्षेत्रका प्रमुख अधिकारीले भने, 'त्यहाँको जग्गा संरक्षणका लागि क्याम्प राखेर ४० जना प्रहरी खटाइएको छ ।' आफूले सरकार तथा स्थानीय तहसँग समन्वय गरेर कार्यदल बनाउन पहल गरिरहेकामा यसपटक सफल भएको उनले बताए । 'कार्यदलले अब काम गर्ने वातावरण निर्माण गर्छ,' प्रमुख अधिकारीले भने, 'जमिनको यकिन गरी सर्वेक्षण गरेर काम थालिनेछ ।'

Europe को Malta मा महिला/पुरुषहरूलाई रोजगार

कम्पनी : Essential Elements Limited

पूर्व स्वीकृती मितिः २०७९/०५/१२ चलानी नं. ६०१८६२७७ LT No. : 270366

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब Euro	मासिक तलब ने.रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Cleaner	200	100	काममा दक्ष	792.33	१,०१,३२१।-	नियम अनुसार	८ घण्टा	५ दिन	नियम अनुसार	छ		१ वर्ष
२.	Waiter/Waitress	10	05		792.33	१,०१,३२१।-							
३.	Chef	03	02		1000	१,२७,८७९।-							
४.	Security Guards	07	03		792.33	१,०१,३२१।-							

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	साउदीको हकमा भिषा स्टयाम्पीड शुल्क	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	हुने /रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,५००।- कामदार आफैले	रु. ७००।- कामदार आफैले	रु.७०,०००/-

अन्तरवार्ता २०७९ भदौ २० र २१ गते (5 & 6 Sept. 2022) यस प्रा. लि. को कार्यलयमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट जराईएको जानकारीः १) आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोस् । आफ्नु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य सर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफ्नसँग राख्नुहोला । ५) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुटवलमा, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

जि. सि. डि. वर्ल्डवाईड प्रा. लि.
सिनामंगल काठमाण्डौं, फोन नं.: ०१-४११२२१७
मोबाइल नं. ९८२०२३३८८८, ९८०२३४२२८८, ९८४१०३९३१८
(श्रम इजाजत नं.: ५१९/०६१/०६२)

वर्गीकृत डिस्प्ले

KARUNAMAYA COLD STORAGE PVT. LTD.
OPENING SOON
BLUE STAR COLD ROOM
TEMPERATURE RANGE BETWEEN 2° C TO -18° C
FOR MULTI COMMODITY APPLICATION
PROUDLY DISTRIBUTED BY AIRCON NEPAL
GURJUDHARA, KALANKI 9841495478

THE WOW MOMENT STUDIO
PHOTO & VIDEO EDITOR WANTED
@ CHANDRAGIRI 06, KATHMANDU
SEND MAIL TO thewowmomentstudio@gmail.com 9810004538
FB link : https://www.facebook.com/TheWowMomentStudio

Teacher Wanted Urgently
1. Pre-Primary incharge: Should be Montessori trained and Experienced
2. Maths teacher: For grade IV, V, and VI
Gyan Niketan Secondary English School,
Shankhamool, Kathmandu
Contact No.: 9863355558

वर्गीकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

हराए चिठीपत्र, फेरिए हुलाकी

प्रविधिको विकाससँगै हुलाकको काम घटेको छ, भएको थोरै काममा पनि निजी क्षेत्रले उछिनेको छ

चाँदनी कठायत (वीरेन्द्रनगर)

'पुजनीय बुवाआमा, ढोग । म यहाँ (भारतमा) आरामै छु, हजुरहरू पनि सन्चै हुनुहुन्छ होला । सबैभन्दा पहिला त म भागेर भारत आएँ त्यसका लागि माफी चाहन्छु । म यहाँ राम्रो काम पाएर बसेको छु । मेरो चिन्ता नलिनुहोला, आफ्नो र भाइको ख्याल गर्नुहोला ।'

२०१९ सालतिर हराएका दाजुको यस्तो बेहोराको चिठी हुलाकी घरमा पुऱ्याउँदा वीरेन्द्रनगर-६ का हरिशचन्द्र चलाउने निकै खुसी भएका थिए । 'त्यो खुसी त म बयान नै गर्न सक्दिनँ,' उनले भने, 'हामी सल्यानको सिमखर्कमा बस्थ्यौं त्यतिबेला । म १२/१३ वर्षको थिएँ, दाजु हराउनुभयो भनेर बुबाआमा रुनुहुन्थ्यो, एक्कासि दाजुको चिठी आयो ।'

आफूहरू मकैबारीमा काम गर्दैगर्दा हुलाकीले चिठी ल्याएको चलाउनेलाई अहिले पनि याद छ । 'हुलाकीले चिठी ल्याए पनि पढ्दिने कोही थिएन,' उनले भने, 'हुलाकीलाई नै हजुर आफैं पढ्दिनु भनेर बुबाआमाले पढ्न लगाउनुभयो ।' हुलाकीले चिठी पढेर सुनाएपछि छोरा कुशल रहेको थाहा पाएर बाबुआमाले हर्षका आँसु खसाले । खुसीको खबर ल्याएको भन्दै हुलाकीलाई मीठो-मीठो पकाएर खुवाएको पनि हरिशचन्द्र सम्झन्छन् ।

करिब २७ वर्षदेखि हुलाकीको काम गर्दै आएका वीरेन्द्रनगर-५ का उमानन्द भण्डारीलाई ती आमाको नाम झट्ट याद छैन । उनको छोराले पठाएको चिठी पुऱ्याउन जाँदा भक्कानिँदै रुन्थिन् । 'उहाँको छोरा भारतमा हुनुहुन्थ्यो,' उनले भने, 'मेरो छोरालाई भेटेर आउनुभएको होला, कस्तो भएको छ मेरो छोरा भनेर मलाई सोध्नुहुन्थ्यो । छोरा नै आएको हो कि जस्तो गरेर माया गर्नुहुन्थ्यो, खाना खुवाएर पठाउनुहुन्थ्यो ।' फेरि छोरालाई चिठी पठाउँदा छिट्टै अर्को चिठी लिएर आउनु है भनी ती आमाले भनेको आवाज हुलाकी उमानन्द अहिले पनि सम्झिरहन्छन् ।

एक समय थियो, भारत तथा अन्य देशमा गएका र स्वदेशमै पनि घरबाट टाढा रहेका परिवारका सदस्य वा आफन्तहरूले पठाएको चिठीका थाकले हुलाकीका झोला भरिन्थे । गाउँघरमा हुलाकी आउँदा बेग्दै कल्याङमल्याङ हुन्थ्यो । क-कसका घरका हुलाकीले चिठी छोडे सबैको चासो हुन्थ्यो । मान्छेहरू हुलाकीले ल्याउने चिठी कुरेर बस्थे । तर त्यो समय फेरियो । ल्यान्डलाइन टेलिफोन हुँदै हातहातमा मोबाइल पुगेपछि खबर आदानप्रदानको त्यो युग सकिएजस्तै भयो । 'पहिला त हुलाकी कहिले आउलान् भनेर कुर्थे आफन्तहरू,' हुलाकी गोविन्द ढकाल भन्छन्, 'अहिले त सबै छिनछिनमा विभिन्न माध्यमबाट कुरा मात्रै गर्न हैन, भिडियोमार्फत समेत कुरा गर्न मिल्छ, परम्परागत सूचनाको माध्यम त हराउँदै गए ।'

कुनै समय चिठीपत्र मात्रै हैन टाढा-टाढाबाट रजिस्ट्री गरेर पठाएका सामानदेखि तत्कालीन एसएलसीका प्रश्नपत्र र उत्तरपुस्तिकासमेत बोकेरै कर्णालीका विभिन्न जिल्लामा पुऱ्याउने हुलाकी अहिले कार्यालयका चिठी पुऱ्याउने काममा सीमित छन् । 'पहिला-पहिला त विभिन्न ठाउँबाट पठाएका कपडा र अरू सामानले सुर्खेतका गोदाम टन्नै हुन्थे,' हुलाकी उमानन्द भन्छन्, 'अहिले त घरघरमा चिठी पुऱ्याउन जानै पर्दैन, मोबाइल र इन्टरनेटले सबै सुविधा दिएको छ, हामीले अहिले सरकारी कार्यालयका चिठी मात्रै पुऱ्याउँछौं ।' बिनासुरक्षा एसएलसीका प्रश्नपत्र र उत्तरपुस्तिका बोकेका दिन अब उनको सम्झनामा मात्रै सीमित छ ।

हुलाक र हुलाकीको महत्त्व पछिल्लो समय हराउँदै गएको हुलाकी उमानन्द बताउँछन् । 'उतिबेला हुलाकीलाई फलामको भाला दिइन्थ्यो,' उनले भने, 'भालाको माथि छन्छन् बज्ने घण्टी

सुर्खेतको वीरेन्द्रनगरस्थित हुलाक सेवा निर्देशनालय । इन्सेटमा हुलाकी गोविन्द ढकाल र उमानन्द भण्डारी । *तस्बिर : चाँदनी/कान्तिपुर*

हुन्थ्यो, त्यो घण्टी बजेको सुनेपछि हुलाकी आए भनेर बाटो छोडिन्थ्यो, हामीलाई माया र सम्मान हुन्थ्यो ।' हुलाकी गोविन्द गुनासो गर्दै सुनाउँछन्, हिजोआज त हुलाकीलाई कामविहीन भनेर बुझ्छन् । २६ वर्षदेखि काम गरेको अनुभव सँगालेका उनी पछिल्लो समय आफूहरूलाई हेर्ने सर्वसाधारणको दृष्टिकोण बदलिएको सुनाउँछन् । 'पोस्ट बक्समा काम गर्ने भन्नेबित्तिकै ह्या भन्ने चलन छ,' उनले भने, 'ऊबेला इन्टरनेट पनि हामी थियौं, मोबाइल पनि हामी नै ।'

पछिल्लो समय प्रविधिले फड्को मार्दै जाँदा मानिसमा छिट्टै आवेशमा आउने प्रवृत्ति बढ्दै गएको हुनुपर्छ भन्ने वीरेन्द्रनगर-६ का ७४ वर्षीय हरिशचन्द्रलाई लाग्छ । 'पहिला-पहिला महिनौं लगाएर चिठी आउने, जाने हुन्थ्यो,' उनले भने, 'लामो समयपछि पत्र लेख्दा हालखबर सोधिन्थ्यो, मायाका कुरा अनि गाउँघरतिरका खबर सोधिन्थ्यो, मनका बह पोखिन्थ्यो । तर, अहिले त छिनछिनमा कुरा हुनाले सन्चो, बिसन्चोभन्दा पनि झगडा बढी हुन थाल्यो, शंका उब्जाउन थाल्यो, सम्बन्ध बिग्रन थाल्यो ।'

वीरेन्द्रनगरका कुमार ढकालले गाउँमा आफन्तले पठाएका चिठी पढेको अनुभव सुनाउँछन् । 'महिनौं लगाएर चिठीको जवाफ आउँथ्यो,' उनले भने, 'पढिदिने मान्छेको गाउँभरि खोजी हुन्थ्यो, मैले पनि धेरैका चिठी पढेको छु, चिठी पढेपछि मलाई पैसा दिनुहुन्थ्यो ।' चिठी पढ्दा आफन्त सबै जम्मा भएर सुन्थे । 'चिठीमा खुसीको खबर भएपछि घरमा खुसियाली छाउँथ्यो,' उनले थपे, 'मानौं कुनै पर्व नै आएको जस्तो गरी घरमा खुसी मनाइन्थ्यो ।'

दुई दशकअघिसम्म ३ कोसलाई १ चौकी मानेर चिठी आदानप्रदान गर्ने हुलाकी तथा हल्कारा हुन्थे । एक चौकीबाट एउटा हुलाकीले लिएको चिठी अर्को चौकीबाट फेरि अर्को हुलाकी गर्दै तोकिएका स्थानमा पुग्थे । 'हुलाकीले जस्तोसुकै काम गर्न लागे पनि चिठी भोलि पुऱ्याउँछौं भनेर बस्थेनौं,' हुलाकी उमानन्दले भने, 'दैनिक हजार-बाह्र सयसम्म चिठी घर-घरमा पुऱ्याउँथ्यौं ।' प्रविधिको विकासले फड्को मारेसँगै हुलाकको आवश्यकता घटेको छ ।

पछिल्लो समय कुरियरले आफूहरूको काम गरिरहेको हुलाकी ढकाल बताउँछन् । 'दुर्गममा त हुलाकले नै चिठीपत्र आदानप्रदान गर्छ,' उनले भने, 'तर सुगममा कुरियरबाट नै टाढादेखि सामान, चिठीपत्रलगायत आउने गरेको छ ।' प्राइभेट कम्पनी यसरी फस्टाइरहेका बेला सरकारले हुलाकलाई पनि नयाँ ढंगबाट सेवा प्रवाह गर्नेबारे सोच्नुपर्ने उनको भनाइ छ ।

निजी कम्पनीहरूसँग प्रतिस्पर्धा गर्ने गरी कामलाई परिमार्जन गर्न लागिएको हुलाक निर्देशनालय सुर्खेतले जनाएको छ । द्रुत आन्तरिक डाँक सेवालाई प्रभावकारी बनाउँदै २४ घण्टाभित्र चिठी वितरण हुने गरी सेवा विकास गर्न लागेको प्रमुख शोभा अधिकारीले बताइन् । उनका अनुसार निर्देशनालयमा अहिले ९ हुलाकी र ३० जना कर्मचारी छन् ।

चन्दननाथमा पञ्चवर्षीय शिक्षा योजना

डीबी बुढा (जुम्ला)

जिल्लाको एक मात्र नगरपालिका चन्दननाथले पञ्चवर्षीय नगर शिक्षा योजना बनाउन थालेको छ । विद्यालय शिक्षालाई गुणस्तरीय र उपलब्धिमूलक बनाउन नगर शिक्षा योजना बनाउन थालिएको बताइएको छ ।

नगरको शैक्षिक अवस्थालाई सुदृढ बनाउन २०७९ देखि ०८३ सालसम्मको पञ्चवर्षीय योजना बनाउन लागिएको पालिकाले जनाएको छ । 'पछिल्लो समय शैक्षिक क्षेत्र धरासायी बन्दै गइरहेको जनगुनासो छ,' पालिकाका शिक्षा शाखा प्रमुख खडानन्द चौलागाईंले भने, 'बालबालिकालाई सिकाउने, टिकाउने र बिकाउने बनाउने गरी शिक्षा योजना बनाउन लागेका छौं ।'

पञ्चवर्षीय नगर शिक्षा योजना निर्माणका लागि नगर प्रमुख राजुसिंह कठायतको संयोजकत्वमा ९ सदस्यीय मूल समिति र शिक्षा शाखा प्रमुख चौलागाईंको नेतृत्वमा ६ सदस्यीय कार्यदल गठन गरिएको छ । योजनाको मस्यौदा तयार भइसकेको कार्यदल संयोजक चौलागाईंले बताए । उनका अनुसार मस्यौदाभित्र ५ वर्षको नगरको शैक्षिक अवस्था, भौतिक पूर्वाधार, शिक्षक तथा जनशक्ति, सुधार गर्नुपर्ने विषयलगायतबारे सूक्ष्म अध्ययन गरिएको छ । शिक्षा सुधारका लागि आवश्यक पर्ने बजेटदेखि आगामी योजनाबारे मस्यौदाले मार्गप्रशस्त गरेको उनले जानकारी दिए ।

हरेक काम गर्न प्रभावकारी योजनाको आवश्यक पर्ने नगर प्रमुख कठायतले बताए । 'त्यसमा पनि यो वर्ष शिक्षा क्षेत्रलाई बढी प्राथमिकता दिएका छौं,' उनले भने, 'शिक्षा क्षेत्रमा गुणस्तरीय जनशक्ति उत्पादन गर्न पनि यो योजनाले ठूलो भूमिका खेल्नेछ ।' उनले सबै पक्षसँग छलफल गरी मस्यौदामा छुटेका विषय समावेश गरिने जानकारी दिए ।

चन्दननाथ नगरपालिकामा २७ विद्यालय छन् । जसमध्ये १९ वटा सामुदायिक र ८ वटा संस्थागत विद्यालय छन् । त्यस्तै ३९ वटा बालविकास केन्द्र सञ्चालनमा रहेको नगरपालिकाले जनाएको छ ।

अभिभावकहरूले विद्यालयमा गुणस्तरीय पठनपाठन नभएको, शिक्षकहरू नियमित विद्यालयमा जाने नगरेको, समयमै पाठ्यपुस्तक नपुग्दा विद्यार्थी नियमित हुन नसकेकोलगायत गुनासा गर्दै आएपछि कार्ययोजना निर्माण गर्न लागिएको नगर प्रमुख कठायतले बताए । उनका अनुसार विद्यालय व्यवस्थापन समिति र अभिभावकलाई थप सक्रिय बनाउन पनि शैक्षिक योजना आवश्यक छ ।

'५ वर्षभित्र यहाँका सबै विद्यालयहरूलाई पूर्वाधारयुक्त बनाई विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने हाम्रो प्रयत्न हुनेछ,' उनले भने, 'शिक्षक, विद्यार्थी, अभिभावक र स्थानीय सरकारको सम्बन्धलाई मजबुद बनाउन पनि पञ्चवर्षीय योजना अघि सारिएको हो ।'

प्रदेश सरकारले फोहोरबाट ऊर्जा निकाल्ने

वीरेन्द्रनगर (कास)- कर्णाली सरकारले फोहोरबाट ऊर्जा उत्पादन गर्न प्रविधि जडान गर्ने भएको छ । फोहोरलाई ऊर्जामा रूपान्तरण गर्न चालु आवको पहिलो चरणमा २० लाख रुपैयाँ बजेट विनियोजन गरिएको जलस्रोत तथा ऊर्जा विकासमन्त्री गणेशप्रसाद सिंहले बताए ।

उनका अनुसार प्रदेशका सबै जिल्लामा उज्यालो पुऱ्याउन प्रविधि जडान गर्न लागिएको हो । पहिलो चरणको काम सफल भएमा फोहोरबाट विद्युत् निकाल्न अन्य क्षेत्रमा पनि विस्तार गरिने उनको भनाइ छ । मन्त्रालयका सचिव देवराज निरौलाले सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडलमा सौर्य प्रविधि जडान कार्यसमेत गर्न लागिएको बताए ।

फोहोरबाट ऊर्जा उत्पादनका लागि सुर्खेतको वीरेन्द्रनगर, रुकुम पश्चिमको चौरजहारी, जुम्लाको खलंगा, जाजरकोटको कुदु, दल्ली, सल्यानको कालिमाटी र अन्य बाक्लो बस्ती भएका क्षेत्र सम्भावित रहेको बताए । उनका अनुसार विद्युत्को बढ्दो माग र १३२ केभी प्रसारण लाइन निर्माण कार्य पूरा नभएकाले वैकल्पिक रूपमा ऊर्जा उत्पादन गरी उज्यालो कर्णाली अभियानलाई मूर्त रूप दिन यसको सुरुवात गर्न लागिएको हो ।

दशक बित्यो, बनेनन् विद्यालय भवन

विप्लव महर्जन (सल्यान)

दार्मा गाउँपालिकामा ३ वटा विद्यालय भवनको निर्माण एक दशकदेखि अलपत्र छ । बजेट अभावमा दार्मास्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय, रातामाटास्थित नवसर्वसाधारण मावि र दार्माकोटस्थित नेपाल राष्ट्रिय माविको भवन निर्माण अलपत्र परेका हुन् ।

साविकको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको सहयोगमा निर्माण गर्न थालिएको नवसर्वसाधारण मावि र राष्ट्रिय माविको दुईकोठे भवन अहिलेसम्म भित्तोमै सीमित छ । आधारभूत विद्यालयमा भने भवनमा छाना हालिएको छ । लामो समय काम हुन नसकेपछि ठडाइएका भित्ता पनि काम नलाग्ने भइसकेका छन् । घाँसपात र झाँडीले भवन नै ढाकिएका छन् ।

निर्माण लामो समयदेखि अलपत्र पर्दा बालबालिकाको पठनपाठनसमेत प्रभावित भएको छ । नवसर्वसाधारण माविको दुईकोठे भवनका लागि १३ लाख, राष्ट्रिय माविका लागि १९ लाख र आधारभूत विद्यालयका लागि १३ लाख रुपैयाँ विनियोजन गरी मन्त्रालयले ०६८/६९ देखि निर्माण थालेको थियो । तर, १ वर्ष नबित्दै मन्त्रालय भंग भएपछि निर्माणकार्य अलपत्र परेको हो ।

बजेट अभावका कारण अलपत्र परेको भवन निर्माणका लागि स्थानीय तहले समेत बेवास्ता गरेको नवसर्वसाधारण माविका प्रधानाध्यापक विनोद रोकायाले गुनासो गरे । 'आधाभन्दा बढी काम त भइसकेको छ, स्थानीय तहले सहयोग गरे भवन निर्माण सक्न सजिलो हुन्थ्यो,' उनले भने, 'भवन र कक्षाकोठा अभावका कारण विद्यार्थी कोचाकोच गरेर पढ्न बाध्य छन् ।' उनका अनुसार भवन अभावमा एउटा कक्षाकोठालाई २ भागमा विभाजन गरी कक्षा १ र २ कक्षाका बालबालिका पढाउनुपर्ने बाध्यता छ । यसअघिका जनप्रतिनिधिले अन्य कार्यालयले सुरु गरेको काममा स्थानीय तहले बजेट विनियोजन गर्न मिल्दैन भनेपछि निर्माण अलपत्र परेको उनले सुनाए ।

निर्माण अलपत्र पर्दा बनेका भित्ता, झ्याल र ढोका काम नलाग्ने भइसकेको नेरामावि दार्माकोटका प्रधानाध्यापक हेमन्त ओलीले बताए । उनका अनुसार १९ लाख बजेटमध्ये झन्डै ७ लाख रुपैयाँ खर्च भइसकेको छ । झन्डै ७० प्रतिशत निर्माणको काम सकिएको भवन अलपत्र पर्दा पठनपाठनमा असर परेको उनको भनाइ छ । 'विद्यालयको भरपर्दो स्रोत छैन,' उनले भने, 'स्थानीय तह र अरू निकायले सहयोग नै गरेनन् ।'

साविक जिल्ला विकास समितिमार्फत काम सुरु गरिएको भवन निर्माणको काम झन्डै ९० प्रतिशत सम्पन्न भए पनि प्रयोग गर्न नसकिएको राष्ट्रिय आधारभूत विद्यालयका प्रधानाध्यापक सुरेश खड्काले बताए । उनका अनुसार थप बजेट नआएपछि काम गरेका मजदुरलाई अहिलेसम्म ज्याला दिन सकिएको छैन । विद्यालयमा झन्डै ३० मजदुरले झन्डै एक महिना काम गरेका थिए । १३ लाखको बजेटमा बन्न लागेको भवनमा झन्डै ८ लाख रुपैयाँ खर्च भएको विद्यालयले जनाएको छ ।

दार्मा गाउँपालिकाका शिक्षा शाखा प्रमुख रोमप्रसाद पाण्डेले साविकको जिल्ला विकास समितिले सञ्चालन गरेका योजनामा पालिकाले बजेट विनियोजन गर्न नमिल्ने बताए । 'जुन निकायले योजना सञ्चालन गऱ्यो, त्यही निकायले सम्पन्न गर्नुपर्ने नियम छ,' उनले भने, 'हामीले सबै विद्यालयमा प्राथमिकताका आधारमा पूर्वाधार निर्माणको योजना बनाएका छौं, छिट्टै ती विद्यालयको पनि समस्या समाधान हुन्छ ।'

सल्यानको दार्मा गाउँपालिकास्थित नवसर्वसाधारण माविको अलपत्र भवन । *तस्बिर : विप्लव/कान्तिपुर*

- भवन अभावमा एउटै कोठामा २ वटा कक्षाका विद्यार्थी पढाउनुपर्ने बाध्यता
- अलपत्र भवन निर्माण पूरा गर्न पालिकाले समेत बेवास्ता गरेको विद्यालयको गुनासो

Europe को Malta मा महिला/पुरुषहरूलाई रोजगार

कम्पनी : Essential Elements Limited

पूर्व स्वीकृती मितिः २०७९/०५/१२ चलानी नं. ६०१८६२७७ LT No. : 270366

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब Euro	मासिक तलब ने.रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Cleaner	200	100	कामका दक्ष	792.33	१,०१,३२१।-	नियम अनुसार	८ घण्टा	५ दिन	नियम अनुसार	छ		१ वर्ष
२.	Waiter/Waitress	10	05		792.33	१,०१,३२१।-							
३.	Chef	03	02		1000	१,२७,८७९।-							
४.	Security Guards	07	03		792.33	१,०१,३२१।-							

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	साउदीको हकमा भिषा स्ट्याम्पीड शुल्क	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	हुने /रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,५००/- कामदार आफैले	रु. ७००/- कामदार आफैले	रु.७०,०००/-

अन्तरवार्ता २०७९ भदौ २० र २१ गते (5 & 6 Sept. 2022) यस प्रा. लि. को कार्यलयमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट जराईएको जानकारी: १) आफ्नु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साममा राख्नुहोस् । आफ्नु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफ्नसँग राख्नुहोला । ५) कामका विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुटवल, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

जि. सि. डि. वर्ल्डवाईड प्रा. लि.
सिनामंगल काठमाण्डौ, फोन नं.: ०१-४११२२१७
मोबाइल नं. ९८२०२३३८८८, ९८०२३४२२८८, ९८४१०३९३१८
(श्रम इजाजत नं.: ५१५/०६१/०६२)

वर्गीकृत डिस्प्ले

KARUNAMAYA COLD STORAGE PVT. LTD.
OPENING SOON
BLUE STAR COLD ROOM
TEMPERATURE RANGE BETWEEN 2° C TO -18 ° C
FOR MULTI COMMODITY APPLICATION
PROUDLY DISTRIBUTED BY AIRCON NEPAL
GURJUDHARA, KALANKI 9841495478

THE WOW MOMENT STUDIO
PHOTO & VIDEO EDITOR WANTED
@ CHANDRAGIRI 06, KATHMANDU
SEND MAIL TO thewowmomentstudio@gmail.com 9810004538
FB link : https://www.facebook.com/TheWowMomentStudio

Teacher Wanted Urgently
1. Pre-Primary incharge: Should be Montessori trained and Experienced
2. Maths teacher: For grade IV, V, and VI
Gyan Niketan Secondary English School,
Shankhamool, Kathmandu
Contact No.: 9863355558

वर्गीकृत डिस्प्ले
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
अब मल्टिकलरमा पनि छाप्न सकिने
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

बैतडीको मेलौली–१ देहीमा ढुंगाले छाएका एकैं शैली र आकारका घर । पछिल्लो समय घर बनाउन सिमेन्ट, इँटा र जस्ताको प्रयोगले पुरानो शैलीलाई विस्थापित गरेको छ ।
तस्बिर : तृप्ति शाही/कान्तिपुर

गौरा पर्वको रौनक सुरु

डीआर पन्त (धनगढी)

गौरा भित्र्याइने र विसर्जन गरिने गौराघर, मठमन्दिरदेखि आँगनसम्मै चिटिक्क सजाइसकिएको छ । भोक्कर, नरसिंह, बिगुल, मृदंग र दमाहाजस्ता परम्परागत बाजा बज्न सुरु भइसकेको छ । ग्रामीण मात्र होइन, बजार क्षेत्रमा पनि किनमेल गर्नेको घुइँचोले व्यापारीलाई भ्याइनभ्याइ छ । सनातन सांस्कृतिक परम्पराअनुसार भाद्र कृष्ण पञ्चमीमा गौरा भित्र्याइन्छ । जसका लागि अझै ३ दिन बाँकी भए पनि सुदूरपश्चिमभर पर्वको रौनक सुरु भइसकेको छ ।

सुदूरपश्चिमको प्रमुख सांस्कृतिक पर्वका रूपमा रहेको गौरा मनाउन रोजगारीका लागि विदेश तथा मुलुककै विभिन्न जिल्लामा रहेकाहरू अहिले धमाधम आफ्नो थातथलो फर्किरहेका छन् । प्रदेशकै तराई क्षेत्र कैलाली र कञ्चनपुरबाट पनि पहाडी जिल्ला फर्कनेको लर्को नै लागेको छ । पर्व मनाउन घर फर्किनेकै लागि भन्दै बर्खामा बगेका र भत्केका ग्रामीण बाटाघाटा धमाधम मर्मत भइराखेका छन् ।

यहाँका पहाडी मात्र होइन, तराईका कैलाली र कञ्चनपुरमा पनि गौराको तयारी धमाधम भइरहेको छ । विभिन्न स्थानमा गौरालाई महोत्सवकै रूपमा आयोजना गरिँदै छ । 'गौराका अवसरमा विभिन्न सांस्कृतिक र धार्मिक कार्यक्रमसहितको महोत्सवको तयारी गरेका छौं,' कञ्चनपुरको कृष्णपुर नगरपालिका वाणीका समाजसेवी बलराम पन्तले भने, 'हरेक वर्ष गौरामा हुने यस्ता धार्मिक महोत्सवले सबैलाई सांस्कृतिक रूपमा एक ठाउँमा जोड्न सघाउ पुग्छ ।' गौरा मान्न थातथलो फर्कन नसकेकाहरूले आफू रहेकै स्थानमा पनि पर्व धुमधामका साथ मनाउने गरेको उनले सुनाए ।

पञ्चमीका दिन बिरुडा (पाँच प्रकारका अन्न) भिजाएर गौरा भित्र्याइ सुरु हुने पर्व धेरैले अष्टमीका दिन विसर्जन गर्छन् । कतिपय स्थानमा सातादेखि १० दिनसम्मै पर्व मनाउने गरिएको छ । बल, तिल, गुभा, धान र साउँका बोटबाट गौरा बनाउने र काठको प्रतिमा स्वरूप शिव स्थापित गरी विसर्जन नहुँदासम्म हरेक दिन पूजा गर्ने परम्परा छ । विहान-साँझ पूजा गरिने र दिउँसो गौरा घरमा विभिन्न देवीदेवताका गाथा, लोककाव्य पाठ गर्ने र डेउडा खेल्ने गरिन्छ । पञ्चमीदेखि हरेक दिन यसरी नै गौरा पुजन गरेर परम्परादेखि तोकिएको देवस्थलमा सामूहिक रूपमा अष्टमीका दिन विसर्जन गर्ने परम्परा छ । गौरा भित्र्याउने र विसर्जनको दिन विशेष रूपमा मनाइन्छ । भित्र्याउँदा कन्याहरूले र बिदाइ गर्दा भने बुहारीहरूले टाउकोमा नचाउँदै धार्मिक गीत गाउँदै स्थानीय मठमन्दिरसम्म लैजाने गर्छन् । मठमन्दिरमा धामी, पुजारीहरूले गौरालाई विधिवत् विसर्जन गर्छन् । यस दिन पनि महिला र पुरुषहरू बेग्लाबेग्लै देवीदेवताका गीत गाथामा डेउडा खेल्ने गर्छन् ।

'गौरा सांस्कृतिक पर्व मात्र होइन,' गौरा रामायणकालीन सभ्यताको निरन्तरता भएको उल्लेख गर्दै संस्कृतिविद् जनकराज पाण्डेयले भने, 'यो सामाजिक एकता र सद्भावको पर्व पनि हो ।' समाजका हरेक जातजाति र वर्गको यसमा निश्चित भूमिका हुन्छ । उनी भन्छन्, 'पर्वमा महिला, पुरुष, युवायुवती, बालबालिका सबैको आआफ्नै भूमिका हुन्छ ।' देवीदेवताका चैत, फाग, धुमारी, ठाडो खेल र डेउडाजस्ता सांस्कृतिक पहिचानका लोककाव्य पुस्तान्तरण हुने प्रमुख पर्व पनि गौरा हो । 'नेपाल एकीकरण र मुगल शासकहरूसँग भएको युद्ध गाथालाई पनि डेउडाका माध्यमबाट पुस्तान्तरण गर्ने काम हुन्छ,' उनले भने ।

त्रैमासिक परीक्षा आयो, पुस्तक आएन

- पुराना पुस्तक जम्मा पारी विद्यार्थीले आलोपालो गरी पढ्दै
- नतिजासम्मै प्रभाव पार्न सक्ने विद्यालयको चिन्ता

मेनुका दुंगाना (अछाम) **र तृप्ति शाही** (बैतडी)

विद्यालयले वितरण गर्ने पुस्तक लिन लाइनमा बसेका अछामको मंगलसेनस्थित शोडषा माविका विद्यार्थी । *तस्बिर : मेनुका/कान्तिपुर*

शैक्षिक सत्र सुरु भएको साढे तीन महिना पुग्न लाग्दा पनि सुदूरपश्चिमका पहाडी जिल्लाका सामुदायिक विद्यालयमा पाठ्यपुस्तक पुग्न सकेको छैन । विद्यार्थीको भौतिक उपस्थितिमै पठनपाठन सुरु भएको लामो समय भइसके पनि पुस्तक नपुग्दा पठनपाठन प्रभावित भइरहेको शिक्षक, विद्यार्थीले गुनासो गरेका छन् । '४० प्रतिशत जति कोर्स पढाएर सकिने बेला भइसक्यो तर अहिलेसम्म नेपाली विषयको पुस्तक पाएका छैनौं । दिदीदाइले अघिल्लो वर्ष पढेका पुस्तककै भर पर्नुपरेको छ । दिदीदाइ हुनेले त पढ्न पाएका छन्, तर मेरो त त्यस्तो छैन,' अछामको मंगलसेनस्थित शोडषा माविमा कक्षा ६ मा पढ्ने रमिता बोगटीले भनिन्, 'स्कुलमा सरले पढाएकै आधार मात्रै छ । घरमा पढ्नलाई पुस्तक नै छैन ।'

एसईईको तयारी गरिरहेका विद्यार्थीले समेत समयमै पाठ्यपुस्तक नपाउँदा पुराना पुस्तककै भरमा आलोपालो गर्दै पढिरहनुपरेको गुनासो गरे । 'पढाइ सुरु भएको यत्रो समय भइसक्यो । हामीले ऐच्छिक विषयका पुस्तक नै पाएका छैनौं,' शोडषा माविमा कक्षा १० मा अध्ययनरत विष्णु ढुंगानाले भने, 'हेडसरलाई पुस्तक कहिले आउँछ भनेर सोधेको सोध्यै छौं । आउँछ आउँछ मात्र भन्नुहुन्छ तर कहिले आउँछ थाहै छैन ।'

जेठमै शैक्षिक सत्र सुरु भए पनि अझै केही कक्षाका पाठ्यपुस्तक आउन बाँकी रहेको शोडषा माविका प्रधानाध्यापक मदन कुँवरले बताए । 'विद्यार्थीको हातमा पुस्तक नपुगेका कारण पहिलो त्रैमासिक परिक्षा पनि लिन सकेका छैनौं । पुस्तक पुग्यो भने र अलि पढाइ भयो भने यो महिनाको अन्तिमतिर परीक्षा लिने योजना बनाएका छौं,' उनले भने, 'जनक शिक्षा सामग्री केन्द्रले आफ्ना बिक्रेताबाट हामीलाई पुस्तक लैजान भन्छ । त्यसको रकम हामीलाई नगरपालिकाले उपलब्ध गराउँछ । अझै कहिलेसम्म पुस्तक आइपुग्छन्, हामीलाई आधिकारिक खबर केही आएको छैन ।'

जनक शिक्षाले जिल्लाका व्ययसायीलाई पुस्तक पठाउने र त्यहाँबाट विद्यालयले खरिद गर्ने प्रक्रिया छ । तर, अहिलेसम्म पुस्तक नआएपछि पढाउनै समस्या भइरहेको रहफस्थित नेरा आधारभूत विद्यालयका प्रधानाध्यापक गणेशबहादुर रावलले बताए । विद्यार्थीले पुस्तक नपाएपछि च्यातिएका पुराना पुस्तक सँगालेर अध्ययन गराइरहेको उनको भनाइ छ ।

रहफस्थित जनज्योति निमावि मंगलसेनबाट करिब ९० किलोमिटर टाढा छ । यो विद्यालयमा पनि अझै पाठ्यपुस्तक पुगेको छैन । जसका कारण विद्यार्थी पढाइबाट वञ्चित भइरहेको बताउँछन्, शिक्षक दलबहादुर रावल । गाउँमा रहेका विद्यालयमा पुस्तक र पढाइसमेत नभएपछि विद्यार्थी विद्यालय नआउने र आए पनि पूरा समय नबस्ने उनले सुनाए । 'गाउँमा भएका विद्यालयमा समयमै किताव कहिल्यै पुग्दैनन् । जहिले यस्तै हुन्छ,' उनले भने । भैरवस्थान लकान्द्रस्थित भैरव माविमा पनि कक्षा ९ र १० का ऐच्छिक विषयको पुस्तक पुगेको छैन । 'अर्थशास्त्र, लेखा, शिक्षा विषयका पुस्तक अभाव हुँदा पूरा समय पढाउन समस्या भएको छ,' शिक्षक हिरा खड्काले भनिन् ।

जनक शिक्षा सामग्रीले नै जिल्लाका डिलरहरूलाई पाठ्यपुस्तक उपलब्ध नगराएको मंगलसेनस्थित भुवन स्टेसनरीका प्रोप्राइटर ईश्वर रावलले बताए । 'हामीले मात्रै अछामका ५० भन्दा बढी विद्यालयमा पुस्तक दिन्छौं । कक्षा ६, ८ र १० का केही पुस्तकहरू आएकै छैनन्,' उनले भने, 'पुस्तक छाप्ने काम भइरहेको छ । केही दिनमा पठाउँछौं भन्ने खबर पाएका छौं ।'

बैतडीमा पनि विद्यार्थीले अझै पाठ्यपुस्तक पाउन सकेका छैनन् । आफ्नो विद्यालयमा कक्षा ६ का विद्यार्थीले किताव पाउन नसकेको ज्ञानेश्वर माविका सहायक प्रधानाध्यापक धनबहादुर महराले बताए । 'सबै विद्यार्थीको हातमा पुस्तक नभई पढाउँदा विद्यार्थी र शिक्षक दुवैलाई समस्या हुने गर्छ,' उनले भने, 'यसले नतिजासम्मै प्रभाव पार्छ ।' हाललाई विद्यालयले नै पुस्तक व्यवस्थापन गरेर आलोपालो विद्यार्थीलाई वितरण गरिरहेको उनले बताए ।

पाटनको ज्ञानेश्वर माविमा पहिलो त्रैमासिक परीक्षा सकिएपछि केही दिनअघि मात्रै केही पुस्तक पुगेका छन् । सहायक प्रधानाध्यापक गणेश अवस्थीले भने, '६ र ८ कक्षाका केही पुस्तक अझै आउन बाँकी छ ।' आफ्नो विद्यालयमा पनि सबै कक्षाका सबै पुस्तकहरू पूरा नपुगेका सिगास गाउँपालिकाको ढुंगाडस्थित शारदा माविका प्रधानाध्यापक मीनबहादुर चन्दले बताए ।

यता, शिक्षा विकास तथा समन्वय इकाइका सूचना अधिकारी पुष्कर्राज शर्माले बैतडीमा ४, ७ र ९ कक्षाका पाठ्यपुस्तकको अभाव भएको बताए । धेरै पुस्तक पुगे पनि केही बाँकी रहेको उनले दाबी गरे । बाँकी पुस्तक केही समयभित्रै आइपुग्ने जानकारी केन्द्रबाट आएको उनले बताए ।

Europe को Malta मा महिला/पुरूषहरूलाई रोजगार

कम्पनी : Essential Elements Limited

पूर्व स्वीकृती मितिः २०७९/०५/१२ चलानी नं. ६०१८६२७७ LT No. : 270366

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब Euro	मासिक तलब ने.रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Cleaner	200	100	काममा दक्ष	792.33	१,०१,३२१।-	नियम अनुसार	८ घण्टा	५ दिन	नियम अनुसार	छ		१ वर्ष
२.	Waiter/Waitress	10	05		792.33	१,०१,३२१।-							
३.	Chef	03	02		1000	१,२७,८७९।-							
४.	Security Guards	07	03		792.33	१,०१,३२१।-							

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	साउदीको हकमा भिषा स्टयाम्पीड शुल्क	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	हुने /रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. १,५००।- कामदार आफैले	रु. ७००।- कामदार आफैले	रु.७०,०००/-

अन्तरवार्ता २०७९ भदौ २० र २१ गते (5 & 6 Sept. 2022) यस प्रा. लि. को कार्यलयमा हुनेछ ।

वैदेशिक रोजगार विज्ञापन गराईएको जानकारीः १) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोस् । आफ् कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफ्सँग राख्नुहोला । ५) कामका विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, बुटवलमा, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

जि. सि. डि. वर्ल्डवाईड प्रा. लि.
सिनामंगल काठमाण्डौ, फोन नं.: 01-4111217
मोबाइल नं. ९८२०२३३८८८, ९८०२३४२२८८, ९८४१०३९३१८
(श्रम इजाजत नं.: ५१५/०६१/०६२)

वर्गीकृत डिस्प्ले

KARUNAMAYA COLD STORAGE PVT. LTD.
OPENING SOON
BLUE STAR COLD ROOM
TEMPERATURE RANGE BETWEEN 2° C TO -18° C
FOR MULTI COMMODITY APPLICATION
PROUDLY DISTRIBUTED BY AIRCON NEPAL
GURJUDHARA, KALANKI 9841495478

THE WOW MOMENT STUDIO
PHOTO & VIDEO EDITOR WANTED
@ CHANDRAGIRI 06, KATHMANDU
SEND MAIL TO thewowmomentstudio@gmail.com 9810004538
FB link : https://www.facebook.com/TheWowMomentStudio

Teacher Wanted Urgently
1. Pre-Primary incharge: Should be Montessori trained and Experienced
2. Maths teacher: For grade IV, V, and VI

Gyan Niketan Secondary English School,
Shankhamool, Kathmandu
Contact No.: 9863355558

वर्गीकृत डिस्प्ले
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
अब मल्टिकलरमा पनि छाप्न सकिने
सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।